# वार्षिक प्रतिवेदन, २०७७
## (आर्थिक वर्ष २०७६/७७)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
ताहाचल, काठमाडौं
नेपाल

# सार्वजनिक खरिद अनुगमन कार्यालय

## आर्थिक वर्ष २०७६/७७

# वार्षिक प्रतिवेदन

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
ताहाचल, काठमाडौं
नेपाल

**संरक्षक**
सचिव, श्री मोहन कृष्ण सापकोटा

**सम्पादक समिति**

| | |
|---|---|
| अध्यक्ष, सह-सचिव | : श्री सुशील ढकाल |
| सदस्य, निर्देशक | : श्री सुवास चन्द्र शिवाकोटी |
| सदस्य, निर्देशक | : श्री मुकेश रेग्मी |
| सदस्य, निर्देशक | : श्री श्रीधर पन्थी |
| सदस्य, निर्देशक | : श्री रेखा कँडेल |
| सदस्य, लेखा अधिकृत | : श्री दिनेश लम्साल |
| सदस्य, शाखा अधिकृत | : श्री सुनिता शर्मा |
| सदस्य, कम्प्युटर अपरेटर | : श्री किशोर अर्याल |

**प्रकाशकः**

**सार्वजनिक खरिद अनुगमन कार्यालय**
**ताहाचल, काठमाडौं ।**

**फोन नं.** : **०१-४०३०५१८, ०१-४०३०७१५**
फ्याक्स : ०१-४०३०६४२
इमेल : info@ppmo.gov.np
वेबसाइट : ppmo.gov.np

**आवरण/पृष्ठ सज्जाः**
निर्वाणा राई

**मुद्रणः**
एस.टु प्रिन्टर्स एण्ड स्टेशनरी, काठमाडौं ।

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# सार्वजनिक खरिद अनुगमन कार्यालय

**ताहाचल, काठमाडौं, नेपाल**

**प.सं.:** २०७७/७८ **मितिः** २०७७, भाद्र

**च.नं.:**

**बिषयः** वार्षिक प्रतिवेदन, २०७७ प्रस्तुत गरिएको ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७६/७७ मा यस कार्यालयबाट सम्पादन भएका विविध कार्यहरु र सार्वजनिक खरिद सम्बन्धमा देखिएका समस्या एवं चुनौतीहरु तथा सुधारका लागि केही सुझावहरु समावेश गरी तयार गरिएको वार्षिक प्रतिवेदन, २०७७ प्रस्तुत गरेको छु ।

**(मोहन कृष्ण सापकोटा)**
**सचिव**

# मन्तव्य

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यहरु समेटी आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन स्थापना दिवसको अवसरमा प्रस्तुत गर्न पाउदा हर्ष विभोर भएको छु। यस अवसरमा म सार्वजनिक खरिदको काममा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न हुने सम्पूर्ण सार्वजनिक निकाय, निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता, विकास साझेदार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना ब्यक्त गर्न चाहन्छु।

खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ल्याइएको हो। यी कानूनी प्रावधानलाई कार्यान्वयनमा सघाउ पुर्‍याउन २०६४ भाद्र ३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भई ऐनको दफा ६५ र नियमावलीको नियम १४४ ले यसको काम, कर्तव्य र अधिकार तोकिदिएको छ। जसमध्ये मुख्य कार्यहरुमा खरिद सम्बन्धी नीति र कानूनमा सुधार गर्न सिफारिस गर्ने, बोलपत्र सम्बन्धी नमूना कागजात, निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन तयार गर्ने, खरिद प्रक्रियाको अनुगमन गर्ने, विद्युतीय खरिद प्रणाली सम्बन्धी वेबसाइट स्थापना गरी सञ्चालन गर्ने, सार्वजनिक निकायहरुलाई खरिद सम्बन्धी राय परामर्श उपलब्ध गराउने, खरिद ऐन नियम विपरित कार्य गर्ने बोलपत्रदातालाई कालोसूचीमा राख्ने, खरिद कार्यमा संलग्न हुने कर्मचारी र बोलपत्रदाता र अन्य सम्वद्ध पक्षको क्षमता विकासका लागि नियमित प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने लगायतका कार्यहरु गर्दै आइरहेको छ।

सार्वजनिक खरिदको क्षेत्रमा नीतिगत, कानूनी र संस्थागत प्रयासहरुका बावजूद पनि विभिन्न चुनौतीहरु रहेका छन्। सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत सुदृढीकरण गर्नु, खरिद सम्बन्धी कार्यविधि, निर्देशिका र नमूना कागजात तयारी तथा नेपालीकरण गर्नु, खरिद प्रक्रियालाई सरल, सहज, प्रविधि मैत्री र विकासमैत्री बनाई पूँजीगत खर्च बढाउनु, सार्वजनिक निकायहरुले योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्धति अबलम्बन गर्नु, खरिद इकाई र त्यसमा संलग्न जनशक्तिलाई प्रशिक्षणको व्यवस्था गर्नु, स्लाईसिङ/प्याकेजिङ गर्दा प्रतिस्पर्धालाई बढावा दिनु, अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अवलम्बन गर्नु, खरिद सम्झौताको कार्यान्वयनमा जोड दिनु, संघ, प्रदेश र स्थानीय तहका खरिदमा संलग्न सम्पूर्ण सरोकारवालाहरुको क्षमता विकास गर्नेजस्ता चुनौतीहरु रहेका छन्। यी चुनौतीहरुको सम्बोधन गर्न सबै सरोकारवालाहरुको सहभागिता, इमान्दारिता, प्रतिवद्धता र जवफदेहिताबाट खरिद प्रणालीमा सुधार गरी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्यलाई साकार पार्न सहयोग पुग्ने विश्वास गरिएको छ।

अन्त्यमा, प्रस्तुत वार्षिक प्रतिवेदन लेखन तथा तयारीमा मेहनतपूर्वक योगदान दिने योजना महाशाखाका प्रमुख, योजना शाखाका निर्देशक र शाखा अधिकृत लगायत यस कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

**२०७७ भाद्र, ३**

**(मोहन कृष्ण सापकोटा)**
**सचिव**

# विषय सूची


सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका काम कारबाहीहरुको कार्यकारी सारांश ९

**परिच्छेद - एक**

**१. सामान्य जानकारी ११**

१.१ नेपालमा सार्वजनिक खरिद कानूनको विकास ११

१.२ सार्वजनिक खरिद ऐन, २०६३ का मुख्य-मुख्य प्रावधानहरु ११

१.३ सार्वजनिक खरिद नियमावली, २०६४ को मुख्य-मुख्य प्रावधानहरु १५

१.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारी १७

१.५ सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक संरचना र कार्य प्रणाली २०

१.६ कार्यालयको भौतिक पूर्वाधारको अवस्था र कार्य वातावरण २६

१.७ कार्यालयका गतिविधिहरु २६

१.८ आर्थिक प्रशासन सम्बन्धी कार्यहरु २७

**परिच्छेद - दुई**

**२. सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरु २९**

२.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधार २९

२.२ सार्वजनिक खरिद अनुगमन २९

२.३ क्षमता विकास र तालिम ३१

२.४ वेबसाईटमा विवरण अध्यावधिक गर्ने व्यवस्था ३१

२.५ राय परामर्श प्रदान ३२

२.६ कालो सूचीको कार्वाही ३२

२.७ सार्वजनिक खरिद पुनरावलोकन ३३

**परिच्छेद - तीन**

**३. सार्वजनिक खरिद प्रक्रियामा प्रविधिको प्रयोग अन्तर्राष्ट्रिय अनुभव र नेपालको सन्दर्भ ३५**

३.१ पृष्ठभूमि ३५

३.२ विद्युतीय खरिद प्रणाली ३५

३.३ सार्वजनिक खरिद प्रक्रियामा नवप्रवर्तनको प्रयोग ३६

३.४ नेपालमा विद्युतीय खरिद प्रणालीको प्रयोग ३८

३.५ मौजुदा अवस्था ३९

३.६ कानूनी प्रावधानहरु ४१

३.७ विद्युतीय खरिद प्रणालीको प्रयोगका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासहरु ४४

३.८ समस्याहरु ४८

३.९ सुझावहरु ५०

३.१० उपसंहार ५१

## परिच्छेद - चार


| | | | |
|---|---|---|---|
| **४.** | **नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या, चुनौती, सुझाव र भावी कार्यदिशा** | | **५३** |
| | ४.१ | सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्याहरु | ५३ |
| | ४.२ | प्रभावकारी खरिद व्यवस्थापनका चुनौतीहरु | ५६ |
| | ४.३ | सार्वजनिक खरिद व्यवस्थापनको सुधारका उपायहरु | ५६ |
| | ४.४ | भावी कार्यदिशा | ६० |
| | ४.५ | निष्कर्ष | ६१ |


**अनुसूचीहरुः**


| | | |
|---|---|---|
| १. | सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज | ६५ |
| २. | सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | ६७ |
| ३. | राय परामर्श सम्बन्धी विवरण | ७१ |
| ४. | कालो सूची सम्बन्धी विवरण | १३७ |
| ५. | विद्युतीय खरिद प्रणाली (e-GP System) को तथ्याङ्क | १४० |
| ६. | वार्षिक प्रगति विवरण | १४१ |

# सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आर्थिक वर्ष २०७६/७७ मा सम्पादन भएका काम कारबाहीहरूको कार्यकारी सारांश

खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रबर्द्धन गरी सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ल्याइएको हो । यी कानूनी प्रावधानहरुको कार्यान्वयनमा सघाउ पुऱ्याउन २०६४ भाद्र, ३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरिएको हो । सार्वजनिक खरिद ऐनको दफा ६५ र नियमावलीको नियम १४४ ले यसको काम, कर्तव्य र अधिकार तोकिदिएको छ । यस कार्यालयले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरेका काम कारबाहीहरु देहाय बमोजिम उल्लेख गरिएका छन्:

१) सार्वजनिक खरिदका समसामयिक विषयलाई सम्बोधन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को आठौं, नवौं र दशौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ। सार्वजनिक खरिद ऐनको दोस्रो संशोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रस्ताव पेश गरी थप सुझाव संकलन र छलफल पश्चात् उक्त विधेयक संसदमा प्रस्तुत गरिएको छ ।

२) सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रियालाई विद्युतीय खरिद प्रणालीमा आबद्ध गर्न राष्ट्रिय विद्युतीय खरिद प्रणाली (e-GP) कार्यान्वयनमा रहेको छ । यस प्रणालीमा सहज पहुँचका लागि वेब ठेगाना www.bolpatra.gov.np/egp र सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (Public Procurement Management Information System, PPMIS) समेतको व्यवस्था गरिएको छ । सो प्रणालीको स्तरोन्नतिको लागि सुधार प्रयासहरु भैरहेका छन् ।

३) सार्वजनिक निकायहरुलाई खरिद कार्यका लागि आवश्यक पर्ने नमूना बोलपत्र सम्बन्धी कागजात (Standard Bidding Document), पूर्व योग्यता सम्बन्धी कागजात (Standard Prequalification Document), खरिद सम्झौता सम्बन्धी कागजात (Standard Contract Document) र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (Request For Proposal) को स्ट्यान्डर्ड नमूनाहरू विगतमा तयार गरी प्रयोगमा ल्याई सकिएको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को आठौं, नवौं र दशौं संशोधन पश्चात् Standard Bidding Document हरुमा परिमार्जन गरी कार्यान्वयनमा ल्याइसकिएको छ भने सबै SBD बमोजिम विद्युतीय खरिद प्रणाली (e-GP System) मा अपलोड समेत गरिसकिएको छ ।

४) सार्वजनिक खरिद ऐन तथा नियमावली र कार्यालयबाट जारी गरिएका बोलपत्र सम्बन्धी कागजात र निर्देशनका सम्बन्धमा विभिन्न कार्यालयहरुलाई राय परामर्श प्रदान गर्ने सम्बन्धमा आर्थिक वर्ष २०७६/७७ मा ११९ संख्यामा राय परामर्श प्रदान गरिएको छ भने ५४ वटा विभिन्न ठेक्कामा जम्मा ४७ वटा विभिन्न बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यावसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा राखिएको छ ।

५) विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ ले विद्युतीय खरिद प्रणालीलाई सरल, सहज र प्रभावकारी ढंगबाट सञ्चालन गर्न टेवा पुऱ्याएको छ ।

६) सार्वजनिक खरिद अनुगमन कार्यालयले www.ppmo.gov.np नामको वेबसाईटमा सार्वजनिक सूचना जारी गर्ने, खरिद सम्बन्धी आवश्यक नमूना कागजात राख्ने, बोलपत्र सम्बन्धी सूचना अपलोड गर्ने, कालो सूचीको विवरण अद्यावधिक गर्ने, खरिद सूचना प्रकाशित गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । यो वेबसाईटबाट सार्वजनिक खरिद प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुने सार्वजनिक निकायहरु, सरोकारग्राही निकायहरु, निजी क्षेत्र र सार्वजनिक खरिदमा चासो राख्नेहरुलाई सार्वजनिक खरिद सम्बन्धी सूचना लिन सहज बनाएको छ ।

७) सार्वजनिक खरिदको विषयवस्तु समेटेर लेख, रचना, सामग्रीहरु तथा सम्बद्ध अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने कार्य समेत यस कार्यालयले गर्दै आएको छ । साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सरोकारवालाहरुको लागि नियमित सार्वजनिक गर्नुपर्ने सार्वजनिक विवरण समेत प्रकाशन गर्ने गरिएको छ ।

८) सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रदाता वा खरिद कार्यमा संलग्न हुने कर्मचारीका लागि क्षमता विकास सम्बन्धी क्रियाकलापहरु वार्षिक कार्यक्रममा समावेश गरी नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ जस अन्तर्गत केन्द्र, प्रदेश र जिल्लामा गरी आधारभूत तालिम ५ वटा र e-GP सम्बन्धी तालिम ८ वटा गरी कूल १३ वटा तालिम कार्यक्रमबाट सार्वजनिक निकायका कर्मचारी, बोलपत्रदाता र सरोकारवाला गरी करिब ८०० जना प्रशिक्षित भएका छन् ।

९) यस आर्थिक वर्षमा १० जिल्लाहरुमा सार्वजनिक खरिदसँग संलग्न सरोकारवाला पक्षहरुः जिल्ला स्थित सार्वजनिक निकायहरु, उद्योग बाणिज्य संघ तथा निर्माण व्यावसायी संघका पदाधिकारीहरु र सञ्चारकर्मीहरुको सहभागितामा एक दिने सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ भने १९ वटा खरिद अनुगमन तथा सार्वजनिक खरिद सम्बन्धी Random Monitoring कार्य सम्पन्न गरिएको छ ।

१०) e-GP सेवा जुनसुकै बेलामा पनि सञ्चालनका लागि कार्यालयमा Help-Desk को साथै प्राविधिक सेवा उपलब्ध हुँदै आएको छ । यस आर्थिक वर्षमा विभिन्न ८८० सार्वजनिक निकाय र ८१८४ व्यक्ति, फर्म, संस्था वा कम्पनीहरु प्रणालीमा दर्ता गराई प्रयोगकर्ताहरुलाई उक्त सेवा प्रदान गरिएको छ ।

परिच्छेद-१

# सामान्य जानकारी

## पृष्ठभूमि:

देशको कूल गार्हस्थ उत्पादनको झण्डै २० प्रतिशत एवं वार्षिक बजेटको करिब ६० देखि ७० प्रतिशत रकम सार्वजनिक वित्तको प्रयोग गरी सार्वजनिक निकायहरुबाट मुलुकको हितमा खर्च हुने भएकोले सुशासन कायम गर्नमा सार्वजनिक खरिद ऐनले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वशनीयता प्रवर्द्धन गर्न, मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्नु सार्वजनिक खरिदको मुख्य उद्देश्य हो ।

खुल्ला अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई उचित र प्रतिस्पर्धात्मक मूल्य निर्धारण गर्ने, गुणस्तरीय र जवाफदेहीपूर्ण कार्य सम्पादन गर्ने सरकारका सहयोगीका रुपमा लिइएको हुन्छ । सार्वजनिक निकायले खरिद गर्दा निजी क्षेत्रका उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकलाई बिना भेदभाव खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सार्वजनिक खरिद ऐनले सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरेको छ ।

सार्वजनिक निकायहरुले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले व्यवस्था गरेका विधि र प्रक्रिया पुरा गरी खरिद कार्य गर्नु पर्दछ । सार्वजनिक निकायहरुबाट भएको खरिद कारबाही विधिसम्मत भए नभएको सन्दर्भमा अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न नियामक निकायको रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालय रहेको छ ।

## १.१ नेपालमा सार्वजनिक खरिद कानूनको विकास:

नेपालमा सरकारी रुपैयाँ खर्च सम्बन्धी (कार्यविधि) नियम, २०१६ को कार्यान्वयनबाट खरिद सम्बन्धी कानूनको आरम्भ भएको पाइन्छ । यसलाई प्रतिस्थापन गरी २०२६ सालमा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०२६ जारी भयो । त्यसपछि आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ जारी भई दातृ निकायका खरिद मार्गदर्शनसँगै बहुखरिद प्रणालीलाई सम्बोधन गर्ने गरी आर्थिक कार्यविधि ऐन, २०५५ र उक्त ऐनको अधिकार प्रयोग गरी आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ जारी भई कार्यान्वयनमा आयो । सोही आर्थिक कार्यविधि ऐन, २०५५ मा भएको संशोधन र आर्थिक प्रशासन नियमावली, २०५६ लाई प्रतिस्थापन गरी २०६३ सालमा सार्वजनिक खरिद ऐन, २०६३ र उक्त ऐन अन्तर्गत सार्वजनिक खरिद नियमावली, २०६४ जारी भई हाल कार्यान्वयनमा रहेको छ ।

## १.२ सार्वजनिक खरिद ऐन, २०६३ को मुख्य-मुख्य प्रावधानहरु:

१) "खरिद" भन्नाले सार्वजनिक निकायले यस ऐन बमोजिम कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनु पर्छ भनि उल्लेख भएको ।

२) “सार्वजनिक निकाय” भन्नाले देहायका निकाय सम्झनु पर्छ भनि उल्लेख गरेको ।

- संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,
- नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सँगठित संस्था,
- नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,
- स्थानीय तह,
- विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
- नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था, र
- नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।

३) ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने:

सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्नेछ। प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नु पर्ने, यसको प्रतिकूल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुने।

४) खरिद योजना तयार गर्नु पर्ने:

सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ ।

५) खरिद कार्यको जिम्मेवारी तोकिएको:

ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने (दफा ७), खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता र खरिद सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्ने, खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ ।

६) खरिद विधि छनौट गर्नुपर्ने:

सार्वजनिक निकायले खरिद गर्दा देहायको कुनै एक विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था रहेको । (दफा ८)

**क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दाः**

- अन्तर्राष्ट्रिय स्तरमा खुल्ला बोलपत्र आह्वान गरी
- राष्ट्रियस्तरमा खुल्ला बोलपत्र आह्वान गरी
- सिलबन्दी दरभाउपत्र आह्वान गरी
- सोझै खरिद गरी
- उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई
- अमानतबाट
- एकमुष्ट दर विधिबाट
- उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधिबाट
- सीमित बोलपत्रदाताले भाग लिने (लिमिटेड टेण्डरिङ्ग) खरिद विधिबाट
- नयाँ लिने पुरानो दिने (वाई व्याक मेथड) खरिद विधिबाट ।

**ख) परामर्श सेवा खरिद गर्नुपर्दाः**

- प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी
- सोझै वार्ताबाट

७) खुल्ला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्नु पर्नेः

सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र आह्वान गरी गर्नु पर्नेछ र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्नेछ ।

८) बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्नेः

सार्वजनिक निकायले बोलपत्र आह्वान गर्नु अघि बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने, बोलपत्र सम्बन्धी कागजातमा खुलाउनु पर्ने कुराहरु समेत उल्लेख भएको । (दफा १३)

९) बोलपत्र आह्वान सम्बन्धी व्यवस्थाः

बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचार पत्र र वेबसाइटमा प्रकाशन गर्नुपर्ने, उक्त सूचनामा खुलाउनु पर्ने कुराहरुका साथै राष्ट्रिय स्तरको सूचनाको हकमा कम्तीमा ३० दिन, अन्तर्राष्ट्रियस्तरको सूचनाको हकमा कम्तीमा ४५ दिनको अवधि दिनुपर्ने उल्लेख भएको । (दफा १४)

१०) बोलपत्र स्वीकृति र खरिद सम्झौता सम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने, छनौट भएको सात दिनभित्र बोलपत्र आशयको सूचना दिनुपर्ने, सूचना दिएको सात दिनको अवधिभित्र कुनै बोलपत्रदाताले निवेदन नगरेमा बोलपत्र स्वीकृत गरी पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्ने व्यवस्था रहेको । (दफा २७)

११) परामर्श सेवा सम्बन्धी व्यवस्था:

सार्वजनिक निकायले देहायको अवस्थामा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने, (दफा २९)

क) सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा,

ख) दातृपक्षसँगको सम्झौता बमोजिम वैदेशिक सहायता श्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा,

पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तरको समाचारपत्रमा खुल्ला रुपमा आशयपत्र माग गरी तीन देखि छ आशयपत्रदाताको संक्षिप्त सूची तयार गर्नुपर्ने । (दफा ३०)

संक्षिप्त सूची तयार भएपछि, संक्षिप्त सूचीमा परेका आशयपत्रदातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई कम्तीमा तीस दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने । (दफा ३१)

१२) दफा ४१ को व्यवस्था अनुसार मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सकिने ।

१३) निवेदन दिन सक्ने:

सार्वजनिक निकायले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्नसक्ने कारण खुलाई निवेदन पेश गर्ने अवधि तोकेको भए सो अवधिभित्र, अवधि नतोकेकोमा बोलपत्रदाताले थाहा पाएको मितिले सात दिनभित्र खरिद सम्झौता हुनु अघि निवेदन दिन सकिने व्यवस्था ।

१४) पुनरावलोकन समितिको व्यवस्था:

सार्वजनिक निकाय समक्ष दिएको निवेदन तोकिएको रकम भन्दा बढी रकमको वा निवेदन कर्ताको चित्त नबुझेमा ७ दिनभित्र खरिद सम्झौताको विषयमा तीस दिन भित्र निवेदन उपर पुनरावलोकन गर्नको लागि नेपाल सरकारले एकजना अध्यक्ष र दुईजना सदस्य रहने गरी सार्वजनिक खरिद पुनरावलोकन समिति गठन गर्ने । (दफा ४८, ४९, ५०)

१५) खरिद सम्झौतामा बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु समावेश गर्नुपर्ने, त्यस्ता शर्तहरु सम्झौताको प्रकृति अनुसार हुनसक्ने भनी शर्तहरु उल्लेख गरिएको । (दफा ५२)

१६) पेश्की सम्बन्धी व्यवस्था:

सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् आपूर्तिकर्ता, निर्माण व्यावसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी छुट्टै खोलिएको बैंक खाता मार्फत पेश्की दिन सक्ने ।

१७) भेरिएशन आदेश सम्बन्धी व्यवस्था:

खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने पदाधिकारी र प्रतिशत तोकिएको । (दफा ५४)

१८) मूल्य समायोजन सम्बन्धी व्यवस्था:

खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बाह्र महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयनको क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने । (दफा ५५)

१९) सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीले पालना गनुपर्ने आचरणहरु उल्लेख भएको (दफा ६१) तथा बोलपत्रदाता वा प्रस्तावदाताले पालना गर्नुपर्ने आचरणहरु उल्लेख भएको । (दफा ६२)

२०) कालो सूचीमा राख्ने र फुकुवा गर्ने व्यवस्था:

बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यावसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्षसम्म कालो सूचीमा राख्ने अवस्था तथा फुकुवा गर्ने उल्लेख गरिएको छ ।

२१) खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालय र यसको काम कर्तव्य अधिकार निर्धारण गरिएको । (दफा ६४ र ६५)

२२) विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आई परेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्ने व्यवस्था रहेको । (दफा ६६)

२३) सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरे बमोजिम विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाई विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोवार हुन सक्ने व्यवस्था । (दफा ६९)

२४) सार्वजनिक खरिद ऐनको दफा ७४ को अधिकार बमोजिम नेपाल सरकारले सार्वजनिक खरिद नियमावली २०६४ को तर्जुमा गरेको छ । उक्त नियमावलीमा प्याकेजिङ्ग तथा समूह विभाजन गर्ने आधार एक वर्षभन्दा बढी अवधि सम्म सञ्चालन हुने योजना वा आयोजनाको खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना र दश लाख रुपैंया भन्दा बढी खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा लिने आधार र स्वीकृति गर्ने पदाधिकारी तोकिएको, विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महंगो भएतापनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने लगायतका व्यवस्थाहरु समावेश गरिएको छ ।

## १.३ सार्वजनिक खरिद नियमावली, २०६४ को मुख्य–मुख्य प्रावधानहरुः

### १) प्याकेजिङ्ग तथा समूह विभाजन सम्बन्धी व्यवस्थाः

सार्वजनिक निकायले खरिद कार्यको प्याकेजिङ्ग गर्दा खरिद गुरुयोजनामा उल्लिखित प्याकेज संख्याको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ । एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नु पर्ने भएमा बाहेक प्रतिस्पर्धालाई संकुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई बोलपत्र आह्वान गर्नु हुँदैन ।

### २) बजेट तथा निर्माणस्थलको व्यवस्थाः

सार्वजनिक निकायले सामान्यतया खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन । निर्माणस्थलको व्यवस्था, हटाउनु पर्ने संरचना, रुख बिरुवा हटाउने सुनिश्चितता, मुआब्जा तथा क्षतिपूर्तिका लागि बजेट सुनिश्चितता, वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्नु हुँदैन । बहुवर्षीय खरिदको लागि बजेटको सुनिश्चितता गरेर मात्र खरिद कारबाही सुरु गर्नु पर्दछ ।

### ३) निर्माण कार्यमा संयुक्त उपक्रमका साझेदारहरुको दायित्वः

निर्माण कार्यमा संयुक्त उपक्रमबाट कार्य सम्पन्न गर्ने गरी ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । त्यस्तो जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य, सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न पाइने छैन ।

### ४) स्वदेशी बोलपत्रदातालाई प्राथमिकताः

अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा स्वदेशी बोलपत्रदातालाई डोमेष्ट्रिक प्रिफरेन्स दिनु पर्ने व्यवस्था रहेको छ ।

### ५) बोलपत्रको मान्य हुने अवधि बढाउने व्यवस्थाः

सार्वजनिक निकायले बोलपत्रको मान्य हुने अवधि बढाउँदा बढाउनु पर्ने कारणको विश्लेषण गरी पर्याप्त आधार र पुष्ट्याई भएमा मात्र बढाउन सकिने छ ।

### ६) बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमताको गणना सम्बन्धी व्यवस्थाः

बोलपत्रदाताले आफूले गरेको अधिकतम कारोवार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोवार रकमको औषत वार्षिक टर्नअभर रकमको बढीमा सात गुनाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधारको रुपमा लिनु पर्नेछ ।

### ७) कार्य स्वीकार प्रतिवेदन सम्बन्धी व्यवस्थाः

निर्माण कार्यको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै कार्य स्वीकार गर्न नहुने ।

### ८) रिटेन्सन मनी कट्टा गर्नु पर्नेः

बिल भुक्तानि गर्दा निर्माण कार्यको खरिद सझौतामा अनिवार्य रिटेन्सन मनि काट्नु पर्ने व्यवस्था रहेको छ ।

### ९) त्रुटी सच्याउने दायित्व सम्बन्धी व्यवस्थाः

खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भईसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दावी गर्नु पर्ने र प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराई सो अभिलेख सार्वजनिक गरी कार्य सम्पन्न प्रतिवेदनमा समेत संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ ।

### १०) म्याद थप सम्बन्धी व्यवस्थाः

ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन । यस अनुसारको म्याद थप गर्ने सम्बन्धी निर्णय सम्झौता अवधि भित्रै गरी सक्नु पर्नेछ ।

### ११) खरिद सम्झौताको सार्वजनिक सूचनाः

सार्वजनिक निकायले नियम १३७ अनुसार तोकिएको लागत अनुमान भएको खरिदको खरिद सम्झौता गरेको ३ दिनभित्र सो सम्बन्धी विवरण विद्युतीय खरिद प्रणाली र विभिन्न निकायमा सूचना टाँस गरी सार्वजनिक गर्नुपर्ने र निर्माण कार्यको हकमा निर्माणस्थलमा समेत त्यस्तो सम्झौताको विवरण राख्नुपर्ने व्यवस्था रहेको छ ।

### १२) दर रेट निर्धारण समितिः

प्रत्येक जिल्लामा पूरै जिल्लाभरी वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी दर रेट निर्धारण समिति रहनेछ । यस समितिले निर्माण सामग्री वा ढुवानीको दर रेट निर्धारण गर्दा प्रचलित बजार दरको आधारमा असार मसान्तभित्र निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ ।

सार्वजनिक निर्माणका कार्यलाई विकासमैत्री बनाउने उद्देश्यलाई सम्बद्ध सरोकारवाला तथा विकास साझेदारहरुको सुझावका आधारमा तथा सार्वजनिक खरिद सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा नेपालको सार्वजनिक खरिद ऐनमा समयानुकूल सुधार र परिमार्जन हुदै आएको छ । यद्यपि कानूनमा भएका व्यवस्थाहरुको कमजोर बुझाई तथा खरिद कार्यमा संलग्न व्यक्ति अनुसार नै फरक फरक बुझाईको कारण वा गलत नियतका कारण खरिद कानूनको परीपालनास्तर कमजोर देखिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका व्यवस्थाहरुको आन्तरिकीकरण गरी पुऱ्याउनुपर्ने प्रक्रियाहरु पूरा गरी खरिद प्रक्रियालाई अगाडि बढाउन सकेमा विकास निर्माणले गति लिई समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार पार्न सहयोग पुग्ने देखिन्छ ।

## १.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारीः

सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी एक सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरीने कुरा ऐनमा उल्लेख गरिएको छ । ऐनको भावना अनुसार २०६४ साल भाद्र ३ गते यस कार्यालयको स्थापना भई आफ्नो कार्य जिम्मेवारी संहाल्दै आएको छ । यस कार्यालयको प्रमुखको रुपमा नेपाल सरकारका रा.प. विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था ऐनमा नै उल्लेख गरिएको छ ।

### सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकारः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेका छन् ।

क) खरिद सम्बन्धी नीति वा प्रचलित कानूनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

ख) टर्न कि, ई.पि.सि., संरचनात्मक वा इकाई दर सम्झौता, व्यवस्थापन सम्झौता जस्ता खरिद विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने,

ग) सार्वजनिक निकायले खरिद कारबाही सञ्चालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्बन्धी कागजात (स्टयान्डर्ड बिडिङ्ग डकुमेन्ट), पूर्वयोग्यता सम्बन्धी कागजात (स्टयान्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट), खरिद सम्झौता सम्बन्धी कागजात (स्टयान्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) को स्टयान्डर्ड नमूना तयार गर्ने,

घ) सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको तथ्याङ्क संकलन गरी त्यस्तो कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका अनुरुप भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने,

(घ१) खरिद पश्चात्को पुनरावलोकन गर्ने, गराउने,

(घ२) निर्माण व्यावसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकको खरिद सम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने,

(घ३) विद्युतीय खरिद निर्देशिका जारी गर्ने,

ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने,

च) खरिद सम्बन्धी वेबसाइट स्थापना गरी त्यसको सञ्चालन गर्ने,

छ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, प्राविधिक मार्गनिर्देशन तथा सार्वजनिक खरिद सम्बन्धी लेख/रचना, सामग्री तथा यस्तै अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने,

ज) खरिद कार्यमा समन्वय गर्नका लागि आवश्यक पर्ने कार्यविधि तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

झ) बोलपत्रदाता वा खरिद कार्यमा संलग्न भएको वा हुने कर्मचारीको लागि नियमित प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने,

ञ) दफा ६३ बमोजिमको कालो सूचीबाट फुकुवा गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने र सो मापदण्ड अनुसार कालो सूचीबाट फुकुवा गर्ने,

ट) खरिद व्यवस्था प्रभावकारी बनाउन निर्माण, आपूर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसँग वा आवश्यकतानुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसँग नियमित रुपमा सुझाव लिने,

ठ) खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा वैदेशिक सहायताको योजना तयार गर्ने तथा त्यस्तो सहायता समन्वय गर्ने केन्द्रिय निकायको रुपमा काम गर्ने,

(ठ१) खरिद विज्ञ प्रमाणिकरण गर्ने गराउने,

ड) खरिद कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने र

ढ) तोकिएको अन्य कार्य गर्ने ।

सार्वजनिक निकायबाट भएको खरिद कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिका विपरित भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो खरिद कारबाहीमा भएको त्रुटी सच्याउन र खरिद कारबाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानून बमोजिम कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष ध्यानाकर्षणका लागि लेखी पठाउन सक्नेछ भन्ने विषय उल्लेख गरिएको छ । यसरी लेखी आएमा त्यसरी भएको त्रुटी सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनुपर्नेछ भनी उल्लेख गरिएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने कुनै विवाद समाधान गर्ने छैन भनी ऐनको दफा ६५ को उपदफा (२) मा उल्लेख भएकाले कार्यालयबाट सम्पादन हुने कामको निष्पक्षता र तटस्थतालाई कायम राखेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ ले ऐनको दफा ६५ मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहाय बमोजिम अझ बढी विस्तृतीकरण गरेको छ ।

क) सम्बन्धित सार्वजनिक निकायको खरिद कारबाहीको अवलोकन भ्रमण गरी वा सार्वजनिक निकायबाट खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदन र जानकारीहरु माग गरी सार्वजनिक खरिद कार्यको अनुगमन गर्ने,

ख) खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्देशन दिने,

ग) सार्वजनिक निकायलाई खरिद कारबाही सञ्चालन गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता आपूर्तिकर्तालाई खरिद कारबाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने,

घ) खरिद कारबाहीलाई सरल र सहज बनाउने,

ङ) केन्द्रिय डाटा बैंकको स्थापना गरी खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्यसम्पादनको अभिलेख राख्ने,

च) सार्वजनिक खरिद सम्बन्धी जानकारी प्रवाह गर्ने तरिकाको विकास गर्ने,

छ) सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नको लागि अन्य देशको खरिद कारबाही सम्बन्धी नीति, कानून, अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने,

ज) सार्वजनिक निकायमा खरिद सम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाको लागि योजना तयार गर्ने,

झ) खण्ड (ज) बमोजिमको योजना अनुसार सार्वजनिक निकायका खरिद इकाई, मूल्याङ्कन समिति र सार्वजनिक खरिद अनुगमन कार्यालयमा नियुक्त हुने व्यक्तिले आवश्यक दक्षता र व्यावसायिक कार्यकुशलता पूरा गरे नगरेको यकिन गर्ने,

ञ) सार्वजनिक निकायको प्रमुख, त्यस्तो निकायको खरिद इकाईका कर्मचारी, बोलपत्र मूल्याङ्कन समितिका सदस्यको काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वको विवरण तयार गर्ने,

(ञ१) पुनरावलोकन समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने,

ट) सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने,

ठ) कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने ।

## १.५ सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक संरचना र कार्य प्रणालीः

सार्वजनिक खरिद ऐनको दफा ६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सार्वजनिक खरिद सम्बन्धी नियामक निकायको रुपमा २०६४ भाद्र ३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको हो । यस कार्यालयको स्वीकृत संगठन संरचना अनुसार स्वीकृत दरबन्दी संख्या ४८ रहेको छ । जसमध्ये अधिकृतस्तर २८, सहायकस्तर ८ र सहयोगी १२ जनाको दरबन्दी रहेको छ । त्यसैगरी २ वटा महाशाखा र १० वटा शाखाहरु रहेका छन् ।

महाशाखा तथा शाखाहरुको कार्य विवरण निम्नानुसार रहेको छ ।

**(क) महाशाखाहरुः**

**(१) प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखाको कार्य विवरणः**

- कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
- आन्तरिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,
- विद्युतीय खरिद प्रणाली (e-GP) सञ्चालन र व्यवस्थापन गर्ने, गराउने,
- जिन्सी निरीक्षण गर्ने, गराउने,
- कागजात धुल्याउने सम्बन्धी कार्य गर्ने, गराउने,
- कार्यालयको नियमित बैठकको व्यवस्थापन गर्ने,
- आर्थिक प्रशासनसँग सम्बन्धित कार्य गर्ने, गराउने,
- कार्यालयको खरिद व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- तालिम, प्रशिक्षण तथा सचेतना विकास सम्बन्धी कार्य गर्ने, गराउने,
- जनशक्ति विकास सम्बन्धी कार्य गर्ने, गराउने,
- राय परामर्श सम्बन्धी कार्य गर्ने गराउने,
- प्रतिरक्षा सम्बन्धी कार्य गर्ने गराउने,

- कालो सूचीमा राख्ने सम्बन्धी कारबाही गर्ने, गराउने,
- वार्षिक प्रतिवेदन तयार गर्ने, गराउने,
- प्रवक्ता एवं सूचना अधिकारीको रुपमा कार्य गर्ने,
- कर्मचारीहरुको अर्धवार्षिक तथा वार्षिक कार्य सम्पादन मूल्याङ्कन गरी तालुक अधिकारी समक्ष पेश गर्ने ।
- वार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,
- सूचना तथा प्रविधि सम्बन्धी कार्य गर्ने गराउने,
- सार्वजनिक खरिद नीति तर्जुमा गर्ने,
- अन्य भैपरी आउने कार्य गर्ने ।

**(२) खरिद अनुगमन महाशाखाको कार्य विवरणः**

- खरिद सम्बन्धी स्तरीय नमूना कागजात तयार गर्ने तथा अद्यावधिक गर्ने,
- निर्देशिका, मार्गदर्शन, स्पेशिफिकेशन सम्बन्धी कार्य गर्ने गराउने,
- विभिन्न ढाँचाका फारामहरु तर्जुमा तथा अद्यावधिक गर्ने गराउने,
- प्राविधिक परामर्श सम्बन्धी कार्य गर्ने गराउने,
- खरिद कार्यहरुको अनुगमन गर्ने गराउने,
- उजुरी/गुनासो सुनुवाई सम्बन्धी कार्य गर्ने गराउने,
- अनुसन्धान तथा विकास सम्बन्धी कार्य गर्ने,
- Standard Bidding Documents र निर्देशिकाहरुको तयारी र परिमार्जन गर्ने गराउने,
- अन्य भैपरी आउने कार्य गर्ने ।

**(ख) शाखाहरु.:**

**(१) कर्मचारी प्रशासन शाखाको कार्य विवरणः**

- कार्यालयको प्रशासन सम्बन्धी कार्य गर्ने,
- आन्तरिक प्रशासन सम्बन्धी कार्य,
- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने/वृत्ति विकास सम्बन्धी काम गर्ने,
- कार्यालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- सचिवालय सम्बन्धी कार्य गर्ने, गराउने,
- आर्थिक प्रशासन सँग सम्बन्धी कार्य गर्ने,
- कार्यालयको खरिद इकाई सम्बन्धी कार्य गर्ने,
- अन्य भैपरी आउने कार्य गर्ने ।

**(२) जनशक्ति विकास शाखाको कार्य विवरणः**

- प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गराउने,
- सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीहरुको योग्यता निर्धारण गर्ने,
- खरिदमा संलग्न कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने,
- तालिम, प्रशिक्षण तथा सचेतना विकास सम्बन्धी कार्य गर्ने गराउने,
- सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने,
- कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने,
- सार्वजनिक निकायका निर्माण, मालवस्तु आपूर्ति तथा परामर्श र अन्य सेवा प्रदान गर्ने कार्यमा संलग्न व्यक्तिहरु तथा संस्थाहरुको सार्वजनिक खरिद सम्बन्धमा अभिमूखीकरण तथा सचेतना प्रशिक्षण प्रदान गर्ने ।

**(३) कानून शाखाको कार्य विवरणः**

- सार्वजनिक खरिद ऐन तथा नियममा समयानुकूल संशोधन, परिमार्जन सम्बन्धी मस्यौदा तयार गरी पेश गर्ने,
- सार्वजनिक खरिदका विषयमा आवश्यक कानूनी परामर्श दिने,
- प्रतिरक्षा सम्बन्धी कार्य गर्ने गराउने,
- कालो सूचीमा राख्ने र फुकुवा गर्ने ।
- सार्वजनिक खरिद पुनरावलोन समितिको सचिवालयको कार्य गर्ने,

**(४) योजना तथा सूचना व्यवस्थापन शाखाको कार्य विवरणः**

- नेपाल सरकारको सार्वजनिक खरिद सम्बन्धी नीति तर्जुमा गर्ने,
- वार्षिक तथा आवधिक नीति योजना, कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन र अनुगमन गर्ने,
- वैदेशिक सहायता परिचालन तथा समन्वय गर्ने,
- खरिद सम्बन्धी कार्यविधि तयार गरी स्वीकृतिको लागि पेश गर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐन अर्न्तगत बनेको नियम, निर्देशिका, प्राविधिक मार्ग निर्देशन तथा सार्वजनिक खरिद सम्बन्धी लेख रचना, सामग्री तथा यस्तै अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने,
- खरिद कारबाहीको वार्षिक प्रतिवेदन तयार तथा पेश गर्ने,
- सार्वजनिक निकायमा खरिद सम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाका लागि योजना तयार गर्ने,
- कार्यालयको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने सम्बन्धमा विभिन्न महाशाखा तथा शाखाबाट माग संकलन गरी सम्बन्धित निकायमा पेश गर्ने,
- कार्यालयको नियमित प्रगति विवरण तयार गरी पेश गर्ने ।

### (५) सूचना प्रविधि शाखाको कार्य विवरणः

- विद्युतीय खरिद प्रणाली (e-GP System) सञ्चालन तथा व्यवस्थापन गर्ने,
- खरिद सम्बन्धी वेबसाईट स्थापना गरी सार्वजनिक निकायहरुको लागि प्रयोग गर्न पहुँच योग्य बनाउने र सञ्चालन गर्ने,
- सूचना भण्डारण, कम्प्युटर सन्जालको वैकल्पिक व्यवस्था, प्रतिवेदन तयारी गर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐन अर्न्तगत बनेको नियमावली, २०६४ र खरिद निर्देशिका सर्वसाधारणको जानकारीको लागि यस कार्यालयको वेबसाईटमा राख्ने,
- केन्द्रिय डाटा बैंकको स्थापना गरी खरिद कारबाही सम्बन्धी कार्य सम्पादनको अभिलेख राख्ने,
- सार्वजनिक खरिद सम्बन्धी जानकारी प्रवाह गर्ने प्रणालीको विकास गर्ने,
- खरिद सम्बन्धी सूचना प्रविधि क्षेत्रको नीति निर्माण एवं कार्यान्वयनको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण तथा समन्वयको कार्यमा सहयोग पुऱ्याउने,
- सूचना तथा प्रविधि सम्बन्धी नीति, कार्यक्रमको अध्ययन, विश्लेषण, समिक्षा गरी सुधारको लागि पेश गर्ने,
- नेपाल सरकारका मन्त्रालय/निकायहरुमा Computerized सूचना प्रणालीको विकासमा सघाउ पुऱ्याउने,
- मुलुकको आर्थिक एवं सामाजिक क्षेत्रका महत्वपूर्ण गतिविधिहरुको जानकारीमूलक तथ्याङ्क प्रणालीको विकास गर्न सहयोग गर्ने,
- कार्यालयको कार्यमा आधुनिक सूचना प्रविधिको विकास गरी सूचनाहरुको दोहोरो प्रवाहको लागि नेटवर्किङ्ग, Internet को व्यवस्था मिलाउने,
- केन्द्रीयस्तरमा विद्युतीय शासन प्रणाली (e-Governance) लाई प्रभावकारी बनाउन अन्य निकायहरुसँग समन्वय गर्ने,
- यस कार्यालयको Website सञ्चालन गर्ने सोमा प्रेषित सूचना तथा अन्य जानकारीहरु नियमित रुपमा अद्यावधिक गर्ने गराउने,
- कार्यालयको श्रव्यदृश्य उपकरणहरुको सञ्चालन, मर्मत सम्भार गरी गराई दुरुस्त राख्ने,
- यस कार्यालयका कम्प्युटरहरु र त्यसका उपकरणहरु तथा प्रोग्रामहरुको सञ्चालन, मर्मत सम्भार र व्यवस्थापन गर्ने,
- कार्यालयका विभिन्न शाखा/महाशाखाहरुलाई आवश्यक पर्ने कम्प्युटर प्रोग्रामहरुको व्यवस्था गर्न सहयोग पुऱ्याउने,
- विद्युतीय प्रणालीको माध्यमबाट प्राप्त जनगुनासो उपर आवश्यक कारबाही गरी त्यसको समाधान/व्यवस्थापन नहुँदा सम्म नियमित रुपमा अनुगमनमा सहयोग गर्ने,
- उपर्युक्त कार्य गर्दा सूचना तथा प्रविधिसँग सम्बद्ध निकाय र पदाधिकारीहरुको निकट रही कार्य फछ्र्यौट गर्ने काममा सघाउने ।

**(६) आर्थिक प्रशासन शाखाको कार्य विवरणः**

- आर्थिक प्रशासनसँग सम्बन्धित कार्य गर्ने गराउने,
- निकासा लिई आम्दानी बाँध्ने, प्राप्त बिलको भुक्तानी र खर्चको विवरण अद्यावधिक गराउने,
- कार्यरत कर्मचारीहरुलाई तलब भत्ता उपलब्ध गराउने,
- मास्केवारी तयार गर्ने,
- बेरुजुको प्रतिक्रिया/फछ्र्यौट/संपरीक्षण/लगत कट्टा गर्ने गराउने,
- धरौटी आम्दानी गर्ने र फुकुवा गर्ने,
- वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,
- खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने ।

**(७) सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखाको कार्य विवरणः**

- सार्वजनिक निकायहरुले गरेको निर्माण सम्बन्धी कार्यहरु र परामर्श सेवाहरुको तथ्याङ्क संकलन एवं अनुगमन गर्ने,
- निर्माण तथा परामर्श सेवा सम्बन्धी खरिद प्रक्रियाको अवलोकन, स्थलगत भ्रमण तथा प्रतिवेदन पेश गर्ने,
- निर्माण तथा परामर्श सेवा खरिद सम्बन्धमा कानूनको पालना गर्ने बारेमा पत्राचार गर्ने,
- सार्वजनिक खरिद ऐन, नियमको पालना सम्बन्धी मार्गदर्शन तयार गर्ने,
- खरिद सम्बन्धमा राय माग भएका विषयवस्तु उपर राय सुझाव प्रदान गर्ने,

**(८) मालसामान खरिद अनुगमन शाखाको कार्य विवरणः**

- सार्वजनिक निकायहरुले गरेको मालसामान खरिद कार्यको तथ्याङ्क संकलन एवं अनुगमन गर्ने,
- मालसामान सम्बन्धी खरिद प्रक्रियाको अवलोकन, स्थलगत भ्रमण तथा प्रतिवेदन पेश गर्ने,
- मालसामान खरिद सम्बन्धमा कानूनको पालना गर्ने बारेमा पत्राचार गर्ने,
- सार्वजनिक खरिद ऐन, नियमको पालना सम्बन्धी मार्गदर्शन तयार गर्ने,
- खरिद सम्बन्धमा राय माग भएका विषयवस्तु उपर राय सुझाव प्रदान गर्ने,

**(९) स्थानीयस्तर खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखाको कार्य विवरणः**

- सार्वजनिक खरिदका विषयमा प्राप्त गुनासोहरुलाई व्यवस्थापन गर्ने,
- अनुगमनका माध्यमबाट सार्वजनिक खरिदमा हुने खर्चको सम्बन्धमा नेपाल सरकारले अपेक्षा गरेको सुशासनको अनुभूति नागरिकलाई गराउने,
- स्थलगत भ्रमण एवं प्रतिवेदन तयार गर्ने,

- गुनासो व्यवस्थापन सम्बन्धी प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा सुधारका लागि पठाउने,
- स्थानीयस्तर (जिल्ला र क्षेत्र) मा हुने खरिद कारबाहीको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,
- यस सम्बन्धमा प्रगति विवरण तयार गरी पेश गर्ने ।

**(१०) अनुसन्धान तथा विकास शाखाको कार्य विवरणः**

- बोलपत्र सम्बन्धी नमूना कागजात (Standard Bidding Document), पूर्व योग्यता सम्बन्धी नमूना कागजात (Standard Prequalification Document) र खरिद सम्झौता सम्बन्धी नमूना कागजात (Standard Contract Document) तयार गर्ने,
- प्रस्ताव माग सम्बन्धी कागजातको नमूना (Standard Request for Proposal) तयार गर्ने,
- ठूला र जटिल निर्माण कार्यको स्तर निर्धारण गरी वर्गिकरण गर्ने,
- खरिद सम्बन्धी नीति वा प्रचलित कानूनमा समयानुकूल सुधार गर्न सिफारिस गर्ने,
- सार्वजनिक खरिद ऐन कार्यान्वयनको लागि आवश्यक प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्न सिफारिस सहित पेश गर्ने,
- खरिद व्यवस्था प्रभावकारी बनाउन निर्माण, आपूर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसँग वा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसँग नियमित रुपमा सुझाव लिने,
- खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा वैदेशिक सहायताको योजना तयार गर्ने तथा त्यस्तो सहायता सम्बन्धी विषयमा समन्वय गर्ने,
- गुरुयोजनामा समावेश गर्नुपर्ने कुराहरु निर्धारण गर्ने,
- सार्वजनिक निकायका स्वीकृत वार्षिक खरिद योजना प्राप्त गरी आवश्यक अन्वेषण गर्ने,
- खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेश गर्नुपर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्दिष्ट गर्ने,
- सार्वजनिक निकायलाई खरिद कारबाही सञ्चालन गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता र आपूर्तिकर्तालाई खरिद कारबाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने,
- खरिद कारबाहीलाई सरल र सहज बनाउन सिफारिस गर्ने,
- सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नका लागि अन्य देशको खरिद कारबाही सम्बन्धी नीति कानून अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने ।

कार्यालयको संगठन संरचनामा ३ सदस्यीय सार्वजनिक खरिद पुनरावलोकन समिति सचिवालय रहेको छ । सार्वजनिक खरिद पुनरावलोकन समितिको सचिवालयको काम समेत यस कार्यालयले गर्दछ । साथै चार जनासम्म विशेषज्ञ समूह करारमा राख्न सकिने गरी संगठन संरचना कायम भएको छ । कार्यालयको संगठनात्मक संरचना र दरबन्दी तेरिज अनुसूची १ मा उल्लेख गरिएको छ ।

**अन्यः**

- विद्युतीय खरिद प्रणाली (e-GP System Operation & Maintenance Unit) मर्मत सम्भार कक्ष,
- e-GP Help Desk कक्ष

## १.६ कार्यालयको भौतिक पूर्वाधारको अवस्था र कार्य वातावरणः

क) नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वार्ड नं. १३, ताहाचल स्थित हिमशैल भवन भाडामा लिई कार्यालय सञ्चालन रही आएको छ । भूकम्प पश्चात् नेपाल ट्रष्टको सहमतिमा यस कार्यालयबाट अस्थायी संरचना समेत निर्माण गरी पुरानो भवन तथा अस्थायी संरचना दुवैमा कार्यालय सञ्चालन हुँदै आएको छ ।

ख) कार्यालयमा नियमित रुपमा सार्वजनिक खरिद सम्बन्धी तालिम सञ्चालन हुने हुँदा तालिम हलको छुट्टै व्यवस्था गरी तालिम हललाई व्यवस्थित गरिएको छ । तालिम हलमा नियमित तालिम सञ्चालन हुने हुँदा नियमित बैठक सञ्चालन गर्नका लागि सानो बैठक कोठालाई समेत व्यवस्थित गरिएको छ ।

ग) कार्यालयमा ई-हाजिरी तथा हाजिरी रजिष्टर दुवै प्रयोगमा आएकोले कार्यालयमा कर्मचारीहरुको समयमा उपस्थिति हुने गरेको छ ।

घ) कार्यालयमा सौर्य उर्जामा आधारित वैकल्पिक उर्जाको व्यवस्था भएकोले विद्युत कटौतीको समयमा पनि कार्यालयको काममा बाधा नपर्ने हुँदा कार्य सम्पादन सहज भएको छ ।

ङ) कार्यालयमा भएका एयरकन्डिसनर, सोफासेट, फोन, फोटोकपि मेशिन, कम्प्युटर, प्रिन्टर तथा ल्यापटपहरु खरिद तथा मर्मत संभार गरेर चुस्त र दुरुस्त राखिएकोले कार्य/वातावरणमा सहजता आएको छ।

च) कार्यालयमा रहेका सबै सवारी साधनहरुको नियमित मर्मत संभार गरी प्रयोगमा ल्याइएको छ ।

## १.७ कार्यालयका गतिविधिहरुः

क) कार्यालय परिसर सरसफाईमा विशेष ध्यान दिई नियमित सरसफाई गर्ने गरिएको छ । समय समयमा सामूहिक सरसफाईको अभियान समेत सञ्चालन गर्ने गरिएको छ ।

ख) कार्यालयमा नागरिक वडापत्रलाई सेवाग्राहीहरुले देख्न र बुझ्न सक्ने गरी राखिएको छ । कार्यालय प्रवेश गर्ने बित्तिकै कार्यालय परिसर र शाखा महाशाखाहरुको अवस्थिति (Lay out) विवरण बोर्डमा राखिएको छ । यसले आगन्तुक सेवाग्राहीहरुलाई कार्यालयबाट प्रवाह हुने सेवा लिन सहज हुने अपेक्षा गरिएको छ ।


ग) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तीन तीन महिनामा प्रकाशन गरी सार्वजनिक गर्नुपर्ने विवरण नियमित रुपमा प्रकाशन गरी सार्वजनिक गरिएको छ । उक्त विवरण कार्यालयबाट वितरण गरिएको एवं वेबसाइटमा समेत राखिएको छ ।

ङ) कार्यालयको प्रयोजनका लागि कार्यालयमा सानो पुस्तकालय स्थापना गरी महत्वपूर्ण पुस्तक, विवरण, अभिलेख तथा प्रतिवेदनहरु राखिएका छन् ।

## १.८ आर्थिक प्रशासन सम्बन्धी कार्यहरु.:

### क) वार्षिक बजेट र खर्चको स्थिति:

सार्वजनिक खरिद अनुगमन कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमहरुका लागि विनियोजित बजेट तथा वास्तविक खर्चको विवरणलाई ग्राफमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत तथ्याङ्क अनुसार २०७२/७३ देखि आर्थिक वर्ष २०७४/७५ सम्म बजेट विनियोजन तथा खर्चको परिमाण बढ्दै गएको छ, आर्थिक वर्ष २०७५/७६ मा बजेट विनियोजन धेरै घटे पनि खर्चको परिमाण भने केहि मात्र घटेको छ भने आर्थिक वर्ष २०७६/७७ मा विनियोजन तथा खर्चको परिमाण पनि केहि मात्रामा वृद्धि भएको छ । बजेट विनियोजन तथा खर्चको समय रेखाको अन्तर (Gap) ले खर्च हुन नसकेको बजेटलाई संकेत गर्दछ। आ.व. २०७६/७७ को वार्षिक प्रगति विवरण अनुसूची ६ मा समावेश गरिएको छ ।

**आर्थिक वर्ष २०७२/७३ देखि २०७६/७७ सम्मको विनियोजन र खर्चको विवरण:**


| आ.व. | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|---|
| विनियोजन (रु. हजारमा) | ६०,२०७.० | ७५,५५७.७६ | १८३,८५३.० | १०१,४२०.० | १४२,०००.० |
| खर्च (रु. हजारमा) | ५३,६९५.८९ | ५४,२१८.३९ | ७०,१७१.६२ | ६०,९१७.०५ | ६९,०४८.३२ |
| **खर्च प्रतिशत** | **८९.१९** | **७१.७६** | **३८.१७** | **६०.०६** | **४८.६३** |

### (ख) बेरुजु फछ्र्यौटको स्थिति:

यस कार्यालयको आर्थिक वर्ष २०७५/७६ सम्मको बेरुजु शुन्य रहेको छ भने आर्थिक वर्ष २०७६/७७ को अन्तिम लेखापरीक्षण हुने क्रममा रहेको छ ।

**(ग) कार्यालयको समग्र भौतिक तथा वित्तीय प्रगतिको स्थितिः**

कार्यालयले आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएका कार्यक्रमहरु मध्ये भौतिक प्रगति ८३.८८% र वित्तीय प्रगति ४८.६३% हासिल भएको छ । कार्यालयले आर्थिक वर्ष २०७६/७७ मा सञ्चालन गरेका कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगतिलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।



परिच्छेद-२

# सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरू

## २.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधारः

क) सार्वजनिक खरिदका समसामयिक विषयलाई सम्बोधन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को आठौं, नवौं र दशौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । खरिद ऐन, २०६३ को दोस्रो संशोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रस्ताव पेश गरी थप सुझाव संकलन गर्ने र छलफल पश्चात् संसदमा पेश गरिएको छ ।

ख) नमूना बोलपत्र सम्बन्धी कागजातको समय सापेक्ष सुधारः उपभोक्ता समितिको कार्यविधि, कालो सूची सम्बन्धी मापदण्डको मस्यौदा तयार गरी Sealed Quotations of works को बिड डकुमेन्ट नेपालीमा रुपान्तरण गरी website मा राखिएको, Sealed Quotations of Goods and Direct purchase को बिड डकुमेन्ट नेपालीमा तयार गरिएको, Framework Agreement, Design and Build /Turn key र Engineering Procurement Construction का बिडिङ डकुमेन्टहरुको मस्यौदा तयार गरिसकिएको र अन्तिम रुप दिन विज्ञ र सरोकारवालाहरुसँग छलफलको चरणमा रहेको छ ।

सार्वजनिक खरिद नियमावलीको आठौं, नवौं र दशौं संशोधन बमोजिम Standard Bidding Documents परिमार्जन गरी कार्यालयको website मा राखिएको र Standard Bidding Documents का नयाँ प्रावधान बमोजिम e-Gp system मा upload गरिएको ।

## २.२ सार्वजनिक खरिद अनुगमनः

### (क) सार्वजनिक खरिदको स्थलगत अनुगमनः

नेपाल सरकारको बजेटबाट खर्च हुने सबै सार्वजनिक खरिद प्रक्रियाको अनुगमन गर्नु यस कार्यालयको महत्वपूर्ण कार्य हो । वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुगमन गर्नको लागि छुटै महाशाखाको व्यवस्था गरी विभिन्न जिल्ला स्थित सार्वजनिक निकायहरुबाट गरिएको सार्वजनिक खरिद सम्बन्धी अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा सार्वजनिक खरिद प्रक्रियामा रहेका अन्योलता, अस्पष्टता र त्रुटीहरु औंल्याई खरिद कार्यमा सुधारका लागि सुझाव दिने तथा त्रुटी सच्चाउनका लागि ध्यानाकर्षण गराउदै आएको छ । यसरी कार्यालयले अनुगमन गरी तयार पारेको प्रतिवेदनको १ प्रति अनुगमन गरिएको कार्यालयमा पठाउने गरिएको छ । नियमित अनुगमन कार्यले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कार्यान्वयनमा प्रभावकारिता वृद्धि गरी मूल्य सार्थकता कायम गर्न सहयोग पुऱ्याएको छ ।

यसबाट सार्वजनिक निकायको खरिद प्रक्रियामा रहेका अन्योलता र अष्पष्टता हट्न गई खरिद कार्यमा सहजता आएको छ । साथै यसबाट सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरुको क्षमता विकास

भएको छ । आर्थिक वर्ष २०७६/७७ मा हेटौडा, मुस्ताङ, ईलाम, उदयपुर, पर्सा, धनुषा, काभ्रे, सिन्धुली, कैलाली, गुल्मी, पाल्पा, ईलाम र झापा लगायतका जिल्लामा १९ वटा सघन खरिद अनुगमन तथा सार्वजनिक खरिद सम्बन्धी Random Monitoring कार्य सम्पन्न गरिएको छ ।

## (ख) खरिद सम्बन्धी गुनासोको व्यवस्थापनः

यस कार्यालयमा विभिन्न माध्यम (हुलाक, निवेदन, इन्टरनेट वा मौखिक) बाट सार्वजनिक निकायमा भए गरेका खरिद सम्बन्धी कारबाहीको सम्बन्धमा प्राप्त भएका गुनासो तथा उजुरीहरु व्यवस्थापनका लागि कार्यालयमा छुट्टै शाखाको स्थापना गरी गुनासो सम्बोधन गर्ने गरिएको छ । यसले खरिद प्रणालीलाई विश्वासिलो बनाउन सघाउ पुगेको छ । आर्थिक वर्ष २०७६/७७ मा विभिन्न सरकारी निकायसँग सम्बद्ध सार्वजनिक खरिदका सम्बन्धमा कार्यालयमा पर्न आएका १९४ वटा गुनासोहरुको सुनुवाई गरी सम्बन्धित सार्वजनिक निकायलाई खरिद प्रक्रियामा सुधारका लागि लेखि पठाईएको छ । कार्यालयमा प्राप्त भएका विभिन्न गुनासोहरुका सम्बन्धमा अनुगमन गर्ने, अध्ययन गर्ने, पत्राचार गर्ने र प्रतिवेदन तयार गर्ने कार्यक्रम सम्पन्न गरिएको छ । यस क्रममा गुनासोकर्तालाई समेत सोको जानकारी गराई गुनासोको फछ्र्यौट गर्ने गरिएको छ ।

गुनासो व्यवस्थापनका सम्बन्धमा यस कार्यालयबाट जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६ बमोजिम अघिल्लो महिनाभरी गरेका काम कारबाहीको प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गुनासो व्यवस्थापन इकाईमा पठाउने गरिएको छ ।

## (ग) सार्वजनिक खरिद सम्बन्धमा अनुशिक्षणः

अनुगमनमा जाने यस कार्यालयका कर्मचारी/पदाधिकारीहरुका लागि लक्षित गरी सार्वजनिक खरिदका विषयवस्तुहरु समेटी सार्वजनिक खरिद सम्बन्धमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । यसबाट कार्यालयका कर्मचारीहरुलाई तोकिएको विषयमा विज्ञता हासिल भई कार्यसम्पादन गर्न सहज हुने देखिन्छ। यस अन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा बीमा, इन्कोटर्मस तथा स्टयान्डर्ड बिड डकुमेन्ट सम्बन्धी विषयमा विज्ञहरुद्वारा कार्यालयका कर्मचारीहरुलाई ४ पटक अनुशिक्षण प्रदान गरिएको छ।

## (घ) सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रियाः

सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया कार्यक्रमबाट खरिदमा देखिएका कमि कमजोरी र भविष्यमा चालीने कार्यदिशाबारे कानूनी आधारहरुको बारेमा छलफल र सुझाव दिने तथा कानून संशोधनका लागि पृष्ठपोषण लिने गरिएको छ । यस कार्यक्रमबाट सार्वजनिक खरिद सम्बन्धी जिल्ला र कार्यस्थलमै सानातिना समस्याहरु त्यही समाधान गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यस कार्यक्रमको माध्यमबाट जिल्लास्थित सार्वजनिक निकायहरु, उद्योग वाणिज्य संघ, निर्माण व्यावसायी संघ, सञ्चार माध्यम तथा नागरिक समाजको सार्वजनिक खरिद सम्बन्धमा वहसको साझा थलो उपलब्ध भई खरिद सम्बन्धी समस्याहरुको बारेमा व्यापक छलफल भएको छ । यसबाट जिल्लामा रहेको सार्वजनिक खरिदको वस्तुस्थितिको बारेमा जानकारी प्राप्त भई सार्वजनिक निकायहरु तथा सार्वजनिक खरिद सम्बन्धी सरोकारवाला निकायहरुमा भएका अन्योलताहरुको उजागर भई सम्भावित समस्या

समाधानका उपायहरु पहिचानमा सहयोग मिलेको छ। अन्तरक्रियामा हुने छलफलको माध्यमबाट सार्वजनिक निकाय र सार्वजनिक खरिदका सरोकारवाला पक्षहरु बीचमा समन्वय स्थापित भई खरिद कारबाहीमा प्रभावकारिता आएको छ । सार्वजनिक खरिदको सन्दर्भमा ऐन, नियममा भएका परिवर्तित व्यवस्थाहरुको सन्दर्भमा सबै पक्षहरुलाई समयमा नै जानकारी भएको छ । आर्थिक वर्ष २०७६/७७ मा चितवन, पर्वत, म्याग्दी, रुपन्देही, ओखलढुङ्गा, उदयपुर, धनगढी, झापा, दोलखा, नवलपरासी लगायतका १० जिल्लाहरुमा सार्वजनिक खरिदसँग संलग्न सरोकारवाला पक्षहरु, जिल्लास्थित सार्वजनिक निकायहरु, उद्योग बाणिज्य संघ तथा निर्माण व्यावसायी संघका पदाधिकारीहरु र सञ्चारकर्मीहरुको सहभागितामा एक दिने सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । जसबाट करिब १,००० जनालाई सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा क्षमता अभिवृद्धि भएको छ ।

### (ङ) विद्युतीय खरिद प्रणाली (e-Bidding) सम्बन्धी अनुगमन निरीक्षणः

यस कार्यालयले सञ्चालनमा ल्याएको e-GP System को विभिन्न सार्वजनिक निकायहरुले के कसरी प्रयोग गरेका छन् भन्ने सम्बन्धमा भएको अनुगमनबाट उक्त System प्रयोगकर्ताहरुबाट भएका प्रयोगको अवस्था, प्रयोग गर्नुपर्ने बारेको चासो, e-GP System प्रयोग गर्दा आईपरेका समस्याहरु र e-GP System प्रयोगले स्थानीय Bidder मात्रको एकाधिकारको अन्त्य भई प्रतिस्पर्धा वृद्धिमा सबैले भाग लिन सक्ने अवस्था रहे/नरहेको, प्रतिस्पर्धाले गर्दा लागत अनुमान मूल्य भन्दा कम मूल्य प्रस्ताव गरे/नगरेको सम्बन्धमा नियमित अनुगमन गरिएको छ । अनुगमनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा सकारात्मक नतिजाहरु प्राप्त भएका छन् । आ.व. २०७६/७७ मा यस कार्यालयबाट ईलाम, काभ्रे र सिराहा गरी ३ जिल्लाका विभिन्न सार्वजनिक निकायहरुमा e-Bidding सम्बन्धी अनुगमन निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

## २.३ क्षमता विकास र तालिमः

सार्वजनिक खरिद क्षमता विकास सम्बन्धी सार्वजनिक निकायका खरिद कार्यमा संलग्न कर्मचारीहरुलाई विद्युतीय खरिद कार्य सम्बन्धी क्षमता अभिवृद्धि तालिम ८ वटा र आधारभूत तालिम ५ गरी १३ वटा कार्यक्रम सञ्चालन गरेर करिब ८०० जनालाई प्रशिक्षित गरिएको। यसबाट खरिदमा संलग्न कर्मचारीहरुको क्षमता विकास भई खरिद प्रक्रियामा प्रभावकारिता आएको छ ।

## २.४ वेबसाईटमा विवरण अद्यावधिक गर्ने व्यवस्थाः

क) सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो वेबसाईट स्थापना गरी स्ट्याण्डर्ड विडिङ् डकुमेन्ट (Standard Bidding Document), राय परामर्शका विवरणहरु, कालो सूचीको नामावली, सार्वजनिक खरिद पुनरावलोकन समितिबाट भएका निर्णयहरुको संग्रह लगायत कार्यालयबाट भए गरेका कार्यहरुको विवरण नियमित रुपमा सार्वजनिक गर्ने गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम काम कारबाही नगर्ने विभिन्न फर्महरुलाई कालो सूचीमा राख्ने प्रावधान भएकोमा आर्थिक वर्ष २०७६/७७ मा ५४ वटा फर्मलाई कालो सूचीमा राखि कार्यालयको आधिकारिक वेबसाईटमा अपडेट गरिएको छ ।

ख) सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रियालाई विद्युतीय खरिद प्रणालीमा आबद्ध गर्न राष्ट्रिय विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा रहेको छ । यस प्रणालीमा सहज पहुँचका लागि वेब ठेगाना www.bolpatra.gov.np/egp रहेको छ । यस प्रणालीमा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (Public Procurement Management Information System, PPMIS) समेतको व्यवस्था छ ।

## २.५ राय परामर्श प्रदान:

सार्वजनिक खरिद ऐन, नियम परिपालना गर्ने गराउने सम्बन्धमा सार्वजनिक निकायहरुलाई परेको खरिद सम्बन्धी द्विविधा समाधानका लागि त्यस्ता निकायहरुबाट माग भई आएका विभिन्न विषयहरुमा यस कार्यालयले ऐन, नियम र सार्वजनिक खरिदका सिद्धान्तहरुको आधारमा राय परामर्श उपलब्ध गराउँदै आएको छ । जसबाट समयमा समस्याको निकास आउने र प्रक्रियात्मक त्रुटी हुनबाट जोगिन गई खरिद कार्यमा सघाउ पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस कार्यालयबाट कूल ११९ वटा राय परामर्श प्रदान गरिएको र हाल सम्म कूल १३९० वटा राय परामर्श प्रदान गरिएको छ । यस कार्यालयबाट सुरु देखि उपलब्ध गराइएको राय परामर्श सम्बन्धी विस्तृत विवरण समेटिएको संग्रह website:www.ppmo.gov.np मा राखिएको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ ।

राय परामर्शको माध्यमबाट सार्वजनिक निकायहरुलाई निम्नानुसार उपलब्धि हासिल भएको विश्वास गरिएको छ ।

- ऐन नियमको खरिद सम्बन्धी व्यवस्थाको व्याख्या र कार्यान्वयनमा एकरुपता आएको छ ।
- राय परामर्शले सार्वजनिक खरिद निर्देशिकाको रुपमा काम गरेको छ ।
- सार्वजनिक खरिद कार्यलाई छिटो छरितो रुपमा सम्पादन गर्न मद्दत पुगेको छ ।
- सार्वजनिक निकायहरुको खरिद कार्यमा परेका द्विविधा हट्न गई सहजता आएको छ ।
- सार्वजनिक खरिद कार्यलाई थप पारदर्शी र काममा जिम्मेवार बनाउनमा सघाउ पुऱ्याएको छ ।

## २.६ कालो सूचीको कार्यवाही:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ ले बोलपत्रदाताहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था उल्लेख गरेको छ । सार्वजनिक खरिदमा सहभागी हुने बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यावसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले उक्त आचरण विपरित कार्य गरेमा, खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत रुपमा त्रुटी हुने गरी कार्य गरेमा, योग्यता ढाँटी वा झुक्यानमा पारी सम्झौता गर्ने आदि कसूर गरेमा सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था अनुसार निजको कार्यको गाम्भिर्यताको आधारमा यस कार्यालयले १ वर्ष देखि ३ वर्षसम्म कालो सूचीमा राख्ने गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा ५४ वटा विभिन्न ठेक्कामा जम्मा ४७ वटा विभिन्न बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यावसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा राख्ने निर्णय गरी सार्वजनिक सूचना गरिएको छ । यसको विस्तृत विवरण यस कार्यालयको वेबसाईटमा राखिएको छ । साथै कालो सूचीमा राखिएको फर्म/संस्थाहरुको तेरिज विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ । कालो सूचीमा राख्ने सम्बन्धी ऐनको दफा ६३ मा भएको व्यवस्था निम्नानुसार छ ।

## कालो सूचीमा राख्ने सम्बन्धी कानूनी व्यवस्था:

१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यावसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्नेछ :-

- दफा ६२ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,
- स्वीकृतिको लागि छनौट भएको प्रस्तावको प्रस्तावदाता दफा ३८ बमोजिम सम्झौता गर्न नआएमा,
- खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,
- खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,
- योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा
- तोकिए बमोजिमको अन्य कुनै अवस्थामा ।

# २.७ सार्वजनिक खरिद पुनरावलोकन:

सार्वजनिक खरिदको अन्तर्राष्ट्रिय प्रचलनमा सार्वजनिक खरिद कार्यमा सार्वजनिक निकायले गरेका कार्य तथा निर्णयहरुको पुनरावलोकन गर्ने व्यवस्था रहेको हुँदा यस किसिमका कार्यले सार्वजनिक निकायलाई खरिद सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा सञ्चालन गर्न सघाउ पुऱ्याएको छ । सार्वजनिक खरिद सम्बन्धी Model Law ले पुनरावलोकन गर्ने अधिकार सार्वजनिक खरिदको मुख्य अंग मानेको पाइन्छ । यसै तथ्यलाई मध्य नजरमा राखी हाम्रो सन्दर्भमा पनि सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ६ मा खरिद कारबाही वा निर्णयको पुनरावलोकन सम्बन्धी व्यवस्था गरिएको छ ।

पुनरावलोकन समितिमा आर्थिक वर्ष २०७६/७७ मा १५ वटा निवेदन प्राप्त भई १५ वटै फछ्र्यौट भएको पाइन्छ । पुनरावलोकन समितिमा आर्थिक वर्ष २०७६/७७ सम्ममा कूल जम्मा १३६ वटा पुनरावलोकन निवेदन दर्ता भएको तथ्याङ्कले देखाउँछ ।

सार्वजनिक खरिद ऐन नियमको कार्यान्वयन गर्ने सिलसिलामा सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीहरुबाट भएका कुनै निर्णयबाट बोलपत्रदाता वा प्रस्तावदातालाई मर्का परेमा दुई चरणमा पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको छ । पहिलो चरणमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख समक्ष उजुरी दिने र सो बाट भएको निर्णय चित नबुझेमा वा ५ दिन भित्र निर्णय नदिएमा दोस्रो चरणमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने कानूनी व्यवस्था छ । ऐनको दफा ४८ अनुसार पुनरावलोकन समिति गठन हुने व्यवस्था छ । सोही आधारमा मन्त्रिपरिषद्, राजनीतिक नियुक्ति सिफारिस समितिले मन्त्रिपरिषद्को बैठकबाट अधिकार प्रत्यायोजन भए अनुसार अध्यक्ष र सदस्य सहित ३ सदस्यीय पुनरावलोकन समिति गठन भई क्रियाशील रहँदै आएको छ । समिति समक्ष पेश भएका निवेदनहरु उपर पुनरावलोकन भई समितिबाट भएका निर्णयहरुको संग्रह प्रकाशन गरिदै आइएको छ । यसबाट खरिद सम्बन्धी व्यवस्थापन प्रभावकारी बनाउन सम्बद्ध सबै पक्षहरुको कार्य क्षमतामा अभिवृद्धि हुने विश्वास कार्यालयले लिएको छ ।

**पुनरावलोकन समितिको गठन विधि देहाय बमोजिम छः**

| | | |
|---|---|---|
| (क) | पुनरावेदन अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको न्यायधीश भईसकेको व्यक्ति वा नेपाल सरकारको विशिष्ठ श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट एक जना | - अध्यक्ष |
| (ख) | नेपाल सरकारको नेपाल इन्जिनियरिङ सेवाको राजपत्राङ्कित प्रथम श्रेणीबाट अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट एक जना | - सदस्य |
| (ग) | सार्वजनिक खरिद सम्बन्धी बिषयमा अनुभवी तथा विज्ञ व्यक्तिहरु मध्येबाट एक जना | - सदस्य |

**पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकारः**

सार्वजनिक खरिद पुनरावलोकन समितिको काम, कर्तव्य सार्वजनिक निकाय विरूद्ध बोलपत्रदाता वा प्रस्तावदाताले खरिद सम्झौता भएको ३० दिन भित्र दिएको पुनरावलोकन निवेदन उपर छानविन गर्ने, सार्वजनिक निकायसँग प्रतिक्रिया माग गर्ने, दुवै पक्ष राखि सुनवाई गर्ने, प्रस्तुत कागजातहरुको अध्ययन अवलोकन गरी निवेदन दिएको ३० दिन भित्र निर्णय गर्नेछ । सार्वजनिक खरिद पुनरावलोकन समितिले निर्णय गर्दा बोलपत्रदाता वा प्रस्तावदाताले दिएको निवेदन खारेज गर्ने वा देहाय बमोजिम गर्नेछ ।

(क) खरिद सम्झौता भई नसकेको अवस्थामा देहाय बमोजिम गर्नेछ ।

- अनधिकृत काम वा निर्णय वा गलत कार्यविधि अवलम्बन नगर्न आदेश दिने ।
- अनधिकृत कार्य वा निर्णयलाई पूर्ण वा आंशिक रुपमा रद्द गर्ने आदेश दिने ।
- मूल्याङ्कनमा त्रुटी देखिए मात्र मूल्याङ्कन गर्न आदेश दिने तथा सम्झौता भईसकेको अवस्थामा मर्का बिचार गरी निवेदकलाई मनासिव माफिकको रकम भुक्तानी गर्न सिफारिस गर्न सकिनेछ ।

(ख) खरिद सम्झौता भई सकेको अवस्थामा त्यस्तो सम्झौता निवेदकले पाउनु पर्थ्यो भन्ने पुनरावलोकन समितिलाई लागेमा निवेदकलाई परेको मर्का बिचार गरी मनासिब माफिकको रकम निवेदकलाई भुक्तानी गर्न सार्वजनिक निकायलाई सिफारिस गर्ने ।

परिच्छेद-३

# सार्वजनिक खरिद प्रक्रियामा प्रविधिको प्रयोग अन्तर्राष्ट्रिय अनुभव र नेपालको सन्दर्भ

## ३.१ पृष्ठभूमिः

विकासशील मुलुकहरुको सार्वजनिक खरिद प्रक्रियाले जटिल एवम् दीर्घ रोगका रुपमा रहेका विभिन्न विकृतिहरु जस्तैः मिलेमतो गरी लागत अनुमानको हाराहारीमा प्रस्ताव पेश गर्ने, Cartelling, राजनीतिक प्रभावको आडमा भ्रष्टाचार, भौतिक बलको प्रयोग गरी प्रतिस्पर्धालाई एकलौटी बनाइने, बोलपत्र खोल्ने बेला बोलपत्रको फाईल नै लुटेर लाने तथा मूल्याङ्कनमा समेत तर्साउने/धम्क्याउने आदि बाट ग्रस्त रहेको भन्ने आरोप खप्नु परिरहेको छ। अदक्ष बोलपत्रदाताहरु खरिद प्रक्रियामा रहेका यस्तै स-साना छिद्रहरुमार्फत् छिरी समग्र कार्यसम्पादनको गुणस्तर कमजोर बनाईदिने, आयोजनाहरु समयमा नै सम्पन्न नगर्ने, लागत बढ्ने र अन्ततोगत्वा सार्वजनिक परियोजनाहरु नै लथालिङ्ग हुने अवस्थामा पुऱ्याईदिने गरेका प्रसस्तै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय उदाहरणहरु पाइन्छन्। सार्वजनिक खरिद प्रक्रियामा प्रविधिको प्रयोग खर्चिलो भएतापनि प्रविधिको प्रयोगले यस्ता विकृतिहरुलाई चिर्न सहयोग पुऱ्याउनुका साथै केही लोभलाग्दा उपलब्धिहरु समेत हासिल हुन्छन्। यसको प्रयोगले खरिद प्रक्रियालाई पारदर्शी एवं प्रतिस्पर्धी बनाउँछ। पारदर्शी एवं प्रतिस्पर्धी खरिद प्रक्रियाले वस्तु, सेवा र कार्यको प्राप्ति न्यून मूल्यमा नै भई सार्वजनिक साधन/स्रोतको दोहन हुनबाट बचाउँछ र अन्ततोगत्वा सुशासनलाई नै उन्नत बनाउँछ। सार्वजनिक खरिदमा प्रविधिको प्रयोगले एउटा टोलको ठेक्कालाई स्वदेश तथा विदेशस्थित सम्पूर्ण सरोकारवालाहरुको पहुँचमा पुऱ्याई प्रतिस्पर्धा एवम् सहभागिताको दायरालाई फराकिलो बनाई सम्पूर्ण गोलार्द्धको कुना काप्चामा पुऱ्याउन सहयोग पुऱ्याउँछ। पारदर्शीता, सार्वजनिक उत्तरदायित्व र अभिलेख व्यवस्थापनलाई वस्तुपरक तथा उन्नत बनाउँछ। सामाजिक जागरण, सार्वजनिक कोषको सदुपयोग भई भ्रष्टाचार नियन्त्रण र कानूनको शासन कार्यान्वयनमा विशेष योगदान समेत पुऱ्याउँछ। अन्ततोगत्वा सरकारप्रति नागरिक एवम् दाताहरुको भरोसालाई मजबुत बनाउँछ र करदाताको सरकारप्रतिको सम्भावित असन्तोषलाई समेत न्यूनीकरण गर्न मद्दत पुऱ्याउँछ।

## ३.२ विद्युतीय खरिद प्रणालीः

विद्युतीय खरिद प्रणाली भनेको ईमान्दार तवरबाट सार्वजनिक खरिद प्रक्रियालाई सञ्चालन गरी चुस्त बनाउदै सरकारको नीतिगत उद्देश्य हासिल गर्न एवम् सार्वजनिक निकायले गर्ने खरिद चक्र र सो सँग सम्बन्धित करार व्यवस्थापनसम्मका सम्पूर्ण चरणहरुलाई पूर्ण रुपमा एकीकृत गरी स्वचालित बनाउन आधुनिक सूचना प्रविधिमा आधारित भएर विकास गरिएको एक विशिष्टिकृत प्रणाली हो। यस्तो प्रणालीले सार्वजनिक निकायले खरिद प्रक्रियाको दौरान सम्पादन गरेका सम्पूर्ण क्रियाकलापहरुको क्रमबद्ध अभिलेख राख्छ। यसको प्रयोगले मुलुकले आर्थिक/सामाजिक क्षेत्रमा उल्लेखनीय लाभ हासिल गर्दछ। यस्तो प्रणाली तथ्याङ्क भण्डार (Database), Software Application, Sophisticated Hardware Infrastructure, Secured Operating Environment जस्ता अवयवहरुको संयोजनबाट निर्माण भएको हुन्छ। विद्युतीय खरिद प्रणालीमा e-Noticing, e-Submission, e-Decision, e-Auction, e-Award, e-Contract Management, e-Ordering, e-Invoicing, e-Payment, e-Evaluation जस्ता सुविधाहरु निहित रहेको हुन्छ।

विद्युतीय खरिद प्रणालीको उद्देश्य भनेको सरकारले एउटा वेबसाईट सञ्चालन गरी सरकारबाट जारी गरिने सम्पूर्ण बोलपत्रहरुको सूचना उक्त वेबसाईटमार्फत् सम्प्रेषण गर्नु मात्र नभएर यसको रणनीतिक उद्देश्य भनेको मुलुकको समग्र सुशासनको स्थितिलाई सुधार गरी सार्वजनिक कोषको प्रयोगमा मूल्य सार्थकता (Value forMoney) हासिल गर्नु, हरित खरिद पद्धति (Green Procurement) मा योगदान दिनु, लगानी मैत्री वातावरणको सिर्जना गर्नु, खरिद प्रक्रियामा एकरुपता कायम गर्नु र वृहत्तर आर्थिक/सामाजिक विकास गर्नु नै हो । यसको प्रयोगले सरकार, निजी क्षेत्र, निगरानी गर्ने निकाय र नागरिकहरुलाई एउटा सञ्जालमा पारदर्शी ढंगले एकतावद्ध गरी सूचनाको विनिमय गर्ने कार्यमा सहयोग पुऱ्याउँछ ।

परम्परागत मानव संशाधनमा आधारित खरिद प्रणालीबाट सार्वजनिक खरिद प्रक्रियाका आदर्श उद्देश्यहरु हासिल गर्न कठिनाई भएको कारणले गर्दा नै विद्युतीय खरिद प्रणालीको आवश्यकता महशुस भएको हो । विद्युतीय खरिद प्रणालीको प्रयोगले समग्रमा सार्वजनिक खरिद प्रक्रिया पारदर्शी र चुस्त भई दक्षता बढ्ने, समय र लागतको बचत हुने, प्रतिस्पर्धा बढ्ने, साना/ठूला सबै बोलपत्रदाताहरुलाई अवसरमा समान पहुँच र सहभागिता उपलब्ध हुने, सार्वजनिक कोषको प्रयोगमा नागरिक निगरानी कायम भई वित्तीय अपचलन न्यूनीकरण हुने, खरिद नियम/कानूनको परिपालनामा अभिवृद्धि हुने, सार्वजनिक खरिद सम्बन्धी सूचना व्यवस्थापन प्रभावकारी हुने, बोलपत्र प्रक्रियामा लाग्ने गरेको प्रशासनिक खर्चको कटौति हुने, तथ्यमा आधारित खरिद सम्बन्धी निर्णय र नीतिगत निर्णय लिन सहयोग पुग्ने, खरिद सम्बन्धी लेखापरीक्षण सहज हुने जस्ता फाईदाहरु हासिल हुन्छन् । Freebalance.com ले गरेको एक अध्ययनका अनुसार सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय खरिद प्रणालीको प्रयोग गर्नाले ५% देखि ३०% सम्म सार्वजनिक खर्चको वचत हुने देखिएको छ। यसका साथै प्रति ठेक्का १००० रुपैयाँ देखि ७००० रुपैयाँसम्म कागजातहरुको छपाई वापतको खर्च जोगिने समेत उक्त अध्ययनले देखाएको छ ।

## ३.३ सार्वजनिक खरिद प्रक्रियामा नवप्रवर्तनको प्रयोगः

नवप्रवर्तन पटके र स्थिर क्रियाकलाप नभई संगठनको कार्यप्रकृतिलाई महत्तम, आधानुकि एवम् वैज्ञानिक ढंगले सञ्चालन गर्न व्यवस्थापनले अपनाउने चलायमान क्रियाकलापहरुको समष्टिगत अवधारणा हो । सार्वजनिक खरिद प्रक्रियामा नवप्रवर्तनलाई आन्तरिकीकरण गर्न सकिएमा सार्वजनिक खरिद प्रक्रियामा पर्ने राजनीतिक दबाव र प्रभावको अन्त्य हुने, समग्र खरिद प्रक्रिया वस्तुनिष्ठ, वैज्ञानिक, आधुनिक एवम् ब्यवसायिक हुने, सार्वजनिक वित्तीय साधन/स्रोतको महत्तम उपयोग हुने, सरकारको प्रशासनिक खर्चमा कमी आउने, समयको बचत हुने, स्वच्छ प्रतिस्पर्धाको सुनिश्चितता भई Syndicate तथा Cartelling को अन्त्य हुने, Human Manipulation को सम्भावना शुन्य हुने, Conflict of Interest (COI) लाई घटाउने तथा सार्वजनिक खरिदमा सुशासनको सिंचन भई समृद्ध राष्ट्र निर्माण गर्न सहयोग पुग्ने देखिन्छ ।

सार्वजनिक खरिद प्रक्रियामा प्रविधिको प्रयोग विद्युतीय सरकारका विभिन्न अवधारणाहरुमध्ये सरकार (G)-to-व्यवसायी (B) अवधारणासँग नजिक रहेको छ । सार्वजनिक खरिद प्रक्रियाको सरोकार एवम् झुकाव मूलतः अर्थशास्त्रीय सिद्धान्तको आपूर्ति पक्षभन्दा पनि माग पक्ष तिर बढी रहेको हुन्छ । बजार क्षेत्रमा रहेका विभिन्न क्रेताहरुमध्ये सार्वजनिक निकायहरुलाई ठूला क्रेताको रुपमा लिन सकिन्छ । सार्वजनिक निकायहरुको चाख र आवश्यकताले बजार संयन्त्रको कार्य व्यवहारलाई विभिन्न नवप्रवर्तित प्रविधिहरुको प्रयोग गर्न बाध्यकारी बनाउने सम्मको हैसियत राखेको हुन्छ ।

नेपालको सन्दर्भमा समेत विगतमा सार्वजनिक खरिद प्रक्रियामा अस्वस्थ प्रतिस्पर्धा गर्न उद्यत स्वार्थ समूहहरु सरकारले सार्वजनिक खरिद प्रक्रियामा नवप्रवर्तन भित्र्याईएसँगै सरकारको नीतिलाई आत्मसात् गर्न सुरुका दिनहरुमा बाध्य भएका उक्त समूहहरु अहिले आएर भने बानी परिसकेका छन् । यसैको परिणामस्वरुप विद्युतीय खरिद प्रणालीको प्रयोग गरी हालसम्म ४०,००० वटा भन्दा बढी विभिन्न ठेक्कापट्टाहरु आह्वान भईसकेका छन् । यो क्रम निरन्तर वृद्धि भईनैरहेको छ ।

विद्युतीय खरिद प्रणालीको विकास र प्रयोगमा मूलतः सार्वजनिक निकायहरुको नै भूमिका अहम् हुने भएतापनि अन्तर्राष्ट्रिय अनुभवहरुलाई दृष्टिगोचर गर्दा यस क्षेत्रमा कार्य गर्ने केही निजी क्षेत्रको प्रयासमा विद्युतीय खरिद प्रणालीमा नवप्रवर्तनको प्रयोग गरी मूलतः सार्वजनिक निकाय र बोलपत्रदाताबीच बोलपत्र प्रक्रियालाई सहजीकरण गर्न देहाय बमोजिमका विभिन्न कार्यहरु भएको पाईन्छ।

- बेलायतमा GovPartnes.com नाम गरेको संस्थाले ईच्छुक बोलपत्रदताहरुलाई विभिन्न सार्वजनिक निकायहरुले सामुदायिका विकास, पार्क र मनोरञ्जन स्थल निर्माण कार्यका लागि आह्वान गरेका बोलपत्रहरु तयारी गर्न निश्चित शुल्क लिई सहजीकरण गर्ने सेवा सञ्चालन गर्दछ। publictenders.net नाम गरेको बेलायती वेबसाईटले निजीक्षेत्र र सार्वजनिक निकायलाई सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा Searching, Sourcing लगायतका सेवाहरु प्रदान गर्दछ । supply2govtenders.co.uk ले बेलायत र आयरल्याण्ड सरकारबाट वार्षिक रुपमा गरिने २८४ बिलियन पाउन्ड बराबरको सार्वजनिक खरिद सम्बन्धी सूचनाहरुको जानकारी इच्छुक बोलपत्रदाता कम्पनीहरुलाई प्रदान गर्ने गरेको पाईएको छ । UK PLC नाम गरेको संस्थाले सार्वजनिक निकायले प्रयोग गर्ने e-Procurement प्रणाली एवम् विभिन्न सप्लायरहरुले प्रयोग गर्ने सूचना प्रविधिमा आधारित प्रणालीहरुबीच अन्तरआवद्धता कायम गरी सार्वजनिक निकायहरुले स्वचालित रुपमा वस्तु तथा सेवाको माग र भुक्तानी प्रणालीमार्फत नै व्यवस्था कार्यान्वयनमा ल्याएको पाइएको छ । बेलायतको हकमा Bid Link एवम् Ireland को हकमा Bid Management Services ले सार्वजनिक खरिद प्रक्रियामा इच्छुक बोलपत्रदाताहरुको तथ्याङ्क हरेक घण्टा/घण्टामा अद्यावधिक गर्दछन् ।
- अमेरिकामा Periscope नाम गरेको कम्पनीले बोलपत्रदाताहरुको चाख अनुकूल ठेक्काहरुको सूचना सम्बन्धित बोलपत्रदातालाई प्रदान गर्ने र विभिन्न सार्वजनिक निकायहरुलाई "Procure-to-Pay" सेवा प्रदान गर्ने एवं Virtual Market Place सेवा समेत प्रदान गर्दै आईरहेको पाइएको छ । Bid Radar, Sell2 Gov, Find RFP आदि विभिन्न निजीक्षेत्रहरुबाट सञ्चालन भएका सेवाहरुले सम्भावित बोलपत्रदाताहरुलाई अमेरिकी सरकारले आह्वान गरेका खरिद सम्बन्धी विविध सूचनाहरुको जानकारी प्रदान गर्दछ । Uscontract Registration नाम गरेको संस्थाले निश्चित शुल्क लिएर बोलपत्रदाताहरुलाई विद्युतीय खरिद प्रणालीमा दर्ताका लागि सहजीकरण गर्ने सेवा प्रदान गर्ने गरेको समेत पाइएको छ ।
- Go-Business नाम गरेको कम्पनीले विकास गरेको वेबसाईट e-tendering.com ले हङ्गकङ्ग, चीन र विश्वभर २०० भन्दा बढी सरकारी निकायहरुले निकाल्ने बोलपत्रको सूचना हङ्गकङ्ग, चीन र एशिया प्रशान्त क्षेत्रस्थित सम्भावित बोलपत्रदाताहरुलाई प्रदान गर्दै आईरहेको छ ।
- Fedbid नाम गरेको संस्थाले Reverse Auction सम्बन्धी सेवा उपलब्ध गराउने तथा EASI नाम गरेको संस्थाले निश्चित शुल्क लिएर बोलपत्र कागजात तयार गर्न बोलपत्रदाताहरुलाई आवश्यक सेवा पुऱ्याउने गरेको पाईएको छ ।

## ३.४ नेपालमा विद्युतीय खरिद प्रणालीको प्रयोगः

प्रविधिमा अग्रणी स्थानमा रहेका राष्ट्रहरु जस्तैः दक्षिण कोरियाको हकमा सात वर्षको अथक प्रयासको फलस्वरुप विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा आएको थियो । सन् २००८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएसँगै नेपालको हकमा भने २०७३ साल पुस ४ मा सार्वजनिक खरिद नियमावलीको चौथो संशोधनमार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालयले एकल पोर्टलमा आधारित विद्युतीय खरिद पोर्टल स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने अभिभारा प्राप्त गरेसँगै विद्युतीय खरिद प्रणाली स्थापनाका लागि कानूनी आधार तय भएको थियो । यसअघि सार्वजनिक खरिद अनुगमन कार्यालयले www.ppmo.gov.np नाम गरेको वेबसाईट २०६५ सालदेखि नै सञ्चालन गरी बोलपत्र सम्बन्धी सूचनाहरु सो वेबसाईटमार्फत् प्रकाशन गर्ने गरेको थियो । सार्वजनिक खरिद प्रक्रियामा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई न्यून गरी खरिद प्रक्रियालाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयले Single Portal (www.bolpatra.gov.np) मा आधारित electronic government procurement (e-GP) System को विकास गरी प्रयोगमा ल्याईरहेको छ ।

सन् २००७ देखि सडक विभागले आफ्नो प्रयोजनको लागि मात्र e-Submission प्रणालीको विकास गरी यसको प्रयोगको सुरुवात गरेकोमा सन् २०१२ सम्मको अवधिमा ३२ वटा विभिन्न सार्वजनिक निकायहरुले छुट्टाछुट्टै रुपमा e-Submission पोर्टलहरु www.gepson.gov.np नाम गरेको डोमेनको माध्यमबाट प्रयोगमा ल्याएका थिए । सार्वजनिक खरिद अनुगमन कार्यालयले २०६८ कार्तिक देखि विद्युतीय खरिद प्रणालीको रुपमा (www.gepson.gov.np) पोर्टलको स्वामित्व आफूले लिई सञ्चालन गरेको थियो । Government Electronic Procurement System Nepal (GEPSON) नाम दिइएको उक्त पोर्टलमा बोलपत्र सूचना प्रकाशन, अनलाईन बोलपत्र पेश गर्ने, अनलाईन खोल्ने तथा अन्य जानकारीहरु दिने व्यवस्था रहेको थियो । लगतै एशियाली विकास बैंकको सहयोगमा सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीको लागि अर्को पोर्टल www.bolpatra.gov.np स्थापना गर्यो जसमा बोलपत्र सूचना तथा कागजात अपलोड गर्ने देखि बोलपत्र बुझाउने र खोल्ने सबै व्यवस्थाहरु समावेश रहेको थियो। उक्त पोर्टल देशभरिका प्राय सबै सार्वजनिक निकायहरुले प्रयोगमा ल्याएतापनि यसको प्रयोगमा व्यापकता भने रहेको थिएन ।

नेपाल सरकार मातहतका सार्वजनिक निकायहरुले छुट्टाछुट्टै रुपमा प्रयोगमा ल्याएका विभिन्न Portal हरुलाई विस्तारै हटाउदै एकल पोर्टलका माध्यमबाट मात्र खरिद कारोवार गर्ने उद्देश्यले एशियाली विकास बैंकको सहयोगमा Price Water Corporation (PWC) तथा ESC Pvt.Ltd. को संयुक्त उपक्रमले दुई वटा चरणहरु (Phase-I /Phase-II) लगाएर e-GP प्रणालीको विकास गरेको थियो । e-GP प्रणालीको प्रयोग गर्ने सरकारको प्रयास एक परिवर्तनकारी एवम् सह्रानीय पहलका रुपमा लिन सकिन्छ । Nepal Public Procurement Strategic Framework (NPPSF) Phase I (सन् २०१०-सन् २०१३) तथा Nepal Public Procurement Strategic Framework (NPPSF) Phase II (सन् २०१३-सन् २०१६) को परिकल्पनाका आधारमा e-GP Phase-I प्रणाली सन् २०१५ July

(२०७२ साल श्रावण) देखि प्रयोगमा आएको थियो । e-GP Phase-I मा Bidder/Public Entity Registration देखि लिएर e-Submission सम्मको मात्र सुबिधा रहेको थियो । e-GP प्रणालीको विकास September 2013 देखि सुरुवात भएकोमा December 2015 मा यसको निर्माण सम्पन्न भएको थियो । e-GP Phase-II प्रणालीमा e-GP Phase-I मा निहित रहेका सम्पूर्ण विशेषताहरुका अतिरिक्त Online Evaluation, Contract Award, Contract Management, e-Payment, Public Procurement Management Information System (PPMIS) लगायतका विशेषताहरु रहेका छन् । e-GP Phase-II प्रणालीको उद्घाटन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीबाट १४ April २०१६ (२०७३ साल बैशाख ३ गते) भएको थियो । 1 January 2017 (२०७३ साल पौष १७) देखि पूर्ण क्षमताको e-GP Phase-II प्रणाली आंशिक रुपमा मात्र कार्यान्वयनमा आएको थियो र २०७४ साल श्रावण १ गते देखि अनिवार्य रुपमा e-GP Phase-II प्रणालीको प्रयोग विभिन्न सार्वजनिक निकायहरुले गर्न थालेका थिए । e-GP Phase-II प्रणाली कार्यान्वयनमा आएसँगै विभिन्न सार्वजनिक निकायहरुले प्रयोग गरिरहेका ३२ थरिका विभिन्न विद्युतीय पोर्टलहरु बन्द भई सम्पूर्ण खरिद कारबाहीहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले सञ्चालनमा ल्याएको e-GP प्रणालीमार्फत् भएको थियो । e-GP Phase-II प्रणालीले भने खरिद चक्रका सम्पूर्ण क्रियाकलापहरुलाई समेट्ने गरी e-GP Phase-I लाई नै स्तरोन्नती गरी तयारीका साथ सञ्चालनमा ल्याईएको छ ।

विद्युतीय खरिद प्रणालीको सूचारु सञ्चालनको सुनिश्चिततताको लागि प्रणालीको नियमित मर्मत सम्भार, देखिएका समस्याहरुको समाधान तथा आवश्यक सुधार समेतका लागि कार्यालयको वार्षिक कार्यक्रम अनुसार DG Market International Inc USA/Dohatec New Media, Bangladesh/ DG Market Nepal JV नामक अन्तर्राष्ट्रिय परामर्शदाता छनौट गरी उक्त संस्थाबाट सेवा प्राप्त भैरहेको छ । हाल सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना प्रविधि शाखा, उपरोक्त परामर्शदाता तथा e-GP Help Desk को संयुक्त प्रयासबाट सरोकारवाला पक्षहरुबाट आएका राय सल्लाह तथा पृष्ठपोषणहरु समेतलाई समेट्दै विद्युतीय खरिद प्रणालीको सुचारु ढंगले सञ्चालन भैरहेको छ ।

## ३.५ मौजुदा अवस्थाः

नेपालमा हाल कार्यान्वयनमा आईरहेको विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) ले खरिद चक्रमा विद्यमान सम्पूर्ण क्रियाकलापहरु खरिद योजना तयारी देखि करार व्यवस्थापन सम्मका क्रियाकलापहरुलाई समेटि खरिद व्यवस्थापन सूचना प्रणाली समेत प्रयोग गरिरहेको छ । नेपालमा विद्युतीय खरिद प्रणालीको प्रयोगको सुरुवात भएसँगै इच्छुक बोलपत्रदाताहरुले इन्टरनेट जडान भएको जुनसुकै कम्प्युटरबाट बोलपत्र सम्बन्धी सूचनाहरुको जानकारी प्राप्त गर्ने र सम्बन्धित कार्यालय नगईकनै आफ्नै घर/अफिसको कम्प्युटरमार्फत् बोलपत्र दाखिला गर्न सक्ने पद्धतिको विकास भएको छ। सार्वजनिक निकाय, बोलपत्रदाता, बैंक तथा मान्यता प्राप्त वित्तीय संस्थाहरु सर्वप्रथम प्रयोगकर्ताको रुपमा प्रणालीमा दर्ता गरी आ-आफ्नो विवरण अद्यावधिक गर्नु पर्दछ । तत्पश्चात् उक्त निकायहरुमा कार्यरत सम्बन्धित कर्मचारीहरुले समेत प्रणालीमा प्रयोगकर्ताका रुपमा दर्ता हुनुपर्दछ। प्रणालीमा सार्वजनिक निकायमा खरिद कार्यमा संलग्न हुने कर्मचारीहरु प्रयोगकर्ताका रुपमा दर्ता हुन्छन् भने बोलपत्रदाताको हकमा विद्युतीय खरिद प्रणाली प्रयोग गर्न अधिकार प्राप्त व्यक्ति तथा बैंकको हकमा Banking Instruments हरुलाई

प्रमाणिकरण गर्ने अधिकार प्राप्त अधिकारीहरु Maker र Checker गरी दुई प्रकारका प्रयोगकर्ताहरु दर्ता हुन्छन् । प्रयोगकर्ताहरुलाई उपलब्ध मेनु तथा सुविधा अनुसार प्रयोगकर्ताहरुले यस प्रणालीमा प्रवेश गरी सार्वजनिक खरिद सम्बन्धी कार्यहरु सम्पादन गर्नुपर्ने व्यवस्था प्रणालीमा रहेको छ। विद्युतीय खरिद प्रणाली सम्बन्धी तथ्याङ्क देहाय बमोजिम रहेको छ ।

| सि. नं. | वर्ष | आह्वान भएका बोलपत्रहरुको संख्या | | | दर्ता भएका बोलपत्र दाताहरुको संख्या | दर्ता भएका सार्वजनिक निकायहरुको संख्या | e-GP प्रयोग गरी सम्पन्न भएको बोलपत्रहरुको कूल लागत (रु.) |
|---|---|---|---|---|---|---|---|
| | | मालसामान | निर्माण कार्य | परामर्श सेवा | | | |
| १ | २०१८ | १४६९ | २४७९ | १२२ | ३८४४ | ८५५ | १७२१४१७६०७९५ |
| २ | २०१९ | ३७४६ | १३५५२ | ४२५ | ८९४४ | १२३४ | ४९३७५९३१८६१९.४२ |
| ३ | २०२० | २३१९ | १०३४६ | १५० | ४१४३ | ४३५ | ३९३०८४९०६७६६.१२ |
| **जम्मा** | | **७५३४** | **२६३७७** | **६९७** | **१६९३१** | **२५२४** | **११२११६३२७१८३७.३९** |

## ३.५.१ विद्युतीय खरिद प्रणालीमा रहेका सुविधा (Features) हरु:

हाल कार्यान्वयनमा रहेको विद्युतीय खरिद प्रणालीमा बोलपत्रदाताहरुका लागि बोलपत्र पेश गर्ने प्रक्रियालाई अझ बढी सुरक्षित तथा आधिकारिक गर्नको लागि बोलपत्र पेश गर्नु अगाडि निजहरुको आधिकारिकता पुष्टि गर्न One Time Password (OTP) सम्बन्धित प्रयोगकर्ताको Email तथा SMS प्रणाली मार्फत Mobile मा Notification जाने व्यवस्था समेत रहेको छ। प्रणालीमा रहेका मुख्य मुख्य सुविधा (Features) हरु देहाय बमोजिम रहेका छन् ।

- खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयारी र प्रकाशन
- बोलपत्र तयारी तथा प्रकाशन
- बोलपत्रमा संशोधन
- बोलपत्रदाताबाट बोलपत्र तयारी तथा बुझाउने
- बोलपत्रदाताबाट बोलपत्र संशोधन तथा फिर्ता
- बोलपत्र खोल्ने
- बोलपत्र मूल्याङ्कन र प्रतिवेदन
- आशयको सूचना (Letter of Intent-LOI) तथा सम्झौताको सूचना (Letter of Award-LOA) प्रणालीमार्फत् नै जारी गर्न सकिने भएतापनि Contract Agreement का लागि भने दुबै पक्षको भौतिक उपस्थिति अनिवार्य नै रहेको छ ।
- बोलपत्रदाताबाट उजुरी निवेदन तथा सार्वजनिक निकायबाट सो को जवाफ
- खरिद सम्झौता

## ३.५.२ खरिद सम्झौता व्यवस्थापन:

हाल कार्यान्वयनमा रहेको विद्युतीय खरिद प्रणालीमा खरिद सम्झौता कार्यान्वयन गर्न देहायका सुविधाहरु रहेको छ ।

- कार्य तालिका (Work Schedule) अद्यावधिक गर्ने
- प्रगति विवरण तयार गर्ने, बुझाउने तथा स्वीकार गर्ने
- अन्तरिम बिल बुझाउने तथा सो को भुक्तानी
- भेरिएसन आदेश र म्याद थप
- कार्य सम्पन्न प्रमाणपत्र
- अन्तिम भुक्तानी
- विवाद व्यवस्थापन (Dispute Management) को प्रविष्टि

## ३.५.३ बैङ्किङ्ग कागजात प्रमाणिकरण:

सार्वजनिक खरिद कारबाही सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाहरुको अहम् भूमिका रहन्छ । यस प्रणालीमा बैंक तथा वित्तीय संस्थाहरुले जारी गर्ने सार्वजनिक खरिद कार्यसँग सम्बन्धित सबै प्रकृतिका कागजातहरुको प्रमाणीकरण स्वयं बैंककै सम्बन्धित कर्मचारीहरुबाटै सम्पादन गर्न गराउनको लागि बैंकिङ्ग सम्मुख मोड्युल (Banking Interface Module) को व्यवस्था गरिएको छ । यस विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रियाको बैंकिङ्ग सम्मुख मोड्युलमार्फत खरिद कारबाहीमा बैंक तथा वित्तीय संस्थाहरुले देहायका कार्यहरु सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ ।

- जारी कागजात प्रमाणीकरण
- बैंक ग्यारेण्टी फुकुवा तथा जफत

## ३.५.४ विद्युतीय खरिद प्रणाली सहायता कक्ष (e-GP Help Desk):

विद्युतीय खरिद प्रणालीको प्रयोगमा सरोकारवालाहरु सहजीकरण, अभिमुखिकरण तथा जानकारी प्रदान गर्नको लागि एक सहायता कक्ष (e-GP Help Desk) सञ्चालन गरिएको छ। यस सहायता कक्षबाट सरोकारवालाहरुलाई टेलिफोन, अनलाइन तथा कार्यालयमा भौतिक उपस्थितिको माध्यमबाट प्रणाली प्रयोग सम्बन्धी विभिन्न सेवा (Support) हरु प्रदान भईरहेको छ ।

## ३.६ कानूनी प्रावधानहरु:

- मिति २०६३।९।३० गते जारी भएको सार्वजनिक खरिद ऐन, २०६३ मा आवश्यक संशोधन सहित मिति २०७३।०३।३० गते जारी भएको पहिलो संशोधनमा विद्युतीय खरिद प्रणालीका सन्दर्भमा दफा ६९ मा देहायको व्यवस्था कायम गरिएको थियो ।

[illegible]

- मिति २०६४।५।३ गते जारी भएको सार्वजनिक खरिद नियमावली २०६४ मा विद्युतीय खरिद प्रणालीका सन्दर्भमा नियम १४६ मा देहायको व्यवस्था कायम गरिएको थियो ।

[illegible]

- मिति २०६४।५।३ गते जारी भएको सार्वजनिक खरिद नियमावली २०६४ मा आवश्यक संशोधन सहित मिति २०६५।०९।०२ गते जारी भएको दोश्रो संशोधनमा विद्युतीय खरिद प्रणालीका सन्दर्भमा नियम १४६ मा देहायको व्यवस्था कायम गरिएको थियो ।

१४६. **विद्युतीय सञ्चार माध्यमको प्रयोगः** (१) ऐनको दफा १४ को उपदफा (२) को प्रयाजनको लागि सार्वजनिक निकायले बोलपत्रको सूचना ईमेलद्वारा सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्नेछ र * www.ppmo.gov.np. मा आफ्नो निकायको नाम दर्ता गरी त्यस्तो सूचना सोझै राख्न सकिनेछ ।

(२) सार्वजनिक निकायले बोलपत्र खरिद गर्ने र दाखिला गर्ने कार्य सम्भव भए सम्म विद्युतीय सञ्चार माध्यमद्वारा गर्न गराउन सक्नेछ ।

- मिति २०६४।५।३ गते जारी भएको सार्वजनिक खरिद नियमावली २०६४ मा आवश्यक संशोधन सहित मिति २०६८।०३।०६ गते जारी भएको तेश्रो संशोधनमा विद्युतीय खरिद प्रणालीका सन्दर्भमा नियम १४६ मा देहायको व्यवस्था कायम गरिएको थियो ।

[illegible]

- मिति २०६४।५।३ गते जारी भएको सार्वजनिक खरिद नियमावली २०६४ मा आवश्यक संशोधन सहित मिति २०७३।०९।०४ गते जारी भएको चौथो संशोधनमा विद्युतीय खरिद प्रणालीका सन्दर्भमा नियम १४६ मा देहायको व्यवस्था कायम गरिएको थियो ।

[illegible]

- मिति २०६४।५।३ गते जारी भएको सार्वजनिक खरिद नियमावली २०६४ मा आवश्यक संशोधन सहित मिति २०७६।०१।३० गते जारी भएको छैठौं संशोधनमा विद्युतीय खरिद प्रणालीका सन्दर्भमा नियम १४६ मा देहायको व्यवस्था कायम गरिएको थियो ।

'१४६. **विद्युतीय संचार माध्यमको प्रयोग**: (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नेछ ।

ऽ(२) ...................

(३) सार्वजनिक निकायले खरिद कार्य गर्दा उपनियम (१) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीको पोर्टलमा दर्ता भई खरिद कारबाही सञ्चालन गर्नु पर्नेछ ।

(४) सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणालीबाट हुने खरिदको कार्यविधि, प्रणाली र यसका अन्तरनिहित सिद्धान्त समय समयमा जारी गर्नेछ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७३।०१।०२ गते विद्युतीय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ जारी गरेको ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१) (घ३) मिति २०७३।०१।०२ गते विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ जारी गरेको । निर्देशिकाले विद्युतीय खरिद प्रणालीको प्रयोग तथा सञ्चालन, दर्ता प्रक्रिया, बोलपत्र तयारी र सूचना प्रकाशन, बोलपत्र पेश गर्ने, खोल्ने तथा मूल्याङ्कन गर्ने प्रक्रिया, बोलपत्रको स्वीकृति र खरिद सम्झौता आदि जस्ता कार्यहरु कसरी गर्ने, कुन कुन प्रयोगकर्ताको काम-कर्तव्य के हुने जस्ता विषयहरुको बारेमा प्रष्ट पारेको छ । उक्त निर्देशिकाको दफा ३५ मा निम्नानुसारको व्यवस्था रहेको छ ।

[illegible]

## ३.७ विद्युतीय खरिद प्रणालीको प्रयोगका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासहरु:

सन् १९९० को दशकदेखि ईन्टरनेटको प्रयोग व्यापक हुन थालेसँगै EDI एवम् B2Be-commerce website हरुको स्थापना भएसँगै e-GP प्रणालीले समेत आफ्नो प्रभाव विश्वस्तरमा क्रमश: जमाउँदै गएको पाइएको छ । South Korea, Bangladesh, Georgia, Zambia लगायतका राष्ट्रहरुले पूर्ण क्षमता (end-to-end solution) भएको e-GP प्रणालीको प्रयोग गरिरहेका छन् भने e-GP प्रणालीको लामो समयदेखि सफलतापूर्वक प्रयोग गर्ने राष्ट्रहरुको सूचीमा Canada, USA, Chile, Indonesia, Malaysia, Mexico, the Philippines, Portugal जस्ता राष्टहरु रहेका छन् । Canada ले सन् १९९१ देखि e-Gp प्रणालीलाई प्रयोगमा ल्याएको देखिन्छ । युरोपियन युनियनमा आवद्ध राष्ट्रहरु मध्ये सर्वप्रथम पोर्चुगलले यसको प्रयोगलाई बाध्यकारी रुपमा सन् २००९ देखि लागू गरेको थियो । ईस्टोनियाले सन् २००१ देखि नै e-GP प्रणालीलाई आंशिक रुपमा लागू गरेको भएतापनि सन् २०१४ देखि भने पूर्ण रुपमा लागू गरेको थियो ।

हाल आएर Argentina, Australia, Albania, Bangladesh, Brazil, Chile, Finland, Hong Kong, India, Italy, Mexico, Norway, Romania, Singapore, South Korea, Philippines, Indonesia, Albania लगायत विश्वका १०० वटा भन्दा धेरै राष्ट्रहरुले सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय खरिद प्रणालीको प्रयोग गरेको पाईएको छ ।

केही मुलुकहरुले e-Mail मार्फत् बोलपत्र दस्तावेज पठाई e-Mail मार्फत् इच्छुक बोलपत्रदाताहरुले बोलपत्र पठाई बोलपत्र प्रक्रियामा प्रविधिको प्रयोग गरेको पाईएको छ भने Canada सरकारले Shared Service नाम गरेको Cloud प्रविधिमा आधारित खरिद प्रणाली सञ्चालन गरी वार्षिक २०० मिलियन अमेरिकी डलर बचत गरेको पाइएको छ । त्यसैगरी युरोपमा विद्युतीय खरिद

प्रणालीको आधुनिकीकरणका लागि PAN European Public Procurement Online (PEPPOL) नामको आयोजना कार्यावन्वयनमा आईरहेको छ । अन्तर्राष्ट्रिय अनुभवहरु हेर्दा केही राष्ट्रहरुले आफ्नै जनशक्ति प्रयोग गरी e-GP प्रणाली निर्माण गरेको, केही राष्ट्रहरुले Outsourcing मार्फत् e-GP प्रणालीको निर्माण गरेको र अन्य राष्ट्रहरुले Vendor ले निर्माण गरेको e-GP Portal को Service खरिद गरी प्रयोग गरेको पाईएको छ । बेलायतले २८४ बिलियन पाउन्ड बराबरको सार्वजनिक खरिद गर्छ, युरोपियन युनियनले वार्षिक २०० बिलियन युरो बराबरको सार्वजनिक खरिद गर्छ भने अमेरिकाले वार्षिक रुपमा १.४ ट्रिलियन डलर बराबर सार्वजनिक खरिद गर्ने गरेको अध्ययनले देखाएको छ ।

अन्तर्राष्ट्रिय अनुभव हेर्दा यस्तो प्रकृतिको प्रणाली सञ्चालन गर्नको लागि आवश्यक महत्वपूर्ण कार्यहरु जस्तैः प्रणालीको विकास (Development), सञ्चालन (Operations), व्यवस्थापन (Management) तथा सेवाग्राहीको गुनासो समाधान (Customer Care) आदिका लागि कम्तिमा पनि ३० देखि ४० जना जनशक्तिहरु आवश्यक हुने पाईएको छ । केही राष्ट्रहरुले यस क्षेत्रमा हासिल गरेको अनुभव निम्न बमोजिम रहेको छ ।

## ३.७.१ बङ्गलादेश

बङ्गलादेश सरकारको Ministry of Planning अन्तर्गत रहेको Implementation Monitoring Evaluation (IME) Department अन्तर्गत रहेको Central Procurement Technical Unit (CPTU) ले वेबमा आधारित एकल राष्ट्रिय विद्युतीय खरिद प्रणाली eprocure.gov.bd सञ्चालन विश्व बैंकको सहयोगमा सन् २०११ जुन २ तारिक देखि गरिरहेको छ । विश्व बैंकले गरेको एक अध्ययन अनुसार विद्युतीय खरिद प्रणालीको कार्यान्वयनबाट बङ्गलादेश सरकारले वार्षिक 150 Million USD बराबर सार्वजनिक खर्चको बचत गरिरहेको जुन खर्च हाल उसले वार्षिक १५०० कि.मि. बराबर ग्रामीण सडक सञ्जालको स्थापना र ३००० सामुदायिक प्राथमिक शिक्षालय स्थापनामा उपयोग गरिरहेको छ । सार्वजनिक निकायहरुले राष्ट्रिय समाचारपत्र र e-GP प्रणाली दुबैमा सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था रहेको छ । बोलपत्रदाताहरु प्रणालीमा दर्ता हुन तोकिए बमोजिमको शुल्क बुझाउनु पर्ने र वार्षिक रुपमा तोकिए बमोजिमको राजश्व दाखिला गरी नवीकरण हुनुपर्ने व्यवस्था रहेको छ । तर सञ्चार जगतको प्रणालीमा पहुँचका लागि भने निःशुल्क व्यवस्था रहेको । बङ्गलादेश सरकारले दुईवटा चरणहरुमा e-GP प्रणालीको कार्यान्वयन गरेको पाईन्छ । पहिलो चरणमा सार्वजनिक खरिद सम्बन्धी ४ वटा महत्वपूर्ण निकाय अन्तर्गतका ३०८ वटा विभिन्न निकायहरुको बोलपत्रसम्बन्धी प्रक्रियालाई मात्र स्वचालन गरेकोमा दोश्रो चरणमा भने करार व्यवस्थापनका महत्वपूर्ण प्रक्रियाहरुलाई समेत स्वचालन गरी देशैभरिका सार्वजनिक निकायहरुमा यसको प्रयोगलाई विस्तार गरेको पाईएको छ ।

## ३.७.२ भुटान

भुटान सरकारको Ministry of Finance अन्तर्गत रहेको Department of National Properties अन्तर्गत रहेको Government Procurement and Property Management Division (GPPMD) ले वेबमा आधारित एकल राष्ट्रिय विद्युतीय खरिद प्रणाली epp.gov.bt सञ्चालन विश्व बैंकको सहयोगमा सन् २०१७ जुन २१ देखि गरिरहेको छ । भुटान सरकारले प्रयोग गरिरहेको e-GP

प्रणाली Dohatec New Media नाम गरेको बङ्गलादेशी कम्पनी एबम्  IT firm New Edge Technology नामक स्थानीय संस्थाको संयुक्त उपक्रमले निर्माण गरेको पाईएको छ । भुटान सरकारले तीन वटा विभिन्न चरणहरुमा e-GP प्रणालीको विकास गरेको पाईएको छ । पहिलो चरणको कार्य अन्तर्गत सन् २०१६/२०१७ को अवधिमा बोलपत्र आह्वान, कालो सूचीमा राख्ने, e-Learning Module आदि सुविधा सहित e-GP प्रणालीको कार्यान्यवयन भुटान सरकारले गरेको पाईएको छ। दोश्रो चरणको कार्य अन्तर्गत सन् २०१७/२०१८ को अवधिमा भुटान सरकारले e-GP प्रणालीमा गुनासो व्यवस्थापन प्रणाली एकीकृत गरी पहिल्यै कार्यान्वयनमा आएको e-GP प्रणालीको स्तरोन्नति गरेको पाईएको छ।। तेश्रो चरणको कार्य अन्तर्गत सन् २०१९/२०२० को अवधिमा भुटान सरकारले Reverse Auction Module, e-Payment Module, Catalogue Module, Purchase Order Module आदि लगायतका विशेषताहरु थप गरी e-GP प्रणाली कार्यान्वयनमा ल्याईरहेको पाईएको छ।

## ३.७.३ भारत

भारत सरकारले नेपाल, बङ्गलादेश र भुटान जस्तै सार्वजनिक खरिद प्रक्रियाको लागि केन्द्रीय e-GP Portal को प्रयोग नगरी विभिन्न राज्य एवं सार्वजनिक निकायहरुले छुट्टा छुट्टै रुपमा आ-आफ्नै ढंगले विकेन्द्रित (Decentralized) विद्युतीय खरिद पोर्टलको प्रयोग गर्ने गरेको पाईएको छ । केन्द्रीय e-GP Portal को प्रयोगका सम्बन्धमा भारत सरकारको संघीय कानूनमा व्यवस्था नभएकोले निजी क्षेत्रबाट विकास भएका प्रसस्तै e-GP प्रणालीहरु भारतीय बजारमा पाउन सकिन्छ। भारतमा सर्वप्रथम National Railways and the Directorate General of Supplies & Disposals नाम गरेका दुई वटा सार्वजनिक निकायहरुले विद्युतीय खरिद प्रणालीको प्रयोग गरी यसको सुरुवात गरेको पाईएको छ । भारतमा प्रयोग हुने अधिकांश विद्युतीय खरिद प्रणालीहरुले Digital Certificate लाई प्रयोग गरेको पाईएको छ । बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्दा बोलपत्र आह्वान गर्ने सार्वजनिक निकायको Digital Certificate का माध्यमबाट पेश गरिने सम्पूर्ण कागजातहरु तथा सूचनाहरु Encrypt गरी पेश गर्ने गरेको पाईएको छ।

## ३.७.४ इण्डोनेशिया:

१३००० वटा टापुहरु मिलेर बनेको इण्डोनेशियाले भने फरक किसिमले e-GP प्रणालीको प्रयोग गरेको पाईएको छ । सार्वजनिक खरिद प्रक्रियाको लागि केन्द्रीय e-GP Portal को प्रयोग नगरी इण्डोनेशिया सरकारले स्वयं नै SPSE (Sistem Pengadaan Secara Elektronik) नाम गरेको e-GP प्रणाली विकास गरी केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारहरुलाई नि:शुल्क रुपमा प्रयोगका लागि दिने गरेको पाईएको छ । जसको फलस्वरुप इण्डोनेशियामा ६०० भन्दा बढी छुट्टा छुट्टै विद्युतीय खरिद पोर्टलहरु सञ्चालनमा आईरहेको पाईएको छ । प्रत्येक e-GP Portal हरु सम्बन्धित सरकार मातहत रहेको LPSE (Layanan Pengadaan Secara Elektronik) नाम गरेको निकायले सञ्चालन गर्ने तथा सोही निकायले नै e-GP तालिम, बोलपत्रदाताहरुलाई प्रणालीमा दर्ता गर्ने लगायतका गतिविधिहरु समेत सञ्चालन गर्ने गरेको पाईएको छ। यसरी स्थानीय स्तरमा नै e-GP प्रणालीको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्नाले स्थानीय स्तरमा स्वामित्वबोध र दायित्वबोध भई e-GP प्रणाली प्रभावकारी रुपमा

सञ्चालन भएको पाईएको छ । केन्द्रीयस्तरमा भने e-GP प्रणालीको कार्यान्वयन, व्यवस्थापन सम्बन्धी कार्य LKPP (The National Public Procurement Agency) ले गर्ने गरेको र सोही निकायले e-GP प्रणालीका लागि आवश्यक कानून निर्माण, क्षमता विकास तथा LPSE हरुले e-GP प्रयोग गर्नु पूर्व प्रमाणिकरण (Certification) सम्बन्धी कार्यहरु समेत गर्ने गरेको पाईएको छ । LPSE ले सञ्चालन गरेका e-GP प्रणालीहरुलाई LKPP ले सञ्चालन गरिरहेको केन्द्रीय e-GP प्रणालीमा समेत आवद्ध (Integrate) गरी देशभरी नै प्रकाशन हुने बोलपत्र सम्बन्धी सूचनाहरु केन्द्रीय e-GP प्रणालीमार्फत् उपलब्ध हुने व्यवस्था समेत मिलाई इण्डोनेशियाले e-GP प्रणाली सञ्चालन गरेको पाईएको छ । यद्यपि ६०० वटा भिन्न भिन्न प्रणालीहरुमा समान सुरक्षा मापदण्ड, Operating Environment र अनुगमन प्रणाली (Monitoring System) को व्यवस्था गरी प्रणाली सञ्चालन गर्नु चुनौतीपूर्ण नै रहेको अनुमान गर्न सकिन्छ।

### ३.७.५ दक्षिण कोरिया:

दक्षिण कोरिया सरकारले पूर्ण क्षमता (End-to-End Solution) सहितको KONEPS नाम गरेको विद्युतीय खरिद प्रणाली सञ्चालन गरेको पाईएको छ । KONEPS प्रणाली e-bidding, e-contracting, e-payment, and an online shopping Mall जस्ता चारवटा सहायक प्रणालीहरु (Sub Systems) हरुको संयोजनमा निर्माण भई प्रयोगमा आएको छ । KONEPS प्रणाली कोरिया सरकारले सञ्चालन गरिरहेका अन्य १०० वटा भन्दा बढी विद्युतीय प्रणालीमा अन्तरआवद्ध भएको र यो प्रणालीमा ४१,००० वटा विभिन्न सार्वजनिक निकायहरु एवम् १,९०,००० वटा बोलपत्रदाताहरु दर्ता भएका छन् ।

### ३.७.६ फिलिपिन्स:

फिलिपिन्स सरकारले Phil GEPS नाम गरेको विद्युतीय खरिद प्रणाली सञ्चालन गरिरहेको छ तथा एशियाली विकास बैंकले प्रकाशन गरेको एक प्रतिवेदनका आधारमा उक्त प्रणालीमा फिलिपिन्स सरकार मातहका ११,००० वटा विभिन्न सार्वजनिक निकायहरु एवम् ५०,००० वटा विभिन्न संघ/संस्थाहरु दर्ता भएका छन् । फिलिपिन्स सरकारले एक Third Party निजी सेवा प्रदायक संस्थासँग करार गरी PhilGEPS प्रणालीको Delivery, Implementation, Operation, Hardware, Software, Infrastructure, Network, Bandwidth, Security, Disaster Recovery, Mirror Site सम्बन्धी कार्यहरुको जिम्मेवारी उक्त संस्थालाई प्रदान गरी प्रणाली सञ्चालन गर्दै आएको छ। फिलिपिन्स सरकारले मासिक रुपमा निश्चित रकम भुक्तानी गर्ने शर्तमा उक्त संस्थासँग Service Level Agreement गरी प्रणालीको नियन्त्रण, सेवाको सञ्चालन तथा व्यवस्थापन र स्वामित्व भने आफैमा निहित गरी e-GP प्रणालीको सञ्चालन गर्दै आएको छ । उक्त Third Part संस्थाले विद्युतीय खरिद प्रणालीको मूलत: प्राविधिक पक्षको व्यवस्थापन सम्बन्धी कार्य गर्ने गरेको छ । Service Level Agreement मा 99.9% uptime हुनुपर्ने तथा 5 Seconds Page Loading Response Time हुनुपर्ने व्यवस्था उल्लेख गरिएको छ र करारनामा गरिएको Third Party Vendor ले उक्त शर्तहरु पालना नगरेमा निश्चित रकम जरिवाना स्वरुप उसले मासिक रुपमा प्राप्त गर्ने रकमबाट कट्टा गरिने व्यवस्था रहेको छ ।

## ३.८ समस्याहरु:

नेपालले हाल प्रयोग गरिरहेको e-GP प्रणालीलाई पूर्ण क्षमतामा कार्यान्वयन गर्न यसमा e-Auction, Framework Contract, e-Catalog, Audit Trails, Online help/Video Tutorials आदि Modules हरु थप गरी स्तरोन्नति गर्नु पर्ने देखिएको छ । e-GP प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरु देहाय बमोजिम रहेका छन् ।

- प्राविधिक पक्षको सोच बिचार नै नगरी छोटो समय अन्तरालमा नै सार्वजनिक खरिद कानूनहरु परिवर्तन गरिनु र परिवर्तन गरिएका प्रावधानहरु प्रणालीमा कार्यान्वयन गर्न समस्या हुनु । कानूनमा उल्लेख भए बमोजिमका सबै प्रकारका खरिद विधिहरुको नमूना बोलपत्र सम्बन्धी कागजात तयार गरी त्यस्ता विधिहरुलाई विद्युतीय खरिद प्रणालीमा आवद्ध गर्न बाँकी रहनु ।
- बोलपत्रदाता, सार्वजनिक निकाय, बैक तथा वित्तीय संस्था एवं अन्य सरोकारवाला निकायहरुलाई विद्युतीय खरिद प्रणालीको पर्याप्त तालिम प्रदान गर्न नसकिनु । सबै सम्बन्धित सार्वजनिक निकायका कर्मचारी, बोलपत्रदाताहरु तथा बैंकका कर्मचारीहरुमा प्रणाली प्रयोग बारेको दक्षता पर्याप्त मात्रामा नभएको कारणले प्रणालीको प्रयोगमा आवश्यक मात्रामा उत्साह नदेखिनु ।
- सार्वजनिक निकायहरुले प्रणालीमा सम्झौता व्यवस्थापन (Contract Management) सम्बन्धी कार्य नगण्य रुपमा गर्नु ।
- सार्वजनिक निकायका प्रयोगकर्ताहरुलाई विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ बारेको जानकारी पर्याप्त नभएको, जसले गर्दा तोकिएको सीमाभन्दा बढी रकमको खरिदमा समेत प्रणालीको अनिवार्य प्रयोग नभईरहेको ।
- विभिन्न सरकारी कार्यालयका कर्मचारीहरुबीच पर्याप्त समन्वयको अभाव तथा प्रयोगकर्ता नाम तथा पासवर्डको आवश्यक सुरक्षण नगर्दा एकै कार्यालय तथा प्रयोगकर्ताको लागि पटक पटक दर्ता तथा पासवर्ड प्राप्तिको अनुरोध आउने गर्नु ।
- विद्युतीय खरिद प्रणालीको सञ्चालन र व्यवस्थापनका लागि परामर्शदाताहरुमा अत्याधिक निर्भरता कायम रहनु ।
- विद्युतीय खरिद प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि प्रयोग भईरहेको प्रविधि पुरानो हुनु र यसको समय सापेक्ष अद्यावधिक नगरिनु ।
- बोलपत्रदाता एवम् विभिन्न सार्वजनिक निकायहरुले विद्युतीय खरिद प्रणालीका सम्बन्धमा राखेका गुनासाहरु समयमै समाधान नहुनु ।
- विद्युतीय खरिद प्रणालीलाई चुस्त र दुरुस्त ढंगले सञ्चालन गर्न आवश्यक साधन ⁄ स्रोतको अभाव हुनु ।
- विद्युतीय खरिद प्रणालीको प्रयोगलाई सर्बसुलभ बनाउन Self Learning संयन्त्र जस्तै Video Tutorials आदिको अभाव हुनु ।
- बैंकहरुबाट समझदारी अनुसार समयमै बैंकिङ्ग कागजातको प्रमाणीकरण नभएको तथा सही कागजातलाई समेत गलत भनेर प्रमाणित गरेको कारण खरिद प्रक्रियामा समस्या उत्पन्न हुनु ।
- विद्युतीय खरिद प्रणालीलाई अन्य निकायहरु जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजश्व विभाग, को.ले.नि.का. एवम् बैंक तथा वित्तीय संस्थाहरुले प्रयोग गर्ने प्रणालीसँग अन्तरआवद्धता कायम गरी सञ्चालन गर्नु ।

- सम्पूर्ण सार्वजनिक निकायहरुलाई e-GP प्रणालीमा आवद्ध नगरिनु ।
- बेला वखतमा सर्भर Crash भईरहनु र Critical बेलामा Heavy Traffic को कारणले प्रणाली अत्यन्त सुस्त भई कतिपय अबस्थामा बोलपत्रदाताहरु बोलपत्र नै पेश गर्न बञ्चित हुनु ।
- बोलपत्रदाताहरुले धेरैजसो अन्तिम समयमा (झण्डै ३० औं वा ४५ औं दिनमा) मात्र बोलपत्र तयारी तथा दाखिला गर्ने गर्दा आफूले बुझाउन चाहेको सबै कागजात भए/नभएको निश्चित गर्न Preview हेर्ने व्यवस्था भएतापनि सो हेर्ने नगरेको । यसबाट कुनै अनिवार्य कागजात छुटेको कारणले निजको बोलपत्र रद्द हुने गरेको । अर्थात् बोलपत्रदातालाई ऐन नियम अनुसारको महिनै दिनको अवधि दिदा पनि २८/२९ दिनसम्म पनि विड पेश नगरी अन्तिम ३० औं दिनमा विड पेश गर्दा e-GP System मा Load पर्ने गरेको ।
- केही सार्वजनिक निकायहरुबाट बोलपत्र खोल्ने दिनमा बोलपत्र नखोली अन्य दिनमा बोलपत्र खोल्ने तथा प्रणालीमा व्यवस्थित मुचुल्का तथा मूल्याङ्कन प्रतिवेदनहरु अपलोड गरेको भेटिएन । यस सम्बन्धमा सार्वजनिक निकायले विद्युतीय खरिद प्रणालीको व्यवस्थित प्रयोग भन्दा पनि कानूनी प्रक्रिया पुऱ्याउन मात्र खोजेको देखिएको ।
- बोलपत्र सम्बन्धी कागजातको दस्तुर एवं बोलपत्र धरौटीको कागजात समेत प्रणालीमा अपलोड गर्ने व्यवस्था भए अनुसार केही बोलपत्रदाताहरुबाट एउटै कागजात धेरै वटा बोलपत्रमा पेश गर्ने तथा फर्जी कागजात राख्ने समेत सम्भावना बढेको । सार्वजनिक खरिद नियमावलीमा भएका संशोधनहरुलाई प्रणालीमा तत्काल आबद्ध गर्न नसक्दा प्रणालीमार्फत हुने बोलपत्र प्रकाशनहरुमा त्रुटीहरु हुने गरेको छ । सार्वजनिक निकायहरुले त्यस्तो अवस्थामा बोलपत्रमा सच्याउने वा अपलोडेबल प्रणाली अपनाउनु पर्नेमा धेरैले सोको जानकारी समेत राखेको नदेखिएको ।
- प्रणालीबाट तयार हुने Standard Bidding Document अनुसार Line of Credit तथा Bid Security हरु बैंकबाट जारी नहुने, Letter of Bid को Format मा पनि एकरुपता नहुने र परम्परागत अभ्यास कायमै रहेकोले पूर्ण रुपमा विद्युतीय खरिद प्रणाली सञ्चालन गर्न कठिनाई तथा अवरोधहरु आउने गरेको ।
- केही सार्वजनिक निकायहरुबाट Bid Addendum अर्थात बोलपत्र संशोधन प्रक्रियामार्फत बोलपत्र खोल्ने केही दिन अघि मात्रै मुख्य कागजात, Bid राख्ने र चाँडो प्रकाशन गर्न अन्य कागजात तथा जानकारी बोलपत्रमा राख्ने गरेको भेटिएको । दुर्गम स्थानमा इन्टरनेट, विद्युत, कम्प्युटर तथा प्रणाली बारेको जानकारीको अभावले त्यस्ता स्थानका सार्वजनिक निकायहरुबाट प्रणालीको प्रयोग सन्तोषजनक रुपमा हुन नसकेको ।
- विद्युतीय खरिद प्रणाली र अन्य निकायहरु जस्तै कम्पनी रजिस्ट्रार, आन्तरिक राजश्व विभाग लगायतका प्रणालीहरु बीचमा समन्वय भैनसकेको अवस्थामा बोलपत्रदाताहरुको कागजात प्रमाणिकरण Manually गर्नुपर्ने अवस्था छ ।
- Piece Mill Approach of Development मा विद्युतीय खरिद प्रणालीको विकास (Development) गरिनु ।
- कालो सूचीमा राख्ने प्रक्रिया प्रणालीमा समावेश नहुनु ।
- Contract Management Module बाट सबै खाले ठेक्काको Contract Management गर्न नसकिनु ।

## ३.९ सुझावहरु:

दिनानुदिन परिवर्तनीय प्रविधिहरुबाट सिर्जित अवसर र चुनौतीको सामना गरिरहेको वर्तमान विश्वको परिप्रेक्ष्यमा नेपालमा सार्वजनिक खरिद प्रणालीको क्षेत्रमा सुधार गर्ने कार्य एक निरन्तर प्रक्रिया हो । नेपालको सन्दर्भमा सार्वजनिक खरिद प्रणालीलाई स्तरोन्नति गर्दै परिणाममूखी बनाउन निम्न बमोजिमका उपायहरु प्रस्तुत गरिएको छ ।

- क्षमता विकास गरिनुपर्ने: विद्युतीय खरिद प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा अहोरात्र खटिने राष्ट्रसेवकहरुको Knowledge Level लाई समय सापेक्ष बनाउन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिमहरु निरन्तर रुपमा प्रदान गरिनुपर्ने ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयमा सूचना प्रविधि महाशाखा स्थापना गरी उक्त महाशाखा अन्तर्गत System Administration, Network Administration, Cyber Security Expert, Java Spring Framework Based Software Engineer, Database Application Developer, Database Administration, Software Test Engineer, System Analyst, User Interface Designer, Software Maintenance Expert आदि लगायतका न्यूनतम २० जना सूचना प्रविधिसँग सम्बन्धित जनशक्तिहरुको व्यवस्था गर्ने र आवश्यक सम्पूर्ण सीप र प्रविधि तत्काल हस्तान्तरणको व्यवस्था मिलाई विद्युतीय खरिद प्रणालीको सञ्चालन तथा व्यवस्थापन सरकारको आन्तरिक जनशक्तिबाट नै गरी परामर्शदाता उपरको निर्भरतालाई क्रमशः घटाउँदै लैजाने ।
- विद्युतीय खरिद प्रणालीमा संलग्न जनशक्तिलाई उचित एवम् विशेष उत्प्रेरणा र स्थायित्व प्रदान गरिनुपर्ने ।
- सार्वजनिक निकाय, बोलपत्रदाताहरु, सञ्चार जगत, लेखापरीक्षण अधिकारी, निगरानी गर्ने निकाय आदि विभिन्न सरोकारवालाहरुलाई लक्षित गरी विद्युतीय खरिद प्रणाली सम्बन्धी अभिमूखीकरण, दक्षता अभिवृद्धि तालिमलाई व्यापक रुपमा सञ्चालन गरिनुपर्ने । नागरिक सचेतनालाई अभियानका रुपमा सञ्चालन गरिनुपर्ने ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयले अनुगमनलाई प्रभावकारी बनाई e-GP प्रणाली प्रयोग नगरी खरिद कारबाही गर्ने सार्वजनिक निकायहरुलाई कानूनले तोके बमोजिम आवश्यक कारबाही गरी सबै किसिमका सार्वजनिक खरिद प्रक्रियाहरुमा e-GP प्रणालीको प्रयोगलाई अनिवार्य बनाउने ।
- विद्युतीय खरिद प्रणाली निर्देशिकामा करार व्यवस्थापनका कार्यहरु समेत सार्वजनिक निकायहरुले अनिवार्य रुपमा e-GP प्रणालीमार्फत् नै गर्नुपर्ने प्रावधानहरु थप गरी आवश्यक संशोधन गर्दा उपयुक्त हुने।
- सार्वजनिक खरिद कानूनमा व्यवस्था भएका सम्पूर्ण खरिद विधिहरु प्रणालीमा आवद्ध गर्ने ।
- मौजुदा प्रणालीमा Hardware र Software स्तरोन्नति गर्ने एवं e-Payment, e-Signature आदिको व्यवस्था गरी बोलपत्र खरिद गर्दा लाग्ने शुल्क, बोलपत्र जमानत, कार्यसम्पादन जमानत, बीमा आदि विभिन्न भुक्तानी सम्बन्धी व्यवस्थाहरुलाई स्वचालित बनाई प्रणालीमा रहेका तथ्याङ्कहरुको सुरक्षालाई थप मजबुत एवम् विश्वसनीय बनाउने ।
- e-GP प्रणालीको सञ्चालन गतिलाई द्रुत (Fast) बनाईनुपर्ने र e-GP प्रणालीको Down Time लाई शून्यमा झार्न e-GP प्रणाली सञ्चालनका लागि दुई वटा सर्भर प्रणालीहरु Active-Active Mode मा समानान्तर ढंगले सञ्चालन गरिनुपर्ने ।
- e-GP प्रणालीमा Data Backup, Disaster Recovery, Incident Response, Failover आदिका लागि आवश्यक व्यवस्था यथाशिघ्र गरिनुपर्ने ।

- मौजुदा e-GP प्रणालीलाई परिमार्जन गरी End-to-End Procurement Solution का रुपमा विकास गरिनुपर्ने ।
- e-GP प्रणालीमा प्रयोगमा आईरहेका सम्पूर्ण अवयबहरुको License लाई अद्यावधिक गर्नुपर्ने ।
- e-GP प्रणालीलाई द्रुत गतिमा सञ्चालन गर्न Server पूर्वाधार, Network पूर्वाधार, सुरक्षण पूर्वाधार, भण्डारण क्षमता आदिको स्तरोन्नति गरिनुपर्ने ।
- बोलपत्र आह्वान गर्दा Open contracting Data Standard (OCDS) तथा Geotagging जस्ता सुविधाहरु प्रणालीमा राखि GISMap मार्फत् आयोजनाहरुको अनुगमन गर्ने सुविधा प्रणालीमा थप गर्दा उपयुक्त हुने ।
- हाल कार्यान्वयनमा आईरहेको e-GP Phase-II प्रणालीमा प्रयोग भईरहेका प्रविधिहरुलाई स्तरोन्नति गरी e-GP Phase-III मा जाँदा उपयुक्त हुने ।
- e-GP प्रणालीमा हुन सक्ने सम्भावित Cyber Attack बाट जोगाउनको लागि नियमित रुपमा प्रणालीको Security Audit, Vulnerability Assesment, Penetration Testing, System Load and Stress Testing गरिनुपर्ने तथा Cyber Security Task Force को व्यवस्था गरिनुपर्ने । e-GP प्रणाली उपर सार्वजनिक भरोसालाई थप मजबुत बनाउन हाल कार्यान्वयनमा आईरहेको e-GP प्रणालीको ISO 27001 Certification लिन आवश्यक पहलकदमी लिने ।
- e-GP प्रणालीमा रहने तथ्याङ्कहरुको confidentiality, integrity, availability, accountability, authentication जस्ता पक्षहरुलाई मजबुत बनाइनुपर्ने ।
- सरोकारवालाहरुले सहजै रुपमा प्रयोग गर्न सक्ने गरी मौजुदा e-GP प्रणालीका Screen हरुको पुनर्निमाण गरी e-GP प्रणालीलाई प्रयोगकर्ता मैत्री बनाउने ।
- e-GP प्रणालीलाई को.ले.नि.काले प्रयोग गरिरहेको भुक्तानी प्रणाली, अर्थ मन्त्रालयको LMBIS जिन्सी व्यवस्थापन प्रणाली एवम् आन्तरिक राजश्व विभागले प्रयोग गरिरहेको राजश्व व्यवस्थापन प्रणाली सँग एकीकृत गर्ने ।
- outcome (results)->outputs->contracts->procurement cycles->budget->public investment lans->policy->government priorities आदि पक्षको सहजै Trace गर्न सकिने गरी मौजुदा e-GP प्रणालीको पुर्नसंरचना गर्ने ।
- आधुनिक सूचना प्रविधिले प्रदान गरेका अवसरहरुलाई उपयोग गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लिखित मानव संशाधनमा आधारित प्रावधानहरुलाई परिमार्जन गरिनुपर्ने ।

## ३.१० उपसंहारः

प्रविधिको प्रयोग मात्रै सबैखाले समस्याहरुको समाधान नभएतापनि नेपालको सन्दर्भमा भने सार्वजनिक वित्त व्यवस्थापनको सुधारको क्षेत्रमा विद्युतीय खरिद प्रणालीको प्रयोग क्रमशः कोशेढुंङ्गा सावित हुँदै गईरहेको छ । सरकारको वार्षिक बजेटको करिब ७०% तथा कूल गार्हस्थ उत्पादनको झण्डै २० प्रतिशत भार वहन गर्ने सार्वजनिक खरिद प्रक्रियामा प्रविधिको प्रयोगले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुगेको, कानूनी राज्यको प्रत्याभूति भएको, पारदर्शी शासन लागू भई सार्वजनिक साधन/स्रोत उपर नागरिक

निगरानी बढेकाले सार्वजनिक उत्तरदायित्वको स्तर बढेको छ । सार्वजनिक खरिद प्रक्रिया पूर्वानुमान योग्य भएको, खरिद प्रक्रियामा पहुँच बढेको, सुशासनको स्थितिमा सुधार आई समग्र खरिद प्रक्रियाको नै दक्षता एवम् प्रभावकारिता बढ्न गएको छ । अन्य मुलुकहरुको असल अभ्यासबाट सिकेर सरकारी निकाय, निर्माण व्यावसायी, परामर्शदाता, आपूर्तिकर्ता, बैंकहरु, नागरिक समाज र विकास साझेदार बीच अन्तर समन्वय र सहकार्य कायम गर्दै नेपालले प्रयोग गरिरहेको एकल पोर्टलमा आधारित विद्युतीय खरिद प्रणालीलाई परिस्कृत गरी यसलाई अन्तर्राष्ट्रियस्तरको बनाउनु, सबै सार्वजनिक निकायहरुमा यसको प्रयोगलाई विस्तार गर्नु र मुलुकको आर्थिक वृद्धिदरलाई थप उचाईमा पुऱ्याउनु नै आजको आवश्यकता हो ।

**Reference (अन्तर्राष्ट्रिय अभ्यासहरुको सन्दर्भ देहाय बमोजिमका सामग्रीबाट लिइएको छ ।)**


- Jeffrey Soar et.al, ROLE OF PUBLIC E-PROCUREMENT TECHNOLOGY TO REDUCE CORRUPTION IN GOVERNMENT PROCUREMENT, International Public Procurement Conference, August 17-19, Seattle, Washington, p1-31
- Nikolaus Obwegeser, Innovation and public procurement: Terminology, concepts, and applications, Techinnovation, March 21, 2018, p1-14
- Islam, Zafrul, Bangladesh's success in public procurement: Sustained reform really pays off[online] Available At: https://blogs.worldbank.org/governance/bangladeshs-success-public-procurement-sustained-reform-really-pays [ Accessed: 06 August 2020]
- Shakya, Rajesh, Digital Governance and E-Government Principles Applied to Public Procurement
- Hellman, J. S., Jones, G., Kaufmann, D., & Schankerman, M. (2000). Measuring governance, corruption, and state capture: Howfirms and bureaucrats shape the business environment transition economies. Washington, D.C.: The World Bank.
- Asian Development Bank (ADB), e-Government Procurement Handbook (2013)
- Rolfstam,M., 2012a. An institutional approach to research on public procurement of innovation. Innov. Eur. J. Soc. Sci. Res. 25, 303–321. http://dx.doi.org/10.1080/13511610.2012.717475.
- PPPD (2011), (Public Procurement Policy Unit Division) Ministry of Finance, Royal Governmetn of Bhutan, Asia and the Pacific Regional Conference on Electronic Government Procurement 22-24 November 2011, Bali, Indonesia
- Nortey, E, Appiah, RE, Vanderpuye, Y &Bondzi, TK (2011), 'Enhancing transparency in public procurement, Public Procurement Authority: Electronic Bulletin, 2 (6):1-7
- Hadden, Doug, Benefits of e-Procurement in Government, [Online] Available At: https://freebalance.com/public-financial-management/benefits-of-e-procurement-in-government/ [Accessed : 06 August 2020]
- Government Procurement and Property Management Division (GPPMD), Ministry of Finance, Royal Government of Bhutan, [Online] Available At: http://pubdocs.worldbank.org/en/604691490813154769/e-GP-in-South-Asia-achievements-Bhutan.pdf [Accessed : 03 August 2020]

परिच्छेद–४

# नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या, चुनौती, सुझाव र भावी कार्यदिशा

सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको एक प्रमुख क्षेत्र सार्वजनिक खरिद हो । यसलाई व्यवस्थित गराउन सक्दा नै सार्वजनिक श्रोतको बढी सदुपयोग भै खर्च व्यवस्थापन प्रभावकारी हुन्छ । यही मर्म अनुसार खरिद व्यवस्थापनलाई हेर्ने गरिन्छ । सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल हासिल गर्ने गरी खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारीता, जवाफदेहीता र विश्वसनीयता दिलाई सुशासनको अनुभूति दिलाउनुपर्ने आवश्यकता जताततै महसुश गरिएको अवस्था छ । यसै कुराको सम्बोधनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था भएको हो । नेपालको सार्वजनिक खरिद अभ्यासमा देखिएका समस्याहरुको समाधानका लागि खोजिएका विभिन्न उपायहरु मध्ये कानूनी सुधार, संस्थागत उचित प्रवन्ध, क्षमता विकास, पारदर्शी खरिद व्यवहार र नैतिकतायुक्त जवाफदेही आचरण आदिलाई प्रमुखताका साथ कार्य गरिरहेको छ । संघ, प्रदेश र स्थानीय तह सहित सार्वजनिक सरोकार रहेका परिभाषित सार्वजनिक निकायहरु सबैमा यो ऐन लागू हुन्छ । यो ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहजताका लागि सार्वजनिक खरिद नियमावली, २०६४ सहित आवश्यक कार्यविधिहरु र नमूना कागजातहरु कार्यान्वयनमा ल्याइएको छ। यस्ता व्यवस्थाहरु समसामयिक तुल्याउने र खरिद व्यवहारलाई नतिजामूलक बनाउने सवाल जहिले पनि गतिशील हुन्छ। यही क्रममा ऐनको प्रथम संशोधन भएको २०७३ सालमा भएको थियो । अहिले दोश्रो संशोधनका लागि विधेयक संसदमा प्रस्तुत भएको छ। त्यस्तै खरिद नियमावलीको हालसम्म दश पटक संशोधन भएको छ। ऐन र नियमावलीमा हुने सुधारहरुले प्रत्यक्ष रुपमा अन्य कार्यविधि र प्रणालीहरुको सुधार सँगसँगै अपेक्षा गरिरहन्छ । सार्वजनिक खरिदलाई बढी विश्वासिलो, प्रतिस्पर्धी र प्रभावकारी गराउन विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा रहेको छ । यसको सञ्चालन तथा व्यवस्थापनको नेतृत्व सार्वजनिक खरिद अनुगमन कार्यालयले गरिरहेको छ । यस्तै खरिद प्रक्रियाका लागि ऐन र नियमावलीको प्रावधान अनुसार नमूना बोलपत्र कागजातहरु र अन्य निर्देशनहरु खरिद अनुगमन कार्यालयले गरिरहेको छ। यी आधारहरुले खरिद कार्यलाई सरल र व्यवस्थित गराइरहेको छ ।

यी र यस्ता व्यवस्थाहरु हुँदा हुँदै पनि हाम्रो खरिदको कार्यमा धेरै नै समस्याहरु र जटिलताहरु देखापरिरहेका छन् । जसको कारणले गर्दा खरिद व्यवहार पनि सही हुन सकिरहेको छैन र खरिद कार्यले पनि अपेक्षित नतिजा दिइरहेको छैन । यसो हुनुका पछाडि देखिएका समस्याहरु तथा चुनौतीहरुको आँकलन गरी यसको सुधारका लागि सम्बोधन गर्नुपर्ने क्षेत्रहरु र सार्वजनिक खरिद अनुगमन कार्यालयले सम्पादन गर्ने भावी कार्यदिशाहरुको बारेमा यहाँ उल्लेख गरिएको छ ।

## ४.१ सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्याहरुः

सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्याहरुलाई निम्न क्षेत्रगत रुपमा हेर्नुपर्ने हुन्छ ।

### (क) खरिद कानूनको अवलम्बनसँग सम्बन्धितः

- खरिदका प्रक्रियाहरु पूर्ण रुपमा पालना गर्ने तर्फ कमै ध्यान दिएको ।
- खरिद योजना निर्माण र अन्य पूर्व तयारीहरुमा उदासिनता देखिने गरेको ।

- बोलपत्र सम्बन्धी कागजातको तयारीमा पर्याप्त मात्रामा ध्यान नदिएको ।
- सार्वजनिक खरिदको प्रक्रियामा सम्झौता पश्चात्को कार्यान्वयन चरणलाई सहज बनाउदै लैजानु ।
- सँगठित निकायहरु र तल्लो तहका सरकारहरुले आफू अनुकूल खरिद ऐन भन्दा बाहिर गई निर्णय लिने गरेको देखिएको ।
- कानूनले आधारभूत रुपमा नै सुनिश्चित गरेको प्रक्रियाहरुलाई संकुचन गर्ने गरी प्रतिस्पर्धा सीमित गरी खरिद अभ्यास गर्ने गरेको पाइएको ।
- सरल रुपमा बोलपत्र सम्बन्धी कागजातहरु तयार हुने नगरेको ।
- सम्झौता भै खरिद प्रशासन गर्ने सम्बन्धमा कार्ययोजनाको निर्माण, कार्यान्वयन, अनुगमन, गुणस्तर नियन्त्रण र फरफारक जस्ता कुराहरु स्पष्टसँग नहुनु ।
- उपभोक्ता समिति परिचालन गर्दा कानूनको पालन खासै नभैरहेको ।

## (ख) नीतिगत सवालसँग सम्बन्धित:

- दातृपक्ष संलग्न आयोजना तथा कार्यक्रमहरुमा खरिद कानूनलाई छल्ने गरी प्रक्रियाहरु अवलम्बन हुने गरेको ।
- शर्तजन्य बन्देजका कारण खरिद अभ्यास पारदर्शी र मितव्ययी नभैरहेको अवस्था ।
- लागत अनुमान अस्वाभाविक हुँदा यसको नियन्त्रणका लागि उचित व्यवस्था नभएको ।
- खरिदसँग सम्बन्धित निर्णयहरु संरक्षणका लागि अधिकार नै नभएको उपल्लो निकायबाट निर्णय गराउने प्रवृत्ति देखिनु ।
- ऐनको प्रावधानमा संकुचन हुने गरी नियम र ऐन नियमको प्रावधानलाई संकुचन गर्ने गरी कार्यविधि, नमूना कागजात, सम्झौता र शर्तहरुको व्यवस्थाहरु देखिनु ।
- औपचारिक अधिकार नभएका निकायहरुको अमूर्त निर्देशनमा आधारित भै जिम्मेवार पदाधिकारीले काम गर्ने गराउने अवस्था देखिनु ।
- असल नियतले खरिद कार्य गर्दा लिइने व्यवस्थापकीय निर्णय (managerial decision) लाई संरक्षण गर्ने गरी विश्लेषण सहितको निर्णयलाई संरक्षण नगरिनु ।

## (ग) संस्थागत संरचनासँग सम्बन्धित:

- सार्वजनिक निकायहरुमा खरिद महाशाखा, शाखा, इकाई सम्बन्धी अवधारणाको प्रभावकारी ढङ्गमा कार्यान्वयन हुन नसकेको ।
- सार्वजनिक खरिद विषयको विशेषज्ञ सेवाको विकास गर्न निकायगत रुपमा र कार्यक्षेत्रगत रुपमा नसकिएको ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयको सीमित साधन स्रोत, न्यून जनशक्ति एवं विशेषज्ञ क्षमता भएका कर्मचारीहरुको कमीका कारण अनुगमन कार्यलाई अपेक्षित ढंगले अगाडि बढाउन नसकिएको ।
- केही महत्वपूर्ण खरिद पद्धतिसँग सम्बन्धित Standard Bidding Document (**SBD**) को कमी रहेको । साथै, भएका **SBD** हरु पनि समयसापेक्षिक सुधार नभएको ।

- बजेट निर्माण गर्ने, बजेट व्यवस्था सहित स्वीकृत गर्ने र कार्यान्वयन गर्ने निकायहरु बीच खरिद योजनामा आधारित भै निर्णय लिने अभ्यासमा कमी रहेको ।

### (घ) क्षमतासँग सम्बन्धित:

- सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरुमा सार्वजनिक खरिद सम्बन्धी ज्ञान, सीप, क्षमता, दक्षताको ज्यादै कमि देखिएको ।
- निर्माण व्यावसायीहरुमा व्यावसायिकताको विकास अपेक्षित स्तरमा हुन नसकेको ।
- ठेक्का र खरिद सम्झौताको कार्यान्वयन पक्ष अत्यन्त कमजोर देखिएको ।
- सार्वजनिक निकायका खरिद सम्बन्धी निर्णयकर्ताको निर्णय क्षमता अपेक्षित रुपमा विकास गर्न नसकिएको ।
- विभिन्न तहका सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको क्षमता विकास राम्ररी गर्न नसकिएको ।
- सरल रुपमा खरिदका लागि आवश्यक कागजातहरु तयार गर्न नसकिएको ।
- राष्ट्रिय रुपमा हुने खरिदका कार्यहरुमा प्रयोग हुने प्रायश: सबै कागजातहरु नेपाली भाषामा तयार नभएको ।

### (ङ) समन्वय र सहकार्यसँग सम्बन्धित:

- योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्धतिको स्थापना हुन नसकेको ।
- बजेट व्यवस्था गर्ने अर्थ मन्त्रालय, नतिजाको जिम्मेवारी रहेको विषयगत मन्त्रालय र कार्यान्वयनको जिम्मेवारीमा रहने कार्यालय वा आयोजना बीच खरिद व्यवस्थापनका क्षेत्रमा उचित समन्वय कै कमी रहेको ।

### (च) जवाफदेहीता र आचरणसँग सम्बन्धित:

- प्रतिस्पर्धालाई सीमित गर्ने गरी स्लाईसिङ्ग र प्याकेजिङ्ग गर्ने गरिएको ।
- निश्चित ब्राण्डसँग मात्र मिल्ने गरी स्पेशिफिकेशन तयार गर्ने प्रवृत्ति बढ्दै गएको ।
- लागत अनुमान अस्वाभाविक बनाउने गरिएको ।
- अनावश्यक शर्तहरु राखी प्रतिस्पर्धालाई संकुचन गराई मिलेमतो गर्ने गरिएको ।
- आफूलाई हित हुने गरी प्रावधानको गलत व्याख्या गरी अनावश्यक खरिद प्रक्रिया अवलम्बन गर्ने र रद्द गर्ने गरिएको ।
- उपलब्धि र नतिजा भन्दा पनि प्रक्रिया र खरिद सम्झौतामा मात्र खरिद सम्बद्ध पदाधिकारीहरुले बढी ध्यान दिने गरेको ।
- आचरण सम्बन्धी व्यवस्थाको पालना प्रभावकारी हुन नसकेको ।
- बोलपत्रमा हुने मिलोमतो न्यूनिकरण गर्ने दिशामा अपेक्षित उपलब्धि हाँसिल हुन नसकेको ।

## ४.२ प्रभावकारी खरिद व्यवस्थापनका चुनौतीहरु:

नेपालको सार्वजनिक खरिद व्यवस्थापनको क्षेत्रमा देखिएको प्रमुख चुनौतीहरु तलका बुँदाहरुमा उल्लेख गरिएको छ ।

- सुशासन, जवाफदेहीता, पारदर्शीता, खुल्ला, वस्तुनिष्ठ, विश्वसनीय एवं सदाचार प्रवर्द्धन गर्दै सार्वजनिक खरिदको क्षमता अभिवृद्धि गर्नु गराउनु ।
- सार्वजनिक श्रोत साधनको दुरुपयोग, भ्रष्टाचार, विसंगती र विकृतिलाई रोकी मूल्य सार्थकता हाँसिल गर्ने गरी सार्वजनिक खरिद कार्य यथासमयमै पूरा गर्नु गराउनु ।
- संघिय संरचना अनुरुपको प्रभावकारी खरिद पद्धति, नीति नियमको विकास गरी सबै तहका खरिद व्यवहारमा एकरुपता ल्याउनु ।
- सार्वजनिक खरिदलाई वाह्य दबाब तथा प्रभाबबाट मुक्त राखी प्रतिस्पर्धी बनाउनु ।
- खरिदमा संलग्न व्यावसायी, आपूर्तिकर्ता एवं परामर्शदाताहरुलाई आचरणयुक्त र संवेदनशील बनाउनु ।
- आधुनिक खरिद विधिको अवलम्बन गर्नु,
- वैदेशिक सहायताबाट प्राप्त हुने रकमको खरिद कार्यमा हुने दोहोरोपन र प्रक्रियामा गोलमटोल गर्ने पद्दतिलाई सम्झौता प्रक्रियादेखि कार्यान्वयन चरणसम्म नै सुधार गरी सबै प्रकारका खरिद व्यवहारमा नेपालको आफ्नै खरिद पद्धति प्रयोग गर्ने प्रणाली सुनिश्चित गर्नु गराउनु ।
- सोझै खरिदको माध्यमबाट हुने मिलेमतो र भ्रष्टाचारजन्य कुराहरुमा खासै नियन्त्रण नहुनु ।
- समयमा नै दायित्व पुरा नगरेका कारण अन्तिम समयमा बिशेष परिस्थितिको माध्यम उपयोग गरी हुने खरिद अभ्यासलाई नियन्त्रणको दायरामा ल्याउनु ।
- खरिद प्रक्रियामा संस्थागत भूमिकाहरुलाई सही अर्थमा स्थापित गराउनु ।
- असल नियतले खरिद कार्य गर्दा लिइने व्यवस्थापकीय निर्णय (managerial decision) लाई संरक्षण गर्ने गरी प्रक्रिया सहितको कानूनी संरक्षण नहुनु ।
- खरिद सम्बन्धी निर्णय र कार्यान्वयन चरणहरुहरुमा अधिकार नभएका निकायहरु तथा बाह्य शक्तिहरुको अवाञ्चित दबाब र प्रभाव नै यस क्षेत्रको सुधारको लागि खास चुनौती भएको ।
- सार्वजनिक खरिद निर्णयको जवाफदेहीतामा प्रवर्द्धन गर्नु ।
- दण्ड र पुरस्कार पद्धतिको व्यवहारिक कार्यान्वयन गर्नु ।

## ४.३ सार्वजनिक खरिद व्यवस्थापनको सुधारका उपायहरु:

सार्वजनिक खरिद व्यवस्थापनको सुधारका लागि कानूनी, नीतिगत, व्यवहार तथा आचरणगत, प्रक्रियागत, प्रणालीगत, संस्थागत र क्षमता लगायतका सबै क्षेत्रमा उत्तिकै ध्यान दिनुपर्ने हुन्छ। माथि उल्लेख गरिएका सन्दर्भहरु, समस्याहरु र चुनौतीहरुको समाधान गर्न आवश्यक कार्य तथा योगदानका लागि यहाँ निम्नानुसार सुझाव गरिएको छ। यस अनुसार हुन सकेमा हाम्रो सार्वजनिक खरिद नतिजामूलक हुन गई वित्तीय सुशासनका लागि एक राम्रो सारथी बन्नमा सहयोग पुग्दछ ।

## प्रक्रियागत सुधारका उपायहरुः

- सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने हुँदा तोकिए अनुसारको ढाँचामा तयार गरेर मात्र खरिद कारबाही अगाडि बढाउनु पर्ने ।
- सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्यप्रकृतिको अधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्ने व्यवस्था अनुसार महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्ने र खरिद कार्यलाई व्यवस्थापन गर्नु पर्ने ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेका बोलपत्र सम्बन्धी कागजातहरुको सार्वजनिक निकायहरुले प्रयोग गर्दा सारभूत रुपमा फरक नपर्ने गरी कागजात तयार गर्नुपर्ने ।
- यदा कदा सामान्य समस्या पर्दा पनि सार्वजनिक निकायहरुले विशेष परिस्थितिको खरिद सम्बन्धी व्यवस्था उपयोग गरी खरिद गर्ने प्रचलन रहेको हुँदा विशेष परिस्थितिलाई परिभाषा खण्डमा स्पष्ट रुपमा परिभाषा गरिएको हुँदा सो अनुसारको परिस्थितिमा मात्र सार्वजनिक निकायहरुले विशेष परिस्थितिको खरिद विधि उपयोग गर्नुपर्ने ।
- सार्वजनिक निकायहरुले खरिद आवश्यकता पहिचानको आधारमा खरिद कारबाहीको तयारी गरेर मात्र खरिद कार्य गर्नुपर्ने ।
- सार्वजनिक निकायहरुले सोझै खरिद गर्नु अघि यकिन गर्नु पर्ने कुराहरुको समेत ध्यान नदिई खरिदलाई साना साना टुक्रा बनाई सोझै खरिद गर्ने प्रवृति बढेको हुँदा यसलाई निरुत्साहित गर्नुपर्ने।
- सार्वजनिक निकायहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले तोके अनुसार हरेक खरिद कारबाहीको निम्ति छुट्टै फायल खडा गरी राख्नु पर्ने कागजातहरु अनिवार्य रुपमा राख्नु पर्ने ।
- खरिद सम्बन्धी सम्झौताको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन हरेक सार्वजनिक निकायले कार्ययोजना सहित ठोस कदम चाल्नु पर्ने ।
- खरिद व्यवस्थापनलाई पुरस्कार र दण्ड पद्दतिसँग प्रत्यक्ष आवद्ध गराउनुपर्ने ।

## संस्थागत क्षमता सुधारका उपायहरुः

- खरिद इकाईलाई यसको कार्यविधि सहित सक्रिय र जिम्मेवार गराउनुपर्ने ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक सुधार गर्दै कार्यमूलक संगठनको संरचना तयार गर्ने र आवश्यकता अनुरुप दक्ष कर्मचारीहरुको व्यवस्थापन गर्नुपर्ने ।
- खरिद सम्बन्धी ऐन, नियम, निर्देशिका र नमूना बोलपत्र कागजातहरु परिमार्जन गरी व्यवहारिक सरल एवं स्पष्ट बनाउनुपर्ने ।
- सार्वजनिक खरिद सम्बन्धी तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरु बढी भन्दा बढी विस्तार गरी सार्वजनिक निकायहरुको खरिद क्षमता विकास गर्ने ।

## खरिद अनुगमन सुधारका उपायहरु:

- सार्वजनिक निकाय स्वयं र सो को तालुक निकायले खरिद अनुगमन जिम्मेवारीपूर्वक गरी यसलाई नतिजामा आवद्ध गराउने ।
- सार्वजनिक निकायहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायहरुबाट खरिद प्रक्रियामा भएका त्रुटीहरुको बारेमा मात्र राय परामर्श माग गरिने भएको हुँदा खरिद सम्बन्धी कानूनी द्विविधाको विषयमा मात्र राय माग गर्नु उपयुक्त हुने ।
- नेपालको सार्वजनिक खरिद व्यवस्थापनलाई भरपर्दो एवं विश्वसनीय बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयको पहलमा सुधारका प्रयासहरु हुँदै आएको छ । नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या एवं चुनौतीहरु समाधान गर्न सक्ने गरी समयानुकूल कानून संशोधनको आवश्यकता महशुस गरिएको छ । संस्थागत सुधारको विभिन्न पाटोहरु मध्ये खरिद अनुगमन कार्यालयको सवलीकरण पनि एक मुख्य क्षेत्र हो । खरिद कार्यको समन्वय र एक प्रकारको Knowledge Center को रुपमा कार्य गर्ने गराउने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको हुँदा ऐनको दफा ६५ र नियमावलीको नियम १४४ मा भएका यस कार्यालयका काम, कर्तव्य र अधिकारलाई हेर्दा यसले निम्न क्षेत्रमा आफूलाई अब्बल रुपमा स्थापित गर्न सक्नुपर्ने देखिन्छ ।
    - खरिद सम्बन्धी नीति वा प्रचलित कानूनमा सुधार गर्न नेपाल सरकारलाई सुझाव तथा सल्लाह दिन र उपयुक्त कुराहरुको सिफारिस गर्ने,
    - सार्वजनिक खरिदका विभिन्न विधिहरुसँग सम्बन्धित भै सो कार्यका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन तथा अन्य कागजातहरु (नमूना समेत) जारी गर्ने,
    - सार्वजनिक निकायबाट हुने वा भएको खरिद कार्यहरुको तथ्याङ्क संकलन गरी त्यस्तो कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका अनुरुप भए वा नभएको अनुगमन र परीक्षण गर्न वा गराउने,
    - विद्युतीय खरिद प्रक्रियालाई प्रभावकारी गराउन,
    - सार्वजनिक निकायले खरिदका सवालमा राय परामर्श माग गरेकोमा राय परामर्श दिन,
    - खरिद प्रक्रियामा संलग्न हुने व्यावसायीहरुको क्षमता विकासका लागि मार्गदर्शन गर्न,
    - खरिद विज्ञ प्रमाणिकरण गर्न तथा गराउन,
    - सार्वजनिक खरिदको सम्बन्धमा सूचना तथा जानकारीहरुको विकास र सम्प्रेषण गर्न गराउन,
    - सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नको लागि नीति, कानून, अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्न, आदि ।
- सार्वजनिक निकायबाट भएको खरिद कारबाही सार्वजनिक खरिद ऐन र सो अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिका विपरित भएको अवस्थामा त्यस्तो खरिद कारबाहीमा भएको त्रुटी सच्याउन र खरिद कारबाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानून बमोजिम

कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष ध्यानाकर्षणका लागि लेखी पठाउनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्णय गर्नुपर्ने भएको हुँदा कार्यालयमा रहने कर्मचारीहरु खरिद प्रक्रिया र यसका विविध पक्षहरुमा खास रुपमा जानकार भएका र बिशेष योग्यता र सीपयुक्त भएका हुनुपर्छ ।

### व्यावसायिक वातावरण सुधारका उपायहरुः

- निर्माण व्यावसायी एवं आपूर्तिकर्ताहरुमा व्यावसायिकताको विकास गर्नुपर्ने ।
- संयुक्त उपक्रम लगायत खरिदका लागि योग्यतासँग सम्बन्धित कानून र मूल्याङ्कन विधिका सम्बन्धमा समसामयिक सुधार गर्नुपर्ने ।
- स्वेदशी व्यावसायी, आपूर्तिकर्ता एवं परामर्शदाताहरुलाई काममा प्राथमिकता र यस क्षेत्रको क्षमता अभिवृद्धि हुने गरी कानूनी र प्रक्रियागत व्यवस्थाहरुमा सुधार गर्नुपर्ने ।
- स्वदेशी वस्तु र सामानको प्रयोगलाई बढावा दिने गरी शर्तगत बन्देज नलगाउने लगायतका सुधारहरु गर्नुपर्ने ।

### विद्युतीय खरिद प्रणाली सुधारका उपायहरुः

बोलपत्रदातालाई विद्युतीय खरिद प्रणाली खरिद व्यवस्थापन सुधार गर्ने एवं समग्र खरिद प्रक्रियालाई प्रभावकारी गराउने एक सशक्त माध्यम भएको हुँदा यस सम्बन्धमा निम्नानुसारका कार्यहरु यथासमयमा नै गर्नु आवश्यक हुन्छ ।

- प्रणालीमा दर्ता गरी प्रोफाईल व्यवस्थापनको कार्य गर्न प्रयोगकर्तामैत्री तरिकाहरु अवलम्बन गर्ने ।
- प्रोफाइलमा भएका सूचनाहरुबाट बोलपत्रका लागि आवश्यक पर्ने ढाँचाहरु स्वतः तयार हुने व्यवस्था मिलाउने ।
- बोलपत्र प्रणालीबाट बोलपत्र पेश गर्न आवश्यक OTP (One Time Password) प्रयोगकर्ताको इमेल तथा मोवाईलमार्फत SMS मार्फत सहज रुपमा उपलब्ध गराउन र अन्य सहयोगका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Help desk लाई प्रभावकारी गराउने । यस्तो help desk लाई विस्तार गरी प्रयोगकर्ताहरुको पहुँच नजिक पुऱ्याउने ।
- बोलपत्र दाखिलाको अन्तिम समयमा प्रणालीमा पर्न जाने चापको व्यवस्थापनका लागि प्राविधिक क्षमता बढाउने ।
- सार्वजनिक निकायहरुले समयमै वार्षिक खरिद योजना प्रणालीमा प्रविष्टी गरेर सर्वसाधारण र बोलपत्रदाताहरुलाई जानकारी गराउने ।
- सबै प्रकारका खरिद सूचना तथा जानकारीहरु प्रणालीमा राख्ने अनिवार्य व्यवस्था गरी पूर्ण रुपमा प्रणालीको (full phased e-GP system) प्रयोग गर्नु गराउनुपर्ने ।
- सबै प्रकारका खरिदहरु प्रणालीबाट गर्न सकिने गरी नमूना कागजातहरु एवं प्रणालीहरुको सुधार गर्नुपर्ने ।

- यसको प्रभावकारीताका लागि e-GP System Operation Fund को व्यवस्था गरी बोलपत्र खरिद तथा दाखिला जस्ता कार्यहरुमा प्रवेश शुल्क एवं नवीकरण शुल्कको मात्र व्यवस्था गरी प्रणालीको प्रयोग सरल एवं प्रभावकारी गराउनुपर्ने ।
- प्रणालीका सूचनाहरुलाई विश्लेषणात्मक रुपमा प्रस्तुत गर्नुपर्ने ।
- प्रणालीका सूचनाहरु real time प्रतिवेदन तयार हुने गरी सुधार गर्नुपर्ने र यसलाई बजेट तथा कार्यक्रम कार्यान्वयनको आधारको रुपमा उपयोग गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- यस प्रणालीलाई बजेट प्रणाली र खर्च प्रणालीसँग Interface गराई बजेट निर्माण देखि भूक्तानी पद्धतिसम्म एक आपसमा आवद्ध गराउनुपर्ने ।
- यस प्रणालीको प्रयोगमा सार्वजनिक निकाय र व्यावसायीको क्षमता बढाउन आवश्यक कार्यहरु गर्नुपर्ने।

**नीतिगत तथा कानूनी सुधारका उपायहरुः**

- सार्वजनिक खरिद कानूनको सुधार एक गतिशील प्रक्रियाको रुपमा लिई सार्वजनिक खरिद अनुगमन कार्यालयलाई यसको विश्लेषण तथा सुझाव प्रस्तुत गर्ने निकायको रुपमा स्थापित गर्नुपर्ने ।
- खरिदमा प्राप्त गर्ने निकाय र सेवा दिने निकाय दुवैको सक्षमता ज्यादै महत्वको हुने हुँदा निकायगत सबलीकरण र बजार सबलीकरण दुबैलाई प्राथमिकतामा राखी नीति तय गर्नुपर्ने ।
- नमूना बोलपत्र कागजातहरु पर्याप्त मात्रामा तयार गरी जारी गर्ने । यस्तो कागजातहरु सरल र बढी भन्दा बढी स्पष्ट गराउने ।
- राष्ट्रिय स्तरका बोलपत्रहरुमा नेपाली भाषाको प्रयोग हुने गरी कागजात तयार गरी प्रयोगमा ल्याउने ।
- खरिद व्यवस्थापनमा आउने विवादहरु सरल तवरबाट हल गर्ने राम्रो उपाय मध्यस्थता हो । मध्यस्थता समितिलाई खरिद कानूनले केही सम्बोधन गरेको छ । तर सम्बोधन गरिएका यी प्रावधानहरु स्पष्ट र पर्याप्त छैनन् । यसका लागि खरिद कानूनमा नै अन्तर्राष्ट्रिय अभ्यास अनुकूल हुने गरी मध्यस्थता सम्बन्धी स्पष्ट प्रावधानहरु राखी खरिद सम्बन्धी विवादहरु छिटो टुङ्ग्याउने तर्फ प्रयास गर्नुपर्छ ।

## ४.४ भावी कार्यदिशाः

सार्वजनिक खरिदलाई अझ व्यवस्थित, पारदर्शी, वस्तुनिष्ठ, विश्वसनीय, जवाफदेही, प्रतिस्पर्धात्मक बनाउन तपसिल बमोजिम भावी कार्यदिशा लिइने छ,

- सार्वजनिक खरिद ऐन तथा नियमावालीको समसामयिक परिमार्जनको लागि नेपाल सरकार समक्ष सिफारिस गरिने ।
- सार्वजनिक निकायहरुबाट आत्यधिक मात्रामा राय माग हुने गरेकोले खरिद प्रक्रियामा हुने ढिलाईलाई व्यवस्थित गर्न यस कार्यालयबाट दिईएका रायहरुको विश्लेषण गरी बारम्बार सोधिने प्रश्नहरु बारेमा जानकारी दिने हाते पुस्तिकाहरु जारी गर्ने ।

- खरिद कानूनले निर्दिष्ट गरेका खरिद बिधिहरुको प्रयोगका लागि हाल नभएका नमूना बोलपत्र कागजातहरु (Standard Bidding Documents) तयार गरी जारी गरिने ।
- खरिद अनुगमनलाई प्रभावकारी गराउन अनुगमन सूचक सहित अनलाईन प्रणालीको विकास गरिने ।
- सार्वजनिक खरिदको प्रभाबकारिता मापन गर्न Procurement Audit को थालनी गरीने ।
- सार्वजनिक खरिदको Online Training Portal तयार गरी सार्वजनिक खरिदको क्षेत्रमा जनशक्ति विकास गरिने ।
- सार्वजनिक खरिद विज्ञ प्रमाणिकरण र सूची अध्यावधिकीकरण कार्यको लागि निर्देशिका बनाई लागू गरिने ।
- नेपालका विभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहको पाठ्यक्रममा सार्वजनिक खरिदको विषय पाठ्यक्रममा समावेस गर्न सिफारिस गरिने ।
- खरिद व्यवस्थापनको लागि बर्तमान e-GP System मा आवश्यक सुधार/परिमार्जन र सरलीकरण गरी Full Phased e-GP प्रणालीलाई सम्पूर्ण रुपमा प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।

## ४.५ निष्कर्ष:

नेपालमा आर्थिक साधन परिचालन गरी राज्यबाट लिइएका उद्देश्य र लक्ष्य पूरा गर्न  सार्वजनिक क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । सार्वजनिक खर्च व्यवस्थापन भरपर्दो र विश्वसनीय हुनु अति आवश्यक छ । पूँजीगत खर्च लगायत सार्वजनिक खर्चमा सुस्तता देखिनुमा सार्वजनिक खरिद कानून र खरिद व्यवस्थापनलाई मुख्य जिम्मेवार देखाउने गरिएको छ । विकासका गतिविधिहरु प्रभावकारी रुपमा अघि बढाउनका लागि नीतिगत सुधारका साथै सार्वजनिक खरिद व्यवस्थापनको सुधार अपरिहार्य रहेको छ । नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका मुख्य समस्याहरुमा जनताका वास्तविक आवश्यकताको पहिचान गरी कार्यान्वयन योग्य योजना नबन्नु, बनेका योजनाको कार्यान्वयनका लागि ढिलो खरिद कार्य सुरु हुनु, खरिद कार्यको तयारी समयमै पूर्ण रुपमा नगरिनु, पूर्व तयारी एवं योजना निर्माणमा जिम्मेवारी नलिइनु, खरिदको सम्झौता गर्न बढी चासो राख्ने तर कार्यान्वयन गर्न गराउन कमै मात्र सक्रियता देखाइनु, कामको गुणस्तर एवं नियन्त्रण फितलो हुनु, कार्यान्वयन गर्ने गराउने दुवै पक्षको क्षमता कमजोर हुनु, अवाञ्छित मिलेमतोका कारण गुणस्तरीयता कायम नहुनु, जिम्मेवारी र जवाफदेहीता कमजोर हुनु, अवाञ्छित दवावको बोलवाला उच्च हुनु, दण्ड तथा जरिवानाको पक्ष कमजोर हुनु जस्ता कारणहरु रहेका पाइन्छन् । यी कुराहरुले समग्रमा नै सार्वजनिक खरिद व्यवस्थापन समस्याग्रस्त र चुनौतीपूर्ण भईरहेको छ ।

सार्वजनिक खरिदको जटिल समस्याका रुपमा रहेका तयारी कार्यको अपर्याप्तता, समयमा काम गर्ने गराउने क्षमताको सुनिश्चितता र जिम्मेवार पदाधिकारीको आचरणमा सुधार जस्ता सवालहरुमा केन्द्रित भई कानूनी तथा पद्धतिगत सुधारलाई वस्तुपरक बनाउने र पूँजीगत खर्च बढाउने गरी खरिद कानूनमा सुधार गरिनु पर्दछ । खरिद कानूनलाई विकासको वाधकको रुपमा विभिन्न सरोकार राख्ने पक्षले यत्रतत्र टिका टिप्पणी पनि गर्ने गरेको समय समयमा सुनिन्छ । ऐन, नियम, विधि, पद्धति बुझेर पालना गर्ने भन्दा पनि त्यसलाई अस्वीकार गर्ने, मिच्ने पद्धति बढीरहेको हुँदा ऐनको उद्देश्य हासिल गर्न कठिनाई भईरहेको छ । अन्य कानून भन्दा खरिद कानून प्रशासनिक आँखाले हेर्दा प्राविधिक कानून भएतापनि अत्यन्त जटिल

विषय भने होईन । यो विषयको व्यवस्थित ज्ञान र सीप हाँसिल गरेका प्राविधिक र अन्य जनशक्तिको विकास गरेर सही ढंगमा सार्वजनिक खरिदको कार्य सन्तोषजनक रुपमा सम्पादन गर्न सकिन्छ। सार्वजनिक खरिद व्यवस्थापनको क्षेत्रमा समस्या र चुनौतीहरु छन् । ऐन नियमको संशोधन निरन्तर चलिरहने प्रक्रिया हो । सम्बन्धित खरिद विषयका विज्ञहरुको समेत परामर्शमा ऐन नियम, निर्देशिका, नमूना बोलपत्र कागजातमा समसामयिक सुधार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत क्षमता समेत विकास गर्दै तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रमलाई व्यापक बनाई विभिन्न तहका सरकारमा काम गर्ने जनशक्तिको सीप विकास गरी विधि र पद्धति पालना गरेर मात्र सार्वजनिक खरिद व्यवस्थापनको कार्य अघि बढाउनुको विकल्प छैन । आगामी दिनमा समयानुकूल कानूनी सुधार गरी उपयुक्त निर्देशिका, Standard Bidding Documents, Technical Notes, procurement Manuals आदि जारी गरेर सार्वजनिक खरिद अनुगमन कार्यालयले सुधारको थालनीको अगुवाई गर्ने छ। यी कार्यहरुलाई सूचना प्रविधि मैत्री बनाउनका लागि हाल प्रयोगमा रहेको विद्युतीय खरिद प्रणालीलाई व्यापकता दिलाउन कार्यालयले सक्रियताका साथ कार्य गरिरहेको छ । यी सबै सुधार प्रयासका लागि खरिद सम्बन्धी ज्ञान, क्षमताको विकासमा पनि श्रोत साधन लगानी गर्नुपर्ने देखिएको छ । चरणबद्ध रुपमा सुधारका प्रयास गर्दै जाँदा पक्कै पनि नेपालको सार्वजनिक खरिद व्यवस्थापन सार्वजनिक खरिद ऐनले लिएको उद्देश्य अनुरुप पारदर्शी, खुल्ला, जवाफदेही, प्रतिस्पर्धी, विश्वसनीय, वस्तुनिष्ठ भई भरपर्दो संयन्त्रको रुपमा विकास गर्न सकिने कुरामा विश्वास गर्न सकिन्छ । यो कार्यलाई सफलतापूर्वक सम्पादन गर्नको लागि सार्वजनिक खरिद प्रक्रियामा संलग्न रहने सम्पूर्ण व्यक्ति एवं पदाधिकारीहरुमा सार्वजनिक खरिदका सिद्धान्तहरु, अन्तर्राष्ट्रिय असल अभ्यासलाई आत्मसात गरी खरिद व्यवहारलाई सुधार गर्ने प्रतिवद्धता र तत्परता देखिएमा मात्र सार्वजनिक साधन श्रोतको समुचित उपयोग भई राष्ट्र निर्माण एवं जनजीविकामा सुधार ल्याउने उद्देश्य हासिल हुन सक्दछ ।

खरिद व्यवस्थापनका लागि यसमा संलग्न पदाधिकारीको इमान्दारीता र जिम्मेवारीपन पहिलो अनिवार्य शर्त हो भने व्यावसायीको व्यावसायिकता दोश्रो मुख्य सवाल हो । मिलेमतोको व्यवहारमा व्यापक सुधार बिना सार्वजनिक खरिदको क्षेत्रलाई रुपान्तरण गर्न कठीन हुन्छ । त्यसैले यसको सुधारका लागि प्रक्रियाको पालनामा इमान्दारीता रहनुपर्छ र समयमै गुणस्तरीयता कायम गर्ने गराउने गरी सार्वजनिक खरिद व्यवस्थापनमा असल अभ्यास गरिरहनुपर्छ । समस्याको गहिराई खासमा अदृष्य बनिरहेको अबस्थामा बाहिरी स्वरुपमा देखिने कुराहरुमा मात्र सुधार खोजिरहेसम्म खरिद व्यवस्थापनको क्षेत्र जटिल नै रहने हुन्छ, जसले सार्वजनिक खर्चको अवस्थामा संकुचन गराईरहन्छ ।

# अनुसूचीहरु:

## अनुसूची–१

# सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठन संरचना

**सचिव**
रा.प.विशिष्ट-१

**प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखा**
सहसचिव, रा.प. प्र.-१

- **कर्मचारी प्रशासन शाखा**
  - निर्देशक, रा.प.द्वि. (प्र.)-१
  - शाखा अधिकृत, रा.प.तृ.(प्र.)-२
  - ना.सु. रा.प.अनं. प्र.-४, कम्प्युटर अप्रेटर (पि.ए. समेत)-३
  - ह.स.चा.-६, कार्यालय सहयोगी-६
- **जनशक्ति विकास शाखा**
  - निर्देशक, रा.प.द्वि. (प्र.)-१
  - शाखा अधिकृत, रा.प.तृ.(प्र.)-१
- **कानून शाखा**
  - निर्देशक, रा.प.द्वि. (कानून)-१
  - कानून अधिकृत, रा.प.तृ. (कानून)-१
- **योजना तथा सूचना व्यवस्थापन शाखा**
  - निर्देशक, रा.प.द्वि. (प्र.)-१
  - शाखा अधिकृत, रा.प.तृ.(प्र.)-१
- **सूचना प्रविधि शाखा**
  - निर्देशक, रा.प.द्वि. प्रा. (विविध)-१
  - कम्प्युटर ईन्जिनियर, रा.प.तृ. प्रा.-३,
  - कम्प्युटर अधिकृत, रा.प.तृ. प्रा.(विविध)-१
- **आर्थिक प्रशासन शाखा**
  - लेखा अधिकृत, रा.प.तृ. (लेखा)-१
  - लेखापाल, रा.प.अनं प्र.(लेखा)-१

**खरिद अनुगमन महाशाखा**
सहसचिव, रा.प.प्र. प्रा.-१

- **सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा**
  - निर्देशक, रा.प.द्वि. (प्रा.) ईन्जि. सि. हाइवे-१
  - इन्जिनियर, रा.प.तृ.(प्रा.) इन्जि. सि.वि.आ.-१
  - इन्जिनियर, रा.प.तृ.(प्रा.) इन्जि. हाइवे-१
- **मालसामान खरिद अनुगमन शाखा**
  - निर्देशक, रा.प.द्वि. प्र.(लेखा)-१
  - शाखा अधिकृत, रा.प.तृ.(प्र.)-१
- **स्थानीय स्तर खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा**
  - निर्देशक, रा.प.द्वि. (लेखा)-१
  - इन्जिनियर, रा.प.तृ.(प्रा.) इन्जि., सिभिल, इरिगेसन-१
  - इन्जिनियर, रा.प.तृ.(प्रा.) इन्जि. हाइवे-१
- **अनुसन्धान तथा विकास शाखा**
  - निर्देशक, रा.प.द्वि. (प्र.)-१
  - शाखा अधिकृत, रा.प.तृ.(प्र.)-१

**विशेषज्ञ समूह (करार)**
- कम्प्युटर प्रणाली विज्ञ-२
- खरिद विज्ञ-२

# कार्यालयको दरबन्दी तेरिज

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा/समूह/उपसमूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| १. | सचिव | रा.प. विशिष्ट | | १ | १ | - |
| २. | सह-सचिव | रा.प.प्रथम | नेपाल प्रशासन/सा.प्र. | १ | १ | - |
| ३. | सह-सचिव | रा.प.प्रथम | नेपाल इन्जिनियरिङ्ग/सिभिल इन्जि. | १ | - | १ |
| ४. | निर्देशक | रा.प.द्धि. | नेपाल प्रशासन/सा.प्र. | ४ | ४ | - |
| ५. | निर्देशक | रा.प.द्धि. | नेपाल प्रशासन/लेखा | २ | २ | - |
| ६. | निर्देशक | रा.प.द्धि. | नेपाल न्याय/कानून | १ | १ | - |
| ७. | निर्देशक | रा.प.द्धि. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे | १ | १ | - |
| ८. | निर्देशक | रा.प.द्धि. | नेपाल विविध | १ | १ | - |
| ९. | शाखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन/सा.प्र. | ६ | ५ | १ |
| १०. | लेखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन/लेखा | १ | १ | - |
| ११. | कानून अधिकृत | रा.प.तृ. | नेपाल न्याय/कानून | १ | - | १ |
| १२. | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे | २ | १ | १ |
| १३. | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/वि.आ. | १ | - | १ |
| १४. | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/ इरिगेशन | १ | - | १ |
| १५. | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | नेपाल विविध | ३ | २ | १ |
| १६. | कम्प्युटर अधिकृत | रा.प.तृ. | नेपाल विविध | १ | १ | - |
| १७. | नायब सुब्बा | रा.प.अनं. प्र. | नेपाल प्रशासन/सा.प्र. | ४ | ४ | - |
| १८. | लेखापाल | रा.प.अनं. प्र. | नेपाल प्रशासन/लेखा | १ | १ | - |
| १९. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्र. | नेपाल विविध | ३ | ३ | - |
| २०. | हलुका सवारी चालक | श्रेणी विहिन | | ६ | ६ | - |
| २१. | कार्यालय सहयोगी | श्रेणी विहिन | | ६ | ६ | - |
| | **जम्मा** | | | **४८** | **४१** | **७** |

## अनुसूची २

# सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| महाशाखा | शाखा | कर्मचारीको नाम | पद | फोन नं. |
|---|---|---|---|---|
| सचिवज्यूको कार्यकक्ष | | श्री मोहन कृष्ण सापकोटा | सचिव | ४२८५४४२ |
| | | श्री रेकम जि.सी. | कम्प्युटर अपरेटर | ४२८५४४२ |
| प्रशासन, योजना तथा सूचना प्रविधि शाखा | | श्री सुशील ढकाल | सह-सचिव | ४२७०७६७ |
| | कर्मचारी प्रशासन शाखा | श्री श्रीधर पन्थी | निर्देशक | ४०३०५४६ |
| | | श्री केदार नाथ शर्मा | शाखा अधिकृत | ५३००५१५ |
| | | श्री सावित्रा भट्ट दुवाडी | नायव सुब्बा | Ext. २२० |
| | | श्री विनिता काफ्ले | नायव सुब्बा | |
| | | श्री रीता रिसाल | कम्प्युटर अपरेटर | ४०३०७१५ |
| | जनशक्ति विकास शाखा | श्री टिका राज पोखरेल | निर्देशक | ४०३०६४९ |
| | कानून शाखा | श्री राजेश कुमार थापा | निर्देशक | Ext. २१७ |
| | | श्री नेत्र प्रसाद अधिकारी | नायव सुब्बा | |
| | | श्री मिरा मैनाली पौडेल | कम्प्युटर अपरेटर | |
| | | श्री किशोर अर्याल | कम्प्युटर अपरेटर | |
| | योजना तथा सूचना व्यवस्थापन शाखा | श्री रेखा कँडेल | निर्देशक | Ext. २०८ |
| | | श्री सुनिता शर्मा | शाखा अधिकृत | Ext. २१६ |
| | सूचना प्रविधि शाखा | श्री मुकेश रेग्मी | निर्देशक | Ext. २१४ |
| | | श्री सुर्यवती खनाल | शाखा अधिकृत | Ext. २०२ |
| | | श्री राज कुमार मर्हजन | कम्प्युटर ईन्जिनियर | Ext. २१५ |
| | | श्री अमोद उलक | कम्प्युटर ईन्जिनियर | Ext. २०१ |
| | | श्री मधुसुदन पुडासैनी | कम्प्युटर अधिकृत | Ext. २०२ |

| महाशाखा | शाखा | कर्मचारीको नाम | पद | फोन नं. |
|---|---|---|---|---|
| | | श्री सिकेन्द्र कुमार झा | आई.टि. कन्सल्टेन्ट | Ext. २०१ |
| | आर्थिक प्रशासन शाखा | श्री दिनेश लम्साल | लेखा अधिकृत | Ext. २१२ |
| | | श्री निर्मला ज्ञवाली | लेखापाल | Ext. २२१ |
| खरिद अनुगमन महाशाखा | सा.निर्माण तथा परामर्श सेवा ख. अनुगमन शाखा | रिक्त | सहसचिव | |
| | | ई. श्री पूर्व कुमार राई | निर्देशक | Ext. २११ |
| | | श्री सतिस कुमार साह | इन्जिनियर | Ext. २०४ |
| खरिद अनुगमन महाशाखा | मालसामान खरिद अनुगमन शाखा | श्री घनश्याम खनाल | निर्देशक | Ext. २३० |
| | | श्री तारा ज्ञवाली | शाखा अधिकृत | Ext. २२५ |
| | स्थानीयस्तर ख.अ. तथा गुनासो व्यवस्थ( ापन शाखा | श्री सुवास चन्द्र शिवाकोटी | निर्देशक | Ext. २१० |
| | | श्री ढाल बहादुर जि.सी. | शाखा अधिकृत | Ext. २०४ |
| | | श्री सन्जु पोखरेल | नायव सुब्बा | |
| | अनुसन्धान तथा विकास शाखा | श्री शेखर पौड्याल | निर्देशक | Ext. २०४ |
| | | रिक्त | | |
| विद्युतीय खरिद प्रणाली सहयोग कक्ष (e-GP Help Desk) | | | ४२८२६३९ | ५३००५१६ |
| | | श्री नरेन्द्र शाह | ह.स.चा. | |
| | | श्री कृष्ण कुमार नगरकोटी | ह.स.चा. | |
| | | श्री दिनेशमान प्रधान | ह.स.चा. | |
| | | श्री कुमार वरुवाल | ह.स.चा. | |
| | | श्री गोपाल श्रेष्ठ | ह.स.चा. | |
| | | श्री श्रीराम कक्षपती | ह.स.चा. | |
| | | श्री राजेन्द्र शाह | ह.स.चा. | |
| | | श्री चन्दनभगत थारु | का.स. | |
| | | श्री शोभा कार्की | का.स. | |

| महाशाखा | शाखा | कर्मचारीको नाम | पद | फोन नं. |
|---|---|---|---|---|
| | | श्री रुद्र प्रसाद पौडेल | का.स. | |
| | | श्री विशाल खड्का | का.स. | |
| | | श्री केदार प्रसाद गौतम | का.स. | |

Extension नम्बरका लागि टेलिफोन नम्बरहरु: ४०३०५१८, ४०३०७१५,४०३०७२९

अनुसूची–३

# राय परामर्श सम्बन्धी विवरण

## (क) निर्माण कार्य खरिदसँग सम्बन्धित राय परामर्शहरु:

**१. राय/परामर्श माग्ने संस्थाको नाम:** बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर, धनुषा ।

**विषय: राय परामर्श सम्बन्धमा ।**

बटेश्वर गाउँपालिकाको प.सं. २०७६/०७७, च.नं. ४९, मिति २०७६।०४।१३ को पत्रबाट मिति २८।०५।२०१९ मा प्रकाशन भएको बोलपत्र Construction of Road at Bateshwar Rural Municiality यस गाउँपालिकाको वेबसाइट तथा त्यहाँ कार्यालयको वेबसाइट मार्फत e-Bidding समेत भएकोमा मिति २०७६।०३।१६ गते खोलिएको बोलपत्रमा स्टार बिल्डर्सको Letter of Bid, Bank Guarantee, Self declaration letter संलग्न रहेको तथा ढाँचामा रहेको देखिन्छ । चौधरी निर्माण सेवाको बोलपत्रमा Letter of Bid, Bank Guarantee रहेको तर Letter of Bid, Bank Guarantee मा ठेक्का नं. उल्लेख नरहेको, Self Declaration रहेको । सिंह कन्स्ट्रक्सन प्रा.लि को बोलपत्रमा Letter of Bid, Bank Guarantee रहेको तर PPMO को ढाँचामा नरहेको, Self Declaration Letter मा मिति २०७४।०४।११ (बोलपत्र खुल्ने मिति भन्दा पछाडीको मिति राखेको) र Procurement item details (BoQ) रहेको । सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ बमोजिम बोलपत्रसँग सम्बन्धी कागजातहरु उपरोक्तमा उल्लेख भए अनुसार कानूनसम्मत नरहेको। सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा e-Bidding सँग सम्बन्धित ढाचा अनुरुप बोलपत्र यस कार्यालयमा पेश नभएको । जम्मा ३ वटा बोलपत्र परेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा रहेको Bank Guarantee को Format अनुसार Bank Guarantee पेश नभएको। Letter of Bank Guarantee मा ठेक्का नं उल्लेख नभएको। Letter of Bank Guarantee मा ठेक्का नं गलत उल्लेख रहेको। २०७६।०३।१६ गते बोलपत्र खोलिने भएकोमा Self Declaration Letter मा मिति २०७६।०४।११ रहेकोमा सबै भन्दा बढी कबोल रकम भएको तथा बोलपत्रसँग सम्बन्धित कागजात समेत दुरुस्त रहेको निर्माण व्यावसायीसँग Work Agreement गर्दा कार्यालयलाई तुलानात्मक रुपमा कम लाभ प्राप्त हुने देखिन्छ। त्यसै गरी बाँकी दुई निर्माण व्यावसायीहरुको मूल्याङ्कन कबोल रकम न्यूनतम भए तापनि बोलपत्र कार्य सम्बन्धी कागजात यस कार्यालयको मूल्याङ्कन समितिलाई दुरुस्त नदेखिएकोले कुनै एक सँग Work Agreement गर्दा सारभूत रुपमा प्रभावग्राही नभई, पछि कुनै उजुरी बाजुरी समेत पर्न सक्ने सम्भावना देखिएकोले यस विषयमा उपयुक्त परामर्श सहितको सुझावको लागि अनुरोध छ भनि लेखि आएको ।

**राय परामर्श:**

"प्रस्तुत विषयका सम्बन्धमा Bank Guarantee को हकमा यस कार्यालयबाट जारी भएको Standard Bidding Document को ITB Clause no 19 मा स्पष्ट व्यवस्था भएकोले सोहि अनुसार त्यहाँबाट कानूनसम्मत निर्णय हुन उपयुक्त हुने र Self declaration को हकमा स्वःघोषणामा उल्लेख हुने कुराहरु बोलपत्रको कागजात साथ संलग्न Letter of Bid मा छ/छैन हेरि त्यहाँबाटै कानूनसम्मत निर्णय गर्नुपर्ने ।"

**(निर्णय मिति: २०७६।०४।१९)**

**२. राय/परामर्श माग्ने संस्थाको नामः** श्री सुनवर्षी नगरपालिका, डाइनिया, मोरङ्ग ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

श्री सुनबर्षी नगरपालिकाको प.सं. ०७६/७७, च.नं. २५, मिति २०७६।०४।१० को पत्र यसैसाथ संलग्न छ । तत् सम्बन्धमा नगरपालिकाबाट प्रकाशित IFB No. sunmun/road/075/76-04 को सडक कालोपत्रे गर्ने कार्यको लागि प्रकाशित ठेक्कामा Technical Evaluation मा फेल भएको निर्माण व्यावसायी श्री वोर्ल्डवाइड राम सागर जे.भि.को Financial Evaluation गर्दा Price Bid Evaluation Summary मा सबैभन्दा घटी कबोल गर्ने भनी Rank 1 मा देखाएकोले निजको ठेक्का स्वीकृति सम्बन्धमा द्विविधा भएको ले समाधानका लागि अनुरोध भै आएको ।

**राय परामर्शः**

“उल्लेखित विषयका सम्बन्धमा प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रक्रिया अडाडि बढाउन उपयुक्त हुने ।”

**(निर्णय मितिः २०७६।०४।२३)**

**३. राय/परामर्श माग्ने संस्थाको नामः** श्री घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ ।

**विषयः राय परामर्श माग गरिएको बारे ।**

घरपझोङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, जोमसोम, मुस्ताङ प.सं. २०७६/७७, च. नं. ८७, मिति २०७६।०४।२८ को पत्रबाट यस कार्यालयले बहुउद्देश्यीय भवन निर्माण गर्नका लागि मिति २०७६।०१।२० गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरेको, उक्त सूचना त्यहाँ कार्यालयको वेबसाइटः bolpatra.gov.np/egp मा समेत मिति २०७६।०१।२० गते नै प्रकाशित भई सबै ठेक्का प्रक्रिया अनलाइन विधि बढाईएको । समयसीमा भित्र पर्न आएका सबै बोलपत्रहरुको हालसम्म प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन भई ठेक्का स्वीकृत गर्ने क्रममा रहेको छ । यसै बीच त्यहाँ कार्यालयको चलानी नम्बर २३९२ मिति २०७६।०२।२१ गतेको पत्रसाथ उल्लेखित बमोजिमको ठेक्का सम्बन्धमा नेपाल निर्माण व्यावसायी महासंघको तर्फबाट निवेदन परेकाले स्पष्ट गरिदिने भनी लेखी पठाएको पत्र प्राप्त भएको । सो पत्रको सम्बन्धमा यस कार्यालयको चलानी नं १६२३ मिति २०७६।०३।०४ गतेको पत्रसाथ ठेक्का प्रक्रियाका सम्बन्धमा स्पष्ट गरी पठाईएको । कानून बमोजिम सबै प्रक्रियाहरु अघि बढाईएको अवस्थामा त्यहाँ कार्यालयबाट नै पुनः चलानी नं २४४७ मिति २०७६।०२।३० गतेको पत्रसाथ नेपाल निर्माण व्यावसायी संघको त्यहाँ दर्ता हुन आएको दोश्रो पत्र यस कार्यालयको जानकारीको लागि प्रेषित भएको र सो संघको पत्रमा ठेक्का प्रक्रिया रद्द गरिनु पर्ने जिकीर गरिएको, सो सम्बन्धमा यस कार्यालयको च.नं. ३०, मिति २०७६।०४।०७ को पत्रबाट ठेक्का प्रक्रिया अघि बढाउने वा नबढाउने सम्बन्धमा आवश्यक निर्देशनका लागि त्यहाँ कार्यालयमा पत्र प्रेषित भएकोमा हालसम्म कुनै निर्देशन प्राप्त हुन नआएकोले ठेक्का प्रक्रिया अघि बढाउनको लागि द्विविधा उत्पन्न भएको भनि लेखि आएको ।

**राय परामर्शः**

"प्रस्तुत विषयका सम्बन्धमा त्यस कार्यालयबाट बोलपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद नियमावली २०६४ को छैठौं र सातौं संशोधन बमोजिम संशोधन नभएको हकमा मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन नमिल्ने देखिँदा यस कार्यालयबाट थप राय दिनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।०१)**

**४. राय/परामर्श माग्ने संस्थाको नामः** काभ्रे बहुमुखी क्याम्पस, बनेपा, काभ्रे ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

काभ्रे बहुमुखी क्याम्पस, बनेपा, काभ्रेको च.नं. ५४, मिति २०७६।०५।०३ को पत्रबाट कक्षा कोठा निर्माण र फिनिसिङ्गको लागि e-Bidding मार्फत बोलपत्र आह्वान भएको र उक्त ठेक्का हाल Document Verification को चरणमा रहेको । बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित मिति २०७६।०३।२४ बाट ३१ औं दिनको १२ बजे अर्थात २०७६।०४।२३ गते दिनको १२:०० बजेसम्म बोलपत्र दाखिला र सोही दिनको २:०० बजे खोल्ने तालिकामा त्यस कार्यालयको System Update मा तदनुसार 9 August 2019 (वि.सं २०७६।४।२४) भएको हुँदा फरक पर्ने नपर्ने स्पष्ट हुन सकेन भनि लेखि आएको ।

साथै उक्त बोलपत्र खोल्दा सबभन्दा कम दर रेटको प्रस्ताव पेश गर्ने फर्म शान्ति कन्स्ट्रक्सन एण्ड ट्रेडर्स प्रा.लि, बालाजु, काठमाडौंले बोलपत्र दस्तुर बापतको रकम फर्मको नामबाट बैंक दाखिला नगरी कुनै प्राकृतिक व्यक्तिको नामबाट बोलपत्र दस्तुर बापतको रकम दाखिला गरेको भनि लेखि आएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा यस कार्यालयबाट सार्वजनिक भएको मिति २०७६।०४।१९ को सूचना अनुसार मिति २०७६।०४।१९ गते देखि २०७६।०४।२३ गते सम्म बोलपत्र पेश गर्ने अन्तिम म्याद भएका निर्माण कार्य सम्बन्धी बोलपत्रहरुको लागि म्याद थप गरी बोलपत्र पेश गर्ने र बोलपत्र खोल्ने मिति २०७६।०४।२४ गते सम्म राखिएकोले मिति २०७६।०४।२४ गतेका दिन बोलपत्र खोल्न फरक नपर्ने । साथै बोलपत्र दस्तुर रकम दाखिला गर्दा कुनै प्राकृतिक व्यक्तिको नामबाट बोलपत्र दस्तुर दाखिला भएको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न उपुक्त नहुने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**५. राय/परामर्श माग्ने संस्थाको नामः** त्रियुगा जनता बहुमुखी क्याम्पस, गाईघाट, उदयपुर ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

त्रियुगा जनता बहुमुखी क्याम्पस, गाईघाट, उदयपुर को पत्रबाट PPMO मार्फत HERP/UGC/Triyuga/C-02 बमोजिमको शैक्षिक भवन निर्माणको निर्माण कार्य नियमानुसार ठेकेदार कम्पनी छनौट गरी २०७६।०२।३० मा सम्झौता सम्पन्न गरिएको । साविक नियमानुसार ठेकेदार

कम्पनीले पाउनेःobilization पेश्की २०% बराबरको APG समेत पेश गरेको छ । माग भएको रकम मध्ये क्याम्पसले १०% ले हुने रकम पेश्की स्वरूप उपलब्ध गरेको तर बाँकी १०% पेश्की उपलब्ध गराउने तयारी गर्दै गर्दाःobilization पेश्की अधिकतम १०% भन्दा बढी दिन नमिल्ने गरी नेपाल सरकारले २०७६ श्रावण २५ गते सूचना जारी गरेको अवस्थामा प्राप्त १०% पेश्की बराबरको APG फुकुवा गरी १०% मात्र कायम राख्न अनुरोध भई आएको अवस्था छ। फुकुवा माग भएको १०% APG फुकुवा गर्न मिल्ने वा नमिल्ने बारे द्विविधा भएको छ । २०% पेश्की माग गरी पेश भएको APG का आधारमा १०% मात्र पेश्की उपलब्ध गराई बाँकी १०% बराबरको APG आंशिक फुकुवा हुने नहुने स्पष्ट कानूनी व्यवस्था नभएको भनि लेखि आएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐनको दफा ५२(क) र यस कार्यालयबाट जारी भएको Standard Bidding document मा उल्लेख भएको प्रावधान बमोजिम नै पेश्की भुक्तानी दिन उपयुक्त हुने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**६. राय/परामर्श माग्ने संस्थाको नामः** नेपाली सेना, सँगम शार्दुल गुल्म, पानकोट ब्यारेक, बझाङ।

**विषयः राय सुझाव उपलब्ध गराई दिनुहुन ।**

नेपाली सेना, सँगम शार्दल गुल्म, पानकोट ब्यारेक, बझाङ प.सं. १४८४९/लेखा/ १८/०७६/७७/१५, मिति २०७६।०५।१३ को पत्रबाट पानकोट ब्यारेक, बझाङमा आ.व २०७६/७७ मा मल्टिस्टोरी जवान लाईन १*४० बेड भुइँ तल्ला निर्माणको लागि e-GP System को माध्यमबाट मिति २०७६।०३।०२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम मिति २०७६।०४।०१ गते खोलुवा भएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही र सबै भन्दा कम मूल्य रकम रु. १,१५,५८,९०४।४८ मा मू.अ.कर रु. १५,०२,६५७।५९ समेत कूल जम्मा रु. १,३०,६१,५६२।०७ कबोल गर्ने श्री कृष्ण कन्स्ट्रक्सन/ त्याडी जे.भी.को बोलपत्र स्वीकृत गरी १५ दिन भित्र सम्झौता गर्न आउनु हुन भनी लेखिएकोमा तोकिएको मितिसम्म सम्झौता गर्न नआइ विभिन्न कारणहरु देखाई सम्झौता गर्न नआएको । साथै बोलपत्र Submit गरेको समयमा राताढुंगा निर्माण सेवाले मू.अ.कर बाहेक रकम रु. १,२३,५६,७४७।७४ पेश गरेको। पि.के कन्स्ट्रक्सन बझाङले Submit गरेको मूल्य दर रेट सूचीमा मू.अ..कर बाहेक १,२३,६१,०६८।५९ उल्लेख गरेको साथै सोही दिन Submit गरेको निवेदनमा रकम रु. १,२२,७१,९७३।३४ उल्लेख गरेको । उपरोक्त Submit भएका बोलपत्रहरु अध्ययन गर्दा Bill of Quantities को आधारमा राताढुंगा निर्माण सेवाको दोश्रो र पि.के कन्स्ट्रकसनको बोलपत्र तेश्रो स्थानमा रहेकोमा पि.के कन्स्ट्रक्सनको निवेदनमा रकम घटी उल्लेख भएको हुँदा बोलपत्र स्वीकृत गर्न द्विविधा परेको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा २(ग), दफा २७ को उपदफा ५, दफा ६३ को उपदफा १(ख) र यस कार्यालयबाट जारी भएको Standard Bidding Document मा भएका प्रावधान अनुसार त्यहाँ कार्यालयबाट कानूनसम्मत निर्णय गर्नु पर्ने । साथै अन्य खरिद प्रक्रियाको विषयमा सार्वजनिक खरिद ऐन र नियमको कानूनी द्विविधाको स्थिति नदेखिँदा यस कार्यालयबाट थप राय प्रदान नहुने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**७. राय/परामर्श माग्ने संस्थाको नामः** पूर्वाधार विकास कार्यालय, चौरजहारी, रुकुमपश्चिम ।

**विषयः सिफारिस सम्बन्धमा ।**

पूर्वाधार विकास कार्यालय, चौरजहारी, रुकुमपश्चिम को प.सं. ०७६/७७ योजना शाखा, मिति २०७६।०५।०३ को पत्रबाट मिति २०७६ वैशाख २५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम मिति २०७६ जेठ २४ गते कार्यालयको तोकिएको समय भित्र e-GP System मार्फत भुल्टो-नुवाकोट-अर्मा-पेदी-गराईला-सल्लीचौर-धापागार सडक निर्माण (ठेक्का नं. IDO/RKM/W/NCB/14/075/076) को लागि दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३२ को प्रक्रियाबाट खोलि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम मूल्याङ्कन तथा परिक्षण गर्दा श्री निसान निर्माण सेवा-जे.के. विल्डर्स, कोहलपुर ४ बाँके र श्री राधाकृष्ण एण्ड ब्रोदर्स कन्स्ट्रक्सन कोटेश्वर काठमाडौंले तोकिएका मापदण्डहरु पुरा गरी प्राविधिक प्रस्तावमा सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३४ बमोजिम आर्थिक प्रस्ताव खोली सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६४ बमोजिम मूल्याङ्कन गर्दा दुवै बोलपत्रदाताको कबोल अंक बराबर भएको कुरा जानकारीको लागि अनुरोध छ भनी लेखि आएको ।

सार्वजनिक खरिद ऐन र नियमावलीको कुनै पनि दफा वा नियममा बोलपत्रदाताहरुबाट बराबर अंक कबोल के गर्ने भन्ने प्रष्ट व्यवस्था नभएकोले सो बारे निर्णय गर्न कठिनाई भई अन्यौलता देखिएको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा प्राप्त बोलपत्रहरु रद्द गरी पुनः बोलपत्र आह्वानको प्रक्रियामा जान उपयुक्त हुने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**८. राय/परामर्श माग्ने संस्थाको नामः** मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मंगलसेन, अछाम ।

**विषयः राय परामर्श पाउँ ।**

मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मंगलसेन, आछामको प.सं. ०७६/७७ योजना शाखा, च नं १६३, मिति २०७६।०५।०५ को पत्रबाट यस नगरपालिका अन्तर्गत वडा नं ४ को स्वास्थ्य कार्यालय भवन निर्माणका लागि मिति २०७६।०१।२२ गते नयाँपत्रिका राष्ट्रिय दैनिकमा ई-बिडिंग सूचना प्रकाशित गरिएको ।

उक्त सूचना बमोजिम पेश हुन आएका बोलपत्रको मिति २०७५।०२।२१ गते बोलपत्र खोली मूल्याङ्कन प्रक्रियामा प्रवेश गर्दा पेश हुन आएका बोलपत्रहरु मध्ये श्री के एड कुँवर निर्माण सेवाले बोलपत्र फारम दस्तुर जम्मा गर्ने अन्तिम मिति २०७६।०२।२० को भोलिपल्ट मिति २०७६।०२।२१ गते बोलपत्र फारम दस्तुर जम्मा गरी बोलपत्र पेश गरेकोले उक्त फर्मलाई मूल्याङ्कनमा समावेश नगरी सबैभन्दा कम अंक कबोल गर्ने बोलपत्रदाता श्री इन्द्रधनु अछाम निर्माण सेवा, अछाम छनौट हुन गई मिति २०७६।०३।१७ गते बोलपत्र स्वीकृतिको सात दिने सूचना प्रकाशित गर्दा सो अवधिभित्र लिखित दाविबिरोध पेश हुन नआएकोले सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता इन्द्रधनु अछाम निर्माण सेवालाई सम्झौताका लागि मिति २०७६।०३।२४ गते पत्राचार गरिएकोमा मिति २०७६।०३।२९ गते श्री इन्द्रधनु अछाम निर्माण सेवाले अस्वस्थताको कारण देखाई सम्झौता गर्न आउन नसक्ने भनि असमर्थता पत्र पेश गरेकोले उक्त निर्माण सेवाको बैंक धरौटी जफत गरी त्यस पछिको दोस्रो ग्राह्यताका निर्माण व्यावसायी श्री कौशिक निर्माण सेवा, अछामलाई सम्झौताको लागि मिति २०७६।०३।३० गते पत्राचार गरी मिति २०७६।०४।०२ गते सम्झौता हुन गएको ।

बोलपत्र आह्वान भएको अन्तिम दिनको भोलिपल्ट बोलपत्र दस्तुर दाखिला गर्ने के.एस. कुँवर निर्माण सेवालाई मूल्याङ्कनमा समावेश नगरिएकोमा उक्त निर्माण सेवाले बोलपत्र दस्तुर दाखिला गर्ने अन्तिम मितिको भोलिपल्ट समेत पेश गर्न पाउने कानूनी प्रावधान विद्यमान रहेकोले दोस्रो कम अंक कबोल गर्ने उक्त के.एस निर्माण कम्पनीले उक्त ठेक्का पाउनु पर्ने भनि मागदावी निवेदन पेश हुन आएको तर उक्त कम्पनीलाई सार्वजनिक खरिद ऐनको प्रावधान बमोजिम सुरुवाती चरण मूल्याङ्कनमा नै समावेश नगरी दोस्रो कैशिक निर्माण सेवासँग सम्झौता हुँदा द्विविधा उत्पन्न हुन गएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा २ (ग), दफा २७ को उपदफा ५, दफा ६३ को उपदफा १(ख) र यस कार्यालयबाट जारी भएको Standard Bidding Document मा भएका प्रावधान अनुसार त्यहाँ कार्यालयबाट कानूनसम्मत निर्णय हुनुपर्ने। साथै विद्युतीय प्रणाली प्रयोग गरी बोलपत्र पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र पेश गर्ने अन्तिम दिनको १२ बजे भित्रै बोलपत्र कागजात दस्तुर दाखिला गरेको भएमा समेत उक्त बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न सकिने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**९. राय/परामर्श माग्ने संस्थाको नामः–** शंकर देव क्याम्पस, पुतलीसडक, काठमाडौं ।

**विषयः राय परामर्श उपलब्ध गराइदिने सम्बन्धमा ।**

शंकर देव क्याम्पस, पुतलीसडक, काठमाडौंको प.सं. २७८/०७६/०७७ मिति २०७६।०५।०४ को पत्रबाट क्याम्पसको भवन निर्माण गर्ने कार्यको लागि Construction of MBM Building at Shankar Dev Campus शिर्षकको ठेक्का नं NCB/BCW/MBM/2075/76/2 अनुसार २०७६।०२।१७ मा ३० दिने सूचना प्रकाशन गरी बोलपत्र (e-Bidding) आह्वान गरिएको थियो ।

यस कार्यको लागि क्याम्पसबाट तयार गरिएको बोलपत्रको लागत अनुमान दुई करोड रुपैयाँ भन्दा बढीको रहेको थियो । जसको लागि विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गर्न बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु Single stage two envelope अनुसार व्यवस्था गरिएको थियो। यद्दपी, बोलपत्र आह्वान गर्ने समयमा सार्वजनिक खरिद नियमावली संशोधन भएको र Online system मा संसोधित नियमावली अनुसार नियम परिवर्तन नगरिएको हुँदा Uploadable system बाट बोलपत्र सम्बन्धी कागजातहरु Single stage two envelope अनुसार PPMO को Portal मा Upload गरिएको थियो ।

यसरी आह्वान गरिएको बोलपत्र खोल्ने क्रममा आर्थिक र प्राविधिक प्रस्ताव एकै पटक खोलिन गएको व्यहोरा अनुरोध गर्दछौं । उक्त बोलपत्रको सूचना अनुसार दुई वटा बोलपत्रहरु पेश भएको र प्राप्त प्रस्तावहरु मध्ये न्यून रकम कबोल गर्ने एकमात्र बोलपत्रदाता श्री रामेछाप शेर्पा कन्स्ट्रक्सन प्रा.लि.ले बोलपत्रको मूल्याङ्कन तथा योग्यताको आधारमा रहेको Key Experience र Personnel मा माग गरिएको योग्यता र बोलपत्रदाताले पेश गरेको विवरण फरक परेको व्यहोरा अनुरोध गर्दै हाल उक्त बोलपत्र आंशिक रुपमा मूल्याङ्कन गरी राखिएको स्थगन गरिएको छ ।

यसरी आर्थिक तथा प्राविधिक प्रस्ताव एकैपटक खुल्न गएको तथा प्राप्त बोलपत्रहरुमध्ये न्यून कबोल र कम रहेको बोलपत्रको प्राविधिक प्रस्तावमा पर्न गएको उल्लेखित बमोजिमको बोलपत्रलाई मूल्याङ्कन गर्न मिल्ने/नमिल्ने सम्बन्धमा द्विविधा भई समस्या उत्पन्न भएको ।

माथि उल्लेखित बुँदा अनुसार आह्वान गरिएको र खुल्न गएको बोलपत्रको मूल्याङ्कन प्रक्रिया अघि बढाउन सकिने वा नसकिने, साथै पूर्व योग्यता अनुरुपको योग्यता घटी भएमा संशोधन गरी सच्याउन सकिने नसकिने व्यहोरामा प्रष्ट हुन नसकेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा कार्यालयले माथि उल्लेखित बोलपत्र आह्वान गर्दा Single stage two envelope विधि अपनाउनु पर्नेमा Single stage single envelope विधि अपनाएको र साथै Key activites र Personnel को हकमा कार्यालयले उक्त योग्यताका आधार निर्धारण गर्दा यस कार्यालयबाट जारी भएको Standard Bidding Document मा रहेका Guidelines र Notes लाई पालना नगरेको देखिएकोले सो हदसम्म त्यहाँ सार्वजनिक निकायलाई ध्यानाकर्षण गराउने र पुनः बोलपत्र आह्वानको प्रक्रियामा जान उपयुक्त हुने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**१०. राय/परामर्श माग्ने संस्थाको नाम:-** सूर्यबिनायक-धुलीखेल, धुलीखेल-सिन्धुली-बर्दिवास सडक आयोजना, मिनभवन ।

**विषय:- आवश्यक राय सम्बन्धमा ।**

सूर्यबिनायक-धुलीखेल, धुलीखेल-सिन्धुली-बर्दिवास सडक आयोजना, मिनभवनको प.सं. ०७६/७७, च.नं. ११८, मिति २०७६।०५।११ को पत्रबाट Patch work at Banepa-Sindhuli Section ठेक्का नं SDSBR-337165-076/77-002 को मिति २०७६।०५।१० गते बोलपत्र खोलिएकोमा निर्माण व्यावसायी श्री Shibam Construction, Janakpur-4, Dhanusha द्वारा Upoad गरिएको बैंक जमानतमा यस आयोजनालाई सम्बोधन नगरी श्री Roads Board Nepal, Kathmandu को नाममा बनाईएको देखिएको तथा ठेक्काको नाम र ठेक्का नं केही पनि उल्लेख नगरिएको देखिएको छ ।

निर्माण व्यावसायीद्वारा पेश गरिएको बैंक जमानत यस कार्यालयको नाममा नबनाइएको, ठेक्काको नाम र नं पनि क्रमश: गल्ती तथा उल्लेख नै नगरिएको पाइएकोले भोलिका दिनमा निज निर्माण व्यावसायी अन्य सबै Criteria ले न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएमा Letter of Acceptance जारी गरे पश्चात् तोकिएको दिन भित्र सम्झौता गर्न नआएमा जमानत जफत गर्न खोज्दा बैंक जिम्मेवार हुन नमानेमा नेपाल सरकारलाई नोक्सानी हुन सक्ने आवस्था रहेको छ ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा बोलपत्र साथ पेश हुन आएको बोलपत्र बैंक जमानतमा ठेक्काको नाम र ठेक्का नं उल्लेख नभएको बोलपत्रलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्न नमिल्ने ।"

**(निर्णय मिति: २०७६।०५।१५)**

**११. राय/परामर्श माग्ने संस्थाको नाम:-** नेपाली सेना, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजना ।

**विषय: राय सुझाव सम्बन्धमा ।**

नेपाली सेना, काठमाडौं-तराई/मधेश द्रुतमार्ग (Expressway) सडक आयोजनाको प.सं. १५८५३/फाष्ट ट्र्याक/०७६/७७/२९, मिति २०७६।०५।१६ गतेको श्री काठमाडौं तराई/मधेश फाष्ट ट्र्याक सडक निर्माण आयोजनालाई आवश्यक Design, Planning, Engineering, Procurement, Construction Commissioning and Operation and Maintenance of High Rise Bridges and Pavement works on Engineering Procurement Construction (EPC) Basis All Complete (KTFT/ICB/PQ/BRIDGE/074/075-LOT 1) एउटै प्याकेजको Pre-Qualification कार्यको लागि मिति २०७४।१२।२२ गते "The Rising Nepal" राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी प्रस्ताव पेश गर्न आह्वान गरिएकोमा e-GP Online मार्फत १५ थान प्रस्तावहरु दर्ता भएको । उल्लेखित दर्ता भएको प्रस्तावहरु मध्ये मूल्याङ्कन समितिबाट ६ वटा अन्तर्राष्ट्रिय कम्पनीहरु छनौट भई मिति २०७५।०६।२८ गते सूचना प्रकाशित गरिएको ।

तत्कालिन अवस्थाको ADB द्वारा तयार गरेको Feasibility Studies and Premilinary Design को आधारमा चेनेज 32+940 बाट 72+880 सम्म एउटै प्याकेजमा रहने गरी ६२ वटा विभिन्न प्रकृतिका

पुलहरू निर्माण कार्यको लागि Pre-Qualification गरी अन्तर्राष्ट्रिय ६ वटा निर्माण कम्पनीहरु छनौट गरिएकोमा हालको स्वीकृत डि.पि.आर. बमोजिम रेखांकन परिवर्तन भई उक्त स्थानमा ४८ वटा मात्र पुलहरू निर्माण गर्नु पर्ने भएको ।

Pre-Qualification गर्दा उल्लेख गरिएको पुलको संख्यामा हाल निर्माण गर्नु पर्ने पुलको संख्या घटी भएकोले पूर्व Pre-Qualification गरी छनौट भएको कम्पनीहरुबाट उक्त पुलहरू निर्माण गर्न मिल्ने वा नमिल्ने।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ को उपनियम (क) बमोजिम खरिद आवश्यकताको पहिचान प्रष्ट गरी मात्र खरिद प्रक्रियाको सुरुवात गर्नु पर्नेमा हाल आवश्यकता नै फरक पर्न जानुको पर्याप्त कारण एवं आधारहरु स्पष्ट हुन नसकेको देखिँदा त्यहाँबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट थप राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।२२)**

## १२. राय/परामर्श माग्ने संस्थाको नामः– गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौं ।

**विषयः राय परामर्श माग गरिएको सम्बन्धमा ।**

गोकर्णेश्वर नगरपालिका, जोरपाटी, काठमाडौंको प.सं. ०७६/७७, च.नं. २६२, मिति २०७६।०५।१९ को पत्रबाट मिति २०७६।०३।०३ मा प्रकाशित ठेक्का नं GOMUN/BUILDING/NCB-02(075/76) को ठेक्का मिति २०७६।०४।०२ मा खोलिएको र सोहीको मूल्याङ्कन गर्ने क्रममा सबै भन्दा न्यून (Lowest Bidder) ले पेश गरेको Bid Bond Security को निम्ति जारी भएको Bank Guarantee मा ठेक्का नं गलत भएको पाइयो ।

मिति २०७६।०४।०१ मा श्री कृषि विकास बैंक, मुख्य शाखा चावहिलबाट जारी Bid Security No. BB/105/2551/4993/19 मा ठेक्का नं GOMUN/BUILDING/NCB-02(075/76) हुनु पर्नेमा GOMUN/ROAD/NCB-01(075/76) उल्लेखित भएको । उक्त ठेक्का प्रक्रियाको मूल्याङ्कन कार्य सुरु भए पश्चात् मिति २०७६।०४।१३, च.नं. ४५ को प्राप्त पत्रबाट उक्त बैंकले ठेक्का नं GOMUN/BUILDING/NCB-02(075/76) हुनु पर्नेमा भूलवस अन्यथा भएकोले सच्याईएको छ भन्ने व्यहोराको पत्र प्राप्त भएको सन्दर्भमा उक्त बोलपत्र मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने विषयमा द्विविधा उत्पन्न भएको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ र यस कार्यालयबाट जारी भएको नमूना बोलपत्र कागजातको ITB को Bid Security खण्डमा रहेका प्रावधान अनुसार त्यहाँ कार्यालयबाटै कानूनसम्मत निर्णय हुनुपर्ने देखिँदा यस कार्यालयबाट थप राय प्रदान गरीरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।२२)**

**१३. राय/परामर्श माग्ने संस्थाको नाम:–** पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवन ।

**विषयः राय परामर्श उपलब्ध गराई दिने सम्बन्धमा ।**

पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनको प.सं. ०७६/७७, च.नं. ११९, मिति २०७६।०५।१२ को पत्रबाट ३ नं प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत मकवानपुर र चितवन जिल्ला कार्यक्षेत्र भएको पूर्वाधार विकास कार्यालय चितवनले आफ्नो स्वीकृत वार्षिक कार्य योजना अनुसार मिति २०७६।०२।५ मा राष्ट्रिय दैनिक "सौर्य" पत्रिकामा Design and Build of Rapi Bridge at Hetauda 11 and 12 Makwanpur Contract ID-IDO/CHT/W/NCB/54/075-76 सूचना प्रकाशित गरिएकोमा प्रकाशित सूचना अनुसार बोलपत्र दर्ता हुने अन्तिम मिति २०७६।०३।०३ गते दिनको १२ बजे भित्र e-GP मार्फत ८ बोलपत्रहरु पेश हुन आएका थिए ।

८ वटा बोलपत्रदाता मध्ये बोलपत्रदाता श्री ANK-Himsagarmatha JV मध्ये ANK Construction ले VAT दर्ता प्रमाण पत्र पेश नगरेको । बोलपत्रदाता श्री .Sharma-Kanchharam-Amar JV मध्ये कान्छाराम कन्स्ट्रक्सन (प्रा) लि. को इजाजत पत्र र उद्योग दर्ता प्रमाणपत्र पेश हुन नआएको कारणले माथि उल्लेखित बोलपत्रहरु प्राविधिक प्रस्तावमा अस्वीकृत गर्ने निर्णय गरिएको । मिति २०७६।०५।१५ मा आर्थिक प्रस्ताव खोलिने व्यहोरा स्वीकृत/अस्वीकृत सबै बोलपत्रदाताहरुलाई ई-मेल मार्फत जानकारी गराईएकोमा प्राविधिक प्रस्तावमा सफल हुन नसक्ने ANK-Himsagarmatha JV ले आफु टेक्निकल बिडमा सफल हुन पर्ने विभिन्न कारण खोली त्यहाँ सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवज्यू लाई बोधार्थ दिई मिति २०७६।०५।११ मा यस कार्यालयमा निवेदन दर्ता गराउनु भएको छ । वहाँले दर्ता गराउनु भएको निवेदन अध्ययन गरी हेर्दा यस कार्यालयबाट भएको प्राविधिक मूल्याङ्कनलाई संशोधन गर्नु पर्ने अवस्था पाइएन । उक्त निवेदनमा वहाँले आफू प्राविधिक प्रस्तावमा सफल हुन पर्ने भन्ने जिकिर गर्दा त्यहाँ समेत बुझी निर्णय गर्न अनुरोध गर्नु भएको हुँदा, सो सम्बन्धमा त्यहाँ समेतबाट बुझी प्राप्त हुने निर्देशन समेतलाई मध्यनजर गरी निर्णयमा पुग्नु पर्ने अवस्था सिर्जना भएको ।

बोलपत्रदाताले ITB 28, 29, 30 र अन्य बुँदाको अवमूल्यन हुने गरी बोलपत्रको Technical Bid Evaluation गरियो भनी त्यहाँ समेत बोधार्थ दिई निवेदन पेश गरेको हुँदा त्यहाँको परामर्श नभई Financial प्रस्ताव खोल्न तय गरिएको मिति २०७६।०५।१५ मा Financial Bid खोल्न नसकिने अवस्था भएको त्यसैगरी Technical प्रस्तावमा अस्वीकृत भएका प्रस्तावदाता Sharma-Kanchharam-Amar JV मध्ये कान्छाराम कन्स्ट्रक्सन कम्पनीले इजाजत पत्र र उद्योग दर्ता प्रमाण पत्र पेश नभएको आधारमा Technical प्रस्ताव अस्वीकृत गरिएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा Mandatory Document को हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० मा प्रष्ट व्यवस्था रहेकोले कानूनी द्विविधा नदेखिँदा यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।२२)**

**१४. राय/परामर्श माग्ने संस्थाको नामः–** प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंको प.सं. १-०३-०५(२०७६/०७७), च.नं. २१९, मिति २०७६।०५।१७ को पत्रबाट जिल्ला प्रहरी कार्यालय गोरखा मातहत इलाका प्रहरी कार्यालय ताकुकोट निर्माण कार्य गर्ने निर्माण व्यावसायी कोशी एण्ड न्यौपाने निर्माण प्रा.लि.ले मिति २०७५।०३।१३ गते सम्झौता भई ३६५ दिनको म्याद दिइएकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न गर्न नसकेको हुँदा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार तोकिएको म्याद भित्र नै निर्माण कार्यको नौ महिना म्याद थपको लागि निवेदन पेश गरेको भएतापनि उक्त समयमा सार्वजनिक खरिद नियमावलीको संशोधन भई आएकोले उक्त नियमावली (छैठौ संशोधन) अनुसार १५ प्रतिशत मात्र म्याद थप गरिएको । तर उक्त थप गरिएको समय भित्र निर्माण व्यावसायीले निर्माण कार्य सम्पन्न गर्न नसकेको र हाल आएर सार्वजनिक खरिद नियमावली (आठौं संशोधन) भएकोले उक्त नियमावली अनुसार एक वर्ष सम्मको लागि म्याद थप गर्न सकिने भन्ने उल्लेख भएको हुँदा निज निर्माण व्यावसायीले सार्वजनिक खरिद नियमावली छैठौं संशोधन अगाडि नै नियम बमोजिम माग गरे अनुसारको नौ महिनासम्मको अवधि माग गरेको । सार्वजनिक खरिद नियमावलीको संशोधन भई आएकोले उक्त नियमावली (छैठौं संशोधन) अनुसार १५ प्रतिशत मात्र म्याद थप गरिएको । तर उक्त थप गरिएको समय भित्र निर्माण व्यावसायीले निर्माण कार्य सम्पन्न गर्न नसकेको र हाल आएर सार्वजनिक खरिद नियमावलीको (आठौं संशोधन) भएकोले उक्त नियमावली अनुसार एक वर्ष सम्मको लागि म्याद थप गर्न सकिने भन्ने उल्लेख भएको हुँदा निज निर्माण व्यावसायीले सार्वजनिक खरिद नियमावली छैठौं संशोधन अगाडि नै नियम बमोजिम माग गरे अनुसारको नौ महिनासम्मको अवधि थप गर्न द्विविधा परेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा सार्वजनिक खरिद नियमावली (आठौं संशोधन) को नियम १२० मा प्रष्ट व्यवस्था भएकोले कानूनी द्विविधा नदेखिँदा यस कार्यालयबाट थप राय दिइरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।२२)**

**१५. राय/परामर्श माग्ने संस्थाको नामः–** लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी, रुपन्देही ।

**विषयः राय उपलब्ध गराई दिने बारे ।**

लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी, रुपन्देहीको प.सं. ०७६/७७, च.नं. २८६, मिति २०७६।०५।२२ को पत्रबाट (क) आ.व. २०७५/०७६ मा सञ्चालित वडा नं. ५ को भवन निर्माणका लागि टेण्डर आह्वान गरिएको र टेण्डर खोली मुचुल्का उठाई मूल्याङ्कनको क्रममा रहेकोमा लागत अनुमानमा प्लास्टर आइटम छुट भएको तथा पेन्टिङ्ग उल्लेख भएको पाइएकोले प्लास्टर नभई पेंटिङ्ग नहुने भएकोले उक्त टेण्डर पुनः निकाल्ने वा सदर गर्ने भनी विषयमा अन्यौल सिर्जना भएको ।

(ख) कुनै फर्मलाई टेण्डर डकुमेन्ट बिक्री गर्दा भूलवस कर चुक्ता प्रमाण पत्र नभई डकुमेन्ट दिइएको

साथै सबैभन्दा न्यूनतम बोल कबोल अंक उक्त फर्मकै रहेको, यद्दपी सूची दर्ता तथा व्यवसाय नवीकरण गर्दा यस कार्यालयमा सूचना निस्कनु भन्दा पहिलै नै उक्त प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त फर्मलाई मूल्याङ्कन प्रक्रियामा लैजाने भन्ने विषयमा अन्यौल सिर्जना भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा त्यहाँ कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्दा नियम ९ मा उल्लेखित कुराहरु बिचार गर्नुपर्ने देखिँदा कार्यालयबाट भएको त्रुटीको हदसम्म सार्वजनिक खरिद ऐनको दफा ५क को उपदफा (२) अनुसार ध्यानाकर्षण गराउँदै र साथै अन्य विषयको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० मा प्रष्ट व्यवस्था रहेकोले कानूनी द्विविधा नदेखिँदा यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।२९)**

## **१६. राय/परामर्श माग्ने संस्थाको नामः–** जिल्ला प्रहरी कार्यालय, दोलखा ।

**विषयः राय परामर्श उपलब्ध गराईदिन हुन ।**

जिल्ला प्रहरी कार्यालय दोलखाको च.नं. ८२२ मिति २०७६।०६।०६ को पत्र अनुसार प्रहरी चौकी भैंसे दोलखा भवन निर्माण सम्बन्धमा मिति २०७६।०३।०१ गते विद्युतीय बोलपत्र आह्वान गरिएको, मिति २०७६।०३।३१ गते प्राविधिक प्रस्ताव खोलिएको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्रहरी चौकी भैंसे निर्माणको लागि खोलिएको प्राविधिक प्रस्तावमा कुनै पनि बोलपत्रदाता योग्य नभएको भनि मिति २०७६।०५।१२ गते पुनः १५ दिने विद्युतीय बोलपत्र आह्वान गरी सूचना प्रकाशित गरिएकोमा मिति २०७६।०५।१६ गते बोलपत्रदाता गाल्वा निर्माण सेवा प्रा.लि., बानेश्वर १०, काठमाडौंले पेश गरेको बोलपत्रलाई पुनः प्राविधिक मूल्याङ्कनमा समावेश गराई पाउँ भनि यस कार्यालयमा निवेदन परेको हुँदा मिति २०७६।०५।१७ गते बसेको मूल्याङ्कन समितिको बैठकले निर्माण व्यावसायीबाट प्राप्त निवेदन उपर छलफल गरी IFB NO- 3/STATE/DLK/BHS/2075/076-03 को बोलपत्रहरुको पुनः प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्न मिति २०७६।०५।१२ गते पुनः १५ दिने विद्युतीय बोलपत्र आह्वान निकालिएको सूचना रद्द गर्ने गरी निर्णय भएको ।

मिति २०७६।०५।१२ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा IFB NO- 3/STATE/DLK/BHS/2075/076-03 मा परेको कुनै पनि बोलपत्र प्राविधिक प्रस्तावमा योग्य नभएको भनि पुनः १५ दिने सूचना निस्किएकोमा मिति २०७६।०५।१७ गते मूल्याङ्कन समितिले उल्लेखित बोलपत्रहरुको पुनः प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्ने भनि निर्णय गरेकोमा सोहि अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरिएकोमा रद्द गरिएका बोलपत्रहरुको पुनः प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने ? यदि नमिल्ने भए के-कसरी कुन प्रक्रिया अनुसार अगाडि बढ्नु पर्ने हो ? साथै पुनः बोलपत्रको आह्वान गर्न मिल्छ कि मिल्दैन ?

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा त्यहाँ कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(३) मा उल्लेख भएको प्रावधान अनुसार प्रक्रिया अगाडि बढाउनुपर्ने देखिँदा कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०६।१५)**

**१७. राय/परामर्श माग्ने संस्थाको नामः-** डिभिजन वन कार्यालय, दाङ, घोराही ।

**विषयः राय परामर्श बारे ।**

डिभिजन वन कार्यालय, दाङ, घोराहीको प.सं. ०७६/७७, च.नं. २६८, मिति २०७६।०६।०२ को पत्रबाट आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दंगीशरण गा.पा.मा "दंगीशरण थारु कल्चरल भिलेज पार्क निर्माण" कार्यका लागि बोलपत्र आह्वान भई रु. १५,४०,३७५।९८ (मू.अ. कर सहीत) मा मेट्रि कन्स्ट्रक्सन प्रा.लि., ललितपुर महानगरपालिका ४ बागडोलसँग मिति २०७६।०२।२६ मा सम्झौता भई मिति २०७६।०३।२५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त अवधिमा निर्माण कार्य नभएको ले, निर्माण सम्बन्धी कुनै पनि रकम खर्च हुन सकेन । उक्त शिर्षकमा प्रशासनिक कार्य वापत सूचना प्रकाशन लगायतका कार्यमा रु. १३,१८७- मात्र खर्च भएको देखिन्छ। निर्माण कम्पनीले म्याद थपको लागि निवेदन दिएकोमा समय अभाव र वर्षात्को कारणले कार्य गर्न नसकेको उल्लेख भएको छ । अतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम त्यहाँबाट राय परामर्श माग गरिएको ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम ६ अनुसार म्याद थप नहुने अवस्थामा ठेक्का रद्द गरी निजले नियमानुसार राखेको नेपाल बंगलादेश बैंक हापुरे शाखाबाट ३१ मे २०१९ मा जारी भएको र ३० जुन २०२० सम्म म्याद भएको पर्फर्मेन्स वन्ड ग्यारेन्टी जफत गर्न मिल्ने वा नमिल्ने भन्ने विषयमा स्पष्ट हुन नसकिएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा त्यहाँ कार्यालयले प्रयोग गरेको सम्झौता कागजात तयार गर्दा यस कार्यालयबाट जारी भएको Standard Bidding document अनुसार हुनुपर्नेमा अन्यथा भएको देखिँदा कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०६।१५)**

**१८. राय/परामर्श माग्ने संस्थाको नामः-** पूर्वाधार विकास कार्यालय, गाईघाट, उदयपुर ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

पूर्वाधार विकास कार्यालय, गाईघाट, उदयपुरको प.सं. २०७६/७७, च.नं. ६२, मिति २०७६।०५।३१ को पत्रबाट मिति २०७६।०२।०३ मा यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने खोटाङ तथा उदयपुर जिल्ला अन्तर्गत विभिन्न बहुवर्षिय सडकको निर्माण कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा

जारी भएको Standard Bidding document (Single stage Double Envelope System) अनुसार बोलपत्र आह्वान भएको । यस सम्बन्धमा बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६।०३।०२ भित्र रित पूर्वक e-Submission बाट पेश हुन आएका बोलपत्रहरुको प्रविधिक प्रस्ताव मूल्याङ्कन गरी मिति २०७६।०५।३१ गते आर्थिक प्रस्ताव खोल्न मिति २०७६।०५।२४ गते सार्वजनिक सूचना गरिएको । मिति २०७६।०५।२५ गते ओएसिस इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि, लाजिम्पाट, काठमाडौंले सार्वजनिक खरिद ऐनको दफा ४७ बमोजिम प्राविधिक प्रस्ताव मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दर्ता गराएको । सोहि अनुसार मिति २०७६।०५।३० गते आर्थिक प्रस्तावको मूल्याङ्कन स्थगनको लागि सार्वजनिक सूचना गरिएको । उक्त बोलपत्रदाताले २०७६।०५।२५ मा पेश गरेको निवेदनमा प्राविधिक प्रस्ताव मूल्याङ्कनमा Line of Credit को सम्बन्धमा Standard bidding document मा उल्लेख भएको ढाँचा अनुसार नै Line of Credit हुनुपर्ने आशयको व्यहोरा उल्लेख गरेको । सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं संशोधन (मिति २०७६।०१।३०) नियम ६५ बमोजिम Line of Credit ढाँचा अनुरुप हुनुपर्ने व्यवस्था भएकोले विड डकुमेन्टमा समावेश गरी बोलपत्र आह्वान गरिएको । बोलपत्र खोल्ने मिति २०७६।०३।०२ अगावै सार्वजनिक खरिद नियमावली २०६४ को सातौं संशोधन (मिति २०७६।०२।२३) मा उक्त प्रावधान झिकिएकोले द्विविधा भएको ।

सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं संशोधन (मिति २०७६।०१।३०) नियम ६५ बमोजिम Line of Credit ढाँचा अनुरुप हुनुपर्ने व्यवस्था भएकोले विड डकुमेन्टमा समावेश गरी बोलपत्र आह्वान गरिएको । बोलपत्र खोल्ने मिति २०७६।०३।०२ अगावै सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधन (मिति २०७६।०२।२३) हुँदा उक्त व्यवस्था झिकिएकोले अन्यौल पर्न गएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको Standard Bidding Document मा संलग्न फरमेट अनुसारको Line of Credit मात्र मान्य हुने ।"

**(निर्णय मितिः २०७६।०६।१५)**

**१९. राय/परामर्श माग्ने संस्थाको नामः–** कमेरोटार जग्गा एकीकरण आयोजना, मध्यपुर ठिमी, भक्तपुर ।

**विषयः– राय परामर्श सम्बन्धमा ।**

कमेरोटार जग्गा एकीकरण आयोजना, मध्यपुर थिमि, भक्तपुरको प.सं. ०७५/७६(प्रा.), च.नं. ४३, मिति २०७६।०६।२७ को पत्रबाट भौतिक पूर्वाधार निर्माण कार्य अन्तर्गत Road Upgrading, Storm Water Drainage Water Supply network and Electricity HT/LT line works ठेक्का नं KLPP02/075/076 को लागि बोलपत्र इलेक्ट्रोनिक्स खरिद प्रक्रियाबाट मिति २०७६।०३।०२ मा बोलपत्र आह्वान भई मिति २०७६।०४।०१ भित्र पर्न आएका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सोहि मितिमा खोल्ने कार्य भएको । यस विषयमा, सार्वजनिक खरिद नियमावलीको सातौं संशोधन २०७६।०२।२३ मा नेपाल राजपत्रमा प्रकाशित भईसकेको भएतापनि Standard Bid Document मा परिमार्जन

भईनसकेको कारणले सोही नियमावलीको छैठौं संशोधन समेटिएको Standard Bid Document को आधारमा बोलपत्र सम्बन्धी कागजात (खास गरी बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधार) तयार भएको कारणले बोलपत्र सम्बन्धी कागजात र बोलपत्र प्रकाशित भएको मितिमा तत्काल प्रचलित कानूनमा एकरुपता देखिएन । अतः प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन गर्नको लागि बोलपत्र सम्बन्धी कागजात बमोजिम नै मूल्याङ्कन गर्ने वा तत्काल प्रचलित कानून अर्थात् सातौं संशोधनले गरेको प्रक्रिया अवलोकन गर्ने भन्ने विषयमा समस्या परेको ।

यस कार्यालयले Standard Bid Document तयार पार्दा Standard Bid Document मा छैठौं संशोधनले गरेको प्रावधान समेटिएको तर सातौं संशोधन परिमार्जन गरे बमोजिम उक्त Standard Bid Document परिमार्जित भईसकेको अवस्था थिएन । यसैले मूल्याङ्कन गर्दा कुन चाहीँ संशोधनलाई अवलम्बन गर्ने भन्ने कुरामा द्विविधा भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधन मिति २०७६।०२।२३ गते राजपत्रमा प्रकाशित भएको र उक्त ठेक्का २०७६।०३।०२ मा आह्वान भएकोमा त्यहाँ कार्यालयले सार्वजनिक खरिद नियमावलीको छैठौं संशोधन बमोजिम बोलपत्र कागजात तयार गरेको देखिन्छ। तसर्थ नियमावलीको सातौं संशोधनमा भएका संशोधन जस्तै ITB 4.7(d) हटाईएको, ITB 30.6, 35.7, 39.3 लाई संशोधन गरिएको, Bid Capacity सम्बन्धी प्रावधान खारेज गरिएको (FIN-4 र FIN-5 हटाईएको) विषयहरु बोलपत्र कागजातमा नसमेटिएको देखिँदा त्यहाँ कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०६।३०)**

## २०. राय/परामर्श माग्ने संस्थाको नामः- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

**विषयः- राय परामर्श सम्बन्धमा ।**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौंको प.सं. २०७६/७७, च.नं. ६०/४९४, मिति २०७६।०६।०७ को पत्रबाट मालपोत कार्यालय नवलपरासीको भवन निर्माणको ठेक्का श्री बाबुल दिव्य जेभीसँग मिति २०७५।०६।३० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त जेभीले पटक पटक म्याद थप गर्दा समेत समयमा सो कार्य सम्पन्न गर्न नसकेकोले म्याद थप गर्न समस्या रहेको ।

सघन शहरी तथा भवन निर्माण आयोजना चितवनको प्राविधिक प्रतिवेदनका आधारमा निर्माण व्यावसायीको ढिलासुस्ती लापरवाहीका कारण समयमा काम सम्पन्न गर्न नसकेको हुँदा सार्वजनिक खरिद नियमावलीको नियम १२१ पूर्व निर्धारित क्षतिपूर्ति अनुसार क्षतिपूर्ति लगाई म्याद थप गर्न उपयुक्त हुने वा क्षतिपूर्ति लगाए पश्चात् म्याद थप गर्नु नपर्ने सम्बन्धमा द्विविधा परेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ आकर्षित गरेपश्चात् १२० लाई आकर्षित गर्नु उपुक्त नहुने ।"

**(निर्णय मितिः २०७६।०६।३०)**

## २१. राय/परामर्श माग्ने संस्थाको नामः– शहरी विकास तथा भवन कार्यालय, प्रदेश नं १, विराटनगर ।

**विषयः राय परामर्श उपलब्ध गराई दिने सम्बन्धमा ।**

शहरी विकास तथा भवन कार्यालय, प्रदेश नं १, विराटनगरको प.सं. ०७६/७७, च.नं. ३५०, मिति २०७६।०६।२४ को पत्रबाट मिति २०७६।०३।३० गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तथा www.bolpatra.gov.np/e-GP Portal मा समेत प्रकाशित Amendment of Bid document मिति २०७६।०४।२७ को सूचना नं UDBO/Morang/NCB/Works/05-2075/76 को ठेक्का नं UDBO/Morang/NCB/Works/05-2075/76-Transport Management office itahari Sunsari, Driving license Building Construction work को सम्बन्धमा न्यू ड्राइगन निर्माण सेवा, पेखारीचौरी ८, काभ्रेले मिति २०७६।०६।१५ गते त्यस कार्यालयमा आवश्यक छानबिन गरी पाउँ भन्ने बारेको पत्रको बोधार्थको सन्दर्भमा e-Bid बाहेकको email बाट प्राप्त कागजातलाई प्राविधिक मूल्याङ्कनमा समावेश गर्न मिल्ने की नमिल्ने ? मिति २०७६।०४।२७ गते नै Bid Addendum गरेर विवरण माग गरिएकोमा बोलपत्रदाता न्यू ड्राईगन निर्माण सेवा e-Bid मार्फत Technical bid document को Section 3. EQC, 2.3.4 Required Bid Capacity र सो को Supporting form FIN-4 (Bid capacity), form FIN-5 (Contract Commitments/work in progress) को कुनै पनि कागजातहरु पेश नगरेको पाइएकोले Technical Bid मा Reject गरिएको ।

न्यू ड्राईगन निर्माण सेवालाई Technical Bid Response मा Reject गरिएपछि सो को सूचना निजको र प्रभावग्राही बोलात्रदाताको e-mail मा प्राविधिक बोलपत्र स्वीकृतिको आशयको सूचना पठाएपछि निजले सा.ख.अ कार्यालय, ताहाचल, काठमाडौंलाई उक्त ठेक्काको छानबिन गरी पाउँ भनी परेको निवेदनको बोधार्थको पत्र प्राप्त भएको छ । सो सम्बन्धमा निजले यस कार्यालयको e-mail मा Contract Commitment FIN-5 पठाएको र उक्त e-mail को FIN-5 यस Technical Bid Evaluation मा समावेश गरेको छैन । साथै यस सन्दर्भमा यस कार्यालयबाट सम्बन्धित बोलपत्रदाताहरुलाई मौखिक अथवा लिखित जानकारी दिई कुनै पनि कागजात माग नगरिएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को सातौं संशोधन मिति २०७६।०२।२३ गते राजपत्रमा प्रकाशित भएको र उक्त ठेक्का २०७६।०३।३० मा आह्वान भएकोमा त्यहाँ कार्यालयले सार्वजनिक खरिद नियमावलीको छैठौं संशोधन बमोजिम बोलपत्र कागजात तयार गरेको देखिन्छ । तसर्थ नियमावलीको सातौं संशोधनमा भएका संशोधन जस्तै ITB 4.7(d) हटाईएको, ITB 30.6, 35.7, 39.3 लाई संशोधन गरिएको, Bid Capacity सम्बन्धी प्रावधान खारेज गरिएको (FIN-4 र FIN-5 हटाईएको) विषयहरु बोलपत्र कागजातमा नसमेटिएको देखिँदा त्यहाँ कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०६।३०)**

**२२. राय/परामर्श माग्ने संस्थाको नामः–** त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान।

**विषयः** PPMO **को आठौँ संशोधनमा रहेको** Line of Credit, Fin-4 र Fin-5 **को बारेमा स्पष्ट पारिदिने सम्बन्धमा ।**

त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानको प.सं.च.नं १३५/२०७६/७७ (iecslet-1), मिति २०७६।०५।२५ को पत्रबाट त्रि.वि. पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागको बल्खु स्थित जग्गामा निर्माण हुन लागेको Project: "Construction of Academic and Administrative Building" Contract ID: JMCTU/2075/76/01 को बोलपत्र पेश गर्ने निर्माण व्यावसायीहरु मध्ये Nepal Adarsha Nirman Company Pvt.Ltd ले Fin-4, Fin-5 भरेको भने पनि Bid Response मा नभेटिएको र थप दुईको Line of Credit को ढाँचा नमिलेकोले Technical Evaluation मा ढिला हुन गएकोले निर्णय लिन समस्या परेको।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा Rabina Construction Pvt.Ltd र BKOI-Pachali Bhairab JV को हकमा सार्वजनिक खरिद नियमावली, २०६४, आठौं संशोधनको नियम ६५ मा प्रष्ट व्यवस्था रहेकोले यस कार्यालयबाट जारी भएको Standard Bidding Document मा संलग्न फरमेट अनुसारको Line of Credit मात्र मान्य हुने।

साथै Nepal Adarsha Nirman Company Pvt. Ltd को हकमा यस कार्यालयबाट मिति २०७६।४।२९ मा सार्वजनिक निकायले बोलपत्र तयार गर्दा वा बोलपत्रदाताले बोलपत्र पेश गर्दा Uploadable प्रणाली मात्र प्रयोग गर्न सार्वजनिक सूचना जारी भएकोले त्यहाँ कार्यालयबाट प्रकाशित बोलपत्र कागजातमा FIN-4 र FIN-5 प्रणालीबाटै तयार हुने व्यवस्था नरहेको र उक्त कार्यालयबाट २०७६।०४।२९ मा बोलपत्र संशोधन मार्फत FIN-4 र FIN-5 संलग्न गरी सो अनुसार डकुमेन्ट माग भएको हुँदा सो अनुसार प्राप्त डकुमेन्टका आधारमा मूल्याङ्कन प्रक्रिया अगाडि बढाउनु पर्ने।"

**(निर्णय मितिः २०७६।०७।१९)**

**२३. राय/परामर्श माग्ने संस्थाको नामः–** मनाङ जिल्ला अस्पताल, चामे, मनाङ।

**विषयः बोलपत्रको प्राविधिक मूल्याङ्कनको लागि राय परामर्श सम्बन्धमा ।**

मनाङ जिल्ला अस्पताल चामे मनाङको च.नं. ६५, मिति २०७६।०६।०९ को पत्र अनुसारः

- e-Bid बाट परेका ५ वटा बोलपत्रदाताहरु मध्ये प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा समानान्तर निर्माण सेवाको Bid Response मा key activities अन्तर्गत कार्यालयले मागेको Stone Masonry 860 cum. को विवरण तथा त्यसको पुष्टि हुने कागजात नभएको सो का लागि Clarification सहितको कागजात माग्नुपर्ने या नपर्ने द्विविधा भएको।

- M/M Shanti Om Buddha JV को Bid Response मा मागिएको २१०२३९०० Credit Line (main partner ८४०९५६० र Lag-Partner ५२५५९७५) PPMO को Standard Bidding Document Creditline Format हुनुपर्नेमा Om Buddha Engineering को Credit Line को कागजात PPMO ले तोकेको भन्दा भिन्न देखिएको सो कागजातलाई मान्यता दिने वा नदिने द्विविधा भएको ।
- Danfe Mahadev Khimti Caravan JV को Bid Response मा Bid Capacity सँग सम्बन्धित FIN4 र FIN5 format नदेखिएको र सो बिना Bid Capacity निर्क्यौल नहुने हुँदा सो सम्बन्धी CaLrification सहितको कागजात माग्नुपर्ने हो होईन या Bid Capacity case मा सो बोलपत्रदाता अनुत्तीर्ण ठहर गरी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने हो भन्ने द्विविधा भएको ।

  हालै राजपत्रमा प्रकाशित सार्वजनिक खरिद नियमावलीको आठौं संशोधनको नियम ६५ को उपनियम ४(ग), ४(च) र ४(छ) अनुरुप यस प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा द्विविधा आइपरेको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को आठौं संशोधन मिति २०७६।०४।१६ गते राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेको अवास्थामा त्यहाँ कार्यालयबाट मिति २०७६।०४।१७ मा बोलपत्र कागजात प्रकाशन भएको साथै यस कार्यालयबाट आठौं संशोधनको अनुकूल Standard Bid Document मिति २०७६।०४।२२ मा जारी भैसके पश्चात् त्यहाँ कार्यालयबाट संशोधन गर्न सक्ने अवस्था रहँदा रहँदै त्यहाँबाट Bid Addendum मार्फत आठौं संशोधनलाई समेट्ने प्रावधानहरु जारी नभएको देखिँदा त्यहाँ कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०७।२१)**

## २४. राय/परामर्श माग्ने संस्थाको नामः– भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २०७६/७७, च.नं. यो. ७४/६३३, मिति २०७६।०७।०८ को पत्रबाट भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको पुरुष छात्राबास भवनको रेट्रोफिट कार्यका लागि श्री आर.यू. मैनाली कन्स्ट्रक्सन, नयाँ बानेश्वर काठमाडौंसँग रु. ६७,६७,५६८।२४ (मू.अ.कर समेत) मिति २०७३।०३।२४ मा सम्पन्न गर्ने गरी मिति २०७३।०१।२० मा सम्झौता भएको । श्री आर.यु. मैनाली कन्स्ट्रक्सन काठमाडौंको मिति २०७३।०३।१४ को पत्रबाट डिजाइन र नक्सा अनुसार आवश्यक पर्ने आइटमको परिमाणमा वृद्धि भएकोले बिम र कोलमको कार्य सम्पन्न नभई अन्य कार्य गर्न नमिल्ने भएकोले प्राविधिकको सुझाव अनुसार म्याद थप गरी पाउँ भनि निवेदन दिएको । सोही अनुसार शहरी विकास तथा भवन डिभिजन कार्यालय काभ्रेपलाञ्चोकको पत्रानुसार दोस्रो रनिङ्ग बिलसम्म भुक्तानी भैसकेको र केही कार्यमा जटिलता हुन आएको भनि पुनः इस्टिमेट भई आएको साथै ८० प्रतिशत कार्य सम्पन्न भएको भनि उल्लेख गरेको पत्रबाट देखिन्छ ।

हाल सार्वजनिक खरिद (आठौं संशोधन) नियमावली, २०७६ को नियम १२० को उपनियम ६ बमोजिम श्री आर.यू. मैनाली कन्स्ट्रक्सनले २०७६/७७ को दररेट अनुसार बाँकी कार्य गर्न इच्छुक भै म्याद थपका

लागि निवेदन पेश गरेको । सार्वजनिक खरिद (सातौं संशोधन) नियमावली, २०६४ को नियम १२० को उपनियम ५ मा उपनियम (३) र (४) बमोजिमको म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधिभित्रै गरिसक्नु पर्नेछ भन्ने व्यवस्था रहेको र सार्वजनिक खरिद (आठौँ संशोधन) नियमावली, २०७६ को नियम १२० को उपनियम ६ मा रहेको व्यवस्थापनमा द्विविधा भएकोले कार्यान्वयनमा समस्या रहेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ (आठौं संशोधन) को नियम १२० मा प्रष्ट व्यवस्था रहेकोले सोहि अनुसार त्यहाँ कार्यालयबाट निर्णय गर्नु हुन ।"

**(निर्णय मितिः २०७६।०७।२१)**

**२५. राय/परामर्श माग्ने संस्थाको नामः–** नेपाल विद्युत प्राधिकरण, बुर्तिबांङ-पौदी अमराई-तम्घास -सन्धिखर्क-गोरुसिङ्गे १३२ के.भी.प्र.ला.आयोजना ।

**विषयः– राय माग गरिएको सम्बन्धमा ।**

नेपाल विद्युत प्राधिकरण, बुर्तिबांङ-पौदी अमराई-तम्घास-सन्धिखर्क-गोरुसिङ्गे १३२ के.भी.प्र.ला. आयोजनाको प.सं. २०७६/७७, च.नं. १००, मिति २०७६।०७।०६ को पत्रबाट मिति १४।०८।२०१९ मा IFB No. BPTSG-NCB-075/76-01 को बोलपत्र आह्वान गरी प्राविधिक प्रस्तावको मूल्याङ्कनको क्रममा रहेको । सोही क्रममा बोलपत्रदाता M/S Mahavir Shree International Pvt. Ltd. ले घोषणा पत्रमा M/S High Vision Engineering Pvt. Ltd आफ्नो १०० प्रतिशत स्वामित्व भएको सहायक कम्पनी रहेको भनि यस आयोजनामा बोलपत्र साथ पत्राचार गर्नुको साथै सो सहायक कम्पनीको कार्य-अनुभव पत्र समावेश गरी बोलपत्र पेश गर्न आएको देखिन्छ । साथै बोलपत्र साथ पेश भएको M/S High Vision Engineering Pvt. Ltd. को प्रवन्ध पत्रमा बोलपत्रदाता M/S Mahavir Shree International Pvt. Ltd. को ८० प्रतिशत शेयर संख्या मात्र रहेको देखिन आएको । बोलपत्रदाता M/S Mahavir Shree International Pvt. Ltd. को ८० प्रतिशत शेयर संख्या मात्र रहेको देखिन आएको । बोलपत्रदाता M/S Mahavir Shree International Pvt. Ltd. ले सहायक कम्पनी M/S High Vision Engineering Pvt. Ltd. बाट सो कम्पनीको कार्य अनुभव पत्र बोलपत्रमा समावेश गर्न कुनै पनि अधिकारिक स्वीकृति लिएको पत्र पनि बोलपत्र साथ पेश गरिएको नदेखिएको ।

१०० प्रतिशत स्वामित्व रहेको तथा आंशिक स्वामित्व रहेको सहायक कम्पनीहरुको कार्य अनुभव, मुख्य बोलपत्रदाताको कार्य अनुभव सरह मानि बोलपत्र मूल्याङ्कन गर्न मिल्ने या नमिल्ने आवश्यक निर्देशनको लागि राय माग गरिएको । ऐन विनियम मा सहायक कम्पनीहरुको कार्य अनुभव बारे केहि भेट्न नसकेको हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको राय बमोजिम निज बोलपत्रदाताको बोलपत्रको मूल्याङ्कन प्रक्रिया अघि बढाउनको लागि पनि राय परामर्शको आवश्यकता पर्न गएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा MS High Vision Engineering Pvt.Ltd ले बोलपत्रदाता श्री MS Mahavir Shree International Pvt. Ltd सँग संयुक्त उपक्रम सम्बन्धी सम्झौता गरी सार्वजनिक खरिद नियमावलीको नियम २८ बमोजिम बोलपत्र पेश गरेको अवास्थामा मात्र MS High Vision Engineering Pvt.Ltd को कार्य अनुभव मान्य हुने ।"

**(निर्णय मितिः २०७६।०७।२१)**

**२६. राय/परामर्श माग्ने संस्थाको नामः–** घरेलु तथा साना उद्योग कार्यालय, धनकुटा ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

घरेलु तथा साना उद्योग कार्यालय, धनकुटाको प.सं. ०७६/०७७, च.नं. ४९७, मिति २०७६।०७।२१ को पत्र अनुसार Bid No CSI/DKT/NCB/Works/01/076/077 "Construction of Industrial Gram at Dhankuta District" विवरणको बोलपत्र e-GP मार्फत शहरी विकास तथा भवन कार्यालय धनकुटाको प्राविधिक सहयोगमा घरेलु तथा साना उद्योग कार्यालयले प्रकाशित गरेको बोलपत्र मिति २०७६।०७।१४ मा खोलिएको। तत्पश्चात् मूल्याङ्कन समितिमा मिति २०७६।०७।१८ मा उक्त बोलपत्रको प्राविधिक प्रस्ताव पेश हुँदाका बखत उक्त बोलपत्रको Section II को Bid data Sheet को ITB 1.1 मा The employer is Urban Development and Building office, Dhankuta उल्लेख भएको जानकारी हुन आएको ।

दुईवटा बोलपत्रदाता (क) आशिर्वाद निर्माण सेवा प्रा.लि, उदयपुर (ख) विरुवा कन्स्ट्रक्सन, काठमाडौंले बोलपत्र पेश गरेका। बोलपत्र मूल्याङ्कनको चरणमा प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा आशिर्वाद निर्माण सेवा प्रा.लि.ले Letter of Commitment for Bankers Undertaking for line of credit (Credit Commitment No:– NMB0BG76770705) मा To: Urban Development and Building Office भनी सम्बोधन गरेको । उक्त Letter of credit को Bank Verification माग गर्दा November 05, 2019 मा NMB Bank द्वारा प्रेषित पत्रमा Cottage and Small Industry Office, Dhankuta कै नाममा Guarantee Confirmation प्राप्त भएको । सो सम्बन्धमा स्पष्ट पार्न आशिर्वाद निर्माण निर्माण सेवा प्रा.लि. लाई पत्राचार गर्दा 2019 September 30 मा यस कार्यालयबाट प्रकाशित सूचनाको Section II Bid Data sheet ITB 1.1 मा The Employer is Urban Development and Building Office उल्लेख भएकोले सोही आधारमा Letter of credit मा Urban Development and Building office लाई सम्बोधन गरेको भनि जवाफ पेश गरेको । मानवीय त्रुटीका कारण भूलवस Bid Document को Section II: Bid Data Sheet ITB 1.1 मा The employer is Cottage and small industries, Dhankuta उल्लेख गर्नुपर्नेमा The employer is : Urban Development and Building office, Dhankuta भएको पाइएको । मानवीय त्रुटीका कारण Bid Document मा employer: Cottage and Small Industries office, Dhankuta हुनुपर्नेमा अन्यथा भई एक बोलपत्रदाताले Bid Document लाई आधार मानी Line of credit तयार गरेको सम्बन्धमा मूल्याङ्कन गर्दा सूचनालाई आधार मान्ने वा Bid document लाई भन्ने द्विविधा उत्पन्न भएको ।

सान्दर्भिक ऐनको दफा, नियमावलीको नियम तथा **SBD** को व्यवस्थाः सार्वजनिक खरिद नियमावलीको नियम २६(घ) र ६५

**राय परामर्शः**

"प्रस्तुत बोलपत्र मूल्याङ्कन सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ (घ) र ६५ मा उल्लेखित व्यवस्था अनुसार क्रेडिट सुविधा उपलब्ध भएको सुनिश्चित गरी निर्णय लिनु हुन ।"

**(निर्णय मितिः २०७६।०८।०१)**

## २७. राय/परामर्श माग्ने संस्थाको नामः– राष्ट्रिय पुननिर्माण प्राधिकरण, सम्पदा संरक्षण, सार्वजनिक भवन तथा पूर्वाधार महाशाखा ।

**विषयः राय/परामर्श सम्बन्धमा ।**

राष्ट्रिय पुननिर्माण प्राधिकरण, सम्पदा संरक्षण, सार्वजनिक भवन तथा पूर्वाधार महाशाखाको प.सं. २०७६/०७७, च.नं. २४५, मिति २०७६।०७।१५ को पत्रबाट दोलखा जिल्ला स्थित जिल्ला वन कार्यालय, सिँचाइ विकास डिभिजन कार्यालय, जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यालय र जिल्ला प्रशासन कार्यालयको भवन तथा आवास निर्माण कार्यको लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), काठमाडौं र निर्माण व्यावसायी श्री शिवशक्ति र विरुवा जे. भी., काठमाडौं बीच मिति २६ मार्च २०१७ गते ठेक्का सम्झौता भएको । निर्माण कार्य सम्पन्न भई भवन सम्बन्धित कार्यालयलाई हस्तान्तरण भईसकेको। ठेक्का सम्झौताको GCC 54.1 मा मूल्य समायोजन गर्दा मोबिलाइजेशन पेश्की कट्टा गर्नुपूर्व गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही अनुसार पहिलो रनिङ्ग बिल देखि चौथो रनिङ्ग बिलबाट पेश्की रकममा समेत मूल्य समायोजन भुक्तानी देखिएको तर म.ले.प डोरमुकाम दोलखाबाट मोबिलाइजेशन पेश्की कट्टा गरेर मात्र मूल्य समायोजन गर्नुपर्ने भनि बेरुजु औंल्याएको ।

ठेक्का सम्झौता अनुसार मोबिलाइजेशन पेश्की कट्टा नगरी मूल्य समायोजन गरिएको तर म.ले.प डोर मुकाम दोलखाबाट मोबिलाइजेशन पेश्की कट्टा गरेर मात्र मूल्य समायोजन गर्नुपर्ने भनि बेरुजु औंल्याएको हुँदा मूल्य समायोजन रकम भुक्तानी द्विविधा भएको ।

सान्दर्भिक ऐनको दफा, नियमावलीको नियम तथा **SBD** को व्यवस्थाः सार्वजनिक खरिद नियमावलीको नियम ११९

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको सन्दर्भ खरिदका सबै चरणहरु सम्पन्न भई लेखा परिक्षण समेत भईसकेको र राय माग भएको विषय अन्तिम लेखा परिक्षणबाट दिइएको सुझावसँग सम्बन्धित भएकोले त्यस्तो सुझावको कार्यान्वयन सम्बन्धी निर्णय सम्बन्धित सार्वजनिक निकायले नै गर्नु पर्ने भएकोले प्राप्त फाईल सक्कलै फिर्ता गर्ने । Standard Bidding Document सँग सम्बद्ध सवालमा कुनै सुधार गर्नु पर्ने लागेमा सो को कारण त्यसबाट पर्ने प्रभाव र अन्य कुराहरु खोली यस कार्यालयलाई सुझाव उपलब्ध गराउन सकिने ।"

**(निर्णय मितिः २०७६।०८।०८)**

## २८. राय/परामर्श माग्ने संस्थाको नामः– अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शनिश्चरे, झापा ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शनिश्चरे, झापाको प.सं. ०७६/७७, च.नं. ९५९, मिति २०७६।०७।१७ को पत्र अनुसार अर्जुनधारा नगरपालिकाको प्रत्येक भवनको रु १,३७,९४,४४९।८४ को लागत अनुमान भएको वडा नं २ को IFB नं AM/NCB/WORKS/02-076/77

र वडा नं ६ को IFB नं AM/NCB/WORKS/01-076/77 रहेको कार्यालय भवन निर्माण गर्ने मिति २०७६।०६।०३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा e-Bid को सूचना प्रकाशन भएको । उक्त बोलपत्रहरुको लागि मिति २०७६।०६।०२ को यस कार्यालयको निर्णयानुसार पछिल्लो १० वर्षमा कम्तिमा एउटा रु. ९७,००,०००।०० को भवन निर्माण गरेको अनुभव लाई योग्यता निर्धारण गरिएको र बोलपत्र मूल्याङ्कनको क्रममा मूल्याङ्कन समितिमा रहेको ।

रु. २ करोड भन्दा कम लागत अनुमान भएको बोलपत्रमा योग्यता निर्धारण गरिरहनु नपर्ने सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(५) र सार्वजनिक खरिद नियमावली, २०६४ नियम २६(४) को प्रावधान, योग्यता निर्धारण गरिएको कारणबाट प्रतिस्पर्धामा असर हुन गएको, एउटै सूचनाबाट जारी भएको दुईवटै बोलपत्रहरुमा एउटै बोलपत्रदाताको बोलपत्र स्वीकृत हुने अवस्था र कार्यालयलाई पर्न जाने अतिरिक्त भार समेतको दृष्टिकोणबाट चौथो न्यून रकम कबोल गर्ने बोलपत्र स्वीकृत गर्दा कार्यालयको मिलेमतो रहेको ठहरिन सक्ने अवस्था सिर्जना भएको ।

सान्दर्भिक ऐनको दफा, नियमावलीको नियम तथा **SBD** को व्यवस्थाः सार्वजनिक खरिद ऐनको दफा १०

**राय परामर्शः**

“प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद ऐनको दफा १० को उपदफा ५ आकर्षित हुने भएकोले सोही प्रावधान अनुसार त्यहाँ कार्यालयबाट निर्णय लिनु हुन ।”

**(निर्णय मितिः २०७६।०८।०८)**

## २९. राय/परामर्श माग्ने संस्थाको नामः– कागेश्वरी मनोहरा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, डाछी, काठमाडौं ।

**विषयः आवश्यक सहयोग सम्बन्धमा ।**

कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, डाछी, काठमाडौंको प.सं. ०७६/७७, च.नं. ९०१, मिति २०७६।०७।०१ को पत्र अनुसार कागेश्वरी मनोहरा नगरपालिका वडा नं ९ स्थित गान्धी आदर्श माध्यमिक विद्यालयको भवनमा तला थप गर्ने कार्यको लागि मिति २०७६।०३।०२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा Single Stage Two envelope Bidding Procedure अन्तर्गत बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको । उक्त बोलपत्र आह्वान सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.ppmo.gov.np/egp बाट प्रकाशित गरिएको । उक्त बोलपत्र मिति २०७६।४।०१ गते दिनको १:०० बजे बोलपत्रदाता प्रतिनिधि तथा कार्यालय प्रतिनिधि खोलिएको । उक्त कार्यको लागि ११ (एघार) वटा निर्माण व्यावसायी फर्महरुले बोलपत्र सम्बन्धी डकुमेन्ट अपलोड गरेको । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा टर्न ओभर गणना गर्दा NRB Price Index लगाउन सकिने व्यवस्था भएको तर अघिल्लो आ.व को टर्न ओभरमा कति Factor ले गुणा गर्ने उल्लेख नभएको साथै NRB Price Index को Quarter Index मिल्ने नमिल्ने भन्ने उल्लेख नभएको ।

सान्दर्भिक ऐनको दफा, नियमावलीको नियम तथा **SBD** को व्यवस्थाः Standard Bidding Document को Evaluation and Qualification Criteria को Section 2.3.2 Average Annual Construction Turnover को Guidelines

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको सम्बन्धमा उक्त ठेक्का आ.व २०७५/७६ सँग सम्बन्धित भएको र Annual average construction Turnover को मूल्याङ्कन गर्दा बोलपत्रदाताको विगतका १० वर्षको Contract Income लाई नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको National Wholesale price index अनुसार Present value मा adjust गर्नु पर्ने हुँदा आ.व. २०७४/७५ लाई Base Value आधार मानी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउनु पर्ने ।"

**(निर्णय मिति: २०७६।०८।०८)**

## ३०. राय/परामर्श माग्ने संस्थाको नाम:- अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अर्जुनचौपारी, स्याङ्गजा ।

**विषय: राय परामर्श माग सम्बन्धमा ।**

अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अर्जुनचौपारी स्याङजाको मिति २०७६।०७।१९ को पत्र अनुसार गाउँपालिका भित्रका तपसिल बमोजिमका ग्रामिण सडकहरुको स्तरोन्नतीका लागि मिति २०७६।०६।१७ गतेका दिन पोखरा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम यस कार्यालयमा तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु खोली मूल्याङ्कन गर्ने क्रममा दर्ता भएको बोलपत्रको मूल्याङ्कनमा तपसिल बमोजिमका कैफियत देखिँदा यस कार्यालयलाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने द्विविधा भएकोले मिति २०७६।०६।१७ मा प्रकाशित सूचनाको छायाँ प्रति १/१ र BoQ को छायाँ प्रति १/१ संलग्न राखि पठाईएको छ ।

| सि. नं. | ठेक्का नं. | ल.ई. रकम Vat सहित | बोलपत्र फाराम बिक्री संख्या | बोलपत्र खोलिएको मिति र समय | कार्यालयमा दर्ता भएका बोलपत्रदाताको नाम र ठेगाना | Vat सहित बोलपत्रदाताबाट कबोल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ACRM/NCB/W/ RD/04/2076/077 | 2433267.13 | 9 | २०७६।०७।१८ गते दिनको २ बजे | एस.एस. बिल्डर्स, वालिङ, स्याङ्जा | 2423438.91 | |
| २. | ACRM/NCB/W/ RD/05/2076/077 | 2431637.88 | 10 | २०७६।०७।१८ गते दिनको २ बजे | त्रिशक्ति निर्माण सेवा, पु.ब.न.पा. -५, स्याङ्जा | 2402380.00 | |

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) मा उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि केही बोलपत्रहरु वा एउटा मात्र बोलपत्र सारभूतरुपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आह्वान गर्न सकिने छैन भन्ने व्यवस्था छ । कार्यालयबाट तोकिएको अवधिमा बोलपत्र फाराम उपरोक्त सि.नं. १ को तालिकामा उल्लेखित विवरण अनुसारको कार्यको लागि बोलपत्र फाराम बिक्री भएकोमा तोकिएको अवधि भित्र कार्यालयमा १/१ थान मात्र बोलपत्र दर्ता हुन आएको ।

तालिकामा उल्लेखित सि.नं. २ ACRM/NCB/W/RD/05/2076/077 को त्रिशक्ति निर्माण सेवा, पु.ब.न.पा.-५ स्याङजाले BOQ को दररेट महलमा दररेट अंक र अक्षरमा लेखी VAT सहित रु. 2402380.00 कबोल गरी BOQ को फुट नोटमा माथि उल्लेखित दररेटमा ०% काम गर्न मन्जुर छु भनी सहिछाप गरी पेश गरेको ।

**राय परामर्श माग गर्नु पर्ने कारणः**

उपरोक्त सि.नं. १ को तालिकामा उल्लेखित विवरण अनुसारको कार्यको लागि बोलपत्र फाराम बिक्री भएकोमा तोकिएको अवधि भित्र कार्यालयमा १/१ थान मात्र बोलपत्र दर्ता हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) बमोजिम बोलपत्रदाताहरुको मिलेमतो गरेको भन्न मिल्ने कि नमिल्ने द्विविधा भएको ।

तालिकामा उल्लेखित सि.नं. २ ACRM/NCB/W/RD/05/2076/077 को त्रिशक्ति निर्माण सेवा, पु.ब.न.पा.-५ स्याङ्जाले BOQ को फुटनोटमा माथि उल्लेखित दररेटमा ०% काम गर्न मन्जुर छु भन्ने शब्दको अर्थ स्पष्ट छुट्टाउन नसकिएको र उक्त शब्दले मूल्याङ्कनमा तात्वीक असर गर्छ वा गर्दैन भन्नेमा द्विविधा भएको ।

सान्दर्भिक ऐनको दफा, नियमावलीको नियम तथा **SBD** को व्यवस्थाःसार्वजनिक खरिद ऐनको दफा २५ र नियमावलीको नियम ६१

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको सम्बन्धमा ठेक्का नं ACRM/NCB/W/RD/04/2076/077 को हकमा BOQ मा उल्लेख भए अनुसार नै मूल्याङ्कन गर्नुपर्ने । ठेक्का नं ACRM/NCB/W/RD/05/2076/077 को हकमा अन्य व्यहोराहरु नखुलेको र BOQ को फुट नोटमा "०% काम गर्न मन्जुर छु" भनिएको सन्दर्भको हकमा मात्र बोलपत्रदाताले कार्य स्वीकार नगरेको अर्थमा लिनुपर्ने हुँदा सो सम्बन्धी अन्य व्यहोराहरु समेतमा ध्यान दिई त्यहाँ कार्यालयबाट उपयुक्त निर्णय लिनुहुन ।"

**(निर्णय मितिः २०७६।०८।०८)**

**३१. राय/परामर्श माग्ने संस्थाको नामः-** बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बनकटवा, बाँके ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

भवन निर्माणको लागि राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा निर्धारित समय भित्र ५ वटा बोलपत्रदाताको प्रस्ताव ई-विडिङ्ग मार्फत पेश हुन आएको । सो मध्ये २ वटा बोलपत्रदाताको राजश्व जम्मा भएको नदेखिएकोले बाँकी ३ (तीन) वटा बोलपत्रदाताको मात्र प्राविधिक प्रस्ताव मूल्याङ्कन गरिएको । खरिद प्रक्रियामा बढीमा ३ वटा सम्म संयुक्त उपक्रममा काम गर्न सकिने व्यवस्था भएकोमा टर्न ओभर गणनाको लागि बोलपत्रदाताले ४ (चार) वटा उपक्रमहरु भएको कागजात पेश गरेको । जसमा प्रथम बोलपत्रदाताको ७० प्रतिशत र बाँकी ३ वटाको १०/१० प्रतिशत हिस्सा रहेको कागजात पेश भएको । टर्नओभर गणनाको लागि आ.व. २०७३/७४ मा चारवटै बोलपत्रदाताको संयुक्त उपक्रममा पेश भएको रकममा प्रथम बोलपत्रदाताले आफ्नो हिस्सा ७० प्रतिशत माग दावी गरेकोमा सो रकमको टर्नओभरको गणना गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा बोलपत्रदाताले पेश गरेको संयुक्त उपक्रम सम्बन्धी

कागजात जारी गरिएको कार्यालयबाट Authenticity सुनिश्चित भएको हकमा सो कागजातलाई Turnover गणना गर्दा प्रयोग गर्न सकिने ।"

**(निर्णय मितिः २०७६।०८।२३)**

## ३२. राय/परामर्श माग्ने संस्थाको नामः– लम्कीचुहा नगरपालिका, भल्का, कैलाली ।

**विषयः राय परामर्श माग सम्बन्धमा ।**

लम्कीचुहा नगरपालिकाको प.सं. २०७६/७७, च.नं. १४१९, मिति २०७६।८।१७ को पत्रानुसार भवन निर्माण कार्यका लागि विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र आह्वान गरिएको र दर्ता हुन आएका फर्महरु मध्ये रश्मी विल्डर्स प्रा.लि.ले पेश गरेको ईजाजत पत्र आ.व. २०७६/७७ मा नवीकरण नभएको (नवीकरण अवधि २०७६ असार मसान्तसम्म भएको प्रमाणपत्र संलग्न रहेको), करचुक्ता प्रमाणपत्र २०७४/७५ को संलग्न राखेको (म्याद थपको कागजात संलग्न नभएको) हुँदा खरिद नियमावलीको नियम ६० बमोजिम उक्त फर्म प्रारम्भिक परीक्षणमा सारभूत रुपमा तोकिए बमोजिमका प्रमाणहरु नभएको फर्मलाई समावेश नगरिएकोमा सो फर्मले मुचुल्का अनुसार कवोल गरेको दररेट घटी हुँदा हुँदै अन्य फर्मलाई स्वीकृत गराई आशयको सूचना समेत प्रकाशित गराईएको भनि पुनरावलोकन गरी पाउँ भनी कार्यालयमा निवेदन पेश गरेकोले अन्यौलता भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (घ) सँग सम्बन्धित रहेको र बोलपत्र खोल्दा बोलपत्र सम्बन्धी सूचना र कागजात अनुसार प्राप्त कागजात अद्यावधिक भएको सुनिश्चित गरी निर्णय लिनु हुन ।"

**(निर्णय मितिः २०७६।०८।२३)**

## ३३. राय/परामर्श माग्ने संस्थाको नामः– काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, ललितपुर ।

**विषयः राय सम्बन्धमा ।**

काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, ललितपुरको प.सं. २०७६/७७, च.नं. २८८, मिति २०७६।०७।२२ को पत्र अनुसार Contract Identification No: KVDA/Nakhu Dole/Works/075/76-03 "Construction of Guide wall, Hume pipe Laying, Black Top and Pipe Laying for water supply works at Sainbu Nakhu Dole Land Pooling Project" कार्यको लागि २०७६।०३।३० को सूचनामार्फत आह्वान भएको बोलपत्र प्रक्रियामा प्राविधिक पक्षमा सारभूत रुपमा प्रभावग्राही सफल बोलपत्रदाता छनौट गर्दा विड डकुमेन्टको प्रावधान 2.4.2(b) मा उल्लेखित Construction experience in Key activities नपुगेका निर्माण व्यावसायी कम्पनी समेत समावेश भएको पाइएकोले बोलपत्र मूल्याङ्कन प्रक्रिया पुनरावलोकन गरी त्रुटी भएको भए सच्याई पुनः सूचना प्रकाशित गरी दिन हुन अनुरोध गर्दछु भनि निर्माण व्यावसायी श्री P.R/Mahadev Khimti JV बाट यस कार्यालयमा पत्र प्राप्त भएको र सो सम्बन्धमा मूल्याङ्कन समितिमा छलफल गर्दा Water Bound Macadam मा २ वटा कार्यको परिमाण जोडी माग गरेको परिमाण पुग्दा सो बोलपत्रदाता उत्तीर्ण हुने वा नहुने सम्बन्धमा श्री सार्वजनिक खरिद अनुगमन कार्यालयबाट राय माग गर्ने निर्णय भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा त्यस कार्यालयबाट जारी भएको बोलपत्र कागजातको 2.4.2(b) Construction Experience in Key activities मा निर्धारण गरिएको कार्य अनुभवको व्याख्या त्यहाँ कार्यालयबाटै गरी उपयुक्त निर्णय लिन हुन ।"

**(निर्णय मितिः २०७६।०९।१३)**

## ३४. राय/परामर्श माग्ने संस्थाको नामः- महाशिला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बालाकोट, पर्वत ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

महाशिला गाउँपालिका, पर्वतको प.स. ०७६/७७, च.नं. ३३८, मिति २०७६।८।११ को पत्रानुसार उक्त गाउँपालिकाको वडा नं. ५ स्थित धार्मिक तथा पर्यटकीय स्थल महाशिला (करिब ३ रोपनी क्षेत्रफलमा फैलिएको विशाल ढुङ्गा) रहेको छ । उक्त क्षेत्रको विकास गरी पर्यटक भित्राउने उद्देश्यले गाउँपालिकाले उक्त क्षेत्रको DPR समेत तयार गरेको, सोही अनुसार उक्त शिलालाई कुँदी १०८ फिट अग्लो भगवान शिवको मूर्ती निर्माण गर्न गाउँसभाले रु. ५० लाख र नेपाल सरकार सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रु. ५० लाख विनियोजन भएको छ। करिब २१ करोड लागत अनुमान भएको उक्त शिलामा मूर्ती कुद्ने कार्यको लागि बोलपत्र मार्फत निर्माण कार्य गर्न लागत अनुमान अनुसारको स्रोतको अभावको कारणले उपभोक्ता समितिबाट निर्माण कार्य अघि बढाउने गरी गाउँपालिकाले निर्णय गरेको छ। सार्वजनिक खरिद ऐनको दफा ४४ बमोजिम लाभग्राही समुदायलाई सहभागी गराई प्रत्येक वर्षको कामलाई फरक फरक मूल्याङ्कन गरी तथा सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिम प्रत्येक वर्ष रु. १ करोड नबढाई लागत अनुमान तयार गरी उक्त लागत अनुमान बराबरको कार्य गर्न सकिने वा नसकिने साथै गत आ.व. मा रु. ५० लाखको सम्झौता गरी उपभोक्ता समितिबाट कार्य अगाडि बढाईएको र जटिल प्रकृतिको पुरातात्विक महत्वको निर्माण कार्य भएको तर बोलपत्रबाट निर्माण कार्य गर्न स्रोतको अभाव भएको कारणले उपभोक्ता समितिबाट प्रत्येक वर्ष प्राप्त हुने स्रोतबाट १ करोड रुपैंया नबढाई बहुबर्षे रुपमा निर्माण गर्न सकिने वा नसकिने स्पष्ट हुन राय माग गरिएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन को दफा ४४ र सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा भएको व्यवस्था अनुसार त्यहाँ कार्यालयबाट उपयुक्त निर्णय लिनु हुन ।"

**(निर्णय मितिः २०७६।०९।१३)**

**३५. राय/परामर्श माग्ने संस्थाको नाम:-** सघन शहरी तथा भवन निर्माण आयोजना, चन्द्रगढी, झापा ।

**विषय: राय माग गरिएको सम्बन्धमा ।**

सघन शहरी तथा भवन निर्माण आयोजना, चन्द्रगढी, झापाको प.सं. ०७६/७७, च.नं. ४७५, मिति २०७६।०८।१५ को पत्र अनुसार सम्झौता कागजातमा मुल्य समायोजन सम्बन्धमा SCC 45.1 मा "The Contract is Subject to Price Adjustment, and the following Information Regarding Coefficient does apply" भनि व्यवस्था भएको तर मुल्य समायोजन तालिकामा Bidder's Proposed Weighting (Coefficient) खाली रहेको, सार्वजनिक खरिद नियमावली अनुसार १२ महिना भन्दा बढी अवधीको निर्माण कार्यको ठेक्कामा मूल्य समायोजन दिन सकिने भनि व्यवस्था रहेको र सोही अनुरुप सम्झौता कागजातमा पनि सो सम्बन्धी व्यवस्था रहेको भएतापनि समायोजन सुत्रमा Coefficient आवश्यक भएको हुनाले मूल्य समायोजन दिन मिल्ने/नमिल्ने सम्बन्धमा द्विविधा भएको ।

**राय परामर्श:**

“प्रस्तुत राय माग भएको विषयमा त्यस कार्यालयले जारी गरेको बोलपत्र कागजातमा रहेको Table of Price Adjustment Data मा बोलपत्रदाताले Bidder's Proposed Weighting (Coefficient) नभरी खाली छोडेमा उक्त ठेक्कामा निज बोलपत्रदातालाई Price Adjustment (मूल्य समायोजन) दिन नमिल्ने ।”

**(निर्णय मिति: २०७६।०९।१३)**

**३६. राय/परामर्श माग्ने संस्थाको नाम:-** शहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेपलान्चोक ।

**विषय: राय परामर्श सम्बन्धमा ।**

शहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकको प.सं. ०७६/०७७, च.नं. १०४, मिति २०७६।०८।२७ को पत्र अनुसार नेपाल रेडक्रस सोसाइटी काभ्रे जिल्ला, रक्त सञ्चार केन्द्रको भवन निर्माण कार्यको लागि बोलपत्र आह्वान (Single Envelope) गरी मूल्याङ्कनको चरणमा रहेको । Standard Bid Document को ITB 18 (iii) 5 अनुसार Tax clearance certificate or evidence of tax return submission is Mandatory. The documents specified as "Mandatory" should be included in e-submission and non submission of the documents shall be considered as non-responsive bid तर सबैभन्दा कम अंक कबोल गर्ने बोलपत्रदाता श्री Birta Construction ले e-GP मा Tax clearance पेश नगरेको देखियो । उक्त बोलपत्रदाताहरुलाई मूल्याङ्कनमा अनुत्तीर्ण मान्ने वा बोलपत्रदाताहरुबाट उक्त कागजात माग गर्न मिल्ने वा नमिल्ने स्पष्ट नभएको ।

**राय परामर्श:**

“प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० मा स्पष्ट प्रावधान रहेकोले सोही अनुसार निर्णय लिनु हुन ।”

**(निर्णय मिति: २०७६।०९।१३)**

**३७. राय/परामर्श माग्ने संस्थाको नामः–** सुनवर्षी नगरपालिका, डाइनिया, मोरङ ।

**विषयः राय परामर्श दिने बारे ।**

सुनवर्षी नगरपालिका, डाइनिया, मोरङको च.नं ८५०, मिति २०७६।०८।१८ को पत्र अनुसार विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को दफा २२ को उपदफा ७ बमोजिम प्राविधिक मूल्याङ्कन उतिर्ण भएका बोलपत्रदाताहरुको मात्र आर्थिक प्रस्ताव खोल्ने र अनलाइन मूल्याङ्कन गर्न सकिने भनी व्यवस्था भएकोमा प्राविधिक मूल्याङ्कनमा अनुत्तिर्ण भएका बोलपत्रदाता श्री वर्ल्डवाइड राम सागर जे.भी.को आर्थिक प्रस्ताव खोल्दा Priced Bid Evaluation Summary chart मा Lowest bidder को Rank मा देखिएकोले ठेक्का स्वीकृतिका लागि द्विविधा भएको ।

**राय परामर्शः**

"प्रस्तुत ठेक्काको अनलाइन मूल्याङ्कनमा त्रुटी हुँदाहुँदै पनि सम्बन्धित कार्यालयबाट आर्थिक प्रस्ताव खोली ठेक्का स्वीकृतिको आशयको सूचना जारी भएको देखिएकोले कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०९।१३)**

**३८. राय/परामर्श माग्ने संस्थाको नामः–** पूर्वाधार विकास कार्यालय, वैतडी ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

पूर्वाधार विकास कार्यालय, वैतडीको प.सं. २०७६/०७७, च.नं. ४०९, मिति २०७६।०९।२८ को पत्र अनुसार मिति २०७६ मंसिर १७ गते विभिन्न सडक निर्माणको लागि बोलपत्र आह्वान भै बोलपत्र पेश गर्नुपर्ने मिति २०७६।०९।१७ गते १२:०० बजे सम्म रहेकोमा सार्वजनिक खरिद नियमावलीको नवौं संशोधनको कारण देखाई सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७६।०९।१४ गते सूचना प्रकाशित गरी विड सवमिसन मिति २०७६।०९।२० सम्म कायम गरेको र यस कार्यालयबाट मिति २०७६।०९।२० गते बोलपत्रहरु खोलिएको र हाल मूल्याङ्कनको क्रममा रहेको ।

मिति २०७६।०८।१७ गते विभिन्न सडक निर्माणका लागि बोलपत्र आह्वान भै मिति २०७६।०९।१७ गते सम्म बोलपत्र सवमिसन गर्नुपर्ने मिति रहेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७६।०९।१५ गते सूचना प्रकाशित गरी सम्पूर्ण ठेक्काहरुको म्याद (५) पाँच दिन २०७६।०९।२० गते सम्म थप गरेको देखिन्छ। तसर्थ विड मूल्याङ्कन गर्दा Bid Validity period मिति २०७६।०९।१७ गते देखि १२० दिन मान्ने वा म्याद थप भए बमोजिम Bid opening date २०७६।०९।२० गते देखि मान्य हुने अस्पष्ट भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा बोलपत्र खोलेको मिति देखि लागू हुने गरी बोलपत्र मान्य अवधि गणना गर्नु पर्ने ।"

**(निर्णय मितिः २०७६।१०।१२)**

**३९. राय/परामर्श माग्ने संस्थाको नामः–** गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

गोश्वारा हुलाक कार्यालय, डिल्लीबजारको पत्र अनुसार मिति २०७६।०७।१० मा थानकोट स्थित ईलाका हुलाक कार्यालयको भवन निर्माणको विद्युतीय टेण्डर (IFB No. 04/COPOB/GPO/076/77) प्रकाशित गरेको, टेण्डर मार्फत ४ वटा बोलपत्र दाखिला भएका, टेण्डर खोली मुचुल्का तयार पार्दा सबैभन्दा कम मूल्य कबोल गरेको न्यू के.पी. कन्स्ट्रक्सन प्रा.लि.ले टेण्डरको लागि बोलपत्र दाखिला गर्दा खरिद गरेको बैंक भौचरमा खरिद गर्ने नाम न्यू के.पी कन्स्ट्रक्सन प्रा.ली लेखेको तर पान नं. न्यू के.पी. सप्लायर्सको रहेको । मुचुल्का चरणमा यस विषय बैंकबाट कागजात मगाई हेर्ने भनिएको । यस कार्यालयले बैंकबाट विवरण माग गरी हेर्दा बैंकले उक्त भौचर सच्याई न्यू के.पी. कन्स्ट्रक्सन प्रा.लि.को नामकै पान नं उल्लेख गरी प्रमाणित गरी पठाएको । न्यू के.पी. कन्स्ट्रक्सन प्रा.लि.ले बुझाएका सबै अन्य कागजातहरु ठिक रहेका आधारमा मूल्याङ्कन समितिले मूल्याङ्कन गरी उक्त न्यू के.पी. कन्स्ट्रक्सन प्रा.लि. लाई टेण्डर दिन उपयुक्त देखि आशयको सूचना प्रकाशित समेत गरेकोमा मिति २०७६।९।१८ गते काठमाडौं उपत्यका निर्माण व्यावसायी संघले सार्वजनिक खरिद ऐन २०६३ कार्यान्वयन सम्बन्धमा विषयक गुनासो पत्र लेखी त्यहाँ लगायत विभिन्न कार्यालयलाई बोध समेत गरेकोमा यस सम्बन्धमा निर्णय गर्न समस्या परेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा उल्लेखित दुवै फर्म एउटै हो वा होइन सुनिश्चित गरी निर्णय लिन हुन ।"

**(निर्णय मितिः २०७६।१०।१२)**

**४०. राय/परामर्श माग्ने संस्थाको नामः–** तेमाल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलान्चोक ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

तेमाल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलान्चोकको प.सं. ०७६/०७७, च.नं. १०६७, मिति २०७६।०९।२४ को पत्र आनुसार ठेक्का नं NBC/TRM/10/076/077 बोहोरे दोभान आधाबाट डाँडागाउँ मौरेभनज्याङ सडक निर्माण कार्य तथा मर्मत कार्यको लागि बोलपत्र खरिदको सूचना प्रकाशित भई पेश हुन आएको एक मात्र बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्र फारमको BOQ मा भरिएको दर रेट अनुसारको अंक गुणन गर्दा गुणनफल सही आएका जासमा जोडफल १,३२,९९,५७०।१४ तर बोलपत्र दाताले पेश गरेको BOQ मा परिमाण र दरको गुणनफलको जोड गर्दा १,३९,६४,५४८।६५ उल्लेख गरेको । बोलपत्र दाताले जोडफलमा उल्लेख गरेको रकम फरक देखिएकोमा सार्वजनिक खरिद एकाई दफा २३ उपदफा ८ बमोजिम प्रभावकारी हुने वा नहुने ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा ८ मा स्पष्ट व्यवस्था भएकोले सोहि अनुसार निर्णय लिनु हुन ।"

**(निर्णय मितिः २०७६।१०।१२)**

**४१. राय/परामर्श माग्ने संस्थाको नामः–** राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, इलाम न.पा.७, इलाम ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

यस जिल्लाको कार्यालय भवन निर्माणका लागि मिति २०७६ मंसिर १६ गते Electronic Bids को सूचना प्रकाशन गरिएको र पौष १५ गतेसम्म Last date of Bid Submission रहेको भएतापनि सार्वजनिक खरिद नियमावलीमा ९ औं संशोधन भई केहि परिवर्तन आएकाले २०७६ पौष २८ (१३ दिन म्याद थप) गते सम्मका लागि Bid Submission को म्याद थप गरिएकोमा सो भन्दा अगाडि नै Bid Submit गरिसकेका बोलपत्रदाताहरुलाई Bid Document सच्चाउनका लागि समय दिनुपर्ने भनी ईन्जिनियर तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको सुझाव अनुसार माघ ३ गते सम्मका लागि पुनः म्याद थप गरी सोही दिन प्राविधिक प्रस्ताव खोलिएकोमा सातवटा निर्माण कम्पनीहरुले विद्युतीय बोलपत्र दर्ता गराएको पाईएको । प्राविधिक मूल्याङ्कन गर्ने क्रममा पौष ७ गते बोलपत्र दर्ता गरेको एकवटा बोलपत्रदाताले कर चुक्ता सम्बन्धी पूर्ण विवरण पेश नगरेको र करदाता कार्यालय इलामले २०७६ पौष २९ गते सम्म कर चुक्ताको म्याद थप गरेको पत्र पेश गरेको तर पौष १५ मा खोलिनु पर्ने बोलपत्रको म्याद थप भई २०७६ माघ ०३ गते मात्र खुलेका कारण कर चुक्ताका लागि थप गरिएको समयसिमा नाघेकोले प्रस्ताव मूल्याङ्कनमा स्वीकृत गर्ने कि नगर्ने भनि निर्णय गर्न नसकिएको ।

Line of Credit को लागि Commitment for Line of Credit भन्ने प्रावधान Technical Bid मा संशोधन पश्चात् उल्लेख गरिएको तर यो ठेक्काको प्रक्रिया संशोधनकै क्रममा परेको हुनाले एउटा फर्मले जे.भी. मा ठेक्का हाले पनि Line of Credit चाहिं एउटा फर्मको मात्रै पेश गरेको तथा संशोधन भएको Technical Bid Letter मा उल्लेख गरिएको 'L' Clause समेत समावेश नगरेकोले सो फर्मलाई प्राविधिक मूल्याङ्कनमा उत्तिर्ण गर्ने कि नगर्ने अन्यौलता भएको ।

**राय परामर्शः**

**करचुक्ता प्रमाणपत्रको सम्बन्धमाः**

"सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को २ (घ) र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित आधार अनुसार कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्ने कागजातहरु पेश भए वा नभएको यकिन गरी त्यहाँ कार्यालयबाटै कानूनसम्मत निर्णय गर्नुपर्ने ।"

Line of Credit **सम्बन्धमाः**

"सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको ढाँचाको Line of Credit भए नभएको यकिन गरी त्यहाँ कार्यालयबाटै कानूनसम्मत निर्णय गर्नु पर्ने ।"

**(निर्णय मितिः २०७६।१२।२५)**

**४२. राय/परामर्श माग्ने संस्थाको नामः-** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, दिक्तेल, खोटाङ्ग ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

यस दिक्तेल रुपकोट मझुवागढी नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एउटा विद्यालय पर्ने गरी विद्यालयहरु छनौट गरी १५ वटै वडामा १/१ वटा २ कोठे विद्यालय भवन र तार घेराबारा सहितको संरचना निर्माण गर्न न्यूनतम साक्षरता भएका क्षेत्रको शैक्षिक विकासका लागि विद्यालय क्षेत्र पूर्वाधार आयोजना कार्यका लागि चालु आ.व. २०७६/७७ मा २ आर्थिक अवधि सम्म सञ्चालन गर्ने गरी अर्थ मन्त्रालयको विशेष अनुदानबाट बजेटको सुनिश्चितता प्राप्त भएको एवं उक्त कार्य गर्ने प्रयोजनका लागि ठेक्का नं. 06/DRM/NCB/2076/077 मिति २०७६।११।१४ श्री अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित विद्युतीय बोलपत्र अनुसार मिति २०७७।०१।१७ सम्म दर्ता भई सोही दिन नियमानुसार बोलपत्र खोल्दा जम्मा ४ वटा बोलपत्रदाताहरु श्री सुपर सौगात सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि., श्री भुष्नाम्छा कन्स्ट्रक्सन, श्री विवश इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. र मोहन एण्ड व्यासी गाउँ/सरस्वती/पि.आर. कन्स्ट्रक्सन जे.भी. को बोलपत्रहरु पेश भएकोमा श्री सुपर सौगात सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. र श्री भुष्नाम्छा कन्स्ट्रक्सनले सार्वजनिक खरिद अनुगमन कार्यालयलाई मात्र सम्बोधन गरेको e-GP सञ्चालनको लागि मात्र रहेको Power of Attorney पेश गरेको,

श्री सुपर सौगात सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.ले पेश गरेको Power of Attorney मा फर्मको आधिकारिक छाप नभएको,

श्री सुपर सौगात सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.ले पेश गरेको Letter of Bid विद्युतीय बोलपत्र कागजात (SBD) मा उल्लेखित Letter of Bid को फर्म्याट अनुसार हुबहु नभएको ।

e-Submission मार्फत प्राप्त Bid मा सम्बन्धित कार्यालयलाई सम्बोधन नगरी यदि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई मात्र संवोधन भएको तथा e-GP सञ्चालनको लागि मात्र रहेको Power of Attorny को कागजात पेश भएमा सो बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएको मान्न सकिन्छ, सकिदैन द्विविधा उत्पन्न भएको ।

e-Submission मार्फत प्राप्त bid मा Power of Attorny को कागजातमा फर्म/कम्पनीको आधिकारिक छाप नभएमा सो बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएको मान्न सकिन्छ, सकिदैन द्विविधा पर्न गएको ।

e-Submission मार्फत प्राप्त bid मा Letter of Bid विद्युतीय बोलपत्र कागजात (**SBD**) मा उल्लेखित Letter of Bid को Format अनुसार हुबहु हुनु पर्ने या नपर्ने द्विविधा पर्न गएको ।

**राय परामर्शः**

क) प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० अनुसार पूर्णताको परीक्षणबाट आवश्यक कुराहरु निर्क्योल गरेर मात्र मूल्याङ्कन प्रक्रिया अघि बढाउनु पर्ने भएको हुँदा उक्त अनुसार परीक्षणबाट पूर्णता भएका बोलपत्रहरु मात्र मूल्याङ्कन गर्नु पर्ने ।

ख) प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) बमोजिम आवश्यक जानकारी माग गर्दा पहिला पेश भएको कागजातमा सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन ।

ग) प्रस्तुत राय माग भएको सम्बन्धमा बोलपत्र सम्बन्धी कागजात SBD अनुसार भए नभएको यकिन गरी निर्णय गर्नु पर्ने । (निर्णय मितिः २०७७।०१।२६)

**४३. राय/परामर्श माग्ने संस्थाको नामः–** घोराही उप-महानगरपालिका, घोराही, दाङ ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

यस घोराही उप-महानगरपालिकाको आ.व. २०७६/७७ मा सञ्चालन हुने भनी विद्युतीय प्रणालीद्वारा बोलपत्र आह्वान गरिएकोमा ठेक्का नं. NCB/WORKS/GSMC/28/076/77 को बोलपत्रमा बोलपत्र दाताहरुबाट Letter of Bid मा Name of the Contract मा नाम उल्लेख नगरेको साथै Invitation for Bid No. पनि उल्लेख नगरी बोलपत्रदाताको e-Bidding पेश हुन आएको ।

**राय माग गर्नुपर्ने कारणः**

माथि उल्लेखित ठेक्का नं. को Letter of Bid मा Name of the Contract मा नाम उल्लेख नगरेको साथै Invitation for Bid No. पनि उल्लेख नगरिएकोले परामर्श तथा राय माग गरिएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (३) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० अनुसार पूर्णताको परीक्षणबाट आवश्यक कुराहरु निर्क्योल गरेर मात्र मूल्याङ्कन प्रक्रिया अघि बढाउनु पर्ने भएको हुँदा उक्त अनुसार परीक्षणबाट पूर्णता भएका बोलपत्रहरु मात्र मूल्याङ्कन गर्नु पर्ने ।"

**(निर्णय मितिः २०७७।०१।२६)**

**४४. राय/परामर्श माग्ने संस्थाको नामः–** सुखीपुर नगरपालिका, सुखीपुर सिराहा ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

यस कार्यालयको कार्यालय भवन निर्माणका लागि राजधानी दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मार्फत मिति २०७६।०३।०६ का दिन ठेक्का नं. NCB/SM/Builg/M Works/01/75/76 का लागि बोलपत्र आह्वान गरिएकोमा ४ वटा फर्महरु New Draigan Nirman Sewa, Pokhari Chauri-8, Kavre; Buddha Construction Pvt.Ltd., Bharatpur, Chitwan; Diwa-Niagara-Shree Krishna JV; RJ Construction Co. Pvt.Ltd. समेतले बोलपत्र पेश गरेको;

बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा पहिलो चरणमा ४ वटै बोलपत्रदाताहरु उत्तीर्ण भएको तर कार्यालयको प्राविधिक त्रुटीले गर्दा e-Bidding मार्फत असफल हुन गएकोमा उक्त त्रुटी सच्चाई पुनः मूल्याङ्कनका लागि त्यहाँ कार्यालयलाई यस कार्यालयबाट च.नं. १४५, मिति २०७६।०६।०६, च.नं. २३६,

मिति २०७६।०६।३० र च.नं. ३६१, मिति २०७६।०७।०६ को पत्रबाट पत्राचार भई त्यहाँ कार्यालयको निर्देशानुसार पुनः प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी ४ वटै बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा उत्तीर्ण भएको;

त्यहाँ कार्यालयको निर्देशानुसार मिति २०७६।०८।१७ मा आर्थिक प्रस्ताव खोल्दा New Draigan Nirman Sewa, Pokhari Chauri-8, Kavre ले रु. ५,०८,३१,९०१।२८; Buddha Construction Pvt. Ltd., Bharatpur, Chitwan ले रु. ५,०३,८४,०४५।४४; Diwa-Niagara-Shree Krishna JV ले रु. ४,६३,८५,१२९।६७ र RJ Construction Co. Pvt.Ltd. ले रु. ४,५४,१४,६१९।७३ रकम कवोल गरेको;

मिति २०७६।०८।२५ गते कार्यालयको मूल्याङ्कन समितिको बैठकको निर्णय बमोजिम न्यूनतम कवोल अंक पेश गर्ने श्री RJ Construction Co. Pvt.Ltd. (कवोल अंक ४,५४,१४,६१९।७३) को बोलपत्र स्वीकृत गर्ने सिफारिस भई कार्यालयबाट मिति २०७६।०८।२६ मा जनकपुर टुडे पत्रिकामा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित;

कार्यालयले मिति २०७६।०९।२७ गतेको पत्रबाट उक्त निर्माण कम्पनीलाई रु. ५५,८७,०००।०० रकम बराबरको कार्यसम्पादन जमानत सहित सम्झौता गर्न आउनका लागि पत्राचार गरेको र कार्यसम्पादन जमानत अवधी २०८९ लेखिएकोमा सो सच्चाई मिति २०७६।१०।०१ को पत्रबाट पुनः कार्यसम्पादन जमानत अवधि २०७९ श्रावण कायम सहितको पत्राचार गरी सम्झौता गर्नका लागि बोलाइएको;

मिति २०७६।११।०८ (20th Feb 2020) मा नेपाल बंगलादेश बैंक, अर्नामा शाखा सिराहाबाट यस नगरपालिकाको नाममा जारी भएको रु. ५५,९७,०००।०० को कार्यसम्पादन जमानत पत्र सहित कम्पनीको प्रतिनिधि सुरेन्द्रकुमार यादवले कंपनीको Power of Attorney सहित सम्झौताको लागि निवेदन पेश गरेको;

RJ Construction Co. Pvt.Ltd. ले कार्यालयको सूचना बमोजिम बोलपत्र पेश गर्दा नेपाल बंगलादेश बैंक अर्नामा शाखा, सिरहाबाट यस नगरपालिकाको नाममा रु. १७,६०,०००।०० को बैंक जमानत मान्य अवधि २०७६।०८।३० (16th Dec 2020) पेश गरेको हुँदा माथि उल्लेखित व्यहोरा समेत अवगत गर्नु भई यस कार्यालयबाट हालको मितिमा उक्त बोलपत्रदातासँग सम्झौता गरी कार्यादेश दिन मिल्ने/नमिल्ने सम्बन्धमा त्यहाँ कार्यालयको राय सहितको निर्देशन हुन अनुरोध छ।

**राय माग गर्नुपर्ने कारणः**

मूल्याङ्कनबाट छनौट भएको निर्माण कम्पनी RJ Construction Co. Pvt. Ltd. ले कार्यालयको सूचना बमोजिम बोलपत्र पेश गर्दा नेपाल बंगलादेश बैंक अर्नामा शाखा, सिरहाबाट यस नगरपालिकाको नाममा रु. १७,६०,०००।०० को बैंक जमानत मान्य अवधि २०७६।०८।३० (16th Dec 2020) पेश गरेको हुँदा माथि उल्लेखित व्यहोरा समेत अवगत गर्नु भई यस कार्यालयबाट हालको मितिमा उक्त बोलपत्रदातासँग सम्झौता गरी कार्यादेश दिन मिल्ने/नमिल्ने सम्बन्धमा त्यहाँ कार्यालयको राय सहितको निर्देशन हुन अनुरोध छ।

**राय परामर्शः**

“प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ अनुसार सार्वजनिक निकायले बोलपत्र मान्य हुने अवधिभित्र खरिद सम्झौता गरी सक्नु पर्नेछ । कुनै कारणवस सो म्यादभित्र खरिद सम्झौता गर्न नसकिने भएमा कानून बमोजिम बोलपत्रको मान्य हुने अवधी बढाउनु पर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै समयभित्र बोलपत्र मान्य हुने अवधि नबढाई राय माग भएको विषयको हकमा ध्यानाकर्षण समेत गराउने ।”

**(निर्णय मितिः २०७७।०२।०५)**

**४५. राय/परामर्श माग्ने संस्थाको नामः** पूर्वाधार विकास कार्यालय, प्रदेश नं. १, बिराटनगर ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

यस कार्यालयको मिति २०७६।१०।०९ मा प्रकाशित बोलपत्र अनुसार ठेक्का नं. IDO/MOR/NCB/W-96/076/77, Upgrading of Biratchowk Ghinaghat Road (20+000 to 22+195) & Construction of Singiya Khola Bridge कार्यको लागि कार्यालयले माग गरे बमोजिम One Asphalt Concrete Road with 2 RCC Bridge along same Road worth NRs. 37,60,00,000.00 having Asphalt Concrete of 2700 cum हुनु पर्नेमा लामा/बानिया जे.भि. ले निर्माण गरेको Experience Certificate पेश गरेको नारायणघाट मुग्लिङ्ग सडक खण्डको एउटा प्याकेजमा कार्यालयले माग गरे बमोजिम सडक निर्माण गरेको र सोही सडकको अर्को प्याकेजमा ३ वटा पुलहरु निर्माण गरेको हुँदा प्राविधिक मूल्याङ्कन कार्यमा कठिनाई भएको ।

**राय माग गर्नुपर्ने कारणः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ४, योग्यताको आधार, प्राविधिक क्षमता र प्राविधिक स्पेशिफिकेशन दफा २६(ग) अनुरुप Standard Bidding Document को २.४.२ (a) अनुसार One Asphalt Concrete Road with 2 RCC Bridge along same Road worth NRs. 37,60,00,000.00 having Asphalt Concrete of 2700 cum पूर्वयोग्यता सम्बन्धित कागजात माग गरिएकोमा लामा/बानिया जे.भि.ले पूर्वयोग्यता सम्बन्धित पेश गरेको कागजातमा Improvement of Narayanghat-Mugling Road (km 12+850 to km 23+540, Contract No. NIRTTP-DOR-W-ICB-2 मा Asphalt Concrete 16970.31 cum कार्य गरेको तथा सोही सडकमा Construction of RCC Bridge along Narayanghat-Mugling Road over Dasdhunga, Khanikhola and Mauri River Contract No. NIRTTP-DOR-W-NCB-4 मा ३ वटा पुल निर्माण गरेको कार्य अनुभव पेश गरेको ।

ती दुबै Certificate जोड्दा कार्यालयले माग गरेको योग्यता पूरा भएतापनि दुबै ठेक्काको भिन्न प्याकेज (ICB र NCB) को भएको हुनाले राय माग गर्नु परेको ।

**राय परामर्शः**

“प्रस्तुत राय माग सम्बन्धमा Clause 2.4.2 (a) मा त्यस निकायबाट राखिएको शर्त यस कार्यालयबाट जारी नमुना बोलपत्र कागजातमा गरिएको व्यवस्था विपरित प्रतिस्पर्धा संकुचन हुने र कामको गुणस्तर कायम गर्न पर्याप्त विश्लेषण गरी राखिएको नदेखिएकोले यसरी शर्त राख्दा उक्त व्यवस्था प्रतिकूल हुन नहुने । तसर्थ, उक्त कुराहरुमा ध्यान दिई प्रचलित ऐन नियमको परिधिभित्र रही त्यहाँ कार्यालयबाटै कानूनसम्मत निर्णय हुन उपयुक्त देखिएको ।”

**(निर्णय मितिः २०७७।०२।३२)**

**४६. राय/परामर्श माग्ने संस्थाको नामः-** वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौं ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

विगतमा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भई नवीकरण भएको प्रमाण पेश नगरेतापनि स्थानीय निकायबाट इजाजत लिएका फर्महरुले निर्माण कार्यको लागि पेश गरेको प्रमाण पत्रलाई दर्ता नवीकरण भएको मान्ने वा नमान्ने द्विविधा उत्पन्न भएको ।

**राय परामर्शः**

“प्रस्तुत राय माग भएको सम्बन्धमा कानून बमोजिमको फर्म, संस्था वा कम्पनीको दर्ता र नवीकरण गर्न अधिकार प्राप्त निकायबाट जारी भएको प्रमाणपत्रलाई मान्यता दिने ।”

**(निर्णय मितिः २०७७।०३।०३)**

**४७. राय/परामर्श माग्ने संस्थाको नामः-** पूर्वाधार विकास कार्यालय, कावासोती, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

यस कार्यालयको लोकाहा खोला पुल निर्माण कार्यको ठेक्का नं. IDO/NAW/BSE/W/ NCB/ BRD/05/076/77 को बोलपत्रको प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना मिति २०७७।०१।१५ मा अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको ।

प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाता मध्ये एक बोलपत्रदाता श्री Dynamic/KCB/Devchuli JV, Bharatpur, Chitawan ले अर्को बोलपत्रदाता श्री Himsagarmatha/Lohani and Sons मध्ये को Himsagarmatha को Contract Commitment मा Work in hand भएको Project केरुङ्गे खोला पुलको काम पुरा नभएको भनि मिति २०७७।०१।१६ मा निवेदन दिएको तर श्री पूर्वाधार विकास कार्यालय, चितवनले मिति 29th Jan, 2020 मा उक्त पुल निर्माण कार्य Successfully Completed 90% भनि To Whom It May Concern दिइएको; पछि कार्यालयले निर्माण व्यावसायीसँग बुझ्दा उक्त पुल निर्माण कार्य पूर्ण रुपले सिद्धिएको र म्याद थपको समस्या भई Final Bill भुक्तानी लिन बाँकी रहेको कुरा प्रष्टयाई (मिति २०७७।०१।१८) मा Clarification दिएको । अर्को निर्माण व्यावसायी Lohani and Sons ले Devchuli Nirman Sewa ले आफ्नो Work in hand पेश नगरी टेण्डर दर्ता गरेको र उक्त निर्माण व्यावसायीको शहरी विकास लगायत अन्य कार्यस्थलमा निर्माण कार्य भईरहेको Current work in Commitment मा पेश नगरेको भनि निवेदन पेश गरेको ।

**राय माग गर्नुपर्ने कारणः**

कार्यालयले आह्वान गरेको बोलपत्रमा २ वटा मात्र बोलपत्रदाताले बोलपत्र पेश गरेको मा एउटा बोलपत्रदाताले आफु स्वघोषणा गरी पेश गरेको Contract Commitment मा 90%

Successfully completed लाई कुनै Project मा Completion मान्न मिल्ने देखिन्छ तर नियममा यस बारेमा स्पष्ट उल्लेख भएको देखिदैन । कति प्रतिशत काम सिद्धिएकोलाई Work completed मान्ने भन्ने उल्लेख छैन तर कतिपय काममा 95% completed हुँदा पनि Work successfully completed हुँदैन । कुनै कार्यको हकमा Successfully completed लाई निर्माण कार्यमा Work completed मान्न सकिन्छ । कुनै निर्माण व्यावसायीले निर्माणको कार्यमा Work Commitment मा नदेखिएको भन्ने कुरा कार्यालयले आफै यकिन गर्न नसकिने एवं कार्यालयले उक्त बारेमा सोधिखोजि गर्नु पर्ने भन्ने नियममा कतै उल्लेख नभएको कारण स्वःघोषणालाई नै आधार मान्नु पर्ने देखिन्छ । यस बारेमा सार्वजनिक खरिद अनुगमन कार्यालयले स्पष्ट निर्देशनको व्यवस्था नगरेसम्म भोलिका दिनमा यस्ता समस्या कयौं आउने हुँदा Contract Procedure मा अझै कठिन हुने हुँदा त्यहाँको स्पष्ट निर्देशन एवं निर्देशिकाको आवश्यक रहन्छ ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिमको कार्य स्वीकार प्रतिवेदन स्वीकृत भई Taking over certificate issue भएको अवस्थामा सो अनुभवलाई मात्र Successfully or substantially completed भएको मानी मूल्याङ्कन प्रक्रिया बढाउने ।"

**(निर्णय मितिः २०७७।०३।०७)**

**४८. राय/परामर्श माग्ने संस्थाको नामः–** सडक विभाग, पुल महाशाखा, चाकुपाट, ललितपुर ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

सडक विभाग, पुल महाशाखाको पत्र संख्या ०७६/७७, मिति २०७७।०२।२३ को पत्रमा उल्लेख भए अनुसार उक्त महाशाखाबाट आह्वान भएको सूचना नं. ३/७६/७७ अर्न्तगतको ठेक्का नं. BBPCU-DB-337011224-076/77-11, BBPCU-DB-337011224-076/77-12 को बोलपत्रमा Qualification Criteria, 2.4.2 Specific Construction Experience, (a) Contract of Similar Size and Nature अर्न्तगत बोलपत्रदाताको कार्य अनुभवमा पुल निर्माणको ठेकेदार ANK-Lumbini-YP JV रहेकोमा उक्त जे.भी. को नाममा Successfully or substantially complete Certificate सम्बन्धी कागजात नभई राजेश प्रसाद श्रेष्ठ व्यक्ति तथा YP Construction Pvt.Ltd. लाई सम्बोधन गरी About Status of Bridge Construction सम्बन्धी जानकारी पत्र पेश भएको ।

यस सम्बन्धमा उक्त ठेक्काको Experience Letter Issue नभएको तथा Project Status Letter को आधार मा प्राविधिक मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने राय माग गरेको ।

**राय परामर्शः**

"सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ बमोजिमको कार्य स्वीकार प्रतिवेदन स्वीकृत भई Taking over certificate issue भएको अवस्थामा मात्र सो अनुभवलाई Successfully or substantially completed भएको मानी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउने ।"

**(निर्णय मितिः २०७७।०३।०८)**

## (ख) मालसामान खरिदसँग सम्बन्धित सम्बन्धित राय परामर्शहरु:

**१. राय/परामर्श माग्ने संस्थाको नामः–** जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम, धनुषा, प्रदेश नं. २ ।

**विषयः राय सम्बन्धमा ।**

जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम, धनुषा, प्रदेश नं. २ को पत्र अनुसार ई-विडिङ्ग प्रक्रियाद्वारा व्याकहोल लोडर खरिदको लागि प्रकाशित सूचना बमोजिम पेश हुन आएका ४ प्रस्तावक मध्ये एक प्रस्तावक (B.S.Motors) ले Bid Submission Form मा न्यूनतम दर उल्लेख गरेको र Schedule of Requirement (BOQ) मा सबै प्रस्तावक भन्दा अधिकतम दर उल्लेख गरेको पाइयो ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा Bid Submission Form मा उल्लेख भएको कबोल अङ्क र Price Schedule मा उल्लेख भएको कबोल अङ्क फरक भएमा Price Schedule मा उल्लेखित कबोल अङ्कलाई आधार मानी बोलपत्र मूल्याङ्कन गर्न सकिने ।"

**(निर्णय मितिः २०७६।०४।१३)**

**२. राय/परामर्श माग्ने संस्थाको नामः–** पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, कास्की ।

**विषयः राय सम्बन्धमा ।**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, कास्कीको च.नं. ०६।०७६-०७७ मिति २०७६।०४।१० को पत्र अनुसार परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन गरिने सेमेष्टर अन्त्य परीक्षाको उत्तरपुस्तिका छपाई गरी आपूर्ति गर्ने सम्बन्धमा मिति २०७६।०२।२२ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा उक्त सूचनामा उल्लेखित म्यादभित्र बिक्री भएका ६ (छ) थान बोलपत्र मध्ये सूचनामा तोकिएको म्यादभित्र दर्ता भएका ४(चार) थान मात्र बोलपत्र मिति २०७६।०३।२० गते बोलपत्र खोल्ने कार्य सम्पन्न भै सकेको छ ।

बोलपत्र खोली सकेपछि मूल्याङ्कनको प्रक्रियामा रहँदा मिति २०७६।०३।२५ देखि २०७६।०४।०९ सम्म विश्वविद्यालयमा अध्ययनरत विभिन्न बिद्यार्थी संगठनहरुले विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय, केन्द्रिय कार्यालय, विश्वविद्यालयका डिन कार्यालयहरु, अन्तर्गतका स्कूलहरुमा तालाबन्दी गरी शसक्त आन्दोलन गरेकोले बोलपत्र सम्बन्धी डकुमेन्टहरु कार्यालयभित्र तालाबन्दिमा परेकोले बोलपत्र खोलेको मितिबाट १५ दिन भित्रमा मूल्याङ्कन कार्य सम्पन्न हुन नसकेको सम्बन्धमा आवश्यक राय परामर्शका लागि अनुरोध गर्दछु ।

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन गरिने अन्तिम परीक्षामा विद्यार्थीहरुले लेख्ने उत्तरपुस्तिकाको छपाई कार्य अति संवेदनशील र तोकिएको समयमा तोकिए बमोजिमको गुणस्तरमा उत्तरपुस्तिका छपाई हुन नसकेमा विश्वविद्यालयले सञ्चालन गर्ने परीक्षामा

बाधा पुग्न जाने कुरालाई मध्ये नजर गरी उत्तरपुस्तिका छपाई कार्य महत्वपूर्ण र संवेदनशील मानी बोलपत्र सम्बन्धी डकुमेन्टको Section II: Evaluation and Qualification Criteria मा पोखरा विश्वविद्यालय खरिद नियमावली, २०७२ को नियम २५ मालासामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताका आधार तोक्न सकिने प्रावधान बमोजिम उपनियम १(घ) बमोजिम आर्थिक र वित्तीय क्षमता र नियम २५(२क), बमोजिम विश्वविद्यालय/संगठन वा निकायले मालसामानको प्रकृति, परिमाण, महत्व वा प्रयोग अनुसार 1) Bidder Shall furnish a list of users who had purchased same/similar in last 3 years and contract amount 2) The Bidders shall have a Minimum of last 3 years overall experience in the supply of goods and related services प्रावधान राखिएको ।

सूचना अनुसार तोकिएको समायवधिमा दर्ता भएका ४ (चार) वटा नै बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राहीको दृष्टिमा सफल भएका तर Tender Document को Section II मा उल्लेख भए बमोजिमको Qualification का सम्बन्धमा सबभन्दा कम मूल्यांकित बोलपत्रदाताले:

क) आर्थिक र वित्तीय क्षमता दर्शाउने 1) The Minimum of Credit Facility 5,000,000.00 माग गरिएकोमा Letter of Credit Line पेश नगरेको तर Section II (5) को Financial Resource Form मा Nepal SBI Bank O.D. Loan १,२०,००,०००।- (एक करोड बीस लाख मात्र) उल्लेख गरेको ।

ख) Qualification Criteria को १ र २ अनुसार 1) List of users who had purchased same/similar in last 3 years and contract amount 2) The Bidders shall have a Minimum of last 3 years overall experience in the supply of goods and related services का सम्बन्धमा केही पनि डकुमेन्ट पेश नगरेको, Average Annual Turnover Form, Financial Situation Form केही पनि विवरण नभरी तीन वर्षको वित्तीय विवरण खुल्ने Audit Report संलग्न गरेको ।

**राय परामर्श:**

“प्रस्तुत राय माग भएको विषयमा मूल्याङ्कन गर्ने कार्य प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम नै गर्नुपर्ने विषय भएको साथै सम्बन्धित बोलपत्रदाता/फर्मको नाममा मान्यता प्राप्त वित्तीय संस्थाले जारी गरेको O.D. Certificate भएको खण्डमा उक्त O.D. रकम मध्ये सो फर्मको Current Commitment वापतको कूल रकम घटाई बाँकी रहने रकम सार्वजनिक निकायले Credit Facility बापत माग गरेको र कम बराबर हुने देखिएमा उक्त बोलपत्र मूल्याङ्कनमा समावेश गर्न सकिने ।”

**(निर्णय मितिः २०७६।०४।१३)**

**३. राय/परामर्श माग्ने संस्थाको नाम:-** गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरवार, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरबार, काठमाडौंको प.सं. ०७६/०७७, च.नं. ३० मिति २०७६।०४।०८ को पत्र अनुसार विदेशस्थित नेपाली नियोगहरुले मालसामान वा सेवा खरिद गर्ने प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ६७ को उपदफा (३) मा

व्यवस्था भए अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।१२।३ को निर्णय अनुसार "विदेश स्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि २०७३" लागू गरिएको र उक्त कार्यविधिको नियम २(ख) मा "नियोग भन्नाले विदेश स्थित नेपाली दुतावासः नेपाली महावाणिज्य दुतावास, वाणिज्य दुतावास, स्थायी नेपाली नियोग वा विशेष नियोग सम्झनु पर्छ" भनी उल्लेख भएकोले Formed Police Unit लाई आवश्यक मालसामान उक्त कार्यविधि अनुसार खरिद गर्न आवश्यक निर्देशनको व्यवस्था हुन भनी सशस्त्र प्रहरी बलबाट लेखी आएको पत्र उपर कारबाही हुँदा यस सम्बन्धमा रायको लागि त्यहाँ पठाउने नेपाल सरकार सचिवस्तरको मिति २०७६।४।७ को निर्णय अनुसार निर्णय सहित अन्य कागजातहरुका छायाँ प्रति यसै साथ पठाइएको छ । सो सम्बन्धमा यथाशिघ्र राय उपलब्ध गराई दिनु भई सहयोग गरी दिनु हुन अनुरोध गर्दछु ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा विदेश स्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३ बमोजिम कार्यविधिको परिभाषाले समेट्ने सार्वजनिक निकायहरुले मात्र खरिद कार्य गर्न सक्ने ।"

**(निर्णय मितिः २०७६।०४।१३)**

**४. राय/परामर्श माग्ने संस्थाको नामः–** प्रहरी प्रधान कार्यालय, मानवश्रोत एवं प्रशासन विभाग, प्रबन्ध निर्देशनालय, नक्साल, काठमाडौं ।

**राय माग गरेको विषयः–**

प्रहरी प्रधान कार्यालय, मानवश्रोत एवं प्रशासन विभाग, प्रबन्ध निर्देशनालयको च.नं. २५५, मिति २०७६।०४।२६ को पत्रमा देहाय बमोजिमको विषयमा राय माग गरिएको छः-

सुरक्षा सामग्री तथा अन्य सामानहरु खरिद तथा आपूर्ति सम्बन्धी सम्झौता तथा प्रतितपत्रको म्याद थपको विषयमा विभिन्न तीन वटा खरिद कार्य Fingerprint Imaging System-1 package, 25000 Round Rubber Bullet/10,000 Round Tear Gas Shell तथा २७,००० Round Rubber Bullet खरिद गर्नका लागि क्रमशः Installation र Shipment गर्नुपर्ने कार्यका लागि म्याद थपका लागि निवेदन प्राप्त भएकोमा सोको सम्झौता तथा प्रतितपत्रको म्याद थपका लागि सार्वजनिक खरिद (आठौं संशोधन) नियमावली, २०७६ को मूल नियमको १२० को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था बमोजिम निर्णय गर्न द्विविधा भएको भनी राय माग गरिएको ।

**राय परामर्शः**

"उपर्युक्त राय मागको सम्बन्धमा सार्वजनिक खरिद (आठौं संशोधन) नियमावलीको नियम १२० मा स्पष्ट उल्लेख भएकोले सो सम्बन्धमा राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०४।२७)**

**५. राय/परामर्श माग्ने संस्थाको नामः–** शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु, काठमाडौंको च.नं. १२४ को पत्रमा उल्लेख भए बमोजिम उक्त अस्पतालको फार्मेसीका लागि औषधी खरिदका लागि दरभाउपत्र आह्वान गरेकोमा दरभाउपत्र नं. SUKARAJ/007/2075/076 मा आईटमवाइज रुपमा मूल्याङ्कन गरी केही आईटमवाइज औषधीहरुको हकमा ठेक्का समेत गरिसकेको । Yellow Fever Vaccine प्रति भायल रु. ५००।- मा उपलब्ध गराउने गरी BoQ मा सोही रकम अंक अक्षरमा उल्लेख गरी पेश गरेको र उक्त दररेट न्यूनतम मूल्यांकित भई उक्त फर्मसँग प्रचलित कानूनका अधिनमा रही ठेक्का सम्झौता गरेको । तर उक्त फर्मले मिति २०७६।०४।१२ मा पत्र तथा आवश्यक कागजात पेश गरी दररेट पेश गर्दा मानवीय त्रुटी भई रु. ३०५०।- हुनुपर्नेमा रु. ५००।- भएको भनी अन्य सम्बन्धित कागजात समेत संलग्न गरी औषधीको नेपाली मूल्य रु. ३५६८।- हुन आउने तथा नेपालको आधिकारिक आयातकर्ताले उक्त फर्मलाई उपलब्ध गराउने मूल्य रु. २९२५।७६ मा नैं अस्पताल फार्मेसीलाई उपलब्ध गराउने भनी सम्झौता पश्चात् माग गरेको अवस्थामा औषधी निरन्तर उपलब्ध गराईरहनु पर्ने बाध्यता रहेको अवस्थामा उत्पादक र अन्तर्राष्ट्रिय बजारको मूल्य र नेपाली बजारमा उपलब्ध मूल्य समेतलाई आधार मानी कसरी निर्णय गर्ने भन्ने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय मागको विषयमा नियमानुसार बोलपत्रको मूल्याङ्कन भई ठेक्का सम्झौता भईसकेको अवस्थामा ठेक्का सम्झौता बमोजिम नैं कबोल अंकको दररेटमा औषधी आपूर्ति हुनुपर्ने ।" (निर्णय मितिः २०७६।०५।१५)

**६. राय/परामर्श माग्ने संस्थाको नामः–** वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।

**विषयः राय सम्बन्धमा ।**

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको प.सं. ५३०।०७६।०७७, मिति २०७६।०५।०८ को पत्रानुसार अनुसार प्रतिष्ठानको लागि आ.व. ०७६/७७ को लागि आवश्यक "Printing Material (IFB No. BPKIHS/076/077/016)" आपूर्तिका लागि आह्वान गरिएको अनलाईन बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका ७ (सात) थान बोलपत्रहरु मध्ये सबै भन्दा न्यून अङ्क कबोल गर्ने M/s Rashmi Offset Press को कबोल अंक भ्याट बाहेक रु. १,०९,२६,८२५.०० उल्लेख भएको मा निजले बोलपत्रको Price Schedule को आईटम नं. ७३ र ७४ मा कोट गरेको दररेट अंकमा रु. ८.०० र अक्षरमा "Eighty" कोट गरेको पाइएको छ । उक्त आइटमहरुको परिमाण र अङ्कमा लेखिएको दरले हुन आउने गुणनफलमा त्रुटी नदेखिएको र सबै आइटमहरुको जोडफल समेतमा त्रुटी नदेखिएको । उक्त आइटमहरुमा कोट गरिएको दररेटको अक्षरमा लेखिएको "Eighty" सामान्य typing error जस्तो मात्र देखिएको ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा ९ अनुसार "बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको रकम अङ्क र अक्षरमा फरक पारेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ" भनी व्यवस्था रहेको तथा बोलपत्रको कागजात (Bidding Document) मा को Instruction to bidder बुँदा नं. ३३ Correction of Arithmetical Errors को उपबुँदा नं. ३३.१ को (c) अनुसार "If there is a discrepancy between words and figures, the amount in words shall prevail, unless the amount expressed in words is related to an arithmetic error, in which case the amount in figures shall prevail subject to (a) and (b) above." भनी उल्लेख रहेको देखिन्छ । उक्त ऐनमा रहेको व्यवस्थालाई आधार मान्दा M/s Rashmi Offset Press को Bidding Document मा रहेको Price Schedule को आईटम नं. ७३ र ७४ को कबोल अंकको अक्षर "Eighty" लाई आधार मान्दा निजको लागत बढेर भ्याट बाहेक रु. १,२७,२६,८२५।०० हुन जान्छ, त्यस पश्चात् उक्त बोलपत्रमा दोश्रो न्यूनतम अङ्क कबोल गर्ने M/s Apushree Enterprises offset Press (कबोल अंक भ्याट बाहेक रु. १,१४,६६,६३४।००) प्रथम न्यूनमत स्थानमा हुन जान्छ र सो अनुरुप गर्दा प्रतिष्ठानलाई थप आर्थिक भार रु. ५,३९,८०९।०० (भ्याट बाहेक) पर्ने देखिन्छ ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा ९ मा बोलपत्रमा उल्लेख गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ भन्ने व्यहोरा प्रष्ट उल्लेख हुनुको साथै Bidding Document को instruction to bidder को बुँदा नं. ३३ मा समेत प्रष्ट उल्लेख भएको हुँदा यस विषयमा खरिद सम्बन्धी ऐन नियमको कुनै द्विविधा नदेखिएकाले त्यहाँबाटै कानूनसम्मत निर्णय हुनु पर्ने ।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**७. राय/परामर्श माग्ने संस्थाको नामः-** शहिद लखन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घैरुङ्ग, गोरखा ।

**विषयः राय सम्बन्धमा ।**

शहिद लखन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, घैरुङ्ग, गोरखाको प.सं. ०७६/०७७ च.नं. १२५, मिति २०७६।०४।३१ को पत्रानुसार SoaLr Procurement and Installation of SoaLr Power System खरिद गर्नको लागि यस कार्यालयबाट Technical Specification तयार गरी लागत इस्टिमेट अंक मू.अ.कर र कन्टिजेन्सी सहित रु. १९,०५,८९०।० स्वीकृत गरिएको । तोकिएको समयावधि भित्र मिति २०७६।०३।३० गते सुरुको सूचना तथा मिति २०७६।०४।११ गते सुरुवात दैनिक पत्रिकामा प्रकाशित Description of Item Seriol No. 1& 2 को संशोधित सहित २ वटा सूचना तथा e-GP System मार्फत दरभाउपत्र आह्वान गरिएको ।

e-GP System मार्फत छ वटा दरभाउपत्र दर्ता भएको ।

- Allied Power Engineering, Hetauda
- Nabikaraniya Urja Pvt. Ltd. Ktm
- Life Energy Private Limited, Ktm
- Sunshine Energy Pvt. Ltd, Ktm
- Evan Energy Pvt. Ltd. Ktm

- मिति २०७६।०४।१४ गते दिउँसो १:०० बजे PPMO को e-GP System मा प्रविष्ट भए अनुसारको दरभाउपत्र खोली मुचुल्का भएको ।
- ५ वटै दरभाउपत्रदाताले Schedule of Requirement मा रकम उल्लेख गरेको ।
- ५ वटा दरभाउपत्रदाता मध्ये Sunshine energy Pvt.Ltd, Ktm ले SoR मा (रु १०२.८३) रकम उल्लेख गर्नुका साथै छुटै Price of Schedule समेत बनाई Upload गरेको ।
- ५ वटा दरभाउपत्रदाता मध्ये ४ वटाले मिति २०७६।०४।११ मा प्रकाशित संशोधित सूचना अनुसार SoR को Description आईटममा रकम उल्लेख गरेको तर Allied Power Engineering, Hetauda ले संशोधित सूचना अनुसार SoR को Description आईटममा दररेट उल्लेख नगरी सुरुकै सूचना अनुसारको SoR को Description आईटममा दररेट उल्लेख गरेको ।

क) Sunshine energy Pvt. Ltd., Ktm ले SoR बाहेक छुटै Price of Schedule बनाई पेश गरेको ले उक्त Price of Schedule लाई मूल्याङ्कन मा समावेश गर्न मिल्छ वा मिल्दैन रु. सो प्रा.लि.ले पेश गरेको SoR वा Price of Schedule कुनलाई आधार मानी मूल्याङ्कन गर्नु पर्दछ। सो सम्बन्धमा राय प्रदान गर्नको निमित्त अनुरोध छ ।

ख) Sunshine energy Pvt.Ltd., Ktm ले SoR बाहेक छुटै Price of Schedule बनाई पेश गरेकोमा यस कार्यालयले माग गरेको Description of item को Quantity फरक हुने गरी र item No. 2, 50A In Built Charge Controller with Inverter को Quantity 0 हुने गरी दररेट पेश गरेको अवस्थामा मूल्याङ्कन कुन आधारमा गर्न सकिन्छ सो सम्बन्धमा राय पेश हुन अनुरोध छ ।

ग) साथै Allied Power Engieering Hetauda ले मिति २०७६।०४।११ मा प्रकाशित संशोधित सूचना अनुसार एवं e-GP System मा SoR को Description आईटममा भएको संशोधन बमोजिम नगरी मिति २०७६।०३।३० मा प्रकाशित सुरुको सूचना बमोजिमको SOR को Description आईटम अनुसार दररेट उल्लेख गरेको अवस्थामा सो दरभाउपत्र लाई मूल्याङ्कनमा समावेश गर्न मिल्छ वा मिल्दैन ? सो बारेमा राय प्रदान गरी सहयोग गरिदिनु हुन अनुरोध छ भनी लेखी आएको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा विद्यूतीय खरिद प्रणालीबाट हुने Sealed Quotation खरिद प्रक्रियामा बोलपत्रदाताले अनलाईन बोलपत्र पेश गर्दा Schedule of Requirement मा नै कबोल अङ्क राख्ने व्यवस्था भएकोले प्रणालीबाट छुट्टै Price schedule भरेर अपलोड गरेको अवस्थामा प्रणालीबाट बन्ने Schedule of Requirement र बोलपत्रदाताले अपलोड गरेको Price schedule को कबोल अंकमा एकरुपता भएमा मूल्याङ्कन प्रक्रियामा समावेश गर्न सकिने र अन्य विषयको हकमा कानूनी द्विविधा नरहेको हुँदा त्यहाँबाटै कानूनसम्मत निर्णय गर्नुपर्ने भएकाले यस कार्यालयबाट राय प्रदान नहुने ।"

**(निर्णय मितिः २०७६।०५।१८)**

## ८. राय/परामर्श माग्ने संस्थाको नामः– अध्यागमन विभाग, कालिकास्थान, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

अध्यागमन विभाग, कालिकास्थान, काठमाडौंको च.नं. २१६, मिति २०७६।०५।०८ को पत्रमा उल्लेख भए बमोजिम विभागको Network Optimization at TIA कार्यको लागि राष्ट्रियस्तरको बोलपत्र आह्वान गरी बोलपत्र मूल्याङ्कनका क्रममा UPS Device को लागि Mnufacturer's Authorization Letter माग गरिएकोमा कुनैं बोलपत्रदाताले बोलपत्र प्रकाशन मिति भन्दा अगाडिको मितिमा To Whom it May Concern को ढाँचामा Authorization Letter भनी पेश गरेकोमा To Whom itMay Concern लाई Authorization Letter को रुपमा मान्यता दिन मिल्ने नमिल्ने विषयमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग गरेको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(३) मा प्रष्ट व्यवस्था भए बमोजिम नैं कानूनसम्मत निर्णय त्यहाँबाट हुनुपर्ने र खरिद सम्बन्धी ऐन नियमको कुनैं द्विविधा नदेखिँदा यस कार्यालयबाट राय प्रदान नहुने ।"

**(निर्णय मितिः २०७६।०५।१९)**

## ९. राय/परामर्श माग्ने संस्थाको नामः– नेपाल पानीजहाज कार्यालय, एकान्तकुना, ललितपुर ।

**विषयः राय सम्बन्धमा ।**

नेपाल पानीजहाज कार्यालय, एकान्तकुना, ललितपुरको च.नं. ८२, मिति २०७६।०६।२७ को पत्रमा उल्लेख भए बमोजिम क्याटलग विधिबाट सवारी साधन खरिद गर्ने उद्देश्यले सूचना प्रकाशित गरेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको कार्यविधिमा न्यूनतम आवेदकको संख्या उल्लेख नभएको हुँदा मोटरसाईकल खरिद गर्ने सम्बन्धी सूचनामा १ वटा र स्कूटर खरिद गर्ने सम्बन्धी सूचनामा २ वटा आधिकारिक बिक्रेताबाट प्राविधिक प्रस्तावको रुपमा सिलबन्दी आवेदन प्राप्त भएको अवस्थामा उक्त प्रस्ताव खोली खरिद प्रक्रिया अगाडि बढाउन मिल्ने नमिल्ने सम्बन्धमा द्विविधा उत्पन्न भएको भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा यस कार्यालयबाट क्याटलग सपिङ विधिको नमूना बोलपत्र कागजात **(SBD)** जारी भैनसकेको हुँदा र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २०(३) बमोजिम त्यहाँबाट प्रयोग भएको **SBD** पनि यस कार्यालयबाट सहमति प्रदान नभएको अवस्थामा राय प्रदान नहुने ।"

**(निर्णय मितिः २०७६।०६।२९)**

**१०. राय/परामर्श माग्ने संस्थाको नाम:-** प्रहरी प्रधान कार्यालय, मानव श्रोत एवं प्रशासन विभाग; नक्साल, काठमाडौं ।

**विषय: राय सम्बन्धमा ।**

प्रहरी प्रधान कार्यालय, मानव श्रोत एवं प्रशासन विभागको च.नं. ८६०, मिति २०७६।०६।०८ को पत्रमा उल्लेख भए बमोजिम प्रहरी पोशाकहरु खरिद सम्बन्धी बोलपत्र मूल्याङ्कन गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमूना बोलपत्र कागजात (**SBD**) बमोजिम Line of Credit पेश नगरी अर्को ढाँचाको तोकिएको रकम बराबरकै Line of Credit पेश गरेको पाईएको हुँदा उक्त Line of Credit ग्राह्य हुने वा नहुने भनी राय माग गरेको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा कार्यालयबाट बोलपत्रदातासँग औचित्य समेतको आधारमा Line of Credit माग गर्ने निर्णय भएको अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमूना बोलपत्र कागजात (SBD) बमोजिम नै Line of Credit हुनुपर्ने ।" (परिमार्जित)

**(निर्णय मिति: २०७६।०६।२९)**

**११. राय/परामर्श माग्ने संस्थाको नाम:-** विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।

**विषय: राय सम्बन्धमा ।**

विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौंको प.सं. २०७५/०७६, च.नं. १०१, मिति २०७६।०६।१६ र च.नं. ११३, मिति को २०७६।०६।२९ को पत्रमा उल्लेख भए बमोजिम गाडी खरिद सम्बन्धी बोलपत्र आह्वान गरेकोमा १ वटा मात्र बोलपत्र परेको तथा उक्त बोलपत्रदाताले व्यवसाय दर्ता प्रमाणपत्र पेश नगरेको अवस्थामा सो अनिवार्य हो वा होईन भनी राय माग गरेको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम कुनैं कानूनी द्विविधा नदेखिएको हुँदा यस कार्यालयबाट थप राय प्रदान नहुने ।"

**(निर्णय मिति: २०७६।०६।२९)**

**१२. राय/परामर्श माग्ने संस्थाको नाम:-** राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर ।

**विषय: राय सम्बन्धमा ।**

राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुरको प.सं. २०७५/०७६, च.नं. ९९, मिति २०७६।०७।०५ को पत्रमा उल्लेख भए बमोजिम कम्प्युटर तथा प्रिन्टर खरिद कार्यको लागि सिलबन्दी दरभाउपत्रको आह्वान गरी सूचना प्रकाशन गरेको र प्राप्त भएका ६ वटा दरभाउपत्र मध्ये २ वटा दरभाउपत्र मात्र उक्त कार्यालयको लागत अनुमानभित्र रहेको र बाँकी ४ वटा दरभाउपत्र स्वीकृत लागत अनुमान भन्दा बढी रहेको अवस्थामा न्यूनतम तीनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुनुपर्ने अवस्थामा लागत

अनुमानभन्दा बढी रहेको दरभाउपत्रलाई पनि सारभूत रुपमा प्रभावग्राही मान्न मिल्ने नमिल्ने सम्बन्धमा द्विविधा भएको भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा प्राप्त सिलबन्दी दरभाउपत्रहरुमध्ये कम्तीमा ३ वटा सिलबन्दी दरभाउपत्र स्वीकृत लगत ईष्टिमेटभित्रै रहेको र सारभूत रुपमा प्रभावग्राही भएको अवस्थामा सबैभन्दा घटी कबोल अंक रहेको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न सकिने ।"

**(निर्णय मितिः २०७६।०७।२०)**

## १३. राय/परामर्श माग्ने संस्थाको नामः- व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैंसेपाटी, ललितपुर ।

**विषयः राय सम्बन्धमा ।**

व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, राष्ट्रिय दुग्ध भैंसेपाटी, ललितपुरको प.सं. २०७६/०७७, च.नं. ५२९, मिति २०७६।०७।२७ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयको लागि तालिम तथा स्टेशनरी सामानहरु खरिद कार्यको लागि बोलपत्रको आह्वान गरी सूचना प्रकाशन गरेको र प्राप्त भएका ५ वटा बोलपत्रहरु रीतपूर्वक दर्ता हुन आएकोमा न्यूनतम २ वर्षको अनुभव र वार्षिक TurnOver पेश गर्नुपर्ने प्रावधान राखिएकोमा एउटा बोलपत्रदाताले अन्य सबै कागजात पेश गरी उपर्युक्त २ वटा कागजात पेश नगरेको तर निजले सबैभन्दा कम दररेट सहित बोलपत्र पेश गरेको अवस्थामा मूल्याङ्कनमा द्विविधा भएको भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र नियम ४० मा प्रष्ट व्यवस्था भएको हुँदा सोही बमोजिम त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।०८।०१)**

## १४. राय/परामर्श माग्ने संस्थाको नामः- दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापा ।

**विषयः राय सम्बन्धमा ।**

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापाको मिति २०७६।०८।०८ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयले औषधी खरिद गर्ने प्रयोजनका लागि आह्वान गरेको बोलपत्र बमोजिम पेश भएका बोलपत्रमध्ये सबैभन्दा कम अंकको बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेको कागजातमा PAN दर्ता मात्रै भएको र बोलपत्र खोले पश्चात् मात्र VAT दर्ता गरी कार्यालयमा पेश गरेको । औषधीमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था रहेको र उक्त कार्यालयबाट सूचना प्रकाशित गर्दा मूल्य अभिवृद्धि कर दर्ता भएको कम्पनी वा फर्म हुनुपर्ने शर्त रहेको अवस्थामा PAN दर्ता मात्र भएको कम्पनीले पेश गरेको बोलपत्र स्वीकृत गर्न मिल्ने नमिल्ने भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम (१) र (२) को (ख) मा सो सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम कागजात भए नभएको सम्बन्धमा त्यहाँ कार्यालयबाटै यकिन गरी निर्णय गर्ने विषय रहेको । साथै, प्रस्तुत खरिद हुने वस्तुको आपूर्तिकर्ता मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने नपर्ने सम्बन्धमा आन्तरिक राजश्व विभागबाट आवश्यक राय परामर्श लिई त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।०८।२३)**

**१५. राय/परामर्श माग्ने संस्थाको नामः–** ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट ।

**विषयः राय सम्बन्धमा ।**

ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटको मिति २०७६।०८।०९ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयले Double cab 4WD Pick up सवारी साधन खरिद गर्ने प्रयोजनका लागि क्याटलग सपिङ विधिबाट खरिद गर्न लागेकोमा आह्वान गरेको बोलपत्र बमोजिम पेश भएका बोलपत्रमध्ये सबैभन्दा कम अंकको बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेको कागजातमा PAN दर्ता मात्रै भएको र बोलपत्र खोले पश्चात् मात्र VAT दर्ता गरी कार्यालयमा पेश गरेको । औषधीमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था रहेको र उक्त कार्यालयबाट सूचना प्रकाशित गर्दा मूल्य अभिवृद्धि कर दर्ता भएको कम्पनी वा फर्म हुनुपर्ने शर्त रहेको अवस्थामा PAN दर्ता मात्र भएको कम्पनीले पेश गरेको बोलपत्र स्वीकृत गर्न मिल्ने नमिल्ने भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम (१) र (२) को (ख) मा सो सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम कागजात भए नभएको सम्बन्धमा त्यहाँ कार्यालयबाटै यकिन गरी निर्णय गर्ने विषय रहेको । साथै, प्रस्तुत खरिद हुने वस्तुको आपूर्तिकर्तामूल्य अभिवृद्धिकरमा दर्ता हुनुपर्ने नपर्ने सम्बन्धमा आन्तरिक राजश्व विभागबाट आवश्यक राय परामर्श लिई त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।०८।२३)**

**१६. राय/परामर्श माग्ने संस्थाको नामः–** चौतारा साँगाचोक गढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, चौतारा ।

**विषयः राय सम्बन्धमा ।**

चौतारा साँगाचोक गढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चौताराको च.नं. ८३७, मिति २०७६।०८।२९ को पत्रमा उल्लेख भए बमोजिम उक्त नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोके बमोजिमका निःशुल्क रुपमा वितरण गरिने औषधी खरिद गर्ने सम्बन्धमा त्यस न.पा. को स्वास्थ्य शाखाबाट प्रकाशित सूचना बमोजिम दरभाउपत्र खरिद गर्ने म्याद २०७६।०६।०२ सम्म ९ वटा औषधी सप्लायर्स फर्महरुले फारम खरिद गरेको र २०७६।६।३ र ४ गते सार्वजनिक विदा परेकोले २०७६।०६।०५ गते १२ बजे भित्र ५ वटा रितपूर्वक फर्महरुको दर्ता भएको । त्यस न.पा. बाट राष्ट्रिय पत्रिकामा दरभाउ पत्र फारम खरिद गर्ने सूचना प्रकाशन भएको तर न.पा.को website मा सूचना

प्रकाशन गर्न छुट भएको देखिँदा दर्ता हुन अएका औषधी सप्लायर्सहरुको प्रस्तावको मूल्याङ्कन गरी खरिद प्रक्रिया अगाडि वढाउन मिल्ने नमिल्ने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्श:**

“प्रस्तुत राय माग भएको विषयमा खरिद सम्बन्धी प्रचलित ऐन नियमको कुनै कानूनी द्विविधा नदेखिँदा प्रचलित कानून एवं त्यहाँबाट जारी दरभाउपत्र फारममा उल्लेखित कुराहरु समेतको आधारमा प्रतिस्पर्धा संकुचित भए नभएको बिचार गरी त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।”

**(निर्णय मितिः २०७६।०९।११)**

**१७. राय/परामर्श माग्ने संस्थाको नामः-** प्रदेश सभा सचिवालय ।

**विषयः राय सम्बन्धमा ।**

प्रदेश सभा सचिवालय-प्रदेश नं ५ बुटवलको पत्रमा उल्लेख भए बमोजिम उक्त सचिवालयबाट अडियो माइक्रोफोन सिस्टमको सामग्री खरिदका लागि मिति २०७६।७।२० मा पहिलो पटक सूचना प्रकाशित गरिएकोमा एक मात्र सिलबन्दी दरभाउपत्र दर्ता हुन गई सार्वजनिक खरिद नियमावलीको नियम ८४ को उपनियम ३(क) बमोजिम मिति २०७६।०८।०६ मा दोस्रो पटक सूचना प्रकाशित गरिएको र २०७६।८।२२ गते दिउँसो २ बजे सिलबन्दी दरभाउपत्र खोल्नु पर्ने भएकाले पहिलो सूचना बमोजिम दर्ता हन आएको सिलबन्दी दरभाउपत्र खरिद प्रक्रियामा समावेश गर्न मिल्ने नमिल्ने भनी राय माग गरेको ।

**राय परामर्श:**

“प्रस्तुत राय माग भएको विषयमा प्रथम पटक प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र दाताले पुनः दोस्रो पटक प्रकाशित सूचना बमोजिम सिलबन्दी दरभाउपत्र पेश गरेको अवस्थामा मूल्याङ्कनमा समावेश हुने तर प्रथम पटक को सूचना अनुसार दर्ता भएको दरभाउपत्रलाई मूल्याङ्कनमा समावेश गर्न नमिल्ने ।”

**(निर्णय मितिः २०७६।०९।११)**

**१८. राय/परामर्श माग्ने संस्थाको नामः-** ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट ।

**विषयः राय सम्बन्धमा ।**

ककनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटको च.नं. ५३५, मिति २०७६।०८।२३ को पत्रमा उल्लेख भए बमोजिम उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा सवारी साधन खरिद गर्न पाउने क्याटलग सपिङ्ग निर्देशिकामा उल्लेख भएको तर उप बिक्रेताबाट खरिद गर्न पाउने वा नपाउने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्श:**

“प्रस्तुत राय माग भएको विषयमा उत्पादक वा अधिकृत बिक्रेताहरुसँग मात्र प्रतिस्पर्धा गराई सारभूत रुपमा प्रभावग्राही न्यूनतम मुल्यांकित प्रस्तावदातासँग क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्न सकिने ।”

**(निर्णय मितिः २०७६।०९।११)**

**१९. राय/परामर्श माग्ने संस्थाको नामः–** धनुषाधाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनुषा ।

**विषयः राय सम्बन्धमा ।**

धनुषाधाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनुषाको च.नं. ४०१, मिति २०७६।०८।२९ को पत्रमा उल्लेख भए बमोजिम उक्त नगरपालिले आ.व. २०७६/७७ मा छपाई तथा स्टेशनरी सामग्री खरिदका लागि e-Bid समेतको प्रवन्ध गरी दरभाउपत्र प्रकाशन गरेको । तोकिएको म्याद भित्र पर्न आएका दरभाउपत्रहरु तोकिएका प्रतिनिधिहरुको उपस्थितीमा खोलिएको । छपाइतर्फ जम्मा ९ वटा र स्टेशनरीतर्फ ११ वटा फर्मले रितपूर्वक दरभाउपत्र पेश गरेको । रितपूर्वक प्राप्त दरभाउपत्रहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० बमोजिम पूर्णताको परिक्षण गर्दा विविध समस्या पाइएकाले त्यस्ता फर्महरुलाइ समावेश गर्ने नगर्ने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० मा स्पष्ट उल्लेख भएको र कुनै कानूनी द्विविधा समेत नदेखिँदा त्यहाँबाट जारी दरभाउपत्र सम्बन्धित कागजातमा उल्लेखित आधार र प्रचलित कानून बमोजिम त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।०९।११)**

**२०. राय/परामर्श माग्ने संस्थाको नामः–** दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापा ।

**विषयः राय सम्बन्धमा ।**

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापाको च.नं. ७४५, मिति २०७६।०८।०८ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयले औषधी खरिद गर्ने प्रयोजनका लागि आह्वान गरेको बोलपत्र बमोजिम पेश भएका बोलपत्रमध्ये सबैभन्दा कम अंकको बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेको कागजातमा PAN दर्ता मात्रै भएको र बोलपत्र खोले पश्चात् मात्र VAT दर्ता गरी कार्यालयमा पेश गरेको । औषधीमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था रहेको र उक्त कार्यालयबाट सूचना प्रकाशित गर्दा मूल्य अभिवृद्धि कर दर्ता भएको कम्पनी वा फर्म हुनुपर्ने शर्त रहेको अवस्थामा PAN दर्ता मात्र भएको कम्पनीले पेश गरेको बोलपत्र स्वीकृत गर्न मिल्ने नमिल्ने भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम (१) र (२) को (ख) मा सो सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम कागजात भए नभएको सम्बन्धमा त्यहाँ कार्यालयबाटै यकिन गरी कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।०९।११)**

**२१. राय/परामर्श माग्ने संस्थाको नामः–** काठमाडौ महानगरपालिकाको कार्यालय, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

काठमाडौ महानगरपालिकाको कार्यालय, काठमाडौको च.नं. १३२, मिति २०७६।०८।२२ को पत्रमा उल्लेख भए बमोजिम उक्त महानगरपालिले supply and delivery of different tyre tube for backwhe loader खरिद कार्यका लागि मिति २०७६।६।१६ मा प्रकाशित सूचना बमोजिम ४ वटा दरभाउपत्र दर्ता भएको र सोही दिन २ बजे खोलिएको । उक्त दरभाउपत्रको पुर्णता परिक्षण गर्दा २ वटा फर्मको बैक जमानत पुरानै format अनुसार पाइएकाले नयाँ format अनुसार नभएको कुरालाइ आधार मानी उक्त दरभाउपत्रलाई अप्रभावग्राही मान्न मिल्ने नमिल्ने सम्बन्धमा राय माग गरेको ।"

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा प्रचलित सार्वजनिक खरिद ऐन नियमको द्विविधा नदेखिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० मा प्रष्ट उल्लेख भएको हुँदा त्यहाँबाट जारी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेखित आधार एवं प्रचलित कानून बमोजिम प्रतिस्पर्धा सिमीत नहुने गरी त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।०९।११)**

**२२. राय/परामर्श माग्ने संस्थाको नामः–** सुन्दरहरैचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ्ग, झापा ।

**विषयः राय सम्बन्धमा ।**

सुन्दरहरैचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ्गको च.नं. १४२१, मिति २०७६।०८।२५ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयको मिति २०७६।८।३ मा प्रकाशित सूचना बमोजिम ठेक्का नं SHM/MOR/G/NCB-०४-२०७६/७७ NP ३ ह्युमपाइप खरिद तथा सप्लाइ कार्यका लागि रितपूर्वक विद्युतीय माध्यमबाट दर्ता भएका चार वटा फर्मको बोलपत्र मध्ये दुई वटा फर्मबाट यस कार्यालयबाट तयार पारिएको ठेक्का कागजात अनुसारको विल अफ क्वान्टिटी (BOQ) संलग्न गरी पेश गरेको तथा दुई वटा फर्मबाट यस कार्यालयबाट तयार पारिएको ठेक्का कागजात अनुसारको विल अफ क्वन्टिटी (BOQ) संलग्न नगरी पेश गरेको पाइएको हुँदा विल अफ क्वान्टिटी (BOQ) अनिवार्य संलग्न हुनुपर्ने हो वा होइन सो सम्बन्धमा स्पष्ट राय परामर्श पाउँ भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा NCB (goods) को SBD को ITB clause 12.1(a) मा प्रष्ट व्यवस्था भएकाले यस कार्यालयबाट थप राय प्रदान नहुने ।"

**(निर्णय मितिः २०७६।०९।११)**

**२३. राय/परामर्श माग्ने संस्थाको नामः–** रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

**विषयः राय सम्बन्धमा ।**

रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौको प.सं. ख.व्य.वि.प्र./०७६/७७, च.नं. १७६, मिति २०७६।०९।११ को पत्रमा उल्लेख भए बमोजिम सार्वजनिक खरिदको सन्दर्भमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ मा विदेशबाट माल सामान खरिद गर्दा प्रतितपत्र बाहेकका अन्य भुक्तानीका माध्यमहरुको सम्बन्धमा स्पष्ट नभएकले सो सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा खरिद प्रक्रियासँग सम्बन्धित नभएकाले यस कार्यालयबाट राय प्रदान गरिरहन नपर्ने ।" (निर्णय मितिः २०७६।०९।१६)

**२४. राय/परामर्श माग्ने संस्थाको नामः–** प्रहरी प्रधान कार्यालय, मानव श्रोत एवं प्रशासन विभाग, प्रवन्ध निर्देशनालय, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

प्रहरी प्रधान कार्यालय, मानव श्रोत एवं प्रशासन विभाग, प्रवन्ध निर्देशनालय, काठमाडौंको च.नं. २०७०, मिति २०७६।०९।१३ को पत्रमा उल्लेख भए बमोजिम सम्बन्धित आपूर्तिकर्ता फर्मले बोलपत्र कागजातमा उल्लेख भएका तर प्रतितपत्र खोल्ने प्रयोजनका लागि पेश गरेको porforma invoice मा उल्लेख गर्न छुटेको country of origin हरु समेत थप गर्न नेपाल राष्ट्र बैंकमा पत्राचार गरी दिनुहुन भनी लेखि आएको हुँदा सो सम्बन्धमा सम्बन्धित फर्मले प्रतितपत्र खोल्ने प्रयोजनका लागि पेश गरेको perform invoice मा उल्लेख गर्न छुटेका country oforigin हरु Proforma invoice मा पछि संशोधन गर्न मिल्ने नमिल्ने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा खरिद सम्झौता बमोजिमको व्यस्थामा परिवर्तन गर्नु परेमा प्रचलित सार्वजनिक खरिद ऐन नियमको पालना गरेर मात्र गर्नुहुन ।"

**(निर्णय मितिः २०७६।०९।१६)**

**२५. राय/परामर्श माग्ने संस्थाको नामः–** राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, काठमाडौ ।

**विषयः राय सम्बन्धमा ।**

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, काठमाडौको प.सं. ०७६।७७, च.नं. १००६, मिति २०७६।१०।०१ को पत्रमा उल्लेख भए बमोजिम वैज्ञानिक उपकरण CCTV Enhancement System र ल्याव सामग्री DNA Profiling Kits and Accessories गरी दुई प्रकारका सामग्रीको खरिद गर्ने प्रयोजनका लागि बोलपत्र आह्वान भएको जसमा फर्महरुले व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र स्थायी लेखा नं. लगायतका कागजात पेश नगरेको र नवीकरण हुन बाँकी रहेकोमा उक्त बोलपत्रहरुलाई कानूनी रुपमा ग्राह्य मान्न सकिने नसकिने सम्बन्धमा २ वटा पत्र मार्फत राय माग भई आएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० मा प्रष्ट उल्लेख भए बमोजिम त्यहाँ कार्यालयबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।१०।०५)**

## २६. राय/परामर्श माग्ने संस्थाको नामः– मोहन्याल गाउँपालकिा, खिमादी, कैलाली ।

**विषयः राय सम्बन्धमा ।**

मोहन्याल गाउँपालकिा, खिमादी, कैलालीबाट Supply and Delivery of Four Wheel Drive Back Hoe Loader with Barker Attachment Provision IFB NOMRM/g-01-2976/77 को बोलपत्र आह्वान तथा मूल्याङ्कनमा अक्षरमा लेखिएको रकमलाई Evaluation को रकम मानी पाउँ भनी मिति २०७६।०८।१५ मा उस कार्यालयमा निवेदन दर्ता गरेको तथा सो को सम्बन्धमा यस कार्यालयबाट पत्राचार गरी जानकारी माग गरिएको तथा उक्त कार्यालयको मिति २०७६।०९।०७ मा प्राप्त पत्रमा SOR मा entry गर्दा System को गल्ती तथा कार्यालयको भुलको कारण BOQ मा submit गरेको व्यहोराको Price नैं हाम्रो Bid Price हो भनी निवेदकको भनाई र SOR Price uploaded BOQ मा कुनल( ाई आधार मान्ने भनी राय समेत माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा खरिद सम्बन्धी ऐन नियममा भएको कानूनी द्विविधा नदेखिँदा यस कार्यालयबाट राय प्रदान नहुने भएकाले त्यहाँवाटै कानूनसम्मत निर्णय गर्नुहुन ।"

**(निर्णय मितिः २०७६।१०।०४)**

## २७. राय/परामर्श माग्ने संस्थाको नामः– सशस्त्र प्रहरी वल, नेपाल, प्रधान कार्यालय ।

**विषयः राय सम्बन्धमा ।**

सशस्त्र प्रहरी वल, नेपाल, प्रधान कार्यालयको प.सं. ०७६।७७ च.नं. २००४, मिति २०७६।१०।०१८ को पत्रमा उल्लेख भए बमोजिम उक्त बललाई आवश्यक भएका Riot Control Gear Sets -900/ Transport Shield -3,300 units खरिद गर्नको लागि १५० दिनसम्म मालसामान आपूर्ति गर्ने गरी सम्झौता भएकोमा सम्झौता गरेको बोलपत्रदाताले ३ महिना म्याद थपका लागि विभिन्न कारण खुलाई निवेदन पेश गरेको र सो सम्बन्धमा कार्यालयको तर्फबाट समेत बिचार गरी म्याद थप गर्नु आवश्यक देखिएको अवस्थामा यस कार्यालयमा राय माग भई आएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ (नवौ संशोधन) को नियम १२० मा प्रष्ट व्यवस्था भएकाले सोही बमोजिम कानूनसम्मत निर्णय गर्नुहुन ।"

## (ग) परामर्श सेवा खरिदसँग सम्बन्धित राय परामर्शहरु

**१. राय/परामर्श माग्ने संस्थाको नामः–** हुलाक सेवा विभाग, केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाडौं ।

**विषयः– राय परामर्श सम्बन्धमा ।**

हुलाक सेवा विभाग, केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाडौंको प.सं. ०७६/७७, च.नं. ६७, मिति २०७६।०५।१३ को पत्रबाट नेपाल सरकारले आ.व. २०३३/३४ साल देखि हुलाक बचत बैंक सञ्चालन भई आ.व. २०७०/७१ देखि Software system बाट कार्य सञ्चालन गर्ने व्यवस्था बमोजिम विभिन्न स्थानमा Software system बाट कार्य भएको छ। Software Support and Maintenance कार्यको परामर्शदाता छनौट गर्ने प्रयोजनका लागि आशयपत्र माग गरी मिति २०७६।०४।०८ गते गोरखापत्रमा सूचना प्रकाशन गरिएको थियो। प्रकाशित सूचना बमोजिम ५ वटा फर्महरूबाट आशयपत्र दर्ता गरिएको थियो। प्राप्त आशयपत्रको मूल्याङ्कन गर्ने सिलसिलामा अन्यौल देखिएकोले मिति २०७६।०५।०५ को पत्र बमोजिम त्यहाँको राय माग गरिएको छ साथै खरिद प्रक्रिया पुरा नभए सम्मका लागि ६५ बाट हुलाक बचत बैंकको दैनिक सेवा प्रभावित हुने भएकोले अन्य वैकल्पिक व्यवस्थाका लागि प्रयास गरिएको छ। उक्त समस्या समाधानको लागि उत्तम वैकल्पिक उपाय प्राप्तीका लागि राय परामर्श माग गरिएको ।

**राय परामर्शः**

"प्रस्तुत माग भएको विषयमा त्यहाँ कार्यालयको स्वीकृत खरिद योजना अनुसार खरिद व्यवस्थापन हुनुपर्ने देखिँदा यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०५।२२)**

**२. राय/परामर्श माग्ने संस्थाको नामः–** हुलाक सेवा विभाग, केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाडौं ।

**विषयः– राय परामर्श सम्बन्धमा ।**

हुलाक सेवा विभाग, केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाडौंको प.सं. ०७६/७७, च.नं. ५, मिति २०७६।०५।०५ को पत्रबाट नेपाल सरकारले आ.व. २०३३/३४ साल देखि हुलाक बचत बैंक सञ्चालन गरेको हो । हुलाक बचत बैंक लामो समय सम्म ढड्डा प्रणालीबाट सञ्चालन भएको मा पछिल्लो समय यसलाई आधुनिकरण गर्ने, Software System बाट कार्य सञ्चालन गर्ने व्यवस्था बमोजिम विभिन्न स्थानमा Software install गरी data entry गर्ने काम सम्पन्न भएको छ। Software support and Maintenance कार्यका लागि प्रत्येक वर्ष केही रकम विनियोजित हुने गरेको छ। यस आ.व.मा पनि रकम विनियोजन गरिएको छ । Software support and Maintenance कार्यको परामर्शदाता छनौट गर्ने प्रयोजनका लागि आशयपत्र माग गरी मिति २०७६।०४।०८ गते गोरखापत्रमा सूचना प्रकाशन गरिएको थियो । प्रकाशित सूचना बमोजिम ५ वटा फर्महरुबाट आशयपत्र दर्ता गरिएको थियो । प्राप्त आशयपत्रको मूल्याङ्कन गर्ने सिलसिलामा Softech Foundation प्रा.लि.ले पेश गरेको आशयपत्रमा

पेश गर्ने कार्यालय केन्द्रीय धनादेश कार्यालय, बबरमहल, काठमाडौं लेख्नुपर्नेमा ३ ठाउंमै गोश्वारा हुलाक कार्यालय, सुन्धारा, काठमाडौं भनि उल्लेख गरेको कारणले मूल्याङ्कन गरी सूचीकृत गर्न समस्या परेको छ। संक्षिप्त सूची तयार गर्नका लागि आशयपत्र मूल्याङ्कन गर्ने सिलसिलामा पेश गर्नुपर्ने कार्यालयको नाम र ठेगाना फरक पारी पेश गरेको र ऐन नियममा त्यस विषयमा स्पष्ट व्यवस्था नदेखिएकोले राय परामर्श माग गरिएको हो ।

**राय परामर्शः**

"प्रस्तुत माग भएको विषयमा EOI को प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सार्वजनिक निकायकै नामलाई सम्बोधन गरी प्राप्त भएका प्रस्तावहरु मात्र मूल्याङ्कनमा समावेश गर्न सकिने ।"

**(निर्णय मितिः २०७६।०५।२२)**

**३. राय/परामर्श माग्ने संस्थाको नामः–** राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषयः– राय सुझाव माग गरिएको सम्बन्धमा ।**

राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरवारप्लाजा, काठमाडौंको प.स. स.व्या.वि. ०७६/७७, च.नं. १८०, मिति २०७६।०५।३० को पत्रबाट धुलिखेल र फिक्कल (RBBL/CS/02/075/076) तथा पाल्पा र मान्मा (RBBL/CS/01/075/076) मा भवन निर्माण गर्नका लागि परामर्शदाता नियुक्तिका सन्दर्भमा मिति २०७५।०९।१३ मा EOI Document माग गरिएकोमा उक्त समयमा प्राप्त परामर्शदाताहरुमा धुलिखेल र फिक्कलका लागि ५ वटा तथा पाल्पा र मान्माका लागि ३ वटा परामर्शदाता छनौट भएकोमा सो परामर्शदाताबाट RFP माग गरिएकोमा उक्त समय भित्र पेश हुन आएकाबाट मिति २०७६।०४।१५ गते प्राविधिक प्रस्ताव खोलिएको र त्यसको लगत्तै धुलिखेल र फिक्कलको आर्थिक प्रस्ताव खोल्नका लागि मिति २०७६।०५।०२ गते २:०० बजेका लागि पत्राचार गरेको तथा मान्मा तथा पाल्पाको लागि मिति २०७६।०५।०३ गते २:०० बजे खोल्नका लागि पत्राचार गरिएकोमा सोहि अनुसार मिति २०७६।०५।०२ मा खोलिएको प्रथम स्थान हासिल गरेको लागि धुलिखेल र फिक्कल तथा मिति २०७६।०५।०३ मा आर्थिक प्रस्ताव खोल्दा पनि मिति २०७६।०५।०२ मा प्रथम भएको परामर्शदाता नै प्रथम भएको तर RFP मा Data Sheet मा एउटा परामर्शदाताले एउटा मात्र प्याकेज गर्न पाउने व्यवस्था भए बमोजिम पहिलो दिन खोलिएकोमा प्रथम स्थान हासिल गर्ने लागि प्रथम स्थान दिई दोस्रो दिन खोलिएको प्याकेजमा दोस्रो हुने प्याकेजलाई दिने निर्णय गर्दा कानूनी वाधा अवरोध हुने नहुने ।

दुवै प्याकेजमा प्रथम हुने एउटै परामर्शदाता र दोस्रो हुने दुवै प्याकेजमा भिन्न भिन्न भएको हुँदा पहिलो दिन खोलिएकोमा पहिलो हुने लाई प्रथम र दोस्रो दिनमा दोस्रो हुनेलाई दोस्रो प्याकेज दिने निर्णय गर्न लागेकोमा सो मा कानूनी वाधा अवरोध हुने नहुने ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा त्यहाँ कार्यालयले EOI Document मा राखेको प्रावधान सार्वजनिक खरिद ऐन र नियममा भएको व्यवस्थाको विपरित भएकोले कार्यालयबाट भएको त्रुटीको हदसम्म ध्यानाकर्षण गराउँदै यस कार्यालयबाट थप राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०६।१५)**

**४. राय/परामर्श माग्ने संस्थाको नामः–** आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलाली ।

**विषयः– राय सम्बन्धमा ।**

आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको च.नं. २४३, मिति २०७६।०७।०३ को पत्र अनुसार "सुदुरपश्चिम प्रदेश प्रोफाइल" निर्माण गर्ने क्रममा EOI को लागि सूचना नं. ०१/२०७५/०७६ बाट सूचना प्रकाशित भए बमोजिम ११ वटा फर्म तथा कम्पनीबाट EOI प्राप्त हुन आएको। प्राप्त EOI को मूल्याङ्कनबाट ६ वटा फर्म तथा कम्पनी छनौट हुन आएका सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम RFP को लागि सूचना प्रकाशन गर्दा तपसिलका ३ वटा फर्म तथा कम्पनीबाट प्रस्ताव प्राप्त भएका साथै प्राप्त प्रस्तावहरुको QCBS प्रणालीबाट मूल्याङ्कन गर्दा सबै भन्दा उच्चतम अंक प्राप्त गर्न प्रस्तावदाताको आर्थिक प्रस्ताव यस मन्त्रालयबाट तयार गरिएको लागत अनुमान रु. २३,५४,९२०।- (मू.अ.कर सहित) भन्दा उच्च रहेको छ। यसरी उच्चतम अंक प्राप्त गर्ने प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्ताव लागत अनुमान भन्दा उच्च रहेको ।

**तपसिलः**

| S. N. | Evaluation of Technical Proposal | | Evaluation of Financial Proposal | | | Total Score (Technical Score + Finan-cial Score) | Rank |
|---|---|---|---|---|---|---|---|
| | TotalMarks obtained (out of 100) | Technical Score (0.7* Column 3) | Bidding Cost without VAT (NRs.) | TotalMarks obtained (out of 100) | Financial Score (0.3* Column 6) | | |
| 1. | 90.90 | 63.63 | 3097143.00 | 51.50 | 15.45 | 79.08 | I |
| 2. | 67.00 | 46.90 | 1595000.00 | 100.00 | 30.00 | 76.90 | II |
| 3. | 68.96 | 48.27 | 3927600.00 | 40.61 | 12.18 | 60.46 | III |

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ को उपदफा (१) खण्ड ख बमोजिम लागत अनुमान भन्दा छनौट भएको प्रस्तावदाताको लागत भन्दा सारभूत रुपमा बढी भएमा प्रस्तावदाताले पेश गरेको प्रस्ताव अस्वीकृत गरी खरिद कारबाही रद्द गर्न सक्नेछ ।

सोही ऐनको दफा ३७ को उदफा (२) बमोजिम सोधभर्ना हुने प्रकृतिका खर्च सम्बन्धमा वार्ता गर्न सकिनेछ।

प्राविधिक र आर्थिक प्रस्तावको QCBS मूल्याङ्कन पद्धतिबाट मूल्याङ्कन गर्दा उच्चतम अंक प्राप्त गर्ने प्रस्तावदाताले पेश गरेको कबोल अंक यस मन्त्रालयको स्वीकृत लागत अनुमान भन्दा उच्च रहेको अवस्थामा निज प्रस्तावदातासँग वार्ता गर्दा स्वीकृत लागत अनुमान एवं अन्य प्रस्तावदाताहरुले कबोल गरेको न्यूनतम अंकलाई आधार बनाई गर्ने हो द्विविधा उत्पन्न भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन को दफा ३६ मा प्रष्ट व्यवस्था रहेकोले सोहि अनुसार आवश्यक निर्णय गर्नु हुन ।"

**(निर्णय मितिः २०७६।०७।२१)**

**५. राय/परामर्श माग्ने संस्थाको नामः–** त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

**विषयः– आवश्यक परामर्श उपलब्ध गराइदिने बारे ।**

त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंको च.नं. १६६/०७६/०७७, मिति २०७६।०६।२७ को पत्रबाट Central Department of Sociology, Master Degree programme in social work (MSW) and Master in Gender Studies Programme of Tribhuwan University ले नयाँ भवन निर्माण गर्ने निर्णय भयो । यो कार्य प्रारम्भ गर्न इन्जिनियरिङ्ग परामर्शदाताको आवश्यकता परेको । सो को लागि त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम २०५० (२०७३।०९।२० गते सम्मको संशोधन) को परिच्छेद १३ (परामर्श सेवा सम्बन्धी व्यवस्था) को नियम ५५ 'बमोजिम खुल्ला रुपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नुपर्ने' अनुरुप मिति २०७५।०८।०६ गते राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरियो । इच्छुक परामर्शदाताहरुले पेश गरेको प्रस्तावमा नियम अनुरुप परामर्शदाताको संक्षिप्त सूची तयार गरियो । सूचीकृत परामर्शदातालाई मिति २०७५।१०।१४ गते नियम ५६ अनुसार सूचना दिई 'प्राविधिक' र 'आर्थिक' प्रस्ताव माग गरियो ।

सूचीकृत परामर्शदाताहरुबाट तोकिएको मिति २०७५।११।२५ सम्ममा 'प्राविधिक' र 'आर्थिक' प्रस्ताव पेश भए । तर त्रि.वि.को यस शाखाको आन्तरिक समस्या (विद्यार्थीको तालाबन्दी लगायत) ले समयमै प्रस्तावहरु खोल्न, खोलाउन सकिएन । लामो समय देखि खोल्न खोलाउन नसकिएको उक्त प्रस्तावहरु हालसम्म पनि शिलबन्दी अवस्थामै रहेको ।

डिपार्टमेन्टको भवन निर्माणको कार्य अगाडि बढाउनुपर्ने तर नियमावली अनुरुप समयमै प्रस्तावहरु खोल्न नसकिएकोले राय परामर्श माग्नु परेको ।

सान्दर्भिक ऐनको दफा, नियमावलीको नियम तथा **SBD** को व्यवस्था: सार्वजनिक खरिद ऐनको दफा ३२ र नियमावलीको नियम ७५

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा त्यहाँ कार्यालयबाट मिति २०७६।०७।२२, च.नं. १९९/०७६/७७ को पत्रबाट प्राप्त जानकारीमा उल्लेख गरिएका विषय वस्तुहरु सार्वजनिक खरिद ऐन र नियमले सम्बोधन गर्ने कानूनी विषय वस्तु नभई त्यहाँको आन्तरिक व्यवस्थापनसँग सम्बन्धित विषय रहेको हुँदा यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।०८।०८)**

**६. राय/परामर्श माग्ने संस्थाको नामः–** जलश्रोत तथा सिँचाइ विभाग, जावलाखेल, ललितपुर ।

**विषयः राय सुझावको लागि पेश गरेको ।**

जलश्रोत तथा सिँचाइ विभाग, जावलाखेल, ललितपुरको प.सं. म.पि.ए. २०७६/७७, च.नं. ५०, मिति २०७६।०६।१६ को पत्रबाट परामर्श सेवा सम्बन्धी आशयपत्र माग गर्दा आशयपत्रदाता फर्म वा कम्पनी भए दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिन सक्ने व्यवस्था

भएको । परामर्श सेवा सम्बन्धी आशयपत्र माग गर्दा आशयपत्रदाताको क्षमताको मूल्याङ्कन गर्दा परामर्श सेवाको कूल लागत अनुमानको एक सय पचास प्रतिशतमा नबढ्ने गरी हुने कारोवार रकम (टर्नओभर) को आधार लिनु पर्ने व्यवस्था भएको ।

परामर्श सेवा सम्बन्धी आशयपत्र माग गर्दा आशयपत्रदाता फर्म वा कम्पनी भए दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिन सक्ने व्यवस्था भएकोमा उक्त संयुक्त उपक्रमको सदस्य फर्म वा कम्पनीको कारोवार रकम (टर्नओभर) को न्यूनतम मापदण्ड कति हुनु पर्ने भनि राय सुझाव आवश्यक रहेको ।

परामर्श सेवा सम्बन्धी आशयपत्र माग गर्दा आशयपत्रदाताको क्षमता मूल्याङ्कन गर्दा परामर्श सेवाको कूल लागत अनुमानको एक सय पचास प्रतिशतमा नबढ्ने गरी हुने कारोवार रकम (टर्नओभर) को आधार लिनु पर्ने भएको हुँदा लामो समय अवधिको परामर्श सेवा खरिद प्रक्रियामा लागत अनुमान ठुलो हुने कारणले प्रतिस्पर्धा सीमित हुन सक्ने भएकोले व्यावहारिक नहुने देखिएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम ३(ङ) र उपनियम (१२) मा व्यवस्था भए अनुसार त्यहाँ कार्यालयबाट निर्णय गर्नुहुन ।"

**(निर्णय मितिः २०७६।०९।१३)**

## ७. राय/परामर्श माग्ने संस्थाको नामः- आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलाली ।

**विषयः- राय सम्बन्धमा ।**

आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको प.सं. २०७६/०७७, च.नं. ४०८, मिति २०७६।०८।१९ को पत्र अनुसार सुदूरपश्चिम प्रदेश "Baseline Multi-Indicator Survey 2076" कार्य परामर्श सेवाबाट गराउने सम्बन्धमा परामर्शदाताको सक्षिप्त सूचीका लागि परामर्शदाताबाट आशय पत्र EOI माग गर्न मिति २०७६।०४।३० मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार तोकिएको समय भित्र ६ वटा आशय पत्र प्राप्त हुन आएको । प्राप्त EOI को मूल्याङ्कनबाट ३ वटा फर्म तथा कम्पनी छनौट हुन आएका सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम RFP को लागि सूचना प्रकाशन गर्दा ३ वटा फर्म तथा कम्पनीबाट प्रस्ताव प्राप्त भएका साथै प्राप्त प्रस्तावको QCBS प्रणालीबाट मूल्याङ्कन गर्दा सबै भन्दा उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव यस मन्त्रालयबाट तयार गरिएको लागत अनुमान रु. २,९९,३३,७८५।- (मु. कर बाहेक) भन्दा उच्च रहेको छ । यसरी उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्ताव लागत अनुमान भन्दा उच्च रहेको। प्रविधिक र आर्थिक प्रस्तावको QCBS मूल्याङ्कन पद्दतीबाट मूल्याङ्कन गर्दा उच्चतम् अङ्क प्राप्त गर्ने प्रस्तावदाताले पेश गरेको कबोल अङ्क यस मन्त्रालयको स्वीकृत लागत अनुमान भन्दा उच्च रहेको अवस्थामा निज प्रस्तावदातासँग वार्ता गर्दा स्वीकृत लागत अनुमान एवम् अन्य प्रस्तावदाताहरुले कबोल गरेको न्यूनतम अङ्कलाई आधार बनाई गर्ने हो द्विविधा उत्पन्न भएको ।

**राय परामर्श:**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ को उपदफा १(ख) मा रहेको व्यवस्था अनुसार उच्चतम् अङ्क प्राप्त गर्ने प्रस्तावदाताको लागत त्यस कार्यालयले तयार गरेको लागत अनुमान भन्दा सारभूत रुपमा बढी भएको वा नभएको सुनिश्चित गरी आवश्यक निर्णय त्यहाँ कार्यालयबाटै लिन हुन ।"

**(निर्णय मिति: २०७६।०९।१३)**

## (घ) विविध राय परामर्शहरु

**१. राय/परामर्श माग्ने संस्थाको नाम:–** श्री नेपाल विद्युत प्राधिकरण, बुर्तिबाङ-पौदी अमराई-तम्घास -सन्धिखर्क-गोरुसिङ्गे १३२ के.भी.प्रा.ला. आयोजना।

**विषय: आवश्यक निर्देशन सम्बन्धामा ।**

श्री नेपाल विद्युत प्राधिकरण, बुर्तिबाङ-पौदी अमराई-तम्घास-सन्धिखर्क-गोरुसिङ्गे १३२ के.भी.प्रा.लि. आयोजनाको प.सं. ०७५/०७६ च.नं. १८३, मिति २०७६।०३।३१ को पत्र यसैसाथ संलग्न छ । तत् सम्बन्धमा आयोजनाबाट मिति २०७६।०२।२४ मा प्रकाशित सूचना नं. BPTSG-075/76-02 को बोलपत्रमा Mahavir Shree International Pvt.Ltd. विद्युतीय प्रणालीमार्फत बोलपत्र पेश गरेको Bid Submission Receipt उल्लेख भएको प्रतिलिपि कागजात सहित बोलपत्र मूल्याङ्कन प्रक्रियामा सहभागी गराइदिन कार्यालयमा निवेदन गरेको तर बोलपत्र खोल्दा विद्युतीय प्रणालीमार्फत प्राप्त हुने मुचुल्कामा सो कम्पनीले बोलपत्र पेश गरको नदेखिएकोले सो निवेदन सम्बन्धमा कस्तो कारबाही अगाडि बढाउने भनी निर्देशन उपलब्ध गराइ सहयोग गरिदिन अनुरोध भै आएको ।

**राय परामर्श:**

उल्लेखित विषयका सम्बन्धमा विद्युतीय खरिद प्रणालीको Operation and Maintenance गर्ने परामर्शदाताका आधारमा बोलपत्रदाताले प्रणालीमा बोलपत्र पेश गर्न 2019-06-30 11:58:26 AM मा 'Submit' button थिचेर confirm गरिसकेपछि प्रणालीबाट क्रमशः आर्थिक र प्राविधिक प्रतिवेदन Compile भएको छ । प्रणालीले उक्त प्रस्ताव compile गरी upload गर्दा सोही दिनको 12:00:07 PM बजे भएको database log बाट देखिन्छ । प्रणालीमा प्रतिवेदनहरु upload भएपछि बोलपत्र पेश गर्ने अन्तिम समयसीमा पुनः परीक्षण हुँदा समयसीमा १२:०० बजे नाघिसकेको कारणले बोलपत्र पेश भएको विवरण database मा update हुन सक्ने भएन (Bid status 79 बाट 80 भएन) । साथै बोलपत्र पेश भएको विवरण database मा update भएको अवस्थामा मात्रै प्रणालीबाट बोलपत्रदातालाई इमेल जानु पर्नेमा सो समेत नगएको पाइयो । Bid Submission Receipt मा 'Submit' button थिच्दाको समय प्रकाशित हुने भएकाले बोलपत्रदाताले प्रणालीमा 'Submit' button थिच्दाको समय 2019-07-07 11:59:42 AM देखिएको स्थिति हो।

यसप्रकार समयमै 'Submit' button थिची Bid Submission Receipt generate भएतापनि प्रणालीमा रहेको व्यवस्था अनुसार बोलपत्र पेश भएको विवरण database मा update नभएकाले बोलपत्र खोल्दा निज बोलपत्रदाताको प्रस्ताव नदेखिएको हुँदा प्रतिस्पर्धाको दायरा बढाउने उद्देश्यले सम्बन्धित सार्वजनिक निकायले बोलपत्र रद्द गरी पुनः आह्वानको लागि निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मिति: २०७६।०४।०१)**

**२. राय/परामर्श माग्ने संस्थाको नाम**:– श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन), बबरमहल, काठमाडौ ।

**विषयः– आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा ।**

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) को प.सं. CLPIU ०७६/०७७, च.नं.६७, मिति २०७६।०४।१२ को पत्र यसैसाथ संलग्न छ । तत् सम्बन्धमा इकाईबाट प्रकाशित IFB No. 32-2075/76-NRA/CLPIU (Building) : Construction of five Health Post (Type 4 HD, Frame Structure) at Khuwaphowk, Faksib, Dandagaun, Markekatahare and Muktidunga of Dhankuta District र IFB No. 33-2075/76-NRA/CLPIU (Building) Construction of Four Health Post Buildings (Hattikharka, Bhirgaun, Chintang and Sanne), Type 4 RCC frame Structure at Dhankuta District कार्यको लागि यस इकाईबाट प्राविधिक बोलपत्रमा सफल बोलपत्रदाताहरुको आर्थिक बोलपत्र मिति २०७६।०४।०५ मा खोल्नका लागि सूचना प्रकाशित भईसकेकोमा सो बोलपत्रहरु e-GP मा अन्य बोलपत्रहरु संशोधन गर्दा e-GP System मा भूलवश Cancel Proceeding हुन गएको हुँदा उक्त बोलपत्रहरु पुनः e-GP मा देखिने गरी मिति २०७६।०४।१२ दिउसो २:०० बजे आर्थिक बोलपत्र खोल्ने व्यवस्था मिलिाइदिनुहुन भनी अनुरोध भै आएको ।

**राय परामर्शः**

उल्लेखित विषयका सम्बन्धमा विद्युतीय खरिद प्रणालीको Operation and Maintenance गर्ने परामर्शदाताका आधारमा प्राविधिक प्रस्ताव खोल्ने समय 2019-06-02 राखेकोमा सो समयमा प्राविधिक प्रस्ताव नखोली 2019-06-15 मा मात्रै खोलेको देखिएको । प्रणालीमा Upload भएको प्राविधिक प्रस्तावको Bid Opening मुचुल्कामा कसैको दस्तखत नभएको । साथै प्राविधिक मूल्याङ्कन पश्चात् प्रणालीमा Technical Evaluation Report अपलोड नगरी अन्य कागजात अपलोड गरिएको । यसप्रकार "विद्युतीय खरिद प्रणाली मार्फत सार्वजनिक खरिदको कार्य गर्दा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकाले निर्देशित गरेका व्यवस्थाहरु पालना नगरिएको देखिदा उक्त त्रुटीहरु सच्याउन निर्देशन दिने ।"

**(निर्णय मितिः २०७६।०४।१२)**

**३. राय/परामर्श माग्ने संस्थाको नाम**:– पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, लगनखेल, ललितपुर ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, लगनखेल, ललितपुरको पत्रबाट आ.व २०७६/७७ को लागि कार्यालय परिसरको सुरक्षाको लागि ३ जना सुरक्षाकर्मी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ अनुसार करार सम्झौता गरी कार्य गराउन दरभाउपत्र माग गरी सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना बमोजिम जम्मा ७ वटा सेवा प्रदायकहरुले रीतपूर्वक दरभाउपत्र पेश गरेकोमा मूल्याङ्कन समितिको सिफारिस अनुसार उक्त नियमावलीको उपनियम (६) बमोजिम श्री गुण सुरक्षा गार्ड सप्लाई सेवा प्रा.लि.को दरभाउपत्र स्वीकृत गरी २०७६।०३।३० मा सम्झौता गरिएको र २०७६ श्रावण १ गते देखि ३ जना सुरक्षा गार्डले सेवा प्रदान गरिरहेको अवस्था छ ।

उक्त प्रा.लि. सँग भएको सम्झौताको शर्त नं १४ मा "मनासिव कारण सहित सम्झौता भंग गर्न चाहेमा कम्तिमा ६० (साठी) दिनको समय दिई एक पक्षले अर्को पक्षलाई लिखित सूचना दिनु पर्नेछ। द्वित्तीय पक्ष (सेवा प्रदायक) ले एकलौटी रूपमा सम्झौता भंग गरेमा कार्य सम्पादन जमानत जफत गरी भुक्तानी दिन बाँकी रकम समेत रोकिनेछ।" भन्ने व्यवस्था भएको र निजले उक्त प्रावधान बमोजिम बाँकी अवधिमा सेवा दिन नसक्ने जनाई सम्झौता रद्द गरिदिन अनुरोध गरेको। सेवा प्रदायक श्री गुण सुरक्षा गार्ड सप्लाई सेवा प्रा.लि.ले सम्झौता रद्द (भंग) गर्न दिएको निवेदनको आधारमा र करारको प्रावधान १४ अनुसार करार भंग गर्दा निजको जमानत जफत गर्न सकिन्छ/सकिन्न ? निजको सम्झौता रद्द गरी उपनियम (७) को अधिनमा सो पछिका प्रस्तावदातासँग निजहरुले प्रस्ताव गरेको डर अनुसार बाँकी अवधिको लागि सेवा करार गर्न सकिन्छ/सकिन्न ?

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको सम्बन्धमा सार्वजनिक खरिद नियमावलीको नियम २० मा उल्लेख भएको प्रावधान अनुसार कार्यालयद्वारा नियम पालना नभएको देखिँदा सो हदसम्म कार्यालयलाई ध्यानाकर्षण गराउने र अन्य विषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन र नियम सम्बन्धी कुनै द्विविधा नदेखिएको साथै त्यहाँबाट कानूनसम्मत निर्णय हुनु पर्ने भएकोले यस कार्यालयबाट थप राय प्रदान नहुने।"

**(निर्णय मितिः २०७६।०५।१५)**

**४. राय/परामर्श माग्ने संस्थाको नामः–** श्री यातायात पूर्वाधार निर्देशनालय, गण्डकी प्रदेश, पोखरा।

**विषयः राय परामर्श दिने बारे ।**

श्री यातायात पूर्वाधर निर्देशनालय गण्डकी प्रदेशको प.सं. ०७६/७७ च.नं. ५४, मिति २०७६।०५।३१ को पत्र यसैसाथ संलग्न छ। तत् सम्बन्धमा उक्त निर्देशनालयबाट प्रकाशित IFB No. 02/TID-Gandaki/NCB/Seti/075-76 प्रस्तावहरुको प्राविधिक मूल्याङ्कन पश्चात् प्राविधिक मूल्याङ्कनमा सफल भएका प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोल्दा e-GP System बाट Lumbini -National JV को bid response download गरी अध्ययन गर्दा पहिलो पेजमा Bidder Name : Rasuwa Construction Company Pvt.Ltd देखिएको Bill of Quantities को पेजमा पनि bidder name and bidder email Rasuwa Construction Company Pvt.Ltd को देखिन आएको जसमा Lumbini National JV को विवरण हुनुपर्ने देखिदा समस्या समाधानका लागि अनुरोध भै आएको।

**राय परामर्शः**

उल्लेखित विषयका सम्बन्धमा National Development Pvt. Ltd. का प्रयोगकर्ताले Lumbini-National JV को नाममा प्रणालीबाट बोलपत्र तयारीको क्रममा Bidder's Representative मा Rasuwa Construction Company Pvt. Ltd. का प्रयोगकर्ताको बोलपत्र आईडी प्रणालीमा save भएकोले बोलपत्र प्रतिवेदनमा Bidder Name: Rasuwa Construction Company Pvt. Ltd देखिएको हो। अतः विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को परिच्छेद ६ बोलपत्र पेश गर्ने प्रक्रिया दफा १६ को उपदफा ७ बमोजिम हुने भएकोले सो विषयमा यस कार्यालयबाट थप राय प्रदान गरिरहनु नपर्ने।"

**(निर्णय मितिः २०७६।०६।०८)**

**५. राय माग्ने संस्थाको नामः** नेपालगंज उपमहानगरपालिका कार्यालय, नेपालगंज, बाँके ।

**विषयः राय सम्बन्धमा ।**

नेपालगंज उपमहानगरपालिका कार्यालय, नेपालगंज, बाँकेको च.नं. ११४३, मिति २०७६।०६।१३ को पत्रमा उल्लेख भए बमोजिम उपमहानगरपालिकाका सडकहरुमा सरसफाई गर्ने प्रयोजनको लागि बोलपत्र आह्वान भएकोमा बोलपत्र कागजातमा ऐन बमोजिम ईजाजतपत्र लिएका फर्महरुलाई मात्र फाराम दर्ता गर्ने गरी सो कागजातमा व्यवस्था नगरिएको र सो कुरा सम्झौतामा उल्लेख गर्न सकिने नसकिने वा बोलपत्रमा सम्बन्धित श्रम कार्यालयबाट ईजाजत नलिएका फर्महरुलाई मूल्याङ्कन प्रक्रियाबाट हटाउने वा न्यूनतम मूल्याङ्कितलाई छनौट गर्ने जस्ता सार्वजनिक खरिद ऐन बमोजिम ठेक्का प्रक्रिया अगाडि बढाउँदा श्रम ऐनसँग सम्बन्धित केही व्यवस्थाहरुको पालना सम्बन्धमा द्विविधा उत्पन्न भएको भनी राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम त्यहाँबाटै कानूनसम्मत निर्णय गर्नुपर्ने ।" (परिवर्तित)

**(निर्णय मितिः २०७६।०६।१७)**

**६. राय/परामर्श माग्ने संस्थाको नामः-** बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बनेपा, काभ्रेपलान्चोक ।

**विषयः परामर्श पठाई दुनु हुन ।**

बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बनेपा, काभ्रेपलान्चोकको च.नं ९८२, मिति २०७६।०६।०७ को पत्रबाट बनेपा नगरपालिकाको लागि आवश्यक सुरक्षाकर्मी आपूर्तीका लागि मिति २०७६।०५।१२ मा प्रथम पटक प्रकाशित सूचनाको म्याद भित्र दर्ता भएका ८ थान दरभाउपत्र रितपूर्वक खोल्दा न्यूनतम अंक कबोल गर्ने दुईवटा फर्मले कबोल गरेको मासिक अंक बराबर हुन गएको ।

यस नगरपालिकाले सार्वजनिक सूचना मार्फत दरभाउपत्र माग गर्दा घटी अंक कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत हुने शर्त समावेश भएको र रितपूर्वक पेश भएका दरभाउपत्रहरु मध्ये सर्वाधिक घटी अंक कबोल गर्ने दुईवटा फर्मले कबोल गरेको अंक बराबरी भएको तथा अन्य शर्तहरुका आधारमा समेत छुट्याउन सकिने अवस्था नरहेको र यस विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा समेत स्पष्ट कानूनी व्यवस्था नभएकोले दरभाउपत्र मूल्याङ्कन समितिबाट समेत निर्णयमा पुग्न नसकी त्यहाँको राय माग गर्न भनि सिफारिस भएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा प्राप्त दरभाउपत्रहरु रद्द गरी पुनः बोलपत्र आह्वानको प्रक्रियामा जान उपयुक्त हुने ।"

**(निर्णय मितिः २०७६।०६।३०)**

**७. राय/परामर्श माग्ने संस्थाको नामः**–श्री नयाँ शहर आयोजना कार्यालय, राकम- कर्णाली, दैलेख ।

**विषयः राय परामर्श दिने बारे ।**

श्री नयाँ शहर आयोजना कार्यालय, राकम-कर्णाली, दैलेखको प.सं. ०७६/७७, च.नं. ४०, मिति २०७६।०५।२५ को पत्र यसैसाथ संलग्न छ । तत् सम्बन्धमा उक्त आयोजनाबाट प्रकाशित IFB No. RKNTP/Dailekh/Work/NCB/05/2075/76 installation of soaLr street light in New town project Area, Rakam, Dailekh को बोलपत्रमा बोलपत्रदाता sunsine Energy Pvt.Ltd. ले पेश गरेको प्रस्तावमा दुई फरक फरक BoQ पेश गरेको र दुवै BoQ को रकम फरक फरक भेटिएको मध्ये पहिलोको कबोल रकम letter of bid सँग र दोस्रोको रकम bid opening Muchulka सँग मिल्दो देखिएको । ती मध्ये पहिलो रकम letter of bid सँग मिल्दो BoQ लाई मूल्याङ्कनको आधार मान्दा उचित हुने देखिएकोले समस्या समाधानका लागि अनुरोध भै आएको ।

**राय परामर्शः**

उल्लेखित विषयका सम्बन्धमा विद्युतीय खरिद प्रणालीबाटै बोलपत्र पेश गर्दा प्रणालीबाटै BoQ बन्ने भएकोले बोलपत्रदाताबाट दोहोरो BOQ को कागजात अपलोड गरेको भएमा दुवैमा एकरुपता भएमा मात्रै मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सकिने ।”

**(निर्णय मितिः २०७६।०७।०१)**

**८. राय/परामर्श माग्ने संस्थाको नामः**– वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौंको मिति २०७६।०७।१५ मा यस कार्यालयमा दर्ता भएको पत्रमा उल्लेख भए बमोजिम उक्त विभागको ई.पि.एस. कोरिया शाखा अर्न्तगत दक्षिण कोरियामा कामदार पठाउने कार्यको लागि हवाई टिकट खरिदका लागि ईजीपी मार्फत बोलपत्र प्रकाशित भएको । सो बोलपत्रको सूचना बमोजिम परेका बोलपत्रहरुको मूल्याङ्कन गरी आशयको सूचना समेत प्रकाशित भईसकेको अवस्थामा एउटा बोलपत्रदाताले न्यूनतम अंक रहँदा रहँदै पनि किन अस्वीकृत भएको भनी कार्यालयमा निवेदन दर्ता गराएको र सो को जवाफ निजलाई दिईसकेको । बोलपत्र अस्वीकृत गर्ने कारणहरुमध्ये उक्त बोलपत्रदाताको मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र पेश नभएको जानकारी दिइएको अवस्थामा निजको दावी सम्बन्धमा के गर्दा उचित हुने भनी राय माग गरेको ।

**राय परामर्शः**

“प्रस्तुत राय माग भएको विषयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर निर्देशिका, २०७३ अनुसार आन्तरिक राजश्व विभागबाट आवश्यक राय परामर्श लिई प्रष्ट भई त्यहाँबाटै कानूनसम्मत निर्णय हुनुपर्ने । साथै, यस कार्यालयको च.नं. ५२२, मिति २०७६।०७।०८ को पत्रको व्यहोरालाई समेत ध्यान दिनुहुन ।”

**(निर्णय मितिः २०७६।०८।०१)**

**९. राय/परामर्श माग्ने संस्थाको नामः–** काठमाडौ महानगरपालिकाको कार्यालय, काठमाडौ ।

**विषयः राय सम्बन्धमा ।**

काठमाडौ महानगरपालिकाको कार्यालय, काठमाडौको च.नं. १४०६ मिति २०७६।०८।३० को पत्रमा उल्लेख भए बमोजिम उक्त महानगरपालिकाले आफ्नो कार्यालय प्रयोजनका लागि घर जग्गा खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ मा स्पष्ट व्यवस्था नभएको सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा घर जग्गा खरिद सम्बन्धी व्यवस्था नभएको हुँदा सार्वजनिक कामको लागि जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम नै घर जग्गा प्राप्ति गर्न उपयुक्त हुने ।"

**(निर्णय मितिः २०७६।०९।११)**

**१०. राय/परामर्श माग्ने संस्थाको नामः–** जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं ।

**विषयः राय परामर्श सम्बन्धमा ।**

जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौंको प.सं. २०७६/७७, च नं ४१६, मिति २०७६।०७।२० को पत्रबाट विभागमा विद्युतीय सञ्चार सेवा (इन्टरनेट) सञ्चालनमा ल्याई विभागबाट प्रवाह स्वच्छ, पारदर्श तथा गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यका लागि dedicated internet जडान गर्नको लागि चालु आर्थिक वर्ष २०७६/७७ को स्वीकृत कार्यक्रममा रु. ४४,८६,०००।- विनियोजन भै खरिद प्रक्रिया अगाडि बढेकोमा प्रयोग गर्ने बोलपत्र कागजातमा द्विविधा भएको ।

सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विद्युतीय सञ्चार सेवा (इन्टरनेट) जडान गर्नका लागि प्रयोग गर्नुपर्ने बोलपत्र कागजातमा द्विविधा देखिएको ।

**राय परामर्शः**

"प्रस्तुत विषय अन्य सेवा खरिद सँग सम्बन्धित रहेको हुँदा उक्त सेवा सम्बन्धी Standard Bidding Document को मस्यौदा तयारी भईसकेको अवस्थामा रहेको ।"

**(निर्णय मितिः २०७६।०९।१३)**

**११. राय/परामर्श माग्ने संस्थाको नामः–** हेटौंडा अस्पताल, हेटौंडा ।

**विषयः राय सम्बन्धमा ।**

हेटौंडा अस्पताल, हेटौंडाको प.सं. ०७६।७७, च.नं. ४५३, मिति २०७६।०९।२५ को पत्रमा उल्लेख भए बमोजिम अस्पतालमा सेवा लिन आउने सेवाग्राहीहरुलाई सि.टी. स्क्यान सेवा प्रदान गर्न सेवा प्रदायकहरुसँग प्रस्ताव आह्वान गरिएकोमा स्वास्थ्यसँग सम्बन्धित सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने भएकोले सेवा खरिद सम्झौता गरिने संस्था मू.अ.करमा दर्ता भएको हुनुपर्ने हो वा होईन भन्ने सम्बन्धमा राय माग भई आएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा प्रष्ट व्यवस्था भएको हुँदा त्यहाँ कार्यालयबाटै कानूनसम्मत निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०७६।१०।०४)**

**१२. राय/परामर्श माग्ने संस्थाको नामः–** वैदेशिक रोजगार विभाग, काठमाडौ ।

**विषयः राय सम्बन्धमा ।**

वैदेशिक रोजगार विभाग, काठमाडौको प.सं. ०७६।७७, च.नं. ७५५, मिति २०७६।०९।२१ को पत्रमा उल्लेख भए बमोजिम हवाई टिकट (Economic class) को खरिद गर्ने सम्बन्धमा पुनः राय माग भई आएको।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा यस कार्यालयको प.सं.०७६/७७, च.नं. ५९८, मिति २०७६।०८।०१ को पत्रबाट राय प्रदान गरी सकिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३, को दफा ७ बमोजिम सम्बन्धित सार्वजनिक निकायको प्रमुखलाई नै खरिद ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद कार्य गर्ने गराउने प्रमुख जिम्मेवारी भएकोले त्यहाँबाटै कानूनसम्मत निर्णय गर्नुहुन ।"

**(निर्णय मितिः २०७६।१०।०५)**

**१३. राय/परामर्श माग्ने संस्थाको नामः–** वैदेशिक रोजगार विभाग, काठमाडौ ।

**विषयः राय सम्बन्धमा ।**

वैदेशिक रोजगार विभाग, काठमाडौको प.सं. ०७६/७७ च.नं. २३०२, मिति २०७६।०९।२८ को बोधार्थ पत्रमा उल्लेख भए बमोजिम दक्षिण कोरिया जाने कामदारको लागि हवाई टिकटको बोलपत्र आह्वान गरिएकोमा उक्त बोलपत्रको आशयको सूचना प्रकाशनपछि निर्णय प्रक्रियामा चित्त नबुझाई कुनैं बोलपत्रदाताले उजुरी गरेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको सम्बन्धमा समेत कुनैं राय नआएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३(५) बमोजिम बोलपत्रको मान्य अवधि बढाईदिनुहुन अनुरोध भई आएको ।

**राय परामर्शः**

"प्रस्तुत विषयमा त्यस कार्यालयको च.नं. २३०२, मिति २०७६।०९।२८ को बोधार्थ पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्बन्धमा यस कार्यालयबाट मिति २०७६।०८।०१ र मिति २०७६।०९।२१ मा राय प्रदान भईसकेको छ । प्रस्तुत बोलपत्रको विषयमा रीतपूर्वक पेश भएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र समयमै स्वीकृत गर्नुपर्ने दायित्व सार्वजनिक निकायको प्रमुखको हुने र समयमै निर्णय नगर्दा हुने हानी नोक्सानी एवं थप आर्थिक दायित्व निर्णयकर्ताले वहन गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउने । साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ को उपनियम ५(क) अनुसार पर्याप्त कारणहरुको विश्लेषण गरेर मात्र Bid Validity Period सार्वजनिक निकायले वढाउन सक्ने व्यवस्था रहेको ।"

**(निर्णय मितिः २०७६।१०।०५)**

**१४. राय/परामर्श माग्ने संस्थाको नामः–** प्रहरी प्रधान कार्यालय, मानव स्रोत एवं प्रशासन शाखा ।

**विषयः राय सम्बन्धमा ।**

प्रहरी प्रधान कार्यालय, मानव स्रोत एवं प्रशासन शाखाको प.सं. १-०१/०३/००२(०७६/७७), च.नं. ३३१५, मिति २०७६।१०।०३ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयबाट विभिन्न फर्म तथा कम्पनीलाई कालो सूचीमा राख्न लेखी पठाईएको सन्दर्भमा गत आ.व. मा सम्झौता बमोजिम कार्य सम्पन्न नगरी कार्यालयबाट कालो सूचीमा राख्न लेखी पठाएका फर्म तथा कम्पनीले यसै कार्यालयबाट यस आ.व. मा बोलपत्रमा सहभागी भएको अवस्थामा सो फर्म/कम्पनीलाई खरिद प्रक्रियामा संलग्न राख्न मिल्ने नमिल्ने सम्बन्धमा यस कार्यालयमा राय माग भई आएको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ र ऐ. नियमावलीको नियम १४१ मा प्रष्ट व्यवस्था भएको र ऐन नियम सम्बन्धी कुनै कानूनी द्विविधा नदेखिएकोले यस कार्यालयबाट राय प्रदान गरी रहन नपर्ने ।"

**(निर्णय मितिः २०७६।१०।१२)**

**१५. राय/परामर्श माग्ने संस्थाको नामः–** प्रहरी प्रधान कार्यालय, मानव स्रोत एवं प्रशासन विभाग, प्रबन्ध निर्देशनालय, काठमाडौं ।

**विषयः राय सम्बन्धमा ।**

प्रहरी प्रधान कार्यालय, मानव स्रोत एवं प्रशासन विभाग, प्रबन्ध निर्देशनालयको च.नं. २०७०, प.सं. १-०१/०३/००२ (०७६/७७), मिति २०७६।०९।१३ को पत्रमा उल्लेख भए बमोजिम उक्त कार्यालयबाट विभिन्न फर्म तथा कम्पनीलाई कालो सूचीमा राख्न लेखी पठाईएको सन्दर्भमा गत आ.व.मा सम्झौता बमोजिम सम्बन्धित आपूर्तिकर्ता फर्मले बोलपत्र कागजातमा उल्लेख भएका तर प्रतितपत्र खोल्ने प्रयोजनका लागि पेश गरेको Performa invoice मा उल्लेख गर्न छुटेको Country of origin हरु समेत थप गर्न नेपाल राष्ट्र बैंकमा पत्राचार गरी दिनुहुन भनी आएको हुँदा सो सम्बन्धमा सम्बन्धित फर्मले प्रतितपत्र खोल्ने प्रयोजनका लागि पेश गरेको Performa invoice मा उल्लेख गर्न छुटेका Country of origin हरु Performa invoice मा पछि संशोधन गर्न मिल्ने नमिल्ने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषय बोलपत्र प्रक्रियामा राखिएको शर्तका अधिनमा रही खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम खोलिएको प्रतितपत्रसँग सम्बन्धित देखिएकोले यस प्रकारको त्रुटी गर्ने गराउने पदाधिकारी यकिन गरी सो सम्बन्धमा आवश्यक कारबाही सम्बन्धित कार्यालयबाटै हुनुपर्ने विषय भएकोले यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।१२।०२)**

**१६. राय/परामर्श माग्ने संस्थाको नामः–** सवारी परीक्षण कार्यालय, हेटौंडा, मकवानपुर ।

**विषयः राय सम्बन्धमा ।**

सवारी परीक्षण कार्यालय, हेटौंडा, मकवानपुरको च.नं. ७२, मिति २०७६।११।१८ को पत्रमा उल्लेख भए अनुसार दरभाउपत्र खोलेको मितिदेखि १५ दिन भित्रमा सार्वजनिक निकायले सिलबन्दी दरभाउपत्रको मूल्याङ्कन गरी सो को जानकारी दिईसक्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) मा भएको तर कार्यालय प्रमुख नेपाल सरकारको निर्णय बमोजिम सरकारी कामको सिलसिलामा अध्ययन भ्रमणमा जानुपरेकाले समयमा मूल्याङ्कन गर्न नसकिएको तर दरभाउपत्रको मान्य अवधि कायमै रहेको अवस्थामा मूल्याङ्कन गर्न सकिने नसकिने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शः**

"प्रस्तुत राय माग भएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) मा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम निर्णय गर्नुपर्ने ।"

**(निर्णय मितिः २०७६।१२।०२)**

**१७. राय/परामर्श माग्ने संस्थाको नामः–** श्री बराहक्षेत्र नगरपालिका, चक्रघट्टी, सुनसरी ।

**विषयः राय परामर्श दिने बारे ।**

श्री बराहक्षेत्र नगरपालिका, चक्रघट्टी, सुनसरीको प.सं. ०७६/७७, मिति २०७६।१०।१७ को पत्र यसैसाथ संलग्न छ। तत् सम्बन्धमा उक्त नगरपालिकाबाट प्रकाशित सामुदायिक आवास निर्माण कार्यको लागि प्रकाशित बोलपत्रको समय समाप्त भएपछि टेण्डर खोली हेर्दा बैंक जमानत "ख" वर्गको मितेरी डेभलपपमेन्ट बैंकको रहेको पाइएको र उक्त बैंक सार्वजनिक खरिद अनुगमन कार्यालयले सञ्चालनमा ल्याएको e-GP Portal को लिस्टमा नभएकोले उक्त बैंकको जमानत स्वीकार गर्न मिल्ने नमिल्ने विषयमा राय माग भै आएको ।

**राय परामर्शः**

उल्लेखित विषयका सम्बन्धमा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को दफा २९ को उपदफा २ मा वाणिज्य बैंकहरु प्रणालीमा दर्ता भई बोलपत्रदाताहरुलाई जारी गरिएका कागजातहरुको अनलाइन प्रमाणीकरण गर्नुपर्नेछ भनी लेखिएकोमा उक्त बैंक प्रणालीमा दर्ता भई नसकेको । त्यस्तै सोही निर्देशिकाको दफा ३० को उपदफा ५ अनुसार वाणिज्य बैंकका सम्बन्धित प्रयोगकर्ताहरुबाट दफा ४ अनुसारको अवधि भित्र प्रमाणीकरण नगरेको अवस्थामा प्रणालीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायको बोलपत्र मूल्याङ्कन समितिका प्रमुख सहित अन्य दुई जना सदस्यले समेत सम्बन्धित बैंकसँग यकिन गरी प्रमाणीकरण गर्न सक्नेछन् भन्ने व्यहोरा उल्लेख भएको हुंदा सो विषयमा यस कार्यालयबाट थप राय प्रदान गरिरहनु नपर्ने ।"

**(निर्णय मितिः २०७६।१२।०३)**

**१८. राय/परामर्श माग्ने संस्थाको नामः–** म्यागङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देउराली, नुवाकोट ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

क) सार्वजनिक खरिद ऐनको दफा १३ (२,त) मा उल्लेख भए बमोजिम बोलपत्र तयार गर्दा स्वार्थ बाझिने भएमा बोलपत्र उपर कारबाही नहुने विषय उल्लेख गरिएकोमा यसै गाउँपालिकाका गाउँ कार्यपालिका सदस्य एवं वडा नं. ४ का वडा अध्यक्ष श्री कमल बहादुर तामाङको नाममा रहेको फर्मबाट निज आफै आधिकारिक प्रतिनिधि भई बोलपत्र पेश भएकोले निजको हकमा स्वार्थ बाझिने विषय लागू हुने/नहुने ।

ख) सोही ऐनको आचरण सम्बन्धी व्यवस्थाको दफा ६२ (३) मा उल्लेख भएको व्यवस्था खरिद कार्यको अनुगमन गर्ने व्यक्तिको रुपमा लिन सकिने/नसकिने ।

**राय परामर्शः**

"प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१ अनुसार स्वार्थ बाझिने (Conflict of Interest) देखिएकोले त्यस्ता बोलपत्र उपर कारबाही नहुने ।"

**(निर्णय मितिः २०७७।०३।०३)**

**१९. राय/परामर्श माग्ने संस्थाको नामः–** टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

**विषयः राय माग गरिएको सम्बन्धमा ।**

मिति २०७६।१०।२६ गते सम्म पेश गर्ने मिति रहेको उक्त ठेक्कामा रुद्र निर्माण सेवा बोलपत्रदाताले यस कार्यालयको धरौटी खातामा धरौटी रकम रु. ६१,०००।- जम्मा गरेको सक्कलै भौचर शिलबन्दी खाम भित्र पेश गरेको तर सो भौचर सो बोलपत्रदाता कम्पनीको नाम वा प्रोपराइटरको नाम वा अख्तियार प्राप्त व्यक्तिको नाम उल्लेख नभई अर्कै व्यक्तिको नाममा पेश गरेको देखिएकोले मूल्याङ्कन गर्न नसकिएको अवस्था रहेको ।

**राय परामर्शः**

"प्रस्तुत विषयमा पेश हुन आएको बोलपत्र जमानत वापतको भौचर सो बोलपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाममा उल्लेख भएको हुनुपर्ने ।"

**(निर्णय मितिः २०७७।०३।०३)**

## अनुसूची–४

# कालो सूची सम्बन्धी विवरण

| क.सं | फर्म/कम्पनीको नाम | अवधि | प्रकार | हालको अवस्था |
|---|---|---|---|---|
| १. | श्री श्रीहरी/सेतीदेवी जे.भी., मनहरी -२, मकवानपुर । | 2020-07-10 to 2021-07-09 | Civil Works | Active |
| २. | श्री बि.जि. कन्स्ट्रक्सन, चाँगुनारायण न.पा. ८, भक्तपुर । | 2020-07-10 to 2021-07-09 | Civil Works | Active |
| ३. | श्री पप्पु/बाम्ती जे.भी., अनामनगर, काठमाडौं । | 2020-07-10 to 2021-07-09 | Civil Works | Active |
| ४. | श्री डि.डि. कन्स्ट्रक्शन, दमक-२, झापा । | 2020-06-04 to 2021-06-03 | Civil Works | Active |
| ५. | श्री सुनौला खिम्ती/अजम्बर/शिवराम जे.भी., भिमेश्वर-१, चरिकोट, दोलखा । | 2020-06-04 to 2023-06-03 | Civil Works | Active |
| ६. | श्री राम निर्माण सेवा, खगेनकोट-७, जाजरकोट । | 2020-04-14 to 2021-04-13 | Civil Works | Active |
| ७. | श्री एच. एम. बिल्डर्स, बाणगंगा-४, कपिलवस्तु । | 2020-04-14 to 2021-04-13 | Civil Works | Active |
| ८. | श्री कुम्भेश्वर निर्माण सेवा प्रा.लि., साबिक मानिखेल गाविस-८, ललितपुर । | 2020-04-14 to 2021-04-13 | Civil Works | Active |
| ९. | श्री सोवर्ण/ब्रम्हायणी जे.भी., चाबहिल, काठमाडौं । | 2020-03-07 to 2022-03-06 | Civil Works | Suspend |
| १०. | श्री इन्दिरा कन्स्ट्रक्सन, मेलुङ गा.पा.-४, दोलखा । | 2020-03-07 to 2021-03-06 | Civil Works | Active |
| ११. | श्री शकम्वरी ट्रेडिङ्ग कन्सर्न, मखनगल्ली, काठमाडौं । | 2020-03-07 to 2021-03-06 | Civil Works | Active |
| १२. | श्री उन्नति निर्माण सेवा, दिपायल सिलगढी न.पा.-६, डोटी । | 2020-03-07 to 2021-03-06 | Civil Works | Suspend |
| १३. | श्री अजम्बर/शिवराम कन्स्ट्रक्सन जे.भी., भिमेश्वर-१, दोलखा । | 2020-03-07 to 2022-03-06 | Civil Works | Active |
| १४. | श्री टौदह कन्स्ट्रक्शन, टौदह-५, चाल्नाखेल, काठमाडौं । | 2020-03-07 to 2021-03-06 | Civil Works | Active |
| १५. | श्री स्वस्तिक श्रीबिनायक कन्स्ट्रक्शन प्रा.लि., हेटौंडा-१०, मकवानपुर । | 2020-03-07 to 2021-03-06 | Civil Works | Active |
| १६. | श्री सीताराम निर्माण सेवा, उदयपुर-३, बाँके । | 2020-03-07 to 2022-03-06 | Civil Works | Active |
| १७. | श्री H.B. KC Nirman Sewa, लिसंखुपाखर-४, सिन्धुपाल्चोक । | 2020-02-17 to 2021-02-16 | Civil Works | Suspend |
| १८. | श्री बारा कन्स्ट्रक्सन | 2020-02-17 to 2021-02-16 | Civil Works | Active |

| क.सं | फर्म/कम्पनीको नाम | अवधि | प्रकार | हालको अवस्था |
|---|---|---|---|---|
| १९. | श्री सूर्योदय निर्माण एण्ड हाउजिङ्ग कम्पनी प्रा.लि., धुम्बाराही, काठमाडौं । | 2020-02-17 to 2021-02-16 | Civil Works | Active |
| २०. | श्री श्रीदेव सप्लायर्स, का.म.न.पा.-६, सरस्वतीनगर, काठमाडौं । | 2020-02-17 to 2021-02-16 | Goods | Active |
| २१. | श्री निशा सप्लायर्स, हेटौंडा उ.म.न.पा.-४, मकवानपुर । | 2020-02-17 to 2021-02-16 | Goods | Active |
| २२. | श्री पप्पु कन्स्ट्रक्सन प्रा.लि., तिनकुने, काठमाडौं । | 2020-02-17 to 2023-02-16 | Civil Works | Active |
| २३. | श्री युरेशिया बिजनेश प्रा.लि., पेप्सीकोला, काठमाडौं । | 2020-01-25 to 2021-01-24 | Goods | Active |
| २४. | श्री ॐ श्री ॐ इन्टरप्राइजेज, मिनभवन, काठमाडौं । | 2020-01-25 to 2022-01-24 | Goods | Active |
| २५. | श्री त्रिशुली कन्स्ट्रक्सन कम्पनी प्रा.लि., का.म.न.पा.-१६, बालाजु, काठमाडौं । | 2020-01-25 to 2023-01-24 | Civil Works | Active |
| २६. | श्री रमण/पप्पु जे.भी., जनकपुर-९, धनुषा । | 2019-08-06 to 2020-08-05 | Civil Works | Active |
| २७. | श्री हुल ट्रेडर्स, वडा नं. ३२, कालिकास्थान, काठमाडौं । | 2019-12-30 to 2020-12-29 | Goods | Active |
| २८. | श्री डमरु कन्स्ट्रक्सन प्रा.लि., दधिकोट, भक्तपुर । | 2019-12-30 to 2020-12-29 | Civil Works | Active |
| २९. | श्री जे.एम.बि.डी. इन्टरनेशनल, चाबहिल, काठमाडौं । | 2019-12-30 to 2020-12-29 | Goods | Active |
| ३०. | श्री अरनिको/त्रिशुली जे.भी., का.म.न.पा.-१६, बालाजु, काठमाडौं । | 2019-12-14 to 2021-12-13 | Civil Works | Active |
| ३१. | श्री चौलागाईं निर्माण सेवा, खाँडाचक्र न.पा.-१, कालिकोट । | 2019-12-14 to 2020-12-13 | Civil Works | Active |
| ३२. | श्री शान्ति/राम जे.भी., मध्यपुर ठिमी, भक्तपुर । | 2019-12-14 to 2022-12-13 | Civil Works | Active |
| ३३. | श्री सुनौला खिम्ती कन्स्ट्रक्सन प्रा.लि., का.म.न.पा.-३१, तिनकुने, काठमाडौं । | 2019-12-14 to 2020-12-13 | Civil Works | Active |
| ३४. | श्री ॐ श्री ॐ इन्टरप्राइजेज, मिनभवन, काठमाडौं । | 2019-11-26 to 2020-11-25 | Goods | Active |
| ३५. | श्री कृष्ण कन्स्ट्रक्सन/त्याडी निर्माण सेवा जे.भी., बझांग । | 2019-11-26 to 2020-11-25 | Civil Works | Active |
| ३६. | श्री होराइजन बिल्डर्स, म.न.पा.-१७, कास्की । | 2019-11-26 to 2020-11-25 | Civil Works | Active |
| ३७. | श्री त्रिपाठी ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि., पोखरा म.न.पा.-१५, कास्की । | 2019-09-20 to 2020-09-19 | Civil Works | Active |
| ३८. | श्री जी.एस. कन्स्ट्रक्सन, व्यास नपा-१३, तनहुँ । | 2019-09-20 to 2021-09-19 | Civil Works | Active |

| क.सं | फर्म/कम्पनीको नाम | अवधि | प्रकार | हालको अवस्था |
|---|---|---|---|---|
| ३९. | श्री दिपेश निर्माण सेवा, गुलरिया-५, बर्दिया । | 2019-09-20 to 2020-09-19 | Civil Works | Active |
| ४०. | श्री कलाशिला निर्माण सेवा, स्युना-७ (रास्कोट नपा), कालिकोट । | 2019-09-20 to 2020-09-19 | Civil Works | Active |
| ४१. | श्री युनिक इन्जीनियरिङ्ग सेन्टर, का.म.न.पा.-१, काठमाडौं । | 2019-09-20 to 2020-09-19 | Goods | Active |
| ४२. | श्री शुभ लक्ष्मी निर्माण सेवा, बिरेन्द्रनगर न.पा.-१२, सुर्खेत । | 2019-09-20 to 2021-09-19 | Goods | Active |
| ४३. | श्री कृष्णा निर्माण सेवा, महत-४, जुम्ला । | 2019-09-05 to 2020-09-04 | Civil Works | Active |
| ४४. | श्री अनमोल निर्माण सेवा, महादेवपुरी-४, बाँके । | 2019-09-05 to 2020-09-04 | Civil Works | Active |
| ४५. | श्री विपिन कन्स्ट्रक्सन क्लिन जनशक्ति एण्ड सप्लायर्स प्रा.लि., का.म.न.पा.-३, काठमाडौं । | 2019-09-05 to 2021-09-04 | Civil Works | Active |
| ४६. | श्री गणेश निर्माण सेवा, महेशपुर, झापा । | 2019-09-05 to 2020-09-04 | Civil Works | Active |
| ४७. | श्री लोकविर/नरसिंह/कालापानी जे.भी. | 2019-08-13 to 2020-07-23 | Civil Works | Inactive |

**नोटः** जम्मा ५४ वटा विभिन्न ठेक्कामा जम्मा ४७ वटा विभिन्न बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यावसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा राखिएको ।

## अनुसूची–४ (क)

# आ.व. २०६४/६५ देखि आ.व. २०७६/७७ सम्मको कालो सूची विवरण

| सि.नं. | आर्थिक वर्ष | कालो सूची संख्या |
|---|---|---|
| १. | २०६४/६५ | ६ |
| २. | २०६५/६६ | १० |
| ३. | २०६६/६७ | १५ |
| ४. | २०६७/६८ | ८ |
| ५. | २०६८/६९ | २५ |
| ६. | २०६९/७० | १३ |
| ७. | २०७०/७१ | ३० |
| ८. | २०७१/७२ | ३६ |
| ९. | २०७२/७३ | १८ |
| १०. | २०७३/७४ | ४७ |
| ११. | २०७४/७५ | ५२ |
| १२. | २०७५/७६ | ५० |
| १३. | २०७६/७७ | ५४ |
| | **जम्मा** | **३६४** |

## अनुसूची–५

# विद्युतीय खरिद प्रणाली (e-GP System) को तथ्याङ्क

| सि.नं | विवरण | आ.व. २०७६/७७ मा | हाल सम्म |
|---|---|---|---|
| १ | दर्ता भएका सार्वजनिक निकायको संख्या | ८८० | २५२४ |
| २ | दर्ता भएका बोलपत्रदाता | ८१८४ | १६९३१ |
| ३ | सम्पन्न भएका बोलपत्रहरु | २२,४४६ | ३४६०८ |

अनुसूची–६

# (नियम २० को उपनियम (२) र नियम २५ को उपनियम (१) सँग सम्बन्धित)

## नेपाल सरकार
## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## सार्वजनिक खरिद अनुगमन कार्यालय
### आ.व. २०७६/७७ को वार्षिक प्रगति विवरण

रु. हजारमा

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अवधिसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | |
| ११.१.३.२ | कार्यालय भवन रंगरोगन, मर्मत, पार्टेशन, वायरिङ तथा सुधार (पूँजीगत सुधार खर्च) | ३१११३ | पटक | ३ | ०.२१ | ३०० | ३ | ०.२१ | ३०० | १ | ०.७० | ३३.३ | ३१.७४ | ३.२९ | |
| ११.३.७.११ | कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका कार्यालय सञ्चालन सम्बन्धी यन्त्र, उपकरण खरिद (कार्यालय सञ्चालनसँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशिन औजार) | ३११२२ | बटा | १० | ०.३३ | ३५० | १० | ०.३३ | ३५० | १० | ०.३३ | १००.० | ३२९.२९ | ९४.५८ | |
| ११.३.७.१२ | डाटा सेन्टर र Disaster Recovery (DR) Site मा सर्भर, फायरवाल आदि खरिद (कार्यालय सञ्चालनसँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशिन औजार) | ३११२२ | पटक | १ | ५१.१४ | ५००५० | १ | ५१.१ | ५००५० | १ | ५१.१४ | १००.० | ११०.४५ | १.८२ | |
| ११.५.४०.१ | विडङ डकुमेन्ट, टेकनिकल नोट  परिमार्जन तथा तयारी (अन्य पूँजीगत अनुसन्धान तथा परामर्श) | ३११७२ | बटा | १० | २.०४ | २००० | १० | २.०४ | २००० | ४ | ०.८२ | ४०.० | ७८५.१६ | ३९.२६ | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अविधसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| ११.६.३.१ | गुनासो सुनुवाईको स्वचालित सफ्टवेयर प्रविधि निर्माण गर्ने (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | ०.३१ | ३०० | १ | ०.३१ | ३०० | ० | ०.०० | ०.० | ०.०० | ०.०० | |
| ११.६.३.२ | e-GP सम्बन्धी सूचना प्रवाह गर्न Mobile Apps Development (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | ०.३१ | ३०० | १ | ०.३१ | ३०० | १ | ०.३१ | १००.० | १५०.०० | ५०.०० | |
| ११.६.३.३ | Real Time e-Procurement Supervision/Monitoring Software (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | १.०२ | १००० | १ | १.०२ | १००० | ० | ०.०० | ०.० | ०.०० | ०.०० | |
| ११.६.३.४ | Online Black List Management System Software (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | ०.५१ | ५०० | १ | ०.५१ | ५०० | ० | ०.०० | ०.० | ०.०० | ०.०० | |
| ११.६.३.५ | Advance and opening System Software (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | ०.५१ | ५०० | १ | ०.५१ | ५०० | १ | ०.५१ | १००.० | ४३५.०५ | ८७.०१ | |
| ११.६.३.६ | Information System application for PPRC (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | ०.५१ | ५०० | १ | ०.५१ | ५०० | ० | ०.०० | ०.० | ०.०० | ०.०० | |
| ११.६.३.७ | e-GP सम्बन्धी सूचना प्रवाह गर्न Mobile Notification SMS Services Development (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | वटा | १ | ०.४१ | ४०० | १ | ०.४१ | ४०० | ० | ०.०० | ०.० | ०.०० | ०.०० | |
| ११.६.३.८ | Enhancement of e-GP Help Desk System (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | पटक | १ | १.०२ | १००० | १ | १.०२ | १००० | ० | ०.०० | ०.० | ०.०० | ०.०० | |
| ११.६.३.९ | e-GP System Bulk email fowarding (सफ्टवेयर निर्माण तथा परामर्श) | ३११३२ | पटक | १ | ०.३१ | ३०० | १ | ०.३१ | ३०० | १ | ०.३१ | ०.० | ७६.३५ | २५.४५ | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अविधसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| ११.६.१०.१ | bolpatra.gov.np / ppmo.gov.np वेबसाईटको SSL तथा Update प्राप्ति (लाईसेन्स खरिद/प्राप्ति खर्च) | ३१४४१ | वटा | २ | ०.५९ | ५०० | २ | ०.५९ | ५०० | २ | ०.५९ | ०.० | २५१.४३ | ५०.२९ | |
| ११.६.१३.३ | कार्यालयका लागि टेवल, कुर्सी, सोफा, दराज, कार्पेट, पर्दा लगायतका फर्निचर खरिद (कार्यालयको लागि फर्निचर फिक्चर्स) | ३११२३ | पटक/संख्या | २ | ०.४९ | ४०० | २ | ०.४९ | ४०० | २ | ०.४९ | १००.० | ३३३.९८ | ८३.४९ | |
| (क) | पूँजीगत खर्च कार्यक्रमको जम्मा | | | | ६०.२९ | ५१००० | | ६०.२९ | ५१००० | | ५४.८७ | ९१.०७ | ३५०१.४५ | ६.१० | |
| (आ) | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | |
| २.४.१२.१ | सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन तयारी तथा छपाई खर्च (छपाई खर्च) | २२३१५ | पटक | १ | ०.३८ | ३३५ | १ | ०.३८ | ३३५ | १ | ०.३८ | १००.० | ३३४.७ | ९९.९५ | |
| २.४.१२.२ | सार्वजनिक खरिद पत्रिका तयारी तथा छपाई खर्च (छपाई खर्च) | २२३१५ | पटक | ४ | ०.४९ | ४०० | ४ | ०.४९ | ४०० | १ | ०.१० | ०.० | ३९९.८१३ | ९९.९५ | |
| २.५.१.१ | Training for Technical Auditors (छानवीन तथा जाँचबुझ) | २२४११ | पटक | ३ | ३.५८ | ३५०० | ३ | ३.५८ | ३५०० | ० | ०.०० | ०.० | ० | ०.०० | |
| २.५.२.४ | सूचना प्रविधि परामर्शदाता /IT Specialist (Database Administrator 1, Java Programmer 1, Network/System Engineer 2) (व्यक्ति करार) (विज्ञ र सल्लाहकार सेवा) | २२४११ | जना | २ | १.३३ | १२०० | २ | १.३३ | १२०० | १ | ०.५९ | ५०.० | ५१०.५२ | ४२.५४ | |
| २.५.३.४ | AMC for Hardware and Networkong (सेवा करार) (अन्य) | २२४११ | निरन्तर | १ | ०.३९ | ३०० | १ | ०.३९ | ३०० | १ | ०.३९ | १००.० | २२०.१९७ | ७३.३९ | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अविधसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| २.५.३.५ | कार्यालय सूरक्षा सेवा (सेवा करार) (अन्य) | २२४११ | निरन्तर | १ | ०.३१ | ६०० | १ | ०.३१ | ६०० | १ | ०.३१ | १००.० | ४९१.५३८ | ८१.९२ | |
| २.५.३.६ | e-GP Help Desk सञ्चालन (सेवा करार) (अन्य) | २२४११ | निरन्तर | १ | १.५३ | १५०० | १ | १.५३ | १५०० | १ | १.५३ | १००.० | १५०० | १००.०० | |
| २.५.५.१ | Operation and Maintenance या e-GP System (परामर्श सेवा खर्च) | २२४१२ | निरन्तर | १ | २०.८५ | २०४०० | १ | २०.८ | २०४०० | १ | २०.८५ | १००.० | २०४०० | १००.०० | |
| २.६.१.१ | कर्मचारी तालिम खर्च (सवारी चालक प्रशिक्षण, भाषा र अटोमोवाइल तालिम) (कर्मचारी दक्षता वृद्धि तालिम (प्रमाण पत्र दिने) | २२५११ | जना | ४ | ०.१२ | १२० | ४ | ०.१२ | १२० | ० | ०.०० | ०.० | ० | ०.०० | |
| २.६.२.२ | कर्मचारी दक्षता अभिवृद्धि तालिम (कर्मचारी दक्षता वृद्धि तालिम (प्रमाण पत्र नदिने) | २२५११ | पटक | ३ | ०.५९ | ५८० | ३ | ०.५९ | ५८० | ३ | ०.०० | १००.० | ३०७.११ | ५२.९५ | |
| २.६.५.२ | सार्वजनिक खरिद सम्बन्धमा अनुशिक्षण कार्यक्रम (जनचेतना तालिम) | २२५१२ | वटा | ४ | ०.२० | २०० | ४ | ०.२ | २०० | ३ | ०.१५ | ७५.० | २२.५ | ११.२५ | |
| २.६.५.५ | निर्माण सम्बन्धी बोलपत्र कागजात तयारी प्रशिक्षण (जनचेतना तालिम) | २२५१२ | वटा | ५ | ०.४१ | ४०० | ५ | ०.४१ | ४०० | १ | ०.०८ | २०.० | २६.३७ | ६.५९ | |
| २.६.५.६ | परामर्श सेवाको कागजात तयारी प्रशिक्षण (जनचेतना तालिम) | २२५१२ | वटा | ५ | ०.४१ | ४०० | ५ | ०.४१ | ४०० | १ | ०.०८ | २०.० | २०.३७ | ५.०९ | |
| २.६.५.७ | e-GP सम्बन्धी सचेतना अभिवृद्धि गर्न वर्कशप र अन्तरक्रिया (जनचेतना तालिम) | २२५१२ | पटक | ५ | ०.५१ | ५०० | ५ | ०.५१ | ५०० | ० | ०.०० | ०.० | ० | ०.०० | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अवधिसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| २.६.५.९ | सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया (जनचेतना तालिम) | २२५१२ | पटक/संख्या | | | | | | | | | | | | |
| २.६.५.९.२ | सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया प्रदेशस्तर | २२५१२ | पटक/संख्या | ४ | ०.४१ | ४०० | ४ | ०.४१ | ४०० | ४ | ०.४१ | १००.० | ३५१.४०६ | ८७.८५ | |
| २.६.५.९.३ | सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रिया स्थानीय तह | २२५१२ | पटक/संख्या | १० | १.०० | ९८० | १० | १ | ९८० | ६ | ०.६० | ६०.० | २६८.४४५ | २७.३९ | |
| २.६.५.१० | सार्वजनिक खरिद सम्बन्धी आधारभुत तालिम (जनचेतना तालिम) | २२५१२ | पटक/संख्या | | | | | | | | | | | | |
| २.६.५.१०.१ | संघ स्तरीय खरिद सम्बन्धी आधारभूत तालिम | २२५१२ | पटक/संख्या | २ | ०.२९ | २८० | २ | ०.२९ | २८० | १ | ०.१४ | ५०.० | ६७.५७५ | २४.१३ | |
| २.६.५.१०.२ | प्रदेश स्तरीय सार्वजनिक खरिद सम्बन्धी तालिम | २२५१२ | पटक/संख्या | २ | ०.२९ | २८० | २ | ०.२९ | २८० | १ | ०.१४ | ५०.० | २३५.६०९ | ८४.१५ | |
| २.६.५.१०.३ | स्थानीय तहमा सार्वजनिक खरिद सम्बन्धी तालिम | २२५१२ | पटक/संख्या | ४ | ०.५७ | ५६० | ४ | ०.५७ | ५६० | ३ | ०.४३ | ७५.० | ५५१.४३२ | ९८.४७ | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अवधिसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| २.६.५.११ | विद्युतीय खरिद सम्बन्धी तालिम (जनचेतना तालिम) | २२५१२ | पटक/संख्या | | | | | | | | | | | | |
| २.६.५.११.१ | संघ स्तरीय विद्युतीय खरिद सम्बन्धी तालिम | २२५१२ | पटक/संख्या | २ | ०.२९ | २८० | २ | ०.२९ | २८० | २ | ०.२९ | १००.० | ७९.१४ | २८.२६ | |
| २.६.५.११.२ | प्रदेशस्तरीय विद्युतीय खरिद सम्बन्धी तालिम | २२५१२ | पटक/संख्या | २ | ०.२९ | २८० | २ | ०.२९ | २८० | १ | ०.१४ | ५०.० | ० | ०.०० | |
| २.६.५.११.३ | स्थानीय तहमा विद्युतीय खरिद सम्बन्धी तालिम | २२५१२ | पटक/संख्या | ३ | ०.८३ | ८४० | ३ | ०.८३ | ८४० | ५ | ०.७२ | ८३.३ | ३१५.४०१ | ३७.५५ | |
| २.६.६.२ | चौमासिक/वार्षिक प्रगति समिक्षा (गोष्ठी तथा कार्यशाला) | २२५१२ | पटक | ३ | ०.१५ | १५० | ३ | ०.१५ | १५० | २ | ०.१० | ६६.७ | ३०.८ | २०.५३ | |
| २.६.६.३ | सार्वजनिक खरिद सम्बन्धी NPPSF, NPPR, खरिद इकाई प्रमुखहरुसँग अन्तरक्रिया/गोष्ठी (गोष्ठी तथा कार्यशाला) | २२५१२ | पटक | १ | ०.०५ | ५० | १ | ०.०५ | ५० | ० | ०.०० | ०.० | ० | ०.०० | |
| २.६.६.४ | विडिङ डकुमेन्ट सम्बन्धी अन्तरक्रिया (गोष्ठी तथा कार्यशाला) | २२५१२ | पटक | ३ | ०.३९ | ३०० | ३ | ०.३९ | ३०० | २ | ०.२० | ६६.७ | ९३.९९४ | ३१.३३ | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अविधसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| २.७.७.१४ | कालो सूची सम्बन्धी मापदण्ड तयार गर्ने (अध्ययन/सर्वेक्षण/अनुसन्धान) | २२५२२ | पटक | १ | ०.२० | २०० | १ | ०.२ | २०० | ० | ०.०० | ०.० | १९८ | ९९.०० | |
| २.७.७.१५ | गुनासो सुनुवाई कार्यविधि निर्माण (अध्ययन/सर्वेक्षण/अनुसन्धान) | २२५२२ | पटक | १ | ०.१० | १०० | १ | ०.१ | १०० | १ | ०.०० | ०.० | ० | ०.०० | |
| २.८.१.७ | अनुगमन मूल्याङ्कन र भ्रमण खर्च (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | २२६११ | पटक | ५ | ०.३६ | २५० | ५ | ०.३६ | २५० | ४ | ०.२० | ८०.० | २४८.४७५ | ९९.३९ | |
| २.८.१.८ | सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय कार्यान्वयन सम्बन्धी अनुगमन (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | २२६११ | पटक | ४ | ०.२० | २०० | ४ | ०.२ | २०० | २ | ०.१० | ५०.० | १४१.२ | ७०.६० | |
| २.८.१.९ | सार्वजनिक खरिद सम्बन्धी गुनासोको स्थलगत अध्ययन तथा निरीक्षण (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | २२६११ | पटक | ३ | ०.१५ | १५० | ३ | ०.१५ | १५० | ३ | ०.१५ | १००.० | ७७.७ | ५१.८० | |
| २.८.१.१० | सार्वजनिक खरिद सम्बन्धी अनुगमन (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | २२६११ | पटक | १२ | ०.३६ | ३५० | १२ | ०.३६ | ३५० | ७ | ०.२१ | ५८.३ | ३५४.००८ | १०१.१५ | |
| २.८.१.१२ | e-GP सम्बन्धी अनुगमन निरीक्षण, सहजिकरण (अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च | २२६११ | पटक | ५ | ०.३६ | २५० | ५ | ०.३६ | २५० | ३ | ०.१५ | ६०.० | २३१.३९ | ९२.५६ | |
| २.८.३.५ | अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन अवलोकन (वैदेशिक भ्रमण) | २२६१२१ | पटक/संख्या | १ | २.९५ | २१०० | १ | २.९५ | २१०० | ० | ०.०० | ०.० | ८६.१५ | ४.१० | |
| (ख) | चालु खर्च कार्यक्रमको जम्मा: | | | | ३९.७१ | ३८८६५ | | ३९.७१ | ३८८६५ | | २९.०१ | ७३.०४ | २७८९४.८२ | ७१.७७ | |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अविधसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| (ग) | जम्मा (चालु तथा पुँजिगत) | | | | १००.० | ९७८६५ | | १००.० | ९७८६५ | | ८३.८८ | ८३.८८ | ३१४९६.२७ | ३२.१८ | |
| (घ) | प्रशासनिक खर्च | | | | | ४४१३५ | | | ४४१३५ | | | | ३७५५२.०४९ | ८५.०८ | |
| (ङ) | **कूल जम्मा** | | | | | **१४२०००.०** | | | **१४२०००.०** | | | | **६९०४८.३२** | **४८.६३** | |



सचिव श्री मोहन कृष्ण सापकोटाज्यूको स्वागत कार्यक्रम ।



सचिव श्री बेगेन्द्रराज शर्मा पौडेलज्यूको बिदाई कार्यक्रम ।



e-GP System को Knowledge Transfer कार्यक्रमका सहभागीहरु ।



तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुहुँदै सचिव श्री मोहन कृष्ण सापकोटाज्यू ।




सार्वजनिक खरिद सम्बन्धी अनुशिक्षण कार्यक्रमको एक झलक ।



विडिङ्ग डकुमेन्ट सम्बन्धी अन्तरक्रिया कार्यक्रमको एक झलक ।



सार्वजनिक खरिद सम्बन्धी ३ दिने आधारभूत तालिमको एक झलक ।



गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिकामा गरिएको सार्वजनिक खरिद अनुगमनको एक झलक ।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**
**ताहाचल, काठमाडौं ।**
फोन नं. : ०१-४०३०५१८, ०१-४०३०७१५
फ्याक्स : ०१-४०३०६४२
इमेल : info@ppmo.gov.np
वेभसाइट : ppmo.gov.np